CC-0. In Public Domain. Digitization by eGangotri

नेपाली निर्वचन

(भाग–१)

लेखक

प्रा० बालकृष्ण पोखरेल

नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाली निर्वचन

(भाग–१)

लेखक

प्रा० बालकृष्ण पोखरेल

नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान

कमलादी, काठमाडौं

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशक
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान
कमलादी, काठमाडौं (नेपाल)

प्रथम संस्करण : वि. सं. २०४६

मुद्रक
मुक्ता छापाखाना
बिराटनगर-१४

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव

संरक्षक

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालले प्राप्त:स्मरणीय कवि राजा श्री ५ महेन्द्रलाई पायो र २०१४मा नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठानलाई पायो। नेपालले कलाकार राजा श्री ५ वीरेन्द्रवीरविक्रम शाहदेवलाई पायो र २०३१ मा यस संस्थालाई अझै परिष्कृत रूपमा पायो। राष्ट्रिय सार्वभौमिकताका संरक्षक राष्ट्रनायकबाट प्रज्ञाको यस क्षेत्रलाई पनि कृपापूर्ण संरक्षकत्व प्राप्त हुनु गौरवको विषय हो र नेपालको भौतिक विकासको साथै बौद्धिक विकास पनि होओस् भन्ने मौसूफ सरकारको सदिच्छाको सङ्केत पनि हो। आफ्ना संरक्षकबाट वेलावेलामा उपलब्ध हुने 'हाम्रो देशका प्राचीनतम मूल्यहरूलाई सँगाली आधुनिक विश्वमा नयाँ मान्यता, नयाँ आदर्श र एक उज्ज्वल भविष्यको खोजी गर्न प्रयास भइरहेको कुरा प्रतिपादन गर्ने' भन्ने जस्ता अमूल्य निर्देशनहरूमा प्रज्ञा–प्रतिष्ठान निरन्तर अगाडि बढ्न चाहन्छ।

स्वतन्त्र राष्ट्रको परिचय उसको मौलिकतामा हुन्छ। ऊ आफैं सोच्न सक्छ र आफूखुशी रच्न सक्छ। अतीत सपना हो–जसलाई पुर्खाले देखे। अतीतको गर्व मात्र गर्ने जाति बूढो हुन्छ। हामी पुर्खाका सपनालाई त्यसरी वर्तमानमा उतारौं, जसरी शिशुको अनुहारमा मातापिताको मुखाकृति प्रतिबिम्बित हुन्छ। वर्तमान रचना हो–जहाँ हामी जीवनलाई रच्छौं। जीवनले हामीलाई रच्छ–त्यो प्राकृत घटना हो, हामी जीवनलाई रच्छौं–त्यो जीवनमूल्यको रचना हो। जुन जाति वर्तमानलाई भोग्छ मात्र, त्यसको भविष्य नै हुन्न। जीवन्त जाति चिन्तनमा बिउँझन्छ र चरित्रमा यात्रा गर्छ। भविष्य कल्पना हो–हामी भावी पुस्ताको निम्ति कल्पन्छौं। पेटमा फुल बोकेका पन्छी गुँड बनाउन थाल्छन्–सुन्दर वर्तमानलाई रचना गर्नेहरू नै सुन्दर भविष्यको कल्पना गर्छन्। केवल कल्पना त नशा मात्र हो, त्यसमा दिशाबोध नै हुन्न। भविष्य त्यतैतिरबाट आउँछ, जतातिर हामी यात्रा गर्छौं। स्वतन्त्र राष्ट्रको जीवन मूलधाराजस्तो हुन्छ–जो बग्दै पनि जान्छ र बाटो खोज्दै पनि जान्छ। हामी सुन्दरलाई रच्तै पनि जाऔं र झन् सुन्दरलाई खोज्दै पनि जाऔं।

माधव प्रसाद घिमिरे
कुलपति
नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान

२०४६ वैशाख ४

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशकीय

भाषिक परियोजनाको क्रममा लेखिएको नेपाली निर्वचन (भाग-१)को प्रकाशन निश्चय पनि खुशीको कुरा हो। भाषिक क्षेत्रमा यस प्रकारको प्रस्तुतिको कम महत्व छैन। यस प्रज्ञा-प्रतिष्ठानका सदस्य रहिसक्नुभएका विद्वान् प्रा. श्री वालकृष्ण पोखरेलको भाषिक अनुसन्धानको क्षेत्रमा निकै ठूलो योगदान रहेको छ। यसबाट सामान्य जिज्ञासु र विद्वतसमाजलाई उपलब्धि भएको नै महसुस हुने आशा गरेका छौं। विद्वान् लेखकबाट यस क्षेत्रमा अझै बढी र उपयोगी योगदान प्राप्त हुने आशा गरेका छौं।

वास्तवमा भन्ने हो भने भाषाले नै मानिसलाई मानिस बनाएको छ, किनभने उसको मस्तिष्कको उर्वरत्वले भाषाबाटै अभिव्यक्ति पाएर कृतकृत्य हुने सौभाग्य प्राप्त गरेको छ। अतः प्रत्येक भाषाको आफ्नै जीवन्त महत्ता रहेको हुन्छ। यस किसिमको भाषिक अनुशीलनले भाषामा जीवन्तता कायमै रहिरहने आशा गर्न सकिन्छ। जीवनको प्रारम्भदेखि मरणको घडीसम्म पनि भाषाले मानिसलाई साथ दिइरहेको हुन्छ, व्यक्त वा अव्यक्त रूपमा। अतः यस क्षेत्रमा गरिएको अनुशीलन जीवनको उपासना नै हो भन्न सकिन्छ।

अन्तमा यस्तो उपयोगी ग्रन्थ जनसमक्ष प्रस्तुत गर्ने सौभाग्य प्रज्ञा-प्रतिष्ठानलाई दिनुभएकोमा उहाँलाई धन्यवाद दिन्छौ र यसबाट पाठकहरू लाभान्वित हुने आशा गर्दछौं।

विजयबहादुर मल्ल
उपकुलपति
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

वि. सं. २०४६, श्रावण ५ गते।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लेखकको भनाइ

प्रस्तुत निर्वचन-कार्य सम्भाव्य नेपाली निरुक्ति-महासागरको किनारबाट डराई-डराई झिकिएको एक आम्खोरा व्युत्पत्ति-जल मात्र हो। महासागरको तटमा उभिनु नै एउटा डरलाग्दो कार्य। झन् त्यसतिर झुकी जल झिक्न चाहनु त कति भयावह कति। कतै गलत निर्णय पो हुन गयो कि? कतै निर्णय सही भए पनि अन्य सम्भाव्य विकल्पको अनादर पो गरियो कि ? यत्रो ठूलो आँट गरेर पनि उपलब्धि भने भविष्यको कसीमा घोट्दा अति कम प्रतिशत मात्र सही ठहरिने पो हो कि ? भय मान्नु पर्नाका कारण यिनै हुन्। तथापि मनलाई थुम-थुम्याएको छु मैले–यदि मेरा निर्वचनहरू अति नै अल्पप्रतिशतमा मात्र सही प्रमाणित हुन गए भने पनि मेरो लागि त्यो विशेष गर्वको कुरो हुनेछ। एकै व्यक्तिले सत्यको शतप्रतिशत ओगट्ने कार्य कहाँ गर्न सकिन्थ्यो र। अतः व्यक्ति लेखकका नाताले मैले सन्तोष मान्नु पर्ने कुरो के हो भने नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान झैं पवित्र एवं उदात्त संस्था आफ्नो देशमा भएकैले मैले निरुक्तिमहा-सागरको तटमा उभिने अनुकूल वातावरण पाएँ। यस्तो वातावरण देशका लेखकलाई निगाह भएकोमा राष्ट्रनायक श्री ५ महाराजाधिराज सरकार समक्ष श्रद्धापूर्वक शिर झुकाउँदै कृतज्ञता प्रकट गर्दछु।

केवल ४०५ शब्दको निर्वचनकार्य एक थालनी ठहरिएला तर मैझारो ठहरिन्न्। शब्द ४०५ भए पनि ती धेरै विषयसित सम्बन्धित भएकाले परि-शिष्टमा अमरकोशीय वर्गीकरण समेत दिनु आवश्यक परेको हो। अकारादि क्रम मात्रैले पाठकलाई असुविधा होला भनी त्यसै क्रमानुकूल शब्द-सङ्ख्या समेत दिइएको छ। कुनै पनि भाषाको शब्द स्वयं नै आफ्नो सन्दर्भ हुने हुँदा सान्दर्भिक इङ्गनलाई महत्व नदिई परिशिष्टमा केवल अमरकोशीय वर्गीकरण मात्र समावेश गरिएको छ। अरू कुरो यस भनाइमा केही भनिरहनु परोइन। अस्तु।

मिति–२०४४/५/२२

–बालकृष्ण पोखरेल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाली निर्वचन भाग-१

१- अठोट : ना. निर्णय; पक्कापक्की; दृढसङ्कल्प । यो संस्कृतको 'अस्तु-अस्तु' ('अस्त्वस्तु')बाट बनेको हो । प्राकृतमा यो 'अत्थत्थु' हुन पुग्छ । 'आत्थु आत्थु' (कामको चटारो)सित भने यसको कुनै सम्बन्ध छैन । कारण, यसको सम्बन्ध ताप, तेज वा आगोको स्रोतका रूपमा खस जातिले मान्ने गरेको 'तुवो' (थुवो अर्थात् आदित्य) ठहरिन्छ ।

२- अधिग्रो : ना. पाठेघरमा पूरा आकार ग्रहण गरिनसकेको भ्रूण । यो संस्कृतको 'अर्धाकृत'बाट उत्पन्न भए झैं छ ।

३- अन्लिल : ना. वायुदेव; हावा । यो संस्कृतको तत्सम शब्द अर्थ-रूप दुवैका दृष्टिले सुमेर जातिको वायुदेव 'एन्लिल'सँग तुलनीय छ ।

४- अन्तरे : वि. कुनै परिवारमा काहिंलोपछिको र कुनै परिवारमा साहिंलोपछिको (सन्तान) । यसको निम्ति संस्कृतमा 'अन्तरक' प्राक्कल्पित हुन सक्छ ।

५- अपुङ्गी : क्रि. वि. जनङ्गी; जनही;प्रतिव्यक्ति । झट्ट हेर्दा यो शब्द संस्कृतको 'आत्मा'बाट आएको प्रतीत हुन्छ । संस्कृतको 'आत्मा' प्राकृतमा 'अप्पा' हुन्छ । प्राकृतमा अधिकरणमा 'हिं' प्रत्यय लाग्दछ र 'अप्पा'को अधिकरणको रूप 'अप्पाहिँ' (आफूमा) बन्दछ । प्राकृत 'जणहिँ'-बाट 'जनही' शब्द जन्मे झैं 'अप्पाहिँ'बाट कुनै प्रकारले 'अपुङ्गी' जन्मन सक्छ । परन्तु 'अप्पाहिँ'को र 'अपुङ्गी'को अर्थ शब्दका तीनै शक्ति (लक्षणा, व्यञ्जना र अभिधा)का दृष्टिले युक्तिसङ्गत नभएकाले वैकल्पिक निर्वचन पनि आवश्यक छ । संस्कृतको 'वपु' (शरीर) प्राकृतमा अधिकरणको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रत्यय लाग्दा 'वत्रुहिँ' वा 'वउहिँ' हुन्छ। त्यो नेपालीमा पैशाची प्रभावले स्वरमध्यगत पकार सुरक्षित रहन जानाले 'वपुहिँ' हुँदै 'अपुङ्गी' हुन गयो । 'अपुङ्गी'को शाब्दिक अर्थ हो प्रति शरीर (अर्थात् प्रतिवपु) । व्यञ्जनाद्वारा अर्थपरिवर्तन भई 'अपुङ्गी'ले अचेल 'प्रतिव्यक्ति'को अर्थ जाहेर गर्न थालेको हो। यी दुई वैकल्पिक निर्वचनहरूमा पछिल्लो चित्तवुझ्दो छ तापनि उचित निर्णयका लागि पाठकसमक्ष दुवै रूप प्रस्तुत गर्न राम्रो ठानिएको छ ।

६– **अफगान** : ना. अफगानिस्तानको निवासी। यो पुराणहरूमा वर्णित 'अवगण' हुन सक्छ । यतातिर यिनै गणहरू थिए - वायुगण, मरुद्गण, यक्षगण आदि । जिप्सीहरूलाई पूर्वी यूरोपमा भनिने 'जिगान' सम्भवत: हजुर (जी) गण थियो। विद्वान्हरूका मतमा जिगानहरूको अर्को पर्याय 'रोमानी' अलि प्राचीन 'डोमानि' हुन सक्छ । 'डोम' आदरपूर्वक 'जी' (हजुर) भन्दै जीगण (जीगान) कहलाए । जिगान झैं एक गण थिए 'अफगान'।

७– **अम्रो** : ना. पशु वा मान्छे व्याउँदा बच्चाको साथमा आउने साथी; सालनाल। यो संस्कृतको 'अङ्कुर'बाट आयो । 'अङ्गुल'बाट 'अम्लो' (औंलो) भए झैं अङ्कुरवाट 'अम्रो' (औंरो) हुनु स्वाभाविक देखिन्छ । द्रष्टव्य छ - 'उम्रिनु' (शब्दसङ्ख्या १४)

८– **अर्थुङ्गो** : ना. टुप्पामा काँडादार थुँगो हुने खरविशेष। संस्कृतको 'आरस्तवक'बाट यो आउन सक्छ।

९– **अहुरमज्दा** · मस्ट उपासनाका असुरदेशीय पणिपाल वा वाणिपाल (पणि जातिका बाल)को पार्सी सञ्ज्ञा। मस्टको यो वलो नेपाली मस्ट उपासनामा सोझै देखिएको छैन । 'अहुरमज्दा'लाई 'असुरमेधा'बाट ल्याउने पनि प्रयास कतिले गरेका छन्, परन्तु यो भारत इरानेलीको 'असुरमस्त' को अपभ्रंश प्रतीत हुन्छ । संस्कृतमा पनि 'असुरमस्त' नै आशा गर्न सकिन्छ । आफ्ना प्रथम भक्त राजा जरथुस्ट्रको सामुन्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकट भएर आशीर्वाद दिने देवता हओम (सोमदेव) यिनै अहुरमज्दा (असुरमस्त)का एक अंश थिए। हओम (सोमदेव) शिवजीको पनि संज्ञा भएको हुँदा हओम उपासक पार्सीहरू भुवो (भव) विरोधी नहुनु सम्भव छ। अहुरमज्दा (असुरमस्ट)का उपासकहरू 'देव'लाई राक्षसतुल्य मान्दथे। देवताका राजा इन्द्र त्यहाँ भयङ्कर ठूला दैत्य छन्। असुरहरू त्यहाँ पवित्र प्राणी छन्। ती जुन भगवान् पुज्दथे त्यसको नामै अहुर (असुर) छ। असुरमस्त (असुरमस्ट वा अहुरमज्दा)को इन्द्रविरोध तिनको भागवत (वैष्णवधर्म)को विरोधको सङ्केत हो। विष्णु विरोधी वाणासुरले यो प्रमाणित पनि गरेको छ। हालसम्म फेला पर्न सकेको प्रमाणको आधारमा भन्न सकिन्छ, एलामको सैंहिक संस्कृति नृसिंह थियो, असुरदेशको मस्त (अहुरमज्द) उपासना हिरण्यकशिपु थियो र वाविरोको मस्त उपासना प्रहलाद थियो। यस्तो गम्भीर रहस्य लुकेको अहुरमज्दा (असुरमस्त) भने नेपाली मस्ट उपासनामा फेला नपर्नु अनौठो कुरो हो। द्रष्टव्य– 'मस्ट' (शब्दसङ्ख्या ३१२), 'पाल' (शब्द सङ्ख्या २४२) इत्यादि।

१०–आन : केही भारतइरानेली र भारोपेली स्थल नामका अन्त्यगा पाइने एक प्रत्यय, जस्तै खसान, लिम्ब्वान, जडान, मक्वान, इरान, मक्रान, खुराशान आदि। यिनको अर्थ क्रमश: खसभूमि, लिम्बूभूमि, जाडभूमि, माक्वभूमि, इरभूमि, मक्रभूमि आदि भन्ने लाग्छ। अत: आन-प्रययको उल्था गर्न सकिन्छ उर्दूको 'स्तान' वा हिन्दी को स्थानबाट, जस्तै-पाकिस्थान (पाकिस्तान), हिन्दूस्थान (हिन्दूस्तान) इत्यादि।

नेपाली भाषामा आन प्रत्यय अति जीवित तत्व छ। यो मान्छे वा जातिको अवस्थलमा मात्र सीमित नरही निर्जीव पदार्थका स्थानमा पनि व्याप्त हुन पुगेको छ, जस्तै–ढुङ्गान (ढुङ्गा भएको स्थल), बलान (बालुवा भएको ठाउँ अर्थात् बगर), खर्यान (खरघारी), सल्यान (सल्लोघारी),बुक्यान (बुकीघारी), रछ्यान (छारो वा कसिङ्गर फाल्ने ठाउँ), घुर्यान (घुर वा फोहोर झ्यासझुस फाल्ने ठाउँ) इत्यादि।

प्रस्तुत आन-प्रत्यय संस्कृतको नपुंसकलिङ्गी शब्दको कर्ता तथा कर्म कारकको बहुवचनमा पाइने आनि-प्रत्ययको उपज हो। फलानि (फल-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हरू), पुस्तकानि (पुस्तकहरू) आदि यसका उदाहरण हुन्। यसरी केवल नपुंसक लिङ्गमा सीमित आनि-प्रत्ययबाट जन्मिएको आन-प्रत्यय भने लैङ्गिक सीमामा बाँधिएको छैन। यो ता जुन लिङ्गमा पनि गाँसिएको पाइन्छ, जस्तै सीवान (सीमास्थल, भारतको एक स्थल नाम), मुहान नदी, कुलो आदि निस्किने मुखभाग आदि। आन-प्रत्यय विकल्पले 'आना' भएको पनि पाइएको छ केही आगन्तुक उदाहरणमा, जस्तै हिन्दुस्ताना, मुगलाना, सिमाना आदि। परन्तु खसाना, जडाना, इराना आदि रूप चाहिँ स्वीकार्य छैनन्। 'इन्डिया' का निम्ति 'इन्डियाना' भने स्वीकार्य छ।

संस्कृत वाङ्मयमा पनि स्थलार्थमा कुनै शब्द प्रयोग गर्दा कर्ताकारकको वहुवचनको रूप दिने चलन थियो, जस्तै दशार्णा: (दशार्ण-जनपद), खशा: (खशभूमि), सिद्धा: (सिद्ध भूमि), किराता:(किरात भूमि) इत्यादि। अङ्ग्रेजीमा अचेल पाइने एसिया, इन्डिया, रसिया आदि पनि ग्रीसेली अथवा ल्यातिक भाषाका कर्ताकारकका वहुवचनकै रूप थिए। यस कारण स्थल नाम निर्माण गर्ने वहुवचनोन्मुखी प्रक्रिया समस्त भारोपेली परिवारको साझे प्रकृति ठहरिन्छ।

परन्तु आन-प्रत्ययमा पाइने एक मात्र असामान्यता के हो भने यो प्रत्यय संस्कृतको नपुंसकलिङ्गी आनि-प्रत्ययको उपज भएर पनि यसले नेपाली लगायत उपर्युक्त सबै उदाहरणहरूमा लिङ्गत्वलाई टेरेको छैन। परन्तु संस्कृतको लैङ्गिक नियमसित प्राकृत र पालि भाषाहरूलेनै असहमति देखाउन थालिसकेका थिए। नेपाली आन-प्रत्ययमा आएर यो असहमति पराकाष्ठामा पुगेको छ। अझै पनि नेपाल तराईमा रामपुरा, हरिनगरा, वनवासा, पथलैया आदि स्थल नाममा मूल संस्कृतका रूपहरूसँग सहमति छ। परन्तु आनप्रत्यय भने सहमत हुन तयार छैन। यसको कारण के हो भने नेपाली भाषा वैदिक संस्कृतबाट नजन्मिई खशसंस्कृतबाट जन्मिएको हो। अत: संस्कृतका कुनै नियमहरूसित यो असहमत हुनु आश्चर्यको कुरो होइन।

आन-प्रत्ययको वैज्ञानिक निर्वचनले मानव संस्कृतिमा नयाँ प्रकाश

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पार्न सक्छ । अङ्ग्रेजीमा लेब्ननका बासिन्दालाई लेब्ननिज नभनी लेबनिज भनिन्छ, अतः 'लेब्नन' को अझ प्राचीन नाम 'लेबन' थियो भन्ने छनक मिल्छ । नजीकै लिब्या नामक देश पनि छ । लिब्याको शाब्दिक अर्थ हो 'लिब जातिको देश' । जुन लिब जातिले लिब्यालाई नाम दियो त्यसैले 'लेबन' लाई पनि दिएको हुनु असम्भव छैन । यस प्रकार आन-प्रत्ययले हामीलाई लिब वा लेब जातिको खोजी गर्न लेब्ननसम्म पुऱ्याउँछ ।

नेपालकै एक रोचक उदाहरण लिन सकिन्छ । अचेल यहाँ एक जिल्लाको नाम मकुवानपुर छ । तर यसको प्राचीन नाम मकुवान अर्थात् मक्वान हुनु सम्भव छ । मगर जातिलाई प्राचीन कालमा माक्वल र अलि-पछिको समयमा माक्व भन्ने चलन नेवार जातिमा भएको बोध हुन्छ । 'माक्वल' वा 'माक्व' को अर्थ नेवारीमा 'बाँदर' लाग्छ । अतः मक्वान पनि माक्व भूमि(मगर भूमि)का रूपमा अर्थिन्छ । विकल्पले नेवारहरू मगर जातिलाई लाख्या पनि भन्दथे । नेपाली भाषामा एउटा शब्द 'लाखु' छ बाँदरवाची । लाख्या र लाखु समान मूलका प्रतीत हुन्छन् । धेरै सम्भव छ कुनै समयमा उपत्यकामा ठूलो सङ्ख्यामा मगरहरूले प्रवेश गरेका थिए । तिनलाई लखेट्न सफल भएको उपलक्ष्यमा मनाइएको चाड लाखेनाच हुन सक्छ । नेवारी भाषीहरूमा पनि कसै–कसैको थर लाखे हुन्छ । ती कारणवश उपत्यकामै रहेका मगरका सन्तान हुन सक्छन् ।

आन–प्रत्ययले सामान्यतया मानव जातिलाई नै र विशेषतया नेपाली जातिलाई संस्कृति र इतिहास पहिल्याउन सघाउने कुराको प्रमाण हो यो ।

११-आर्वाजो : ना. सितार अथवा वीणालाई झैं हातका औंला चालेर नबजाई हातमा पातलो कुनै साधन (आरो) लिई त्यसद्वारा तारलाई झङ्कार उत्पन्न गर्दै बजाउने तारबाजा । यो जन्मिएको हो संस्कृतको 'आर' (डङ्क) अनि 'वाद्य' (बाजा)को योगबाट बनेको (आरवाद्य) बाट । 'आर'को तद्भव रूप एउटा 'आरो' (सुइरो, बारुला आदिको खिल) पनि नेपालीमा पाइएको छ । अर्थुङ्ग (थुँगामा काँडा हुने खर विशेष),

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अरिङ्गाल (खिलधारी मक्षी विशेष) आदिमा पनि संस्कृत 'आर' को उपस्थिति पाइन्छ ।

१२-उखुम्‌: ना. पानी पर्ने याममा वर्षा हुनुभन्दा पूर्व वातावरणमा चढ्ने बाफिलो गर्मी । यसको संस्कृत मूल 'ऊष्म' हो । 'सूक्ष्म' शब्द 'सुकुमेल' मा जसरी 'सुकुम' भएको छ त्यसरी नै 'ऊष्म' भएको छ 'उखुम'। सगर्म शब्द हो 'उखरमाउलो' (संस्कृत ऊष्माकुलः, प्राकृत उम्हउलो, नेपाली प्राक्कल्पित 'उखुमौलो')।

१३-उन्याउलो : ना. निखुर्को (पतझड)पछि ग्रीष्म ऋतुको वर्षाले गर्दा वनस्पति जगत्‌मा देखिने नयाँ हरियाली । यो संस्कृतको 'वनपल्लव' हो ।

१४-उम्रिनु : अ. क्रि. १. बीउबाट बिरुवाको आँकुरो पलाउनु । २. निस्कनु (भुईंबाट जरुवा पानी, जीउमा ऐंजेरु आदि) । यो संस्कृतको 'अङ्कुरण'बाट प्रकृतमा 'अङ्कुरणो' हुँदै प्राचीन नेपाली प्राक्कल्पित ,आँकुरनु'बाट पैदा हुन सक्छ । ङकारका ठाउँमा मकार पाइन्छ 'अम्लो' (औंलो)मा पनि । त्यस्तै केही पुरानो 'अम्रिनु' शब्द 'उम्रिनु' भएको पाइन्छ । नेपालीका केही भाषिकाहरूमा शब्दारम्भमा अकार ध्वनि उकार हुन पुगेका उदाहरण प्रशस्त छन्, जस्तै–उम्लो (अम्लो), भुइँसी (भैंसी), बुइनी(बहिनो), सुन्नेसी (सन्नेसी) आदि ।

१५-ऋषि : ना. १. वैदिक सभ्यताको प्रारम्भिक चरणमा नागर वा ग्रामीण झैं एकासन सभ्यताका विपरीत चलासन सभ्यताका कुलमध्ये कुनै एकको नायक । २. पश्चात्कालीन धारणाअनुसार वेदका मन्त्रहरूको प्रवर्तक कुनै पनि ब्राह्मण । यो शब्द भारोपेली मूलको ठहरिन्छ । भारोपेलीका परिमाणात्मक तीन अभिश्रुति (Ablaut) हरु (Arkos : अर्कोस्, Arkos : आर्कोस् र Rkos : ऋकोस्) मध्ये पहिलो गुण (Normal grade), दोस्रो वृद्धि (Long

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

grade) र तेस्रो सम्प्रसारण (Reduced अर्थात् Zero grade) थिए। अर्कोस्, आर्कोस् र ऋकोस्को अर्थ भारोपेलीमा 'वृद्ध' वा 'प्रमुख' लाग्दथ्यो। केन्तुम् शाखाका भाषाहरूले भारोपेली मूलको क ध्वनि जोगाए, जस्तै– 'Mono–Arkos'बाट अङ्ग्रेजी 'Monarch' (एकतन्त्रीय नायक), Patriarch (पितृनायक) इत्यादि। ग्रिसेली युगमा मकदुनियाली साम्राज्यको विस्तारपछि उदित भएको राजसंस्थालाई 'बासिलेउस्' भनियो तर यस पूर्वका Arkosहरू विशुद्ध रूपमा कुलवृद्ध थिए। खास गरी Doris राज्यमा त यो अकाट्य थियो। ग्रिसेली नागर राज्यहरू स्पष्टतः पित्र्यार्ष (Patriarch) थिए–Arkos (ऋषि) एक हुँदा त्यो मोनार्क, दुई हुँदा डाई आर्क, धेर हुँदा त्यसै अनुसारको Arkos हुन्थ्यो। संस्कृतको ऋषिको विशेषण आर्ष सोझै भारोपेली Arkos को गर्भज हो। सम्भवतः रूसेली भाषाको 'रूस' शब्द पनि सतम् शाखातिरको सगर्भ हो।

भारोपेली 'आर्कोस'को सगर्भ 'एर्कोस्'पनि थियो कि भन्ने संकेत मेसोपोटामियाली अगद (Akkadian) सभ्यताको एन्सी (Ensi) पदले गर्दछ। राजा (Lagas)भन्दा तलको तहका उपराटहरू त्यहाँ 'एन्सी' (ऋषि) कहलाउँथे। यी उपराट्हरू अगद सम्राट्का अधीनस्थ प्राग्वैदिक ऋषि थिए अथवा प्रग्वैदिक आर्कोष (ऋषि)हरूले अगद सभ्यताको प्रभावमा परी अनुकरण गरी आफ्नो भाषामा Arkos (आर्कोस्) शब्द ल्याए किटान गरी भन्न सकिन्न। तथापि मेसोपोटामियाली 'एन्सी', संस्कृत 'ऋषि', ग्रिसेली 'Arkos' र भारोपेली Erkos/Arkos हरूको भाषिक मूल भिन्न ठहरिन्न। अगद भाषामा Ensi का रूपहरू त्यति धेर नपाइएकाले र भारोपेली परिवारका भाषामा भने यसका असंख्य रूप (ग्रिसेली Arkos,अंग्रेजी Monarch तथा Archaeology आदि, संस्कृत ऋषि, आर्ष इत्यादि) पाइएकाले मेसोपोटामियाली Ensi भारोपेली Erkos कै सापटी प्रतीत हुन्छ। ऋषिहरूको सभ्यता नागर नभई जाङ्गल वा चलासन भएकाले ती सुमेरतिरका Lagas (सम्राट्) को प्रशासन अन्तर्गत Ensi का रूपमा रहन बाध्य थिए, कारण ती कम शक्तिशाली थिए।

१६ एसिया : ना. १. तुर्की अर्थात् क्षुद्रेसिया (प्राचीन अर्थ)। २. संसार-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

को सर्वभन्दा ठूलो महादेश (आधुनिक अर्थमा)। हिट्टेली अभिलेखमा यसको नाम आस्सुवा (अश्वक) छ। आश्विन (घोडचढी)को इलाका भएकाले पहिले तुर्की एसिया (अश्वदेश) कहलायो। त्यसपछि रोमेली शासकहरूले त्यो नामलाई आसिया माग्ना (बृहत् एसिया अर्थात् महादेश) एवं आसिया प्राइमा (तुर्की अर्थात् क्षुद्रेसिया)मा बाँडे। परिणामस्वरूप आज बृहत्तम महादेश बन्न पुग्यो हिट्टेली कालको आस्सुवा। अङ्ग्रेजीमा घोडासँग मिल्ने एकथरी पशु (गधा)-लाई आस (Ass) भन्दछन्।

तुर्कीको आस्सुवामा सर्वप्रथम प्रकट हुने अश्व तत्व अनेकौं थला हरूमा व्याप्त हुँदै गएको पाइन्छ, जस्तै नाइरी निकटको आसाल्यांडमा, ककेसियाका उहिले ओस्सेली (Ossetic) तर अहिले ओस मात्र कहलाउने जातिहरूको समीपमा र इटलीका प्राचीन अश्वगण (Oscan) मा।

पुराणहरूले सूर्यकी पत्नी भनी वर्णन गरेकी अश्विनीको अर्को नाम उषा समेत अझ पुरानो अश्वा अथवा ओस्सा (Os महिला)को परिष्कार बुझिन्छ (तुलनीय अलम्बुषा अर्थात् अलम्बु महिला)।

रूसको उज्वेकिस्तान अझ पुरानो ओस्वेकिस्तान (Os जाति रहने Bek अर्थात् भेक कहलाउने स्थान) हो। दक्षिण एसियामा पनि पाणिनिको समयमै अश्वक, अश्वट आदि नामका आश्विन प्रदेश थिए। अचेल पनि यहाँका ओसवाल (जैनी)हरू ओसवाँवाली देवी (अश्विनी)को पूजा गरेर आफू आश्विन सन्तति भएतर्फ सङ्केत गर्दछन्। तुर्कीको उसमानिया राज्यमा अश्वमानको आभास पाइन्छ। पुराणका अनुसार आजका मनु ठहरिने वैवश्वतको नामको बीचमा समेत अश्व ध्वनि लुकेको छ। यस कारण प्राचीन आस्सुवा (अश्वभूमि) आज एसिया (Asia) भएकोमा कुनै आश्चर्य छैन।

१७ ओगट्नु : स. क्रि. स्थान ग्रहण गर्नु; केही कुरो आफ्नो हकमा लिनु। यो संस्कृतको स्थानवाची 'ओक'बाट कुनै किसिमले आउन सक्छ। स्वयं संस्कृतको 'ओक' पनि तुर्केली 'ओक'बाट आए झैं छ। द्रष्टव्य छ–'जलुको' (शब्दसङ्ख्या १३०)।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१८ ओट : ना. शरण; पक्षग्रहण । यो संस्कृतको 'ओढ' (नजीक ल्याइएको) वाट आएको हो । द्रष्टव्य छ - 'ओर' (शब्दसङ्ख्या २०) ।

१९ ओड : ना. सेती, महाकाली, कर्णाली आदि अञ्चलतिर कामीलाई बुझाउने शब्द । सम्भवत: यी ओड्रदेशतिरवाट चालुक्य नरेशहरूको दिग्विजयको बेला उत्तर ल्याइएका हुन् । उडिसाका पर्वतीय इलाकामा अझै पनि हाम्रा कामीकै झैं शिल्प (चनारो, टमटो, कसेरो, चुनारो, लवार, सुनार आदि)मा वर्गीकृत आदिवासीहरू पाइन्छन् । परन्तु नेपाली ओडले कामीका अन्य कर्मको प्रतिनिधित्व नगरी केवल चुनारो (डकर्मी)को मात्र प्रतिनिधित्व गर्दछन् ।

२० ओर : क्रि. वि. निकटमा; छेउमै । यो अउँछ संस्कृतको 'ओढ' (निकट ल्याइएको) वाट । विशेषणका रूपहरू (ओडो, ओडा, ओडी) जुम्ली आदि भाषिकामा पाइन्छन् ।

२१ कटारीमल : ना. बाईसी राजाहरूमध्ये केहीका नाममा पाइएको शब्द । यो प्राचीन कत्युरमान (कतोरमान)को नयाँ रूप हो । छाँटले राजा तोरमाण पनि 'कतोरमाण' थिए । यिनका ऐतिहासिक प्रमाणादिमा यी संस्कृतका ज्ञाता देखिन्छन् । थाणु (शिव) का उपासक राजा तोरमाण खस जातिका कत्युरी (कार्तिकेय उपासक) शाखाका थिए । उनलाई भ्रमवश हूण(श्वेतहूण वा हेफताल) मानियो । छाँटले आफ्नो नामको आरम्भको 'क' ध्वनिलाई 'कु' को पर्याय ('कपुत' वा 'कुपुत' मा झैं) नठानियोस् भनी ती राजाले 'कतोरमाण' हटाई 'तोरमाण' प्रयोग गरेको बुझिन्छ । परन्तु स्वयं कुलले भने आफ्नो नाम त्यागेन । कटोरमल, कटारीमल आदि यसका उदाहरण हुन् । द्रष्टव्य छन्–'तोरमाण' (शब्दसङ्ख्या १९८) तथा 'कात्तिके' (शब्दसङ्ख्या ३५) ।

२२ कटेहरिया : ना. कनौजिया थारूको रूहेला वा रोइला शाखा । रुहेलखण्डको पुरानो नाम हो 'कटेहर', जो अझ पुरानो 'कतेवर'को रूपान्तर हो । यो (कटेहर वा कतेवर) संस्कृतको 'कर्तृपुर' (कार्तिकेय उपासक कत्युरमानहरूको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

केन्द्र) हो। दक्षिण एसियामा जहाँ–जहाँ कत्युरी (अथवा कलचुरी) छन् त्यहाँ-त्यहाँ तिनको राजधानी कत्युर छ। गढवालका कत्युरीको कत्युर अब टिहरी भैंसकेको छ, जो कटीवरी (कर्तृपुरी)को अपभ्रंश हो। दक्षिण भारतको नीलगिरिको समीपमा कलचुरी (कत्युरी)ले स्थापना गरेको कर्तृपुर (तेवर) पनि 'क' तत्व त्यागेको अवस्थामा छ (यिनले ककार त्याग्न तोरमाणबाट सिके झैं छ)। परन्तु 'कटेवर' शब्दले भने पुरानो कट्टिवर (कतेवर)लाई जोगाएको छ।

२३ कनेत : ना. प्राचीन कुलिन्द जातिको वर्तमानको एक हाँगो; श्रीपाली क्षेत्रिय वंश; सिंजाली पालवंश। नरेश सुबाहु (सुहस्त) चन्द्रवंशीय हस्ती जातिका भए पनि तिनका प्रजा कुलिन्द खस थिए। कीचकवंशी खस। यही कीचक वंशको नाममा मध्य एसियामा कूचा नामक स्थल छ। त्यहींबाट आए कुशाणहरू। अतः कुलिन्द (कीचक) एवं कुशाणको वंशगत सम्बन्ध छ। पछिका अभिलेखमा 'कनक' शब्दले कनिष्कलाई वंशार्थमा देखाएका छन्। असलमा 'कनक' राजावाची मध्य–एसियाली शब्द हो (तुलनीय राजावाची रूसेली शब्द कन्याक)। त्यही संस्कृतमा 'कनिष्क' पढिएको हो। कुशाणहरूभन्दा पहिल्यै हिमाल प्रवेश गर्ने कुलिन्द जातिका मुद्राहरू पनि फेला परेका छन्। महाभारतयुद्धपछि कुलिन्दहरू चन्द्रवंशी हस्ती (कौरव)को पन्जाबाट मुक्त भई स्वतन्त्र आदित्य (सूर्यवंशी) बन्न पुगेको छनक मिल्छ। द्रष्टव्य छन् - 'कौरव' (शब्दसङ्ख्या ५६) र 'कीचक' (शब्दसङ्ख्या ४१)।

२४ कन्चो : ना. प्राचीन कालका (अर्थात् अचेल चलनबाट हटिसकेको) मुद्राको एक प्रकार; सम्भवतः दामभन्दा पनि तल्लो मूल्यको मुद्रा; दमडी। तुलनीय छन् मैथलीका 'कनेक' वा 'कने' (अलिकति), कन्जा (थोरै) आदि। तर अति प्राचीन कालमा यो सुवर्ण मुद्रा भए झैं छ, कारण यो सुवर्णवाची 'कञ्च(न)'सित सम्बन्धित देखिन्छ।

२५ कविला : ना. परिवार; जहान-छोराछोरी। यो 'कविला' संस्कृतको 'कपिल'बाट आए झैं छ। कपिल विष्णुका एक अवतार मानिन्छन्। स्वर्गीय महानन्द सापकोटाका मतमा उनको साङ्ख्य दर्शन बौद्धधर्मको पूर्वाधार हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

फार्सेलीको 'कवीर'को अर्थ मरुद्यान लाग्दछ। अर्थात् चारैतिर मरुभूमि र बीचमा हरियाली भएको स्थल। छांटले 'कपिल' शब्दको पनि एउटा अर्थ 'कवीर' थियो। कवीरहरू आकारमा सीमित हुने हुँदा सारा कवीर–क्षेत्र एक परिवार र त्यहांको मूली चाहिं प्रमुख अभिभावक हुन्थ्यो। यी कवीरहरू कपिलाचार्य (विष्णु) र कपिलाश्व (इन्द्र)को लोकभन्दा टाढा थिएनन्। खसहरू यिनै कपिल (कवीर) कुल्चँदै पूर्व आए र तिनले खस कुरामा 'कविला' (परिवार) अर्थ जीवित राखे।

२६ कमला : ना. वैष्णव पुराकथाका अनुसार भगवान् श्री विष्णुकी शक्ति; लक्ष्मी; रमा। यथार्थमा यी क्षुद्रेसियाली जगदम्बा (माग्ना मातेर अथवा अन्ना) प्रतीत हुन्छिन्। क्षुद्रेसियाली उक्त देवीको अर्को संज्ञा कुबेला अथवा कुबेले पनि थियो। संस्कृत भाषामा 'कुवेल'को अर्थ पनि 'कमल' नै हो। अतः 'कुवेला' र 'कमला' भाषिक आधारमा समानार्थी नैं ठहरिन्छन्। अझै लक्ष्मीको आसन कमलको फूल छ। फेरि लक्ष्मीको पार्श्ववर्ती हस्ती (हात्ती)ले क्षुद्रेसियाको प्रसिद्ध हस्ती जातिको सङ्केत गर्दछ र 'कमला' हुनुभन्दा पूर्व यी देबी हस्तिना (हस्तिनी) थिइन् भन्ने पनि व्यक्त गर्छ। प्रसिद्ध दिक्पाल 'कुवेर' र यी 'कुवेला' को केही सम्बन्ध हुन सक्छ। ग्रिसेली एथेनामा पनि यी देवीको प्रारम्भिक 'हस्तिना'को आभास पाइन्छ। द्रष्टव्य छन्–'हस्तिना' (शब्दसङ्ख्या ३९७) र 'हाट' (शब्दसङ्ख्या ३९८)। ज्ञातव्य के छ भने संस्कृतमा 'कुव', 'कुवेल' र 'कमल' समानार्थी शब्द हुन्।

२७ कमारो : ना. दास; घर्ती। यो सोझै संस्कृतको 'कर्मार'बाट आएको हो। मैथिलीको कामी बुझाउने 'कमार' पनि 'कमारो'को भिन्न अर्थको गोतिया हो। नेपाली 'कामी' पनि भिन्नार्थक सगर्भ शब्द ठहरिन्छ। परन्तु प्राचीन अर्थ (कामी)बाट कमारो धेरै टाढा पुगिसकेको छ।

सम्भवतः कृषिप्रधान मुलुकमा खेतीको लागि नभई नहुने श्रमिकको आपूर्तिको लागि पराई मुलुकबाट किनेर वा हरण गरेर दासका रूपमा ल्याइने जनहरू मध्ये अति महत्वपूर्ण थिए 'कर्मार'। साधारण श्रमिक यत्र-तत्र पाइन्थे तर 'कर्मार'

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भन्ने शिल्पको विकास भएका ठाउँमा मात्र पाइन्थे। ती दास नै भए पनि तिनको सम्मान हुन्थ्यो। नेपालीमा 'कामी'लाई अझै साहू (साधु) भनी सम्मान गरिदैछ। यो प्राचीन 'कर्मार'को अवशेष हो।

नेपालमा कामीको एक श्रेणी 'ओड' पनि छ। यी ओडहरू सेती, महाकाली आदि अञ्चलमा छन्। शब्दबनोट हेर्दा यी ओड्र (उडिसा निकटको प्राचीन देश)-बाट, सम्भवत: चालुक्य विस्तारको समयमा, उत्तर ल्याइएका दास शिल्पी हुन्।

वर्तमान कालमा 'कमारो'ले 'करिया'को अर्थ वहन गर्न लागेको छ। करिया वास्तवमा गृहस्थ कार्य (हलो, कोदालो, डोली, गाडा) आदि चलाउने पूर्ण दास थिए, जब पुहुनीहरू अर्धदास मात्र थिए। पुहुनीहरुले विष्टहरुझैं भूसम्पत्ति आर्जन गर्न पाउँदैनथे र घर पनि ग्रामान्तमा मात्र बनाउन पर्थे। ठीक यसको उल्टो नेपाली कमाराहरू गाउँभित्र रहन पाएर अनि परिवारका सदस्य नैं हुन पाएर पनि पूर्ण दास थिए। ती घरको साटो खोप्रोमा वस्दथे। तिनलाई स्नेहवश ददा–दादी भनिन्थ्यो। ती पनि घर मालिकलाई गोसाईं र मालिकको छोरोलाई गोस्न्यौटो भन्दथे। परन्तु सं. १९८१ को करिया अमलेखपछि पनि ती दासवत् रहि रहे। द्रष्टव्य छन्-'ओड' (शब्दसङ्ख्या १९),'कामी' (शब्द-सङ्ख्या ३६) र 'भुजेल' (शब्दसङ्ख्या २९६)।

२८ कमिलो : ना. १. एक प्रकारको चिल्ने किरो; क्रिमिलो; किम्लो (चिमटेझैं चिल्ने हुंदा हिन्दीमा यसलाई 'चिट्टी' भनिन्छ)। संस्कृत 'पिपीलिका' भन्दा पालि 'किपीलिका' सँग प्रस्तुत नेपाली शब्द धेर मिल्दछ। **२.** एक प्राचीन जाति, जो अचेल इतिहासको गर्भमा लुकिसकेको छ; किम्मेर; किम्मेरियन; कूर्म। यसै जातिले हिमालमा आई कूर्माचल (कुमाऊँ), गुमदरा (मुगु जिल्लामा), कुर्रम (हिमाल नपुग्दै हिन्दकुशतिर) निर्माण गरेको हो। पाणिनिले यस जातिलाई क्रमि भनेका छन्। 'आफू भने लामिछाने कमिलाको जन्त जान्ने' भन्ने नेपाली उखानमा वर्णित 'कमिलो' यही रहस्यमय जाति हो। रूसमा क्रिमिया देशको निर्माण यसै जातिको देन हो।

द्वितीय (जातिगत) अर्थले धेरै इतिहासकारहरूलाई छक्याएको छ। गिसेप टुची गुगे र पुराङ हुंदो कमिलाले उहिले सुन बनाउंथे भन्ने अनुश्रुतिको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भरमा मानसरोवरमै पुराणप्रसिद्ध सुवर्णगोत्र खोज्ने प्रयास गर्दछन्। तर पुराणको सुवर्णगोत्र क्रिमिया र आसपासको इलाका थियो। अझ प्राचीन सुवर्णगोत्र त भार्गव (फ्रिगियन) नरेश मिदासका पिता गोर्दियस (गरुड)ले क्षुद्रेसियामा बसालेको राजधानी गोर्दियम (Gordium) थियो, जसलाई पुराणहरूमा गरुडपुरी वा रुक्मपुर पनि भनिएको छ। अझै नेवारी भाषामा सुनलाई 'लुँ' (रुक्म) भनिदैछ र संस्कृतमा 'गारुड' भनिदैछ। परन्तु किम्मेर (कूर्म)हरूले रुक्मपुरी (सुवर्णगोत्र अथवा गरुडपुरी)लाई नराम्ररी लुटेर त्यहाँको सुन मध्यएसियाभरि छरे। त्यही सुन अचेल रूस र चीनका प्राचीन चिहानहरू खन्दा पाइदैछ। खसहरूले युधिष्ठिरको राजसूययज्ञमा कोसेली चढाएको पिपीलिक सुवर्ण यही सुवर्ण थियो–कमिला (किम्मेर)हरूले गरुड जातिबाट खोसेको सुवर्ण। परन्तु महाभारतको यस कमिले सुनकातिर अझै कसैको ध्यान गएको छैन। एटकिन्सन, राहुल र ग्रियर्सनहरूले यसको चर्चा मात्र गरेका छन्, परन्तु यो कस्तो सुन हो बताएका छैनन्। यो त्यही सुन हो जसले गर्दा उत्तराखण्डमा कुवेरको राजधानी अलकापुरीको कल्पना गर्नु सम्भव भएको थियो। द्रष्टव्य छन् - 'रुक्म' (शब्दसङ्ख्या ३४५, 'गारुड' (शब्दसङ्ख्या ७४) र 'कौरव' (शब्दसङ्ख्या ५६)। प्रस्तुत शब्दको रूपगठनमा क्षुद्रेसियाली हस्तिना वा कुवेला (धनकी देवी कमला)को के कति हात छ, सोच्नु आवश्यक छ। द्रष्टव्य छ- 'कमला' (शब्दसङ्ख्या २६)।

२९ कल्नासो : ना. घाँटीमा जिब्राको फेदनेरिको रालो आकारको मासुको लुर्को; काकल; कण्ठमणि। नेपाली पर्याय संस्कृतको 'काकलनासा'बाट (काकलनास > काअलणासो > कालनासो > कल्नासो) जन्मेको हो।

३० कल्सौंढो : वि. अलिकति कालो; अलि–अलि कालो। यो संस्कृतको 'कलश्यामल' (अल्प कालो)बाट आएको हो। छाँटले 'सामन्त'बाट जन्मेको एक थर 'सौंद'ले गर्दा 'श्यामल'ले 'सौंलो' हुने मौका पाएन।

३१ कश : ना. खस जातिको प्राचीन नाम। कश्मीर, काशगर र कास्पियन आदिलाई क्रमशः कशमेरु, कशगिरि र काश्विन (सागर) मान्न सकिन्छ। 'अश्व'

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

झैं कशवाची 'कश्व' पनि उहिले भए झैं छ। फार्सेलीमा 'अश्व'को 'अस्प' भए झैं 'कश्व'को 'क़स्प' हुन सक्छ। त्यसरी 'काश्विन पनि 'कास्पिन' (Caspian) हुन सक्छ। कशहरूको देववाची वा आदरवाची शब्द सु (सम्भवत: पवनदेव वोन वा पोनको एक पर्याय अथवा जलदेव इन्द्र वा वरुणको पर्याय, जस्तै-'सु' : बतास' केही भोट-बर्मेली भाषामा तथा 'सु' : 'जल' तुर्केली भाषामा)सँग मिलेर बनेको नाम 'कशसु' (कशज्यू)बाट नै संस्कृतले 'कश्व'को विकास गरे झैं छ। कछवा (सानो बस्ती), कश्यय, कच्छप, कच्छ, काशी आदिमा कशत्व पाइन्छ। कूर्म जाति र कश जाति (कश्यप) दुवै शताब्दियौंदेखि मध्यएसियामा सँगै रहेकाले होला कूर्म र कश्यय (कच्छप)को संस्कृतार्थ समान (कछुवा) छ।

३२ काइके : मा. डोल्पाली मगरको एक वर्ग। यो संस्कृतको 'कपिक'-बाट आएको प्रतीत हुन्छ। नर्क (Moloc) उपासनाको क्रीडाभूमि जाग्रोस पर्वतमाला भएर आएका मगरहरूको यसपूर्वको नाम लुकार वा लङगूर (तुलनीय 'लाखु'— शब्दसङ्ख्या ३५१) थियो। मोलोक उपासनाको संसर्गमा आई यिनीहरू मर्क (मगर) कहलाए। 'मर्कट' यही 'मर्क'को स्वार्थिक-प्रयय 'क' लागेको रूप हो। यो प्रत्यय लागेर बनेका 'मर्कट' र 'लाखु'को एकै अर्थ (बाँदर) छ। प्रस्तुत 'काइके' जुन स्रोतबाट आयो त्यस स्रोत (कपिक)को अर्थ पनि 'बाँदर' नै हो। यिनमध्ये जो पवन उपासना (बोम्पो वा पोम्बो उपासना)को प्रभावमा आए ती पुन (वोन) मगर कहलाए (तुलनीय 'बनझाँक्री—शब्दसङ्ख्या २६०)। यस प्रकार पोन (पुन), लाखु, मगर र काइके एकै जातिका बिभिन्न शाखाका नाम हुन्, जसलाई 'लाङ्गा' (शब्दसङ्ख्या ३५३) भन्ने साझा नाम दिन सकिन्छ।

मर्क उपासनाको क्रीडा-भूमि (जाग्रोस पर्वत)बाट इरान नाघी पूर्व बढेमा पुगिन्छ अफगानिस्तान। यस स्थललाई उहिले भनिन्थ्यो 'कपिश'। पिशाच जातिको भाषा पैशाचीको सन्तान मानिन्छ अचेलको कश्मीरी (नूरीस्तानी वा दर्देली)। पिशाच जाति कपिशा नामकी अप्सरा र पुलह ऋषिबाट जन्मिएको जातिका रूपमा पुराणमा वर्णित छ। अत: कपि वा कपिक जातिको क्रीडाभूमि कपिशा (कश्मीर) पनि ठहरिन्छ। यस्तै हरियाणाको कैथल सोझै कपिस्थल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रतीत हुन्छ । यसरी जाग्रोसदेखि कश्मीरसम्म, अनि फेरि नेपालको डोल्पासम्म अनि जुम्लाको काइगाउँ (कपिग्राम)सम्म र अन्त्यमा हरियाणाको कपिस्थल (कँथल)सम्म कपि वा कपिक जाति देखा पर्दछ । संस्कारले काइते (कायस्थ)-हरू भिन्न मूलका ठहरिए तापनि नाताले ती पनि 'कपिस्थ' (कँथ) हुन् । यस प्रकार हाल डोल्पामा कोचारिएको 'काइके'को सेरोफेरो विशाल रहेछ भन्ने बोध हुन्छ । द्रष्टव्य छ–'कपिस्थ' (शब्दसङ्ख्या ३३), 'लाखे' शब्दसङ्ख्या ३५२) आदि ।

३३ काइते : ना. प्रसिद्ध कायस्थ जातिको लौकिक नाम; कँथ । नेपाली 'काइते' र अझ मैथिली 'कँथ'ले यो शब्द संस्कृतको 'कपिस्थ'बाट आएको प्रतीत हुन्छ । त्यसो हो भने यिनको नाता हाम्रा मगर (लाखा, लाखु, लाखे अथवा काइके)सित भएको स्पष्ट हुन्छ । यी आफ्ना पुर्खा चित्रगुप्तलाई मान्दछन् र आफ्नी आदिमातामध्ये एक नागकन्या र अर्की सूर्यकन्या भएको मान्दछन् । 'चित्रगुप्त' शब्द धेरै महत्वपूर्ण छ । गुप्तदेश (यूगोप्तोस) मिस्रको प्राचीन नाम हो । त्यहाँ प्राचीन कालमा समुद्री जाति समूहको आक्रमण हुँदा एउटा आक्रामक जाति लुका पनि पाइन्छ । मिस्र जाने लुकाहरूले गुप्तको संज्ञा प्राप्त गरे । जो आदिथलो ग्रीसमै रहे ती लुकाहरू सम्भवत: दूरवर्ती चैत्रसागर (सेद्राको खाडी)मा पुगेर चैत्र वा चित्र कहलाए । मिस्रबाट आएर जो पछि सेद्राको खाडी (चैत्र सागर)मा बसे ती काइतेका सभ्य, साक्षर र परिष्कृत पुर्खा बन्न पुगे । अत: काइतेहरूलाई चैत्र सागरका कपिस्थ (कँथ) भन्न सकिन्छ । द्रष्टव्य–'लाखु' (शब्दसङ्ख्या ३५१), 'लाङ्गा' (शब्दसङ्ख्या ३५३) र 'लाखे' (शब्दसङ्ख्या– ३५२) ।

३४ काठो : ना. ब्राह्मण जातिलाई सम्बोधन गर्दा प्रयुक्त हुने एक अपशब्द; कात्तिके । नारसिंह भूमि वा सैंहिकभूमि एलाम र त्यसको निकटवर्ती कार्तिकेय पर्वत (माउन्ट काडुंक))मा प्राचीन कालमा कश र लुल्लुबी (लुल्लुंभी)का छिमेकीका रूपमा कुती वा गुती (कुतीक वा गुतीक) जाति पनि पाइन्छ । हिन्दी 'कुत्ता', 'कुतिया' आदि शब्द यसकै गर्भज हुन् । यथार्थमा केदार पर्वत

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(कार्तिकेय पर्वत)को वाटो कात्तिकायन (आर्जुनायन) उपासना लिई दक्षिण एमिया पर्ने 'कुत' वा 'गुन' जातिनै त्यो प्रसिद्ध कुक्कुर जाति थियो जसको उल्लेख गुप्तकालीन अभिलेखहरूमा निकै भएको छ। पुराणहरूले कुक्कुरलाई जाट (यादव)को एक शाखा मानेका छन्। 'निर्णयसिन्धु'ले विश्वामित्र तथा भरद्वाज झैं दुई गण मिलेर बनेको एक 'कत' गोत्रको वर्णन गरेको छ। सिकन्दर हिन्दकुश पर्वतयता आउँदा एक 'कठ' जातिसँग भीषण युद्ध भएको वताइएको छ। छाँटले यी हुन् 'कठोपनिषद्'का प्रसिद्ध कठहरू। अतः कुत, गुत, कत तथा कठहरू एकै जातिका अलग नाम हुन्। कार्तिकेय (केदार, कोतार, गोतार, गोदार, कात्तिके) उपासनाका आडमा हियाएर यिनलाई काठो भन्ने चलन हिमालतिर चल्यो। द्रष्टव्य छन्–'सेन' (शब्दसङ्ख्या ३८४), 'भुल' (शब्दसङ्ख्या २९९) तथा 'हैहय' (शब्दसङ्ख्या ४००)।

३८ कत्तिके: ना. नेपाली (पर्वते) बाहुनको लागि प्रयोगमा आउने एक गाली। यो उनीहरूले कार्तिकेय उपासनाका अनुपायी (कत्युरी, कुलिन्द आदि) का पुरेतको नाताले स्वीकार गर्नु परेको गाली हो। प्रस्तुत शब्द व्यङ्ग्यार्थमा 'कुकुर' अर्थिन्छ। सम्भवत: भारतीय अभिलेखहरूमा कार्तिकेय उपासकहरूलाई 'कुक्कुर' भनिन्थ्यो। यो प्राचीन यदुवंशी कुक्कुर हो होइन यसबारे खोजी हुनु आवश्यक छ।

३९ कामी: ना. धातुसम्बन्धी शिल्प, काष्ठशिल्प, प्रस्तरशिल्प, वास्तुशिल्प आदि अनेकौं शिल्पहरूमा दक्ष नेपाली पुहुनीहरूको वर्ग। यिनलाई वैदिक कालमा 'कर्मार' भनिन्थ्यो र यी कृषिदासका विभिन्न प्रकार थिए। निकटवर्ती अतीतमै पनि अन्य पुहुनीहरू झैं कामीहरू पनि अछूत मानिन्थे। यस महत्वपूर्ण वर्गका अनेकौं शाखाहरू थिए–१. लवार (लौहकार)। २. कसेरो (कांसाकार)। ३. चुनारो (प्रस्तरशिल्पी)। ४. ओड (डकर्मी)। ५. चनारो (काष्ठकर्मी) ६. सुनार वा सुनारो (स्वर्णकार)। ७. लुल (तेली)। ८. भुल (चर्मकार)। ९. आग्री (खनिज शिल्पी)। १०. टुमटो (ताम्राकार)। कामी समाज नेपालीहरूको अति उर्वर अतीतको एक ठोस प्रमाण हो। द्रष्टव्य छन्-'ओड' (शब्द-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सङ्ख्या १६), 'चुनारो' (शब्दसङ्ख्या १००), 'कमारो' (शब्दसङ्ख्या २७)। अति प्राचीन कालका कृषिकर्मीहरू सबै कामी कहलाउँथे। केही पछि मात्र कामीहरू शिल्पीमा सीमित भए। यसैले होला नेपालीमा गहना मात्र होइन खेत बारी समेत कमाइन्छ।

३७ काम्रो १. घाउ आदिमा बाँधिने पट्टी; ब्यान्डेज २. हातगोडा आदि भाँचिदा बाँध्ने बन्धन अथवा गरिने प्लास्टर। 'काम्रो' वास्तवमा संस्कृतको 'कर्पट'बाट जन्मिएको हो। यसबाट 'कापडो' (तुलनीय बङ्गला कापड : कपडा) जन्मियो। नेपालीमा पनि पहिले यो 'काप्रो' नै भयो होला। तर पछि पकारको ठाउँमा मकार आदेश भई 'काम्रो' भयो। ज्ञातव्य के छ भने अब 'काम्रो'ले 'कपडा' अर्थ त्यागेर 'बन्धन' अर्थलाई मात्र पनि जनाउन लागेको छ। उदाहरणार्थ लट्ठे पिङमा गोडा राखिने 'काम्रो'को 'कपडा'सँग केही सम्बन्ध छैन। द्रष्टव्य छ—छारकाम्रो (शब्दसङ्ख्या ११६)।

३८ काला मस्ट : ना. नेपाली मस्ट उपासनाको नागमूलीय एक देवता; तथाकथित बाह्रभाइ मस्टहरूमध्ये एक; आदिमस्ट (भुवो)को एक महत्वपूर्ण अंश।

नेपालका पणि (पानी पोखरेल, चापागाईं, गोतामे, खतिवडा आदि)को कुलदेवता कालामस्ट नाग (पणि)हरूको कालीय शाखाको देवता हुनु पर्छ। यो पाणिपाल (वाणीपाल वा फोनेसियन बाल)को नै एक रूप हो, अतः यसलाई बारमस्ट ('भार') देखि भिन्न मान्न सकिन्न। सबै पणिहरू कालीय नभएकाले असुरदेशको असुरमस्ट (अहुरमज्दा) वाणीपाल (पाणिभार/पाणिपाल) भए पनि कालामस्ट नै थियो भन्न सकिन्न। भन्नाले पाणिहरूका 'भार' अनेकौ थिए जसमध्ये एउटा 'कालीय' हो। महाङ्काल, काल, कालभैरव आदि देवताहरू नागहरूको कालीय शाखाका उपज हुन सक्छन्। आफूलाई नाग (पणि वा पानी) हौं भन्दा गर्व गर्ने र भारतमा पानीपत (पणिराज्य) खडा गर्ने कालीय नागहरूले पुज्ने गरेको कालामस्टले पनि खस संसारमा बाबेरुमै प्रवेश पाएको हुनु पर्छ। आफ्ना पूज्य देवताहरूमध्ये सबैभन्दा टाउके (काल)का साथ पूर्व बढ्दा यिनले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अफगानिस्तानमा काला भन्ने ठाउँ र भारतमा कालसी भन्ने ठाउँ निर्माण गरे। नेपालमा पनि कल्याल, कालिकोटी आदि थरमा र कालै, कालिकोट आदि स्थलमा यस मस्टको झलक पाइन्छ।

भुवोका वंशवृक्षका आधारमा विवेचना गर्दा कालामस्टको भुवो 'काल' र भुवानी 'काली' ठहरिन्छिन्।

कालामस्ट नागमूलीय देवता भए पनि यसका उपासक नेपाली पानीहरूको नागत्व (पणित्व) अब सुरक्षित छैन। ती खसमहासागरमा, सम्भवतः बाबेरु छँदै, विलीन भैसकेका छन्। द्रष्टव्य छन्, 'भुवो' (शब्दसङ्ख्या ३०३), 'भुवानी' (शब्दसङ्ख्या ३०१), 'बारमस्ट' (शब्दसङ्ख्या २९८), मस्ट (शब्दसङ्ख्या–३१२), 'बाबिरो' (शब्दसङ्ख्या २६४), 'ढाँडे' (शब्दसङ्ख्या १८५)।

३९ काहिंलो : वि. जन्मका क्रमले साहिंलोपछिको अथवा ठाहिंलोभन्दा अघिको। यो 'मध्य+इल्ल'बाट जन्मिएको प्राकृत (अपभ्रंश 'मज्झिल्ल', तुलनीय प्राचीन नेपाली 'माझिलो')को सादृश्यमा निर्मित 'कज्झिल्ल' (को मज्झिल्ल)को उपज प्रतीत हुन्छ। 'कज्झिल्ल' एक रोचक प्राक्कल्पना हो र यसले साहिंलो, ठाहिंलो, राहिंलो आदिको निर्वचनमा समेत सहायता गर्दछ। यो सोझै प्राक्कल्पित 'कत् झिल्ल' (कज्झिल्ल)बाट पनि पैदा हुन सक्छ।

४० किचकन्ने : ना. एक प्रकारकी प्रेत-सुन्दरी। लोकविश्वास के छ भने ठीक चुडेल झैं किचकन्ने पनि रातमा प्रकट भएर तन्नेरीहरूको शिकार गर्ने एक प्रेत-सुन्दरी हो। नेपालका पहाडी भेगका विभिन्न जातिहरूमा किचकन्नेको मिथक प्रचलित पाइन्छ। 'किचकन्नेमा विश्वास राख्नेहरू भन्दछन्, यदि कुनै मृत युवतीको नियमपूर्वक मृत्युसंस्कार भएन भने त्यसले किचकन्नेको जुनी ग्रहण गर्छे। किचकन्नेले रातमा प्रवेश थालेपछि तुरुन्त एउटा उपाय गर्ने हो भने तन्नेरी बाँच्न सक्छ भन्ने धारणा छ। भनिन्छ, रातमा किचकन्नेले जुन तन्नेरीलाई फसाउँछे त्यसले उक्त प्रेत–सुन्दरीको शरीरमा लामो धागो बाँध्नुपर्छ। भोलिपल्ट धागोको डोरो पहिल्याउँदै जाँदा त्यो मसान–घाटमा कुनै मृतकको हाडमा बाँधिएको अवस्थामा पुगेर टुङ्गिन्छ। यदि सो हाडलाई हिन्दू वा बौद्ध संस्कार अनुसार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जलाइयो भने प्रेत–सुन्दरीले मुक्ति पाउँछे र उसको शिकार हुँदै गैरहेको युवक-को स्वास्थ्य पनि सुध्रिदै जान्छ भन्ने जनविश्वास छ ।

प्रस्तुत शब्द संस्कृतको 'केशकन्या'बाट जन्मिएको हो। निर्वचनका निम्ति तुलनीय छन् नेपालीका कन्नेकेटो (कुमार), कन्नेकेटी (कुमारी) आदि शब्द । शकारको ठाउँमा चकार हुनाको रहस्य बुझ्नाको लागि तुलनीय छन् पासाई: पाछाई, अल्सी: अल्छी, पाछ्नु: पास्नु आदि शब्द-जोडीहरू । शब्द वनोटका दृष्टि-ले मननीय छ नागकन्ने (नागकन्या) । अत: किचकन्ने शब्द अन्य भाषाबाट आएको उधारो नभई खास नेपाली भाषाको स्वाभाविक विकास ठहरिन्छ ।

किचकन्नेको मिथक पनि जातीय विद्वेशमा आधारित प्रतीत हुन्छ । एका-तिर केश कोरेर जुरो नपारी त्यसै छाडा छोड्नेहरूले चुडेलको पुरा-कथाको विकास गरे भने अर्कातिर केश कोरीबाटी गरी जुरो वा चुल्ठो पार्नेहरूले किच–कन्ने (केशकन्या)को पुराकथा जन्माए । वाच्यार्थमा किचकन्ने भनेको त्यो केटी हो जो केशलाई असरल्ल पारेर त्यसै छाडा छोड्छे । तर लक्ष्यार्थअनुसार किच-कन्ने त्यस प्रकारकी प्रेत-सुन्दरी हो । भनिन्छ, किचकन्नेको ढाड देखिदैन । यो के कुरोको व्यञ्जना हो भने छाडा केशले ढाड र गर्धनतिरको सम्पूर्ण अङ्ग छोपिएको हुन्छ, अत: त्यो देखिनु सम्भव हुँदैन । सांस्कृतिक दृष्टिले हेर्दा किच-कन्ने चुडेलको प्रतिद्वन्द्वी हो । केश बाट्ने अथवा जुरो पार्ने (चुडेलहरू)ले त्यसो नगर्ने (केशकन्या)हरूलाई दिएको यो सांस्कृतिक उत्तर हो । हेर्नोस् 'चुडेल' (शब्दसङ्ख्या ९९) ।

४१ कीचक : ना. सम्भवत: खस जातिलाई दिएको एक संज्ञा । खस कौरवपक्षीय भएकाले भीमसेनद्वारा भएको कीचकवध अप्रासङ्गिक छैन । राजा विराटको जाति हुनसक्छ कीचक र धर्म हुनसक्छ विराट (वैराट, ब्रह्मण्य, वीर) उपासना । यो प्रश्न किन उठाइएको हो भने तुर्कीमा एक पर्वत 'कश डागो'(खस-डाँडो)कै नाम कुचुक मेन्देरे (कीचक पर्वत) पनि छ । मन्दर (मेन्देरे) र मेरु (हिमालय)को बीचको शैलोदा (सिर दरिया)को बीचको कीचक वेणु यही कुचुक मेन्देरे भएको अनि यहींबाट सुबाहु (सुहस्त) जातिको अधीनस्थ कुलिन्द नरेशका नेतृत्वमा पिपीलिक-स्वर्ण लिएर खसहरू युधिष्ठिरको राजसूय यज्ञमा गएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुरामा शङ्का गर्ने कमै आवश्यकता छ। किनभने वर्तमान भूगोल, अतीतको इतिहास र पौराणिक पुराकथाले यस जाति (कीचक)लाई 'कश' (खस) भएको तर्फ इशारा गरेका छन्।

४२ कुइनेटो : ना. पहाडको अग्लो मोड (Blind Corner)। यो अझ पुरानो 'कुनेटो'को उपज हो। संस्कृत मूल चाहिं छाँटले 'कोणट' हो। 'कु' ध्वनिलाई प्रसर्ग ठानी वक्ताहरूले 'नेटो' (मोड)को निर्माण पनि गरिसकेका छन्।

४३ कुइभीर : ना. अति डरलाग्दो भीर। यो संस्कृतको 'कुमेरु'बाट आउन सक्छ।

४४ कुजुल : ना. कनिस्क र बीमका पूर्वज एक राजाको नाम-कुजुल कदफाइसिस (खुजुल कश)। खस (कस) जातिको कुषाण शाखाका यी नरेश को तुर्केली नाम 'कुजुल'को अर्थ हो 'रातो'। प्रथमतः बाज (श्येन अर्थात् अरुण-देव) झैं रातो। अनि त्यसपछि छागलदेव कोसोल (कोजोल, सकोल, शाकल, साङ्गल आदि) झैं रातो (कुजुल)। ज्ञातव्य के छ भने छागल (घोरल) पनि वैंसमा रातो (कुजुल) हुन्छ।

४५ कुमाई : वि. कूर्माचलीय ब्राह्मण। कूर्माचलको प्राचीन नाम (कुमा) मा तद्धित प्रत्यय (ई) लागेर जन्मिन्छ 'कुमाई'। अचेलको 'कुमाऊँ'बाट प्रस्तुत शब्द प्राप्त गर्नु अप्ठेरो छ। यसको निम्ति द्रष्टव्य छ—जाति 'कमिलो' (शब्द-सङ्ख्या २८)।

४६ कुर्द : ना. इरान, इराक, तुर्की र रूसका सन्धिस्थलको एक चलासन पशुचारक (फार्सेली भाषी) जाति। कुर्द जातिको अनुहारको बनोटमा मङ्गोल लक्षण देखिने हुँदा यी 'किरात' हुन् कि भन्ने प्रश्न पनि कतिले उठाएका छन्। इरानतिरकै 'हजारा' जातिमा 'हामी गोर्खालीका दाजुभाइ हौं' भन्ने अनुश्रुति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अझै पाइएबाट 'कुर्द' अनि 'किरात' शब्द कुनै समयका नातेदार प्रतीत हुन्छन् ।

४७ कुलेसो : ना, बलेंसीको पानी भगाउन आँगन वा पटाङ्गिनी हुँदो र कतैको पनि अनावश्यक पानी भगाउन कुनै पनि ठाउँमा खनेर बनाइएको स्यानो निकासडोरो । एसो-प्रत्यय विभिन्न मूलका पाइएका छन्, जस्तै - सं. कण्ठपाश>नेपाली घँटेसो, संस्कृत दुःखाभासः > नेपाली दुःखेसो आदि । परन्तु 'कुलेसो'को निर्वचन यीसँग मिल्दो छैन । यो आएको हो संस्कृतको 'कुलसदृशः' अथवा 'कूलसदृश'बाट । यी हुन् प्रसिद्ध 'कुल्यसदृश':'कै सम्भव पर्याय । खोल्सो, रछायो (रक्तसदृशः) पहेंल्चो (पीतलसदृशः), हलेसो (हरिसदृशः)आदिका प्रत्यय-को पनि समान निर्वचन छ । संस्कृतको 'सदृश'बाट हिन्दीमा सी (जस्ती), सा (जस्तो) र से (जस्ता) शब्दहरू जन्मेका पाइएका छन् । नेपाली 'झैं' अव्यय संस्कृत 'सदृशम्'को उपज हो । परच्छिमा र मझपच्छिमा भाषिकाहरूमा पाइने केही नेपाली शब्दहरू ठीक हिन्दीमा झैं रूपायित पाइन्छन्, जस्तै झो (जस्तो), झी (जस्ती) र झा (जस्ता) । यी तीनवटै शब्दहरू हिन्दी शब्द (सा, सी, से) का सगर्भ हुन् र यी आएका हुन् संस्कृत 'सदृश्य'का मूलबाट । यसरी आउँदा कतै 'सदृश' हुन पुगेको छ 'चो' (पहेंल्चो, अमिल्चो आदिमा झैं) अनि कतै यो हुन पुगेको छ 'सो' (प्रस्तुत 'कुलेसो'मा झैं) । छुट्टै शब्दका रूपमा झैं, झो, झा, झी आदिमा झकार पाइए तापनि प्रत्ययीभूत अवस्थामा भने झकार पाइएको छैन । यस हालतमा भने कि चकार कि सकार पाइएको छ । यसको कारण के हुन सक्छ भने प्रायः शब्दको मध्य वा अन्त्यमा झ-ध्वनि नेपालीका निम्ति प्रिय छैन । द्रष्टव्य 'हनेसो' (शब्दसङ्ख्या ३९६), 'खोल्सो' (शब्दसङ्ख्या ७०) 'रछायो' (शब्दसङ्ख्या ३४०) इत्यादि ।

४८ कुलो : ना. खेत-बारीमा पानी पटाउनको लागि निर्माण गरिएको विभिन्न प्रकारको जलप्रणाली, जस्तै-गडकुलो (पैंनी), राजकुलो (नहर) आदि । यो संस्कृतको 'कूलक'बाट आएको हो । 'कूलक'का अर्थ दुई (१. नदिको किनार; कूल । २. पोखरी; जलाशय) छन् । 'कूल' शब्दमा स्वार्थिक प्रत्यय 'क' लागेर बन्दछ 'कूलक' । हिन्दीमा 'कूला' गडकुलोको अर्थमा छ । संस्कृतको कूलिनी (नदी)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

को शाब्दिक अर्थ हो 'किनारवाली' (अर्थात् तटिनी)। स्वयं संस्कृत कुल्या (नदी)ले वताउँछ 'कूल'कै अर्थमा संस्कृतमा ह्रस्व कुल (जलाशय) पनि थियो। एकै कुल अर्थात् जलाशय (पँधेरो)को पानी खानेहरू एकै कुलका ठहरिए। यस प्रकार अर्थ परिवर्तन हुँदै 'कूल' वा 'कुल'वाट उत्पन्न 'कुलो'ले हाल सिंचाईका निम्ति निर्मित जल प्रणालीको अर्थ दिन लाग्यो। द्रष्टव्य छ दूरवर्ती सगर्भ 'खोलो' (शब्दसङ्ख्या ६९) र निकटवर्ती सगर्भ 'कुलेसो' (शब्दसङ्ख्या ४७)।

४९ कुश : ना. पुराण आदिमा एक चन्द्रवंशी राजाको नाम मानिएको अनि अचेल हामेली परिवारको कुसेली (**Cushitic**) शाखा मानिएको एक नृवंश; कौशिकवंश। नदीमा कौशिकता (कोशी, खुसी आदि तत्व) र कृष्णता (काली, कृष्णा, नील, नाइल आदि तत्व)को आभास पाउने यो जाति कश–किरातहरूको आगमनपूर्व राकस (लाखु, मगर, काइके, कैथ, थारू, ऐर, जाट, जाड) आदि आदिवासीका रूपमा थियो। पछि कश–किरातको विस्तारपछि हिमालमा यो जाति भोटवर्मेलीमा कि खसमा गाभियो। अझै कुसुन्डाहरू आदिम (पाषण-कालीन) सभ्यताका साथमा 'कुश' जातिका प्रतिनिधिका रूपमा छँदैछन्। कुश जाति एक विकसित नृवंश भएकाले कुसुन्डा (खुसुन्डा) केवल 'कुशण्डु' (शब्दसङ्ख्या ५०) मानिएको हुनसक्छ।

५० कुसुन्डो : ना. नेपालको एक जाङ्गल जाति। यसको संस्कृत मूल प्राक्कल्पित हुनसक्छ 'मर्कण्डु'को सादृश्यमा। कौशिक सभ्यता हिमालमा किरात र खसहरू आउनुभन्दा पहिले थियो। नवागन्तुकको पशुचारण र कृषि सभ्यता-देखि भिन्न कुसुन्डेली सभ्यता पाषाणकालीन अवशेष भएकाले कुसुन्डाहरू गोरस वा गोमय आदिलाई अपवित्र मान्दछन्। तोरी एक प्रकारको जङ्गल (वनस्पति) ठहरिने हुँदा तेल तिनले स्वीकार गरे तापनि घिउ भने ती छुँदैनन्। सम्भवतः यी खस किरातादिका बस्तीहरूमा सुटुक्क केही चोर्न आउँथे। यसैले भोटबर्मेली भाषाहरूमा चोरवाची शब्दहरू 'कुश'का गोतिया देखिन्छन्, जस्तो मगर 'खुश्च', राई 'खुसुवां', नेवारी 'खु" आदि। नेपालीमा पनि थाहा नदिई केही काम-कुरो गर्दा 'खुसुक्क' गरिन्छ। जुम्ली भाषिकामा कुसुन्डाहरू 'खुसुन्डा' कहलाउँछन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

'कश' जसरी 'खस' भयो त्यसरी नै 'कुश' पनि 'खुस' हुनु स्वाभाविकै हो ।

८१ कुहुनो : ना. पाखुरो र हातको जोर्नीको कोणस्थल । यो संस्कृतको 'कोणक'बाट आएको हो तापनि निकटवर्ती 'कुक्षी' (कोख) र 'कक्ष' (काखी)-को प्रभाव यसको गठनमा परे झैं छ ।

८२ कृष्ण : वि. कालो; मेघवर्णको; ध्वाँसे । भगवान् श्रीकृष्णको नाम यसै विशेषणको आधारमा रहेको बुझिन्छ । यो भारोपेली 'क्रास्नोस' (Kras-nos) बाट संस्कृतमा जन्मियो । रूसेली भाषाको 'क्रास्नोय' (रातो)सँग यो तुलनीय छ । रङवाची शब्दका अर्थ अन्यत्र पनि चञ्चल देखिएका छन्, जस्तै संस्कृत 'लौह' (फलाम)को रङ कालो हुन्छ तर 'लोहित' (रातो)को अर्थमा लालिना छ । अतः पहिलेका क्रास्नोय् (रातो वर्णका) श्रीकृष्ण पछि मेघ वर्णका भए होलान् । अझ एकै समयमा श्रीकृष्ण कतै क्रास्नोय् र कतै कृष्ण मानिए होलान् । अझै पनि काला झैं देखिनेहरूलाई प्रेमपूर्वक 'राता वर्णका' भन्ने चलन छँदैछ । क्रास्नोय् (कृष्ण)लाई नारायण (जलशायी) ठानी आफू नारद (जलप्रदत्त) बनेका एक ऋषिको तुलना रूसेली 'नरोदा' (जनपद)सँग गर्न सकिन्छ ।

८३ केतारी : ना. उखु । यो मैथिली मूलको शब्द कोशी अञ्चलको तराईमा प्रचलित छ। संस्कृतमा 'केदार' धानखेत भएको हुँदा 'केदारी' धान ठहरिन्छ । परन्तु 'केतारी'मा अर्थ परिवर्तित छ (सम्भवतः मकैको धान चमर सँग मिल्दो-जुल्दो झैं चमर उखुको पनि हुने हुनाले) ।

८४ को : वि. बो. सम्बोधन गर्दा (राई–लिम्बू समाजमा) व्यवहार गरिने शब्द । जस्तै आमा को (ए आमा), आक्को (एहे !) । यो नेपालीमा पूर्वमा 'हो'बाट अनूदित हुन्छ (आमा हो, दिदी हो आदि) । नेवारी र मैथिलीमा क्रमशः 'यो' र 'यौ' पाइन्छ-जस्तै नेवारी (यो मा, यो अजी इत्यादि) र मैथिली (बाबा यौ, मा यौ आदि) । मगर भाषाको बहुबचनको प्रत्यय 'को'

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(हरू)को सम्बन्ध छ·छैन भन्न सकिन्न, जस्तै— ·लाफाको (साथीहरू), काङ्को (हामीहरू) ।

'को' शब्द मैथिली भाषामा स्त्रीलिङ्गी शब्दमा सम्बोधनमा पाइन्छ। जस्तै–'मार्गे' अथवा 'मा गे' (ए आमा) । बङ्लामा दुवै रूप (गो अथवा को) पाइएका छन्, जस्तै नाइको (छैन है), मा गो (ए आमा), बाबा गो (ए बाबु) इत्यादि। अतः प्रस्तुत शब्दले वाग्मती पूर्वका धेरै भाषाहरूमा स्थान ओगटेको पाइन्छ ।

८८ कोट । ना. १. नेपाल पहाडका कुनै पनि महत्वपूर्ण बस्ती, जस्तै- चरीकोट, मुसीकोट, गलकोट, धुर्कोट आदि। अनेकौं नेपाली थरहरू (देवकोटा, कालिकोटी, सिवाकोटी, बाँस्कोटा; साप्कोटा आदि) यसै शब्दबाट जन्मिएका हुन्। २. कोत; गढ; किल्ला; गढी। यसको मूल संस्कृतको 'कोट' वा 'कोट्ट' (गढ; दुर्ग; किल्ला; राजमहल) हो। परन्तु संस्कृत 'कोट' वा 'कोट्ट' अझ प्राचीन 'कूट' (पर्वत; चुचुरो)बाट आएको प्रतीत हुन्छ । उहिले वैरीहरूबाट आत्मरक्षार्थ गढी वा राजधानी पहाडका टाकुरा (कूट)मा राख्ने चलन टाकुरे (तागोरे वा ठकुरी) परम्पराअनुसार थियो। 'कूट'को प्राकृतमा 'कोट्ट' भयो, जो पछि संस्कृतमा स्वीकार गरियो । यसरी अनेकौं प्राकृत शब्द संस्कृतले स्वीकार गरेको छ, जस्तै संस्कृत 'भट्ट' ('भर्ता'को नवीन रूप), 'कुक्कुर' ('कुर्कुर'को नवीन रूप) आदि। नेपाली 'गुँड', गढवाली 'कुडो' (घर), संस्कृत 'कुटी' आदि यसै शब्दका टेढामेढा सगर्भ हुन्। कतिले यसलाई द्राविडेली मूलको मानेका छन्। परन्तु यसमा शतम्-केन्तुम् विभेद समेत पाइएको हुँदा यो भारोपेली मूलको ठहरिन्छ। 'कूट' र 'कोट' केन्तुम् तत्व हुन् जब 'चूडा', 'जूटक' आदि शतम् तत्व हुन्। भाषाशास्त्रीहरूले संस्कृत र यसको बिरिन्दालोलाई शतम्·कुल मानेका छन्, तर 'कोट', 'कूट', 'जूडा', 'जूटक' आदि उदाहरणहरूले उहिले–को शतम्–केन्तुम् वर्गीकरण उपर पुनर्विचार गर्नु चासोपर्दो छ भन्ने जनाउँछन् ।

८६ कौरव : ना. पुराण र महाभारतका पुराकथाका अनुसार चन्द्रबंशी राजा कुरुको वंश; धृतराष्ट्रको कुल। यस जातिको राजधानी हस्तिनापुरको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आरम्भको 'हस्तिना' हस्ती जातिकी देवी (एथेना) ठहरिन्छिन् र हस्तिनापुर अर्को 'एथेन्स' ठहरिन्छ। पुराकथाहरूले हस्ती राजाले वसालेको राजधानी भनी हस्तिनापुरको परिचय दिए तापनि ती राजाको नाम हस्ती नभई जाति हस्ती प्रतीत हुन्छ। अतः हस्ती जाति क्षुद्रेसियाली हिट्टी (हिट्टेली), हट्टी वा हस्ती ठहरिन आउँछन्। तिनकै कुलदेवी 'हस्तिनी'लाई 'हस्तिना' पनि भनिन्थ्यो विकल्पले (ठील गौरीलाई कतै–कतै गोरा भनिए झैं अनि पार्वतीलाई पार्वता भनिए झैं)। ती हस्तिना (हस्तिनी) नै क्षुद्रेसियाली कुवेला (आन्ना) थिइन् जसलाई हिन्दूहरूले कमला भन्ने नाम थिए। ज्ञातव्य के छ भने संस्कृत भाषामा 'कमल'लाई 'कुवेल' पनि भनिन्छ। क्षुद्रेसियाली हस्तिना तिनको वाहन (हात्ती) तिरबाट हस्तिना थिइन् भने आसन (कमल) तिरबाट कमला (कुवेला)। यही हस्तिनाले सङ्केत गर्दछ कौरवहरू हिट्टेली रहेछन्। हात्तीको 'रव' (आवाज) नराम्रो हुने हुँदा कौरवहरूलाई विपक्षी (पाण्डव)हरूले 'कुरव' (नराम्रो आवाज भएको) अर्थात् 'कौरव' भनी बोलाए।

यसो ता पाण्डवहरूलाई पनि पुराकथाहरूले कुरु तथा हस्तीकै वंशज मानेका छन्, तथापि ती राजनैतिक ध्रुवीकरणमा कौरव झैं चन्द्रवंशी नभई सूर्यवंशी देखिन्छन्। श्रीकृष्ण चन्द्रवंशका भए पनि उनमा हर (चन्द्रमा)को अंश नभई हरि (सूर्य)को अंश छ। अर्जुन इन्द्रका छोरा हुन् र आदित्य रगतका हुन्। भीममा अदितिपुत्र वायुको रगत तथा युधिष्ठिरमा श्रद्धाका पति धर्मराजको रगत भए पनि ती आदित्यका पक्षधर छन्। अतः महाभारत युद्ध हिट्टेली शक्तिलाई समाप्त तुल्याउन कुनै अज्ञात पाँच शक्ति (काद्रव, मिस्र, मिताग्नि, असुर तथा एलाम ?) सङ्गठित भएको बोध हुन्छ। प्राचीन संसारको यस ध्रुवीकरणमा खस जाति कौरवतिर लागी पाण्डवका विरोधमा लडेका थिए। खशहरू त्यस बेला जुन सुबाहु (सुहस्त)को सेनापतित्व स्वीकार गरी कुलिन्द गणमा गाभिएर लडेथे ती सुबाहु (सुहस्त) कुनै हस्ती नायक थिए। द्रष्टव्य छ— 'हस्तिना' (शब्दसङ्ख्या ६९७) तथा 'कुवेल' (शब्दसङ्ख्या २६)।

९७ क्षेत्रपाल : ना. मस्ट उपासनाका अनुसार क्षेत्रीय अधिष्ठाताका रूपमा मस्टलाई गरिने सम्मान। यो पद मस्त (क्षेत्र) तथा पाल (वार अर्थात्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

फोनेसियन वाल, मिलेर बनेको हो। यस समस्त पदको अर्थ हो, कुनै खास क्षेत्रमा पुजिने पाल(बार, भार वा बाल) नामक देव। यो पद आदिमस्ट (भुवो)को होइन। भुवो क्षेत्रको पाल नभएर सम्पूर्ण मस्ट उपासनाको अधिनायक हो। अत: क्षेत्रपाल तथाकथित बाह्रमस्ट मध्येको कुनै एक हुन सक्छ। यहाँ क्षेत्रपाल राज्यपाल, प्रज्ञापाल, पशुपाल झ पाल्ने अर्थमा भनिएको होइन। यो स्पष्टत: मणिपुरेली (फोनेसियन) बालको अर्थमा भनिएको हो।

'मस्ट'मा क्षेत्रपालको अर्थ प्रदान गरियो स्थानवाची शब्द 'मस्त'का आधारमा। खसहरूले जब बाबेरु, जाग्रौस, जेरिको, कादेश, बिथालिया आदि स्थलमा पदार्पण गरे र जब पणि जातिको बाललाई प्रमुख वा टाउके (मस्त, Mast, Master, मस्तक इत्यादि)का रूपमा ग्रहण गरे उक्त 'मस्त'-मा प्राचीन खसकुराको स्थानवाची मस्त (तुलनीय रूसेली Mesta)को अर्थको आरोप गरे। परिणामस्वरूप मस्ट देवकुलको Mast(-er) मात्र नभई खास Mesta (क्षेत्र)को पाल (Baal) पनि भयो। मस्ट तब मात्र क्षेत्रपाल मानिन्छ जब उसकी शक्ति भुवानी पनि हुन्छे। उदाहरणका निम्ति खापडमस्टकी भुवानी मङ्लासैंनी देवी हुन्। खापडमस्ट खेचराद्रिको स्थानीय क्षेत्रपाल हो। द्रष्टव्य छन्-- 'खापडमस्ट' (शब्दसङ्ख्या ६०), 'सैंन' (शब्दसङ्ख्या ३८७), 'भुवो' (शब्दसङ्ख्या ३०६) र मस्ट (शब्दसङ्ख्या ३१२)।

९८ खन्तरे : वि. मन्तरेपछिको (सन्तान)। यसको मूल (प्राक्कल्पित) संस्कृतको 'को'न्तरक' हो। 'खन्तरे' पछि सन्तानको गणनाका केवल दुई तह छन्, ती हुन् 'ठूलो कन्छो'र'सानोकान्छो'। यस प्रकार 'जेठो' देखि 'सानोकान्छो सम्मका १२ सन्तानहरूको तरेलीका निम्ति नेपालीमा पर्याय पाइन्छन्–१. जेठो। २. माहिलो। ३. साहिँलो। ४. काहिँलो। ५. ठाहिँलो। ६. राहिँलो। ७. अन्तरे। ८. जन्तरे। ९. मन्तरे। १०. खन्तरे। ११. ठूलो कान्छो। १२. सानो कान्छो। बाह्र आदित्य, बाह्र महीना र मस्टका बाह्र भाइ सन्तानको गणनामा अभ्यस्त समाजको यो विशेषता हुनसक्छ। द्रष्टव्य छ—'बाह्र भाइ मस्ट' (शब्दसङ्ख्या २६८)।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

८९ खहरे : ना. झरी परेको बेलामा मात्र जलमय हुने, अथवा वर्षांतुमा मात्रै पानी पलाउने, अरू वेलामा चाहिं सुक्ने नदी; बर्खे नदी । यसका बर्खे खोलो, बर्खे खोल्सो र बर्खे छहरो गरी तीन प्रमुख प्रकार हुन्छन् । यो संस्कृत 'क्षर' (पानी) अथवा 'क्षरी' (झरी)सँग सम्बन्धित छ । हुनुपर्ने नेपाली रूप थियो 'खरे', तर लेख्य नेपालीले –ह– अक्षरलाई प्रवेश दिएको हुँदा हुन पुग्यो 'खहरे' । द्रष्टव्य छन्—'झरी' (शब्दसङ्ख्या १४६) र 'छहरो' (शब्दसङ्ख्या १०६) । ठीक 'छहरो'मा झैं प्रस्तुत उदाहरणमा पनि हुनुपर्ने स्वाभाविक रूप 'खहरो' (अर्थात् 'खरो') थियो, तर हेयार्थमा यसलाई—ए प्रत्यय दिइएको बुझिन्छ ।

९० खापर मस्ट : यी प्रसिद्ध पौराणिक तीर्थस्थल खेचराद्रि (खप्तड) का क्षेत्रपाल हुन् । मस्ट उपासनामा खस जातिले आफ्नै जातीय देवतालाई मस्टको रूपमा मानेको एक्लो उदाहरण हो यो । खापर मस्टलाई खेचर मस्ट, खप मस्ट अथवा खपति मस्ट पनि भन्न सकिन्छ । 'खेचर' आकाशमा विचरण गर्ने प्राणी (चरो) हो । यसै चरोको आधारमा खपतडले, पुराणहरूमा खेचराद्रि संज्ञा पायो । 'खपति' वा 'खप' भनेको आकाशको मालिक अर्थात् चरो हो । संस्कृतको 'खपतल' भन्ने शब्दबाट खेचराद्रिले खप्तडको संज्ञा पायो । यसरी पश्चिमी नेपालमा प्रसिद्ध तीर्थस्थल निर्माण गर्ने चरो 'बाज' (अरुणदेव अर्थात् श्येन) बाहेक अर्को कुनै होइन । खसहरूले मूलभूमिबाट ल्याएको बाजसनेय उपासनाको क्रीडाभूमि खेचराद्रिमा आई विकसित भएको हो यो खापरमस्ट । अद्यापि खपतलका उपासकहरू मूलतः कौशिकगोत्री छन्, तर विभिन्न संनका आधारमा खापर उपासकहरूका गोत्र भिन्न पनि हुन सक्छन् । भुवो र भुवानी दुवै खसमूलका भएको यो मस्ट आदि मस्ट हुनु पर्ने हो, तर महाक्षेत्रपाल भुवो नै खापडमस्टका पनि अभिभावक हुन् ।

सम्भवतः खपतल वा खपतितल (खप्तड) आरम्भमा एक दुर्ग (ढुङ्गो) पनि थियो । यही कारण हो खप्तडबाट झरेका मानिसहरू जहाँ जान्छन् त्यहाँ ढुङ्गेनीबस्ती र ढुङ्गेनी गाड (नदी)को तर्जुमा गर्दछन् । यस्ता खप्तडीहरू मध्ये केही हुन् ढुङ्गाना, स्वाँर, रेग्मी, केही सिजापति, केही बस्नेत र केही बुडाथोकी ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द्रष्टव्य छन्—'बाजे' (शब्दसङ्ख्या ३८७), 'क्षेत्रपाल' (शब्दसङ्ख्या ५७), 'ढुङ्गो' (शब्दसङ्ख्या १९१), 'सैन' (शब्दसङ्ख्या ३८७), 'भुवो' (शब्दसङ्ख्या ३०३) तथा 'सैनी' (शब्दसङ्ख्या ३८७) ।

६१ खार : ना. तेल, घिउ, खोर्सानी आदि डढ्दा आउने अप्रिय गन्ध, राग । यसको मूल संस्कृतको 'क्षार' (नून) हो । परन्तु नेपालीमा आएर 'खार'ले लवणधर्मिता गुमाएको छ । संस्कृत 'क्षार'को दोस्रो अर्थ 'खरानी' 'खार'को सगर्भ 'छारो'मा मात्र सुरक्षित छ । केटाकेटीको गलामा काँठोको रूपमा बाँधिने 'छारकाम्रो'मा पनि 'छारो'को 'खरानी' अर्थ सुरक्षित छ । द्रष्टव्य—'छारो' (शब्दसङ्ख्या ११७) ।

६२ खुँज : ना. १. बेंसी वा तराईका औल्याहा स्थलहरूको जङ्गल । औलो लाग्न सम्भव बेंसी, तराई आदिको कुनै साँघुरो स्थल (खास गरी भित्री मधेस वा भावर) । प्रस्तुत शब्द आएको हो संस्कृतको 'कुञ्ज'बाट । संस्कृत मूलको अर्थ थियो–झ्याङ; झ्याल; झाडी; झोरा; जङ्गल । कहाँसम्म भने संस्कृतमा फूलवारीका फूलहरूको झ्याङ पनि कुञ्ज हुनसक्छ । परन्तु नेपाली 'खुँज'को अर्थ व्यापक रूपमा परिवर्तित भएको छ । गुणात्मक दृष्टिले केही सुन्दर अर्थहरू गुमाएर यो अर्थावनतिको उदाहरण बन्न पुगेको छ भने परिमाणात्मक दृष्टिले यो केवल बेंसी वा औलका कुञ्जमा मात्र सीमित भएर अर्थसङ्कोचको उदाहरण बन्न पुगेको छ । परन्तु कुञ्जार्थलाई छोडी एक ठाउँमा स्थलार्थ (उपर्युक्त दोस्रो अर्थ) विकास गरेर यो अर्थविस्तारको पनि उदाहरण भएको छ । शब्दारम्भको 'कु'को ठाउँमा 'खु'बाट ध्वनिगत महाप्राणीभवन र शब्दमध्यको नकार चन्द्र विन्दु भई 'खु'लाई 'खुँ'मा परिणत गराएकोबाट नासिक्यीभवन पनि 'खुँज'मा देखा परेका छन् । यतिका धेर भाषातात्विक प्रवृत्ति कमै शब्दमा देखिन्छन् ।

६३ खुकुन्डो : गाई, बाख्रा आदिलाई डोऱ्याउन घाँटीमा बाँधिने केही लामो डोरी । यसको निम्ति 'छन्द' (डोरी)को पर्याय 'क्षण्ड'को प्राक्कल्पना

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आवश्यक छ। त्यसैको प्राकृत 'खण्ड'बाट नेपाली 'खुन्डो' आउन सक्छ। प्राचीन नेपालीको 'खुन्डो'को द्वित्व 'खुकुन्डो' हुनसक्छ। नेपाली 'झुन्डयाउनु' वा 'झन्डयाउनु' यसकै सगर्भ हुन्।

६४ खुञ्चिचउँ : वि. वो. कसैलाई कष्ट पर्दा 'तँलाई ठीकै पऱ्यो' भन्ने भावका साथमा काखी बजाएर देखाइने मुद्राका साथ उच्चारण गरिने शब्द। यो संस्कृतको 'कुञ्चितम्' हो।

६५ खेवरा : ना. कुनै कार्यको आरम्भ; शुभारम्भ। यसको मूल संस्कृत "क्षौरक" हो। स्वाभाविक विकास अनुसार 'खौरा' हुनुपर्थ्यो। कुन्नि किन हो, 'खेवरा'को सगर्भ 'छेवर' पनि 'छयौरा' भएको छैन। कुनै पनि देवकार्य अथवा पितृकार्यं गर्दा नेपाली समाजमा कपाल खौऱ्याउनु आवश्यक मानिन्छ। अतः सबै कर्मको आरम्भ क्षौरकर्म भएको हुँदा 'खेवरा'ले प्रस्तुत रूप विकास गरेको हो। 'खेवरा' सांस्कृतिक दृष्टिले 'मँझारो'को ठीक विपरीत कार्य हो। द्रष्टव्य छ— 'मँझारो' (शब्दसङ्ख्या ३३३)।

६६ खोर : ना. १. बाघ, कुकुर, कुखुरा, सुँगुर आदि छाडा नहून् भनी बनाइएको थुनुवा घर। २. झ्यालखान। 'घर'लाई 'खोर' बनाउनुमा भोटेकुराको 'खार' (घर)को पनि हात हुन सक्छ। लिम्बूहरूको उच्चारणअनुसार पनि 'घर' स्वतः 'खार' बन्दछ। अतः 'घर' पहिले 'खर' बनेर मात्र 'खोर' भयो।

६७ खोरिया : ना. जङ्गल फाँडेर बसालेको नयाँ बस्ती; हालावादी। यो शब्द संस्कृतको 'क्षौर'बाट आएको हो र 'झोरा' शब्दको समानार्थी हो। 'झोरा'को प्राचीन अर्थ पनि 'खोरिया' भए झैं छ। द्रष्टव्य छन्— 'लोहासे' (शब्दसङ्ख्या ३६३) र 'झोरा' (शब्दसङ्ख्या १६२)।

६८ खोर्सानी : लङ्कासानीको झैं बोट र पात हुने अनि पीरा ढिँडी फल्ने एक वनस्पति। यसको मूल इरानतिरको स्थल 'खोरासान' हो। 'इरान'

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कै अर्थ बुझाउने 'फारस'मा ई–प्रत्यय लागेर जन्मेको हो फर्सी। फर्सी, खोर्सानी आदिले खसहरू इरानतिरबाट आएका हुन् भन्ने छनक दिन्छन्।

६९ खोलो : ना. तर्दा जँघारको आवश्यकता नपर्ने, अतः साधरणतया जताततैबाट तर्न सकिने, तर खोल्सोभन्दा ठूलो, नदी। तर्न जँघारबाट मात्र सकिने नदी नेपालीमा गाड कहलाउँछ। डुङ्गा वा साँघु बिना तर्न नसकिने नदी नेपालीमा भर्जनी वा मर्जनी कहलाउँछ।

'खोलो' शब्दको संस्कृत मूल, ठीक 'कुलो'को झैं, 'कुल' वा 'कूल' हो। 'खोलो'सँग मिल्दा–जुल्दा शब्द एकातिर द्राविडेली परिवारमा पाइएका छन् भने अर्कातिर फिनोउग्रियाली परिवारमा पनि पाइएका छन्। यस आधारमा यो शब्द संस्कृतले अन्य भाषाबाट सापट लिएको 'कुल' वा 'कूल'बाट उत्पन्न भएबारे पनि तर्क गर्न सकिन्छ। किरात भाषाहरूमा खोलो 'खु'का रूपमा देखिन्छ, लिखु, छिनाम्खु, चाखुँ आदि उदाहरणमा। यो 'कु'का रूपमा पाइन्छ टेकु, टुकु आदि नदीका नामान्तमा। नेवारी खोलोवाची 'खुसी' शब्द र पूर्वी नेपालको प्रसिद्ध नदीलाई बुझाउने 'कोशी' शब्दका 'को' अथवा 'खु' समेतले 'खोलो', 'कूल' वा 'कुल' शब्दहरू अति प्राचीन कालदेखि नै अनेकौं भाषिक परिवारहरूमा प्रयुक्त थिए भन्ने प्रमाण पेश गर्दछन्। तर्क जेसुकै गरे पनि संस्कृत कूल (कुल) भारोपेली परिवारको हुँदै होइन भनी किटान गर्न भने सकिँदैन। बरु यो बहुपारिवारिक शब्द थियो कि भन्नेतर्फ भने इशारा गर्न सकिन्छ, कारण हालसम्म प्राप्त प्रमाणहरूले 'नदी'का अर्थमा 'खोलो'सँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सम्बन्ध राख्ने शब्दहरू अनेकौं भाषिक परिवारहरूमा भएको स्पष्ट पारेका छन्। द्रष्टव्य 'कुलो' (शब्दसङ्ख्या ४८), कुलेसो (शब्दसङ्ख्या ४७), 'खोल्सो' (शब्दसङ्ख्या ७०) इत्यादि।

७० खोल्सो : ना. यथासम्भव स्यानो आकारको खोलो। यसको मूल ठीक 'कुलेसो'को झैं कूलसदृशः अथवा कुलसदृशः ठहरिन्छ। विभिन्न भाषिक परिवारमा खोलाको अर्थमा पाइने शब्दमा ककार र खकार भेटिएको हुँदा संस्कृतमै पनि विकल्पले 'खूल' अथवा 'खुल' थिए कि भन्ने अनुमान गर्न सकिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द्रष्टव्य छन् 'खोलो' (शब्दसङ्ख्या ६६), 'कुलो' (शब्दसङ्ख्या ४८), 'कुलेसो' (शब्दसङ्ख्या ४७)।

७१ गाङ्गोल : ना. नेवार जातिको एक थर। सम्भवतः यो गङ्गावली निवासी 'गङ्गोली'को आधुनिक रूप हो (द्रष्टव्य—शब्दसङ्ख्या ७२)।

७२ गाङ्गोली : ना. गङ्गा किनारका निवासी अथवा गढवालीहरूलाई (प्रायः कुमाऊँकाहरूले) दिएको संज्ञा। बङ्गालका गाङ्गुली र नेपालका गङ्गोल (शब्दसङ्ख्या ७१)हरू प्राचीन कालका गङ्गोली वा 'गङ्गावली रौणिया' (गुमानी पन्तका शब्दमा) थिए झैं लाग्छ।

७३ गाड : ना. महानदी (भर्जनी)भन्दा स्यानो र खोलोभन्दा ठूलो नदी। द्रष्टव्य छ—'खोलो' (शब्दसङ्ख्या ६६)।

७४ गारुड : वि. गरुडको; गरुडसम्बन्धी। ना. सुन; सुवर्ण। यो शब्द पुराणप्रसिद्ध गरुड (इतिहासप्रसिद्ध गोर्दियस)सँग सम्बन्धित छ। द्रष्टव्य छन् —'कमिलो' (शब्दसङ्ख्या २८), 'रुक्म' (शब्दसङ्ख्या ३४५) तथा 'गोरामस्ट' (८३)।

७५ गुँड : ना. चरा, किरा आदिको फुल पार्ने अनि बच्चा निकाल्ने निवास। यो संस्कृतको 'कोटर'बाट जन्मिए झैं छ। कोटर निर्माता भएकैले लाहाँचे झैं रूख कप्ने तर भँगेराको आकारको बगेडी (दमाईचरी)लाई 'कोटेरो' भनिन्छ। तर 'गुँड' सोझै 'कोटर'बाट नआई रविहीन पर्याय 'कोट' (टोड्को)बाट आयो। हिन्दी 'टोकरी' र नेपाली 'डोको'को झैं रूप-भिन्नता ठहरिन्छ 'गुँड'को र 'कोटर'को रूपभिन्नता। शब्दारम्भको गकार घोषीभवनको र चन्द्रबिन्दु नासिक्यीभवनको नमूना हो। नेपालीको 'टोड्को' पनि 'गुँडको' सगर्भ हो। विद्वान्हरूका मतमा 'कोटर' शब्द संस्कृतले ड्राविडेडी परिवारबाट लिएको सापटी हो। द्रष्टव्य छ—'टोड्को' (शब्दसङ्ख्या १७०)।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

७६ गुराँस : ना. लेकका जङ्गलमा फुल्ने बिभिन्न रङ्का फूलहरूको खास जाति, जसमध्ये सिम्रिके रङ्को भेद (लाली गुराँस) नेपालको राष्ट्रिय फूल छ। केही नेपाली भाषिकाहरूमा यो 'बुराँस' वा 'बुरौंस' पनि भनिन्छ। यस शब्दको सम्बन्ध फार्सेली फूलवाची 'गुल' (बुल)सँग छ-छैन, बिचार्नु आवश्यक छ। खस–शकहरू उहिले सूर्यलाई 'बुरियस' भन्दथे। उक्त खस शब्द (बुरियस वा गुरियस)वाट आजको खसकुरामा 'गुरौंस' (बुरौंस) हुँदै 'गुराँस' (बुराँस) जन्मिएको हो भने यस फूलको प्रारम्भिक अर्थ 'सूर्यमुखी' रहेको हुनुपर्छ।

७७ गुरुङ : ना. तमू समूहको एक नेपाली जाति जो मनाङ, गोर्खा, तनहुँ, लम्जुङ, कास्की आदि जिल्लाहरूमा प्रशस्त सङ्ख्यामा पाइन्छ। गुरुङहरू आफूलाई 'तमू' भन्दछन्। ज्ञातव्य के छ भने तामाङ (तमूवा वा तम्वा) अनि थकाली 'तमू' पनि यसै वर्गका हुन्।

'गुरुङ' संज्ञा खसकुराको प्रतीत हुन्छ। नेपाली भाषामा 'गौरुङ' शब्द छ, जसको अर्थ हुन्छ 'गाउँको उपप्रधान'। सम्भवतः सिजाली कालमा प्रान्तकै उपप्रधान थिए गौरुङहरू। तामाकोशी (तम्वाखुसी)देखि जुम्लासम्म फैलिएको तमूभूमिमा सिजाली नरेशहरूले प्रधानका रूपमा थकाली र (ग्रामीण) उप-प्रधानका रूपमा गुरुङहरूलाई नियुक्त गर्ने गरे झैं छ। त्यसकै आधारमा थाक्से हरू अझै थकाली र सारा मध्यवर्ती तमूहरू गुरुङ कहलाउँदैछन्। केही पद नभएकाले होला पूर्वी तमू (तामाङ)हरू प्रजा कहलाउँदैछन्। सिजाली कालको तमूभूमिको राजनैतिक यथार्थ अझै तामाङ, गुरुङ र थकालीका नाममा बोल्दैछ। भन्न सकिँदैन सिजाली बिजयपूर्व थकालीहरू राजा र गुरुङहरू मन्त्रीका रूपमा अनि शेष तमूहरू प्रजाका रूपमा थिए थिएनन्। अझ लिच्छवि कालको तिनको स्थिति कस्तो थियो, भन्न सकिन्न।

'गुरुङ' अथवा 'गौरुङ'को अझ प्राचीन रूप 'गौरुङ्ग' हुनसक्छ, जो संस्कृतको 'ग्रामरक्ष'बाट आउन सक्छ। 'रक्ष' त्यसै गरी 'रङ्ग' (वा 'रुङ्ग') भयो जसरी 'लक्ष' भएको छ 'लाङ्गा'। यस निर्वचनले 'रुङ्नु'लाई पनि सगर्भ तुल्याउँछ। द्रष्टव्य छन्—'रुङ्नु' (शब्दसङ्ख्या ३४६) तथा 'लाङ्गा' (शब्द-सङ्ख्या ३५३)।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

७८ गुर्धुम : ना. अति अग्लो पहरो; टाकुराको पहरो । यसको मूल संस्कृतको 'गिरिदुर्ग' प्रतीत हुन्छ । 'गिरिदुर्ग'बाट क्रमश: 'गिरिदुग्ग' > 'गिरि दुग्ग' > 'ग'डुङ्ग' > 'गरढ़ुङ्ग' > 'गुर्धुम' भएको प्रस्टिन्छ । निर्वचनको अर्को विकल्प 'गढदुर्ग पनि हुनसक्छ ।

७९ गुलियो : वि. उखु, चीनी आदिको झैं स्वाद भएको । यसको संस्कृत मूल हो संज्ञावाची 'गुल्य' (मिठास; गुलियोपन) । संस्कृतबाट नेपालीसम्म आउँदा प्रस्तुत शब्दले संज्ञाको धर्म त्यागी विशेषणको रूप विकास गरेको छ । 'ल्य' संयुक्त व्यञ्जनको बीचमा इकारको प्रवेश भई 'गुलियो' प्राकृत अवस्थामै बनेको बोध हुन्छ । हालसम्म प्रचलित प्रयोगहरूमा 'गुल्य'को अस्तित्व प्रकाशनमा नआएको देख्दा यो विशेष कारणले गर्दा नै अति कम प्रचलित भएको छनक मिल्छ । अवश्य पनि यस प्रकार अति कम प्रचलित हुनाको कारण के हो भने 'गुल्य' शब्द खश सस्कृतको थियो ।

'गुल्य' शब्दतिर ध्यान नजाउन्जेल विचारकले 'गुलियो'को निर्वचनको निम्ति गुणिलो, गुडिलो (अर्थात् गुड झैं मीठो) जस्ता स्रोतहरूसम्म जानुपर्ने आवश्यकता थितो । तर 'गुल्य' शब्दले त्यो आवश्यकतालाई समाप्त तुल्याएको छ । 'गुल्य' पैशाची प्रभाव नपरेको विशुद्ध खस शब्द भएको हुँदा यो 'कुल्य' छैन, नत्र नेपालीमा 'कुलियो' जन्मने थियो 'गुलियो'को साटो ।

८० गैंडु : ना. १. गोठका देवता । २. प्रति वर्ष ज्येष्ठ पूर्णिमाका दिन उक्त देवताको नाममा गरिने पूजा; गोठको पूजा । नेवारी भाषामा यस देवताको भिन्न नाम देखिन्न, तर उत्सवलाई भने ज्या–पुन्ही (काम गर्ने पूर्णिमा) मानिन्छ । ज्या–पुन्ही धान आदिको नयाँ बालीको निम्ति खेतमा थालिने कार्य-को उपलक्ष्यमा मनाइने चाड बोध हुन्छ । अत: ज्या–पुन्ही एक कृषिमूलक पर्व हो । तर ठीक यसको विपरीत गैंडु उत्सव भने पशुपाल (खासगरी गोपाल) संस्कृतिमा आधारित चाड हो । यो घरेलु पशुपालक र पशुचारक दुवै प्रकारका पशुपाल (गोपाल)हरूको चाड हो । चैत र वैशाखको निखुर्कोलाई ग्रीष्मकालीन झरीले समाप्त गरी गौचरहरूमा उनाउलो (वनपल्लव) पलाउने वातावरण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निम्त्याएको हुन्छ । अतः पशुपालहरू आफ्ना जनावरहरू गौचरमा चरेर मोटाउने सम्भावनाद्वारा हर्षित भई ज्येष्ठ पूर्णिमाका दिन गोठका देवता 'गैंडु'को पूजा गर्दछन् ।

'गैंडु' शब्दको व्युत्पत्ति अति रोचक छ । 'गैंडु' वास्तवमा संस्कृतको 'गोबिन्द'बाट विकसित नेपाली शब्द हो । 'गोविन्द'बाट 'गैंडु' शब्द स्वाभाविक नियमअनुसार प्राप्त गर्न सकिन्छ । प्राकृतमा 'गोइन्दो' अनि नेपालीमा 'गैन्दो' हुँदै अन्त्यमा 'गैंडु' हुन पुगेको छ यो । भागवत महापुराणमा आफ्ना गाई बाछा-हरूलाई इन्द्रको कोपबाट बचाउन गोवर्धनधारी हुन पुगेका गोविन्द नेपाली समाजमा खिइँदै गैंडु भैसवता पनि तिनको कार्य चाहिं गोपालन नै छ । उनाउलो पलाएर हरियाम्मे भएका गौचरहरूमा वस्तु-भाउहरू चरिरहन पाऊन् र बिदा हुन गैरहेको ज्येष्ठपछि लगत्तै आउने असार महीनामा र अझ त्यसपछि आउने वर्षातु मा समेत गौचरहरू अतिवृष्टिका शिकार नहून् भनी गैंडु (गोविन्द)सित प्रार्थना गर्ने उत्सव हो यो । सम्भवतः भोटेहरूको छिमेकमा बसेर जाडे बनि-सकेका यादव (जाट)हरूले हिमाली भेगमा विकास गरेको संस्कृति हो यो ।

८१ गोदार : ना. गोदार थापा । सम्भवतः यो शशानी युगका किदार कुषाण वा कुषाण शाहीको नेपाली संज्ञा हो । किदार (केदार, गोतार, गोदार, कोदार, कोदारी, गोदारी आदि) हिमालभरि नै व्याप्त संज्ञा हो । यो शब्द खस जातिले कार्तिकेय पर्वत (माउन्ट कार्दुक) प्रवेश गरेपछि ग्रहण गरेका हुन् । खसहरूले नै गढवाललाई केदारभूमि र शालशिलालाई विकल्पले केदारशिला नाम दिएका हुन् ।

८२ गोदावरी : ना. १. अङ्ग्रेजीमा क्रिसमथेमम तथा हिन्दुस्तानीमा गुलदाउदी भनिने एक फूल । २. विभिन्न नदी, स्थल (कोदारी, गोदार, गोदावरी, कोतार आदि) तथा थर (गोदार थापा)मा पाइने एक नाम । प्रथम अर्थमा यो फार्सेली 'गुल दाउदी' (दाउद पुष्प) र दोस्रा अर्थहरूमा यो 'केदार'-बाट प्रजनित बुझिन्छ । केदार (कार्तिकेय, कत्युर, शालिवाहन, शाकलदेव अथवा छागलदेव)को उपासनाको सम्बन्ध कुनै समय सोकोल (शुक्लयजुर्वेद) र बाज़

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उपासना (वाजसनेय)सँग भएको र वैनतेय उपासनाको आरुण (इल्लिरियन) शाखासँग यो सम्बन्धित भएको कुरो मननयोग्य छ । मध्यएसिया, मेसोपोटामिया र दक्षिण एसियासम्म अनेकौं स्थलनाममा यो तत्व विद्यमान छ । द्रष्टव्य छन् —'केतारी' (शब्दसङ्ख्या ५३), 'केदार' (शब्दसङ्ख्या ५३), 'बाजे' (शब्दसङ्ख्या ३८७), 'छागलकेतु' (शब्दसङ्ख्या ११३) आदि ।

८३ गोरामस्ट : ना. झट्ट हेर्दा यो 'गौरी'सित सम्बन्धित मस्ट झैं प्रतीत हुन्छ । तर यो 'गरुडमस्त'बाट 'गरुडमस्ट' हुँदै गोरामस्ट बनेको झैं छ । नत्र भने कृष्णवर्ण भव (भुवो)मा आश्रित कुनै गोरो वर्णको मस्टको कल्पना हास्यास्पद हुन्छ । 'गरुड' अझ प्राचीन गोर्दोस (अर्थात्) गोर्डियस हो जसको भाषिक कडी अंग्रेजीको गोल्ड (सुन)सँग जोडिएको छ । संस्कृतमा पनि सुनलाई 'गारुड' भन्ने चलन छ । राजा मिदासको राजधानी गरुडपुरीलाई ग्रिसेलीहरू गोर्डियम (सुवर्णपुरी) भन्दथे । यसलाई संस्कृतमा रुक्मपुर पनि भनिएको छ । रुक्म (सुन) पाइने ठाउँ भएकाले त्यो रुक्मपुर भएको हो । नेवारीले सुनवाची 'लुँ' पाएको यसै 'रुक्म'बाट हो । मिदासकी पुत्री मेरी गोल्ड (मारी गोर्दे) यथार्थमा (कु)मारी गारुडी थिइन् । गरुडलाई पुराणहरूमा विष्णुका वाहन मानिएको छ । फेरि सर्पभक्षीका नाताले नागहरूको बाल उपासनामा आश्रित मस्ट उपासनासित उनको सम्बन्ध देखाउनु विवादास्पद हुन सक्छ, तापनि मस्ट उपासना समस्त वैष्णव मान्यताको विरोधी नभई केवल कृष्ण-उपासनाको मात्र विरोधी भएकाले 'गोरा'मस्टमा 'गरुड'मस्टको छनक पाउन सकिन्छ । लक्ष्मी (पैसा) भनेपछि हुरुक्क हुने विष्णुलाई उडाउँछ गरुड (सुन)ले । व्यापारी भए तापनि सुन नहुँदा आर्थिक दृष्टिले पछि परेका नाग (पणि वा फणी)हरूलाई सधैं जित्दछ गरुड (सुन)ले । अतः गरुडको नागभक्षण र विष्णु (जुपिटर अर्थात् जीव)वाहनता केवल भावनात्मक पुराकथा हुन् । गरुड विष्णु सुत्ने ओछ्यान (नाग) अर्थात् बार (पाल)सँग यो भन्दा धेर द्रोह गर्न सक्तैनथे । द्रष्टव्य —'बार मस्ट' शब्दसङ्ख्या २६८), 'पाल' (शब्दसङ्ख्या २४२), 'मस्ट' (शब्दसङ्ख्या ३१२) तथा 'भुवो' (शब्दसङ्ख्या ३०३) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

८४ घँटेसो : ना. घाँटीमा बाँध्ने (खास गरी अपहर्त्तोको बेलामा) पासो; कण्ठपाश ।

८५ घर्ती : ना. १. करिया वा कमारोको लागि नेपालमा प्रचलित एक शब्द । २. मगरको एकथर । यी दुवै संस्कृतको 'गृहस्थी'का उपज हुन् । पुहुनी-लाई झैं गृहप्रवेश निषेध नभएको हुँदा घर्तीहरू गृहस्थी गए होलान् । 'गृहस्थी' शब्द संस्कृतको 'गृहस्थ'को अपभ्रंश हो ।

घर्ती मगरहरू पनि उहिले मगराँतको भिन्नै अस्तित्व भएका बेला करियाको रूपमा थिए होलान् । द्रष्टव्य छन्—'कमारो' (शब्दसङ्ख्या २७) र 'भुजेल' (शब्दसङ्ख्या २९६) ।

८६ घले : ना. १. गुरुङ र मगर जातिमा पाइने एक थर । २. तामाङ जातिको 'गोले' थरको (सम्भवतः) पूर्वरूप । जमुना नदीको तराईमा प्राचीन कालमा सिंहपुर राजधानी निर्माण गर्ने लाखा मण्डलीय नरेश (सम्भवतः मगर)-हरूको पदवी 'घल' अथवा 'धाङ्घल' (उच्च घल)मा यो शब्द मूल 'राजा'को अर्थमा पाइन्छ । यही शब्द भोटमा 'राजा'को अर्थमा (ग्यालमो : रानी, ग्याल्वो : राजा) पाइन्छ । यो भोटका 'क्री'वंशी नरेशहरूको नामारम्भको 'श्री' या 'क्ली'मा पनि प्रयोग भएको प्रतीत हुन्छ । यो 'क्री' भोटे भाषाको उच्चारण नियम अनुसार 'ठी' सम्म हुन पुगेको छ ।

८७ घाङ : ना. आकाशगङ्गा । यो संस्कृतको 'गङ्गा'बाट जन्मिएको हो । विकल्पले यो 'गाङ' वा 'घाङ बादल' पनि भनिन्छ ।

८८ घुरु : ना. वत्सगोत्रका नेपाली ब्राह्मणका आदि पूर्वज (सम्भवतः पण्डित राजशेखरको यायावर कुल)को लौकिक संज्ञा । 'यायावर' यथार्थमा लौकिक 'घुरु' भन्दा झन् पछिको परिष्कार झैं छ, कारण 'घूजर', 'गूजर' (पुनःस्तरीकृत गूर्जर, घूर्जर आदि)बाट अपभ्रंशमा 'घुरु' जन्मिन सक्छ । सम्भवतः घुरु जाति मध्यएसियाको ग्रुज (जर्जियन) इलाकाबाट दक्षिण एसिया झरेको हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अझै कश्मीरतिर 'गूजर'हरू चलासन जातिका रूपमा छन्। 'घुरु' अथवा 'यायावर'को अर्थ पनि चलासन नै हो।

८९ **घोचो** : ना. लट्ठी, खाँबो, किलो आदिको रूपमा व्यवहार गर्न मिल्ने काठ। चोके, चोसो, चुच्चो, कोच्नु आदिको सगर्भ हो। संस्कृत मूल 'चोषक' (चुस्ने वाला)बाट 'चोसो' (ओठ) जन्मिन्छ। अनि 'चोषक' हुन पुग्छ 'चराको ओठ' ('चुच्चो'— सम्भवत: 'चञ्चु'को सादृश्यले)। घोच्ने कार्यमा सहायक हुन सक्ने चोके<चोखे<चोखए<चोष+ए पनि सोझै जन्मियो। चोकेहरू प्राय: घोच्ने अथवा कोच्ने कार्यमा व्यवहारमा आउने हुँदा 'कोच्नु' अनि 'घोच्नु' जन्मिए व्यत्ययद्वारा (चोक्नु>कोच्नु>: घोच्नु हुँदै)। यस प्रकार 'घोचो' जन्मियो संस्कृत 'चोषक' (चोसो)बाट। ओठदेखि थालिएर घोचोमा गएर अन्त्य हुने शब्दार्थ परिवर्तनको यात्रालाई अनन्त यात्रा माने हुन्छ। द्रष्टव्य छ– 'चोके' (शब्दसङ्ख्या १०२)।

९० **घोडो** : ना. अश्व; तुरग; तुरङ्ग; तुरङ्गम। यो शब्द संस्कृतको 'घोटक'बाट आएको हो। क्रिट, मिस्रदेश, मेसोपोटामिया झैं अति प्राचीन मानव केन्द्रहरूमा घोडा लिएर सर्वप्रथम पसेका हुन् भारोपेली भाषाभाषी वीरोस्हरू। तिनीहरू घोडालाई 'एक्वोस्' भन्थे। खस जाति घोडा चढेर बाबेरु पुग्दा त्यहाँका धर्मभीरु पुजारीहरूले खस नरेशसमक्ष घोडा झैं अपवित्र जन्तुको साटो गधा झैं पवित्र जन्तुको सवार गर्ने नम्र निवेदन गरेका थिए। परन्तु बाबेरुमा गधाको हार र घोडाको जीत भयो। हेर्दा हेर्दै घोडा त्यहाँ पवित्र मानिन लाग्यो।

छाँटले संस्कृत घोटक प्राचीन सामेली भाषाबाट भारोपेली भाषाले लिएको सापटी हो। अझ प्राचीन सामेली (अगद) भाषाले पनि सुमेरी भाषाबाट यो सापटी लियो। परन्तु आरम्भमा घोटकको अर्थ 'घोडा' नभई 'जनावर' थियो होला। यसको सङ्केत मिल्दछ सुमेरी भाषाको गुड (गाई) र अंग्रेजी भाषाको गोट (बोको वा बाख्रो)बाट। कतिका मतमा संस्कृत 'गो' (गाई) सुमेरी 'गुड'कै गर्भज हो। परन्तु सत्य केही भिन्न प्रतीत हुन्छ। कुरो के हो भने संस्कृत घोट-(क), संस्कृत 'गो', सुमेरी 'गुड' र अङ्ग्रेजी 'गोट' कुनै साझे पूर्वजका शाब्दिक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्भज थिए । त्यो साझे पूर्वज सुमेरी नै हुनसक्छ अथवा कुनै अज्ञात भाषिक परिवारको पनि हुनसक्छ । अझ यो मूल वहुभाषिक समेत हुनसक्छ ।

ठीक 'घोटक'कै झैं लामो यात्रा 'मृग' शव्दको अर्थले पनि गरेको पाइन्छ। मृगया (शिकार), मृगराज (सिंह) आदि शव्दमा 'मृग'को अर्थ मृगमा मात्र सीमित नरही समस्त प्राणीमा फैलिएको छ । अझ फार्सेली मुरग (कुखुरो), सुतुर मुरग (सुतुरमिर्ग) आदि उदाहरणमा मृग शव्दले चरामा समेत प्रवेश गरी प्राणी-वाची अर्थ दर्साएको छ । सम्भवत: घोट(क) शव्द पनि आरम्भमा प्राणीवाची थियो होला । यस अनुमानका आधारहरू हुन् केही महत्वपूर्ण शव्दहरू, जस्तै— हिन्दी 'चमगादड' (चमेरो), हिन्दी 'गादड' (गिद्ध), हिन्दी 'गाडर' (भेडो), संस्कृत 'गृद्ध' (गिद्ध) इत्यादि । यस प्रकार 'घोटक' शव्दार्थको यात्राको दृष्टिले त्यति नै समृद्ध र प्राचीन ठहरिन्छ जति 'मृग' ।

परन्तु 'घोट' अथवा 'घोटक' शव्द भारोपेली भाषामा इतर भाषिक परिवारवाट आएको छनक मिल्छ । यसैले होला गोट (खसी)लाई अत्यन्त राम्रो सगुन मान्ने जर्मनेली समाजमा भारोपेली मूलको 'अश्व'लाई भने अपवित्र मानिन्छ । उदाहरणार्थ अंग्रेजीमा 'अश्व'को सगर्भ यास (Ass)को अर्थ 'गधा' हुन्छ । एकातिर गोट (खसी)लाई असल सगुन मान्ने र अर्कोतिर भारोपेली मूल-को यास (Ass)लाई हियाउने संस्कार अंग्रेजी समाजमा पक्कै वीरोस्हरूको अवशेष नभई इतर जातिको अवशेष हो ।

अझ 'घोट' उपासना समेतको आभास पाइन्छ अंग्रेजी ईश्वरवाची शव्द 'गड'मा । परन्तु 'गड' गाई, घोडा, भेडा, खसी अथवा गिद्ध उपासनामध्ये कुन चाहिं थियो विचारणीय छ । गोभक्षीका नाताले 'गुड'का भक्त गोपूजक ठहरिन्नन् । अश्वलाई यास (Ass) मान्ने 'गड'–भक्तहरू अश्वपूजक पनि ठहरिन्नन् । वरु ती अरुणभ्राता गरुड (गृद्ध)का पूजक भने हुन सक्छन् । यसैले होला तिनको निम्ति गारुड (सुवर्ण) गृद्ध (गोल्ड अथवा गोर्ड) छ । उपासनाका आधारमा देवता, तिनका पूजक र तिनको देश असुर (अथवा कस्सु अथवा मरुत्) कहलाए झैं उपासनाकै आधारमा एकथरी मान्छे, तिनका देवता र तिनको देश घोट कहलायो । पछि देवता गड र मान्छे गोथ कहलाए । गडका सहायक गुण-हरू गुड (असल) कहलाए र असहायक गुणहरू व्याड (कम्सल) कहलाए । भन्नाले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

घोटको पक्षीपक्ष (स्वस्तिक पक्ष) गोथहरूलाई गुड वा गुट ठहरियो जब अर्ध पक्षी (चमेरो) अवस्था स्पष्टतः ब्याड (ब्याट अथवा चमेरो) कहलायो। घोटको अलिकति पनि पक्षित्व नभएको अवस्था त गोथहरू निम्ति गधा (यास गथवा अश्व) कहलायो। जातीय दृष्टिले जुनसुकै मूलका भए पनि सांस्कृतिक दृष्टिले गोथ (टिउटन वा जर्मनेली)हरू गारुड (Gordian) मूलका थिए भन्नेतिरको यो इशारा हो।

खस जाति पनि सांस्कृतिक दृष्टिले घोटका निकटतम दाजु-भाइ ठहरिन्छन्। खसहरूको अरुण (बाज) उपासना र त्यसको अलि पछिको विकसित सोकोल (कोजोल, छागल वा शाकल) उपासना घोट (गारुड) उपासनाको सगर्भ परम्परा हो।

द्रष्टव्य छन्—'सैन' (शब्दसङ्ख्या ३८७), 'खापड मस्ट' (शब्दसङ्ख्या ६०), 'छागलद्वीप' (शब्दसङ्ख्या ११४), 'शाकलद्वीप' (शब्दसङ्ख्या ३६४); 'कुजुल' (शब्दसङ्ख्या ४४), 'छागलकेतु' (शब्दसङ्ख्या ११३) इत्यादि।

९१ चाङ्गा : ना. लटाई र धागोका सहायताले आकाशमा उडाएर खेलिने कागतको वस्तु; पतङ्ग। यो नेपाली 'झिगो' शब्दको सगर्भ हो र आएको हो संस्कृत 'भुजङ्ग'बाट। ठीक 'झिगो'मा झैं आरम्भको भुकार गायब भई पहिले 'जङ्गा'भई त्यसपछि अघोषीभवनद्वारा यो 'चङ्गा' भएको हो। आरम्भको भुकार अझै चङ्गावाची नेवारी शब्द 'भुतिमालि'मा पाइन्छ। यो 'भुजिमालि' हुनुपर्ने थियो तर छाँटले झिगो वाचो 'भुजि'सँग नदुरुस्तिन 'भुति' भएको हो। नेपाली-मा 'जङ्गा' अथवा 'झङ्गा' भए हुनेमा यो किन चङ्गा भयो, यो प्रश्न महत्वपूर्ण छ। छाँटले आरम्भमा 'झिगो' थियो 'झङ्गा'। नेवारीको पक्षीवाची 'झङ्ग' शब्द यसको साक्षी छ। त्यतिखेर 'झङ्गा' दुवै (झिगो वा चङ्गा) थियो। पछि भिन्न हुने क्रममा 'झिगो'ले शब्दारम्भमा इकार ग्रहण गऱ्यो र 'चङ्गाले' चकार। यसरी दुवै सन्तान (झिगो र चङ्गा) आफ्नो पूर्वज भुजङ्गसित नमिल्ने अनुहारका भए। द्रष्टव्य 'झिगो' (शब्दसङ्ख्या १५७)।

९२ चाम्ना : ना. खाजा; जलपान। झट्ट हेर्दा यो संस्कृतको 'चर्वण'

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(चपाउने कार्य)बाट आए झैं प्रतीत हुन्छ। परन्तु यसको मूल संस्कृतको 'जेमन' हो । यसकारण 'चमेना' नेपालीको 'जिउनार'को सगर्भ हो। द्रष्टव्य छ- 'जिउनार' (शब्दसङ्ख्या १३६)। 'जेमन' शब्द सजिलै 'चमेना' बन्न सक्तछ।

९३ चाँडो : वि./क्रि. वि. छिटो। यसको संस्कृत मूल हो 'चाट' (ठग)। यसै शब्दको स्वार्थिक प्रत्यय 'क' लागी बनेको 'चाटक:'बाट जन्मन्छ प्राचीन नेपाली प्राक्कल्पित 'चाडो' । त्यसपछि स्वत:स्फुरित नासिक्यीभवनद्वारा जन्मन्छ प्रस्तुत शब्द। शब्दार्थका दृष्टिले 'ठग'बाट 'छिटो'सम्मको यात्रा बडो रोचक छ। 'ठग' हुनलाई 'बाठो' हुनु आवश्यक भयो होला र 'बाठो' हुन 'छिटो' हुनु आवश्यक पर्‍यो होला। संस्कृत शब्द 'चण्ड' (उग्र; तीव्र; तीखो) यहाँ कुन हदसम्म निर्वचनीय छ त्यतातिर पनि विद्वान्को ध्यान आकर्षित हुनुपर्छ। विशेष चर्चाको लागि हेर्नोस् 'छट्टू' (शब्दसङ्ख्या १०७)।

९४ चाप : ना. १. खारिप्रदेश (मानसखण्ड अर्थात् ङारि-युल)बाट दक्षिण झरी सिंजामा राजधानी स्थापना गरी स्थिति बसाल्ने प्रथम सिंजाली नरेश नागराजको वंश। २. नागराजका छोरालाई सिंजाली नरेशहरूको वंशावली-मा दिइएको सम्मान।

चाप शब्द मध्यएसियाली तुर्क र तुषार जातिहरूका भाषामा पाइने राजा अथवा रजौटा बुझाउने जबगू वा यवगूको परिष्कृत रूप हो। यसको साटो कुषाण-हरूले यी दुवै रूपका साथै ग्रिसेली पर्याय सेतर (रजौटा) प्रयोग गरेका छन्। ग्रिलेली सेतर वास्तवमा इरानी सत्रप (रजौटा)को यवनीकरण हो। अचेल भार-तेली इतिहासकारहरूले सत्रपको अनुवाद क्षत्रप शब्दले गर्ने गरेका छन्, जो इतिहाससम्मत नभई केवल अनुवाद गर्ने प्रयास मात्र हो। धेरैं जसो कुषाण शासकहरूले जबगू वा यवगू शब्द खूब रुचाएका छन्। भोटे भाषामा यो चन्बो हुन पुगेको पाइन्छ (चन्बो नगरजई थुक्प : भट्टारक नागराजका स्वामी)। यस भोटे पर्याय (चन्बो)ले प्राणित गर्दछ नगरज (नागराज)को कुलको उपाधि चाप (चन्बो) थियो। छाँटले कश्मीरको जम्मू भेग पनि यस्तै कुनै चन्बो (चाप) भेग थियो। कूर्माचल(कुमाउँ)को राजधानी चम्पावत पनि चन्पो–आवर्त हुनु सम्भव छ। नेपाली गाउँ चापागाउँ र थर चापागाईंमा यही चाप शब्द छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सोलङ्की राजाहरूको चावडा वा चगोटक शाखामा पनि चापको छनक पाइन्छ। अचेलको भारतीय थर 'चोपडा'मा पनि चाप-तत्व छ।

यवगू अथवा जवगू ईशाभन्दा पूर्वका शताब्दीहरूमा मध्यएसियाका कश (खस वा शक)हरूले बोल्ने गरेको संस्कृतको प्राक्कल्पित रूप 'यवकः'को प्राकृत पर्याय ठहरिन्छ, जो आर्मिनियादेखि कश्मीरसम्म प्रचलित पैशाची प्राकृतमा 'चपकू' भयो। यसैको स्वार्थिक प्रत्यय 'क' नलागेको पैशाची भेद चप वा चाप भयो। अतः चाप नागराजका छोरा मात्र नभई उनका सन्तान र पूर्वज पनि थिए भन्ने स्पष्ट हुन आउँछ। 'चाप' शब्दसित सम्बन्धित अन्य नेपाली शब्द–हरू हुन् 'चेपागाँडा' (शब्दसङ्ख्या १०१), च्याप्ज्यू (शब्दसङ्ख्या १०६), च्यापू (शब्दसङ्ख्या १०५), चापा अथवा चावा (शब्दसङ्ख्या ९५) इत्यादि। संस्कृतमा पनि राजावाची 'ज्याप' (पृथ्वीपति) निर्मित हुनसक्छ।

९८ चापा/चावा : वि. जेठो (वंशावलीका विभिन्न प्रकरणहरूमा नेपाली बाहुन-छेत्रीहरूमा सीमित एक उपाधि)। ना. १. जेठो पुत्र। २. गाउँ आदिको प्रमुख। प्राचीन 'चाप' (राजा) 'च्यापू'मा अनि 'च्यापा'मा पुगे 'पूर्वज'मा परिणत भएको थियो। परन्तु उक्त मूलले नामधर्म त्यागी विशेषणधर्म ग्रहण गरी 'जेठो' वा 'प्रमुख'को आसन ग्रहण गरेको रोचक उदाहरण हो 'चापा' वा 'चावा' नागराजको भोटे उपाधि (चन्बो)को एक अर्को पर्याय 'चन्पा' अथवा 'चम्पा' पनि थियो कि भन्ने सङ्केत 'चापा'ले गर्छ। एकातिर 'चापा'का आधारमा चापागाउँ, चापागाईं आदि निर्मित भए भने 'चम्पा'का आधारमा चम्पावत, जम्बू (जम्मू) आदि बने। यसै सन्दर्भमा मगर भाषाको 'झार्पा' (जेठो) शब्द पनि बङ्किम निर्वचनमार्फत् 'चापा' वा 'चाप'सित सम्बन्धित हुनसक्छ। चालुक्य उपाधि 'चावडा'को निर्माण 'चाप' मूलमा स्वार्थिक प्रत्यय 'ट' (ड) लागेर भएको हो। रकारीभवनद्वारा 'चपडा' शब्द 'चवरा' हुन-सक्छ र रकारको व्यत्ययद्वारा पुनः 'चरबा' हुनसक्छ। मगर उपाधि 'झार्पा' यसैको उपज हो। प्राचीन कालमा 'झार्पा'को अर्थ 'राजा' हुन्थ्यो तर अब 'जेठो' हुन्छ। नेपाली शब्द 'मिझार' 'झार्पा'को विशेष रूप हो ('मिझार्पा'बाट आएको)। द्रष्टव्य हुन् 'चाप' (शब्दसङ्ख्या ९४) र च्यापू (शब्दसङ्ख्या १०५)।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

९६ चाम्रो : वि. साह्रो; जर्खरो । यो संस्कृतको 'चर्म' (छाला)मा 'र' प्रत्यय लागी बनेको 'चर्मट'बाट आउन सक्छ ।

९७ चिप्लो : वि. तेल, हिलो आदिले गर्दा अथवा कुनै पनि चिल्लो पनले गर्दा स्निग्धता उत्पन्न भएको, जस्तै–चिप्लो बाटो, चिप्लो ऐना, चिप्लो कपाल (ज्यादा तेल हाल्नाले) । यसको संस्कृत मूल 'सृप्र' (प्राकृत 'सिप्पो', प्राक्कलिपत खस प्राकृत 'सिप्पलो', > प्राचीन नेपाली प्राक्कलिपत 'सीपलो'> 'चिप्लो') । अझ यसको लागि खस संस्कृत 'सृपर'को समेत प्राक्कलपना आवश्यक छ । हिन्दी 'पिच्छल' चाहिं प्राकृत 'सिप्पलो'को व्यत्यय हो ।

९८ चिलाउने : ना. एक वृक्षविशेष । यो 'चिलवन'बाट आए झैं छ । सम्भवतः हिन्दी 'चीड' वृक्ष परिवर्तित अर्थको उदाहरण हो । 'किर' (किरात) जाति उहिले 'चिर' (चिलाता : चिराइतो) पनि कहलाउँथे । अझै 'किर्मोडो' (चुत्रो)मा 'किर' रूप देखिदैछ । 'चुत्रो' प्राचीन 'चिर्तो' (किरात)बाट आए झैं छ । अझै पश्चिमतिर 'चुत्रो'लाई 'चुर्तो' भनिदैछ । यसरी 'किर' (चिर) जातिले वनका विभिन्न वृक्षलाई नाम प्रदान गरेको स्पष्ट हुन्छ ।

९९ चुडेल : ना. एक प्रकारकी प्रेत-सुन्दरी । लोकविश्वास अनुसार यो प्रेत-सुन्दरी रातमा कुनै तन्नेरीको सामुन्ने प्रकट हुन्छे, उसलाई आफ्नो रूपको शिकार बनाउँछे र यौन व्यापारमा फँसाउँछे । लौकिक पुराकथा अनुसार प्रेत-सुन्दरी चुडेलको प्रेममा फँसेको युवक अलि अलि गर्दै दुब्लाउँदै जान्छ र यदि धामी-ओझाको गुनगान भएन भने मर्न पनि सक्छ ।

यो शब्दको मूल संस्कृत 'चूडा' र 'पालिका'को योगबाट बनेको 'चूडा-पालिका' हो । 'चूडा'को अर्थ हुन्छ जुरो, सिउर, टुप्पो, टुप्पी आदि । अतः 'चूडापालिका'को अर्थ हुन्छ जुरो राख्ने आइमाई । यसको प्राकृत रूप 'चूडालिया' हिन्दी रूप चुडैल र मैथिली रूप चुनेल वा चुनैल फेला परेका छन् । चुडेल मूलतः तराई, विहार, उत्तर प्रदेश, मध्यप्रदेश आदि स्थलका निवासीहरूका पुराकथाकी नायिका प्रतीत हुन्छे । पर्वतीय इलाकाका परिवारहरू चुडेलको पुरा-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कथादेखि अपरिचित छन्, तापनि पहाडबाट बसाइँ सरेर तराईतिर झरेका परिवारहरूमा अथवा पहाडमै पनि दार्जीलिङ, सिक्किम र भोटाङतिरका नेपाली परिवारहरूमा चुडेलका किसिम किसिमका कथा सुन्न पाइन्छन् । कपाल कोरेर केशलाई जुरो अथवा चुल्ठो आदि कुनै किसिमको विन्यासमा नढाली त्यसै छाडा छोडिदिने नारी-समाज भएको भूभागका मानिसहरूले केशको 'चूडा' बनाउने समाजका विरोधमा पालेको यो विश्वास हो । पूर्वी नेपाल तराईका थारूहरूको विश्वासअनुसार एक खास प्रकारको रूखभ्यागुतो (कठवेङ) पनि राति चुडेल भएर आउँछ ।

'चुडेल' शब्दसित बनोटका दृष्टिले समानता राख्ने अन्य शब्द नेपाली भाषामा पाइँदैन । बरु हिन्दीमा रखैल (भित्रिनी) जस्ता शब्द बनोटका दृष्टिले 'चुडेल'सँग मिल्दछन् । अतः नेपाली भाषालाई प्रथम वा द्वितीय भाषाका रूपमा बोल्नेहरूले चुडेलको पुराकथा अन्यत्रबाट उधारो लिएको स्पष्ट छ । खास नेपाली भाषाको उद्गमस्थल अथवा यसले प्राचीन कालदेखि नै प्रभाव जमाएका इलाकाहरूमा भने 'चुडेल'को साटो 'किचकन्ने'को पुराकथा प्रचलित पाइन्छ । प्राचीन कालमा यी दुई भिन्न प्रेत-सुन्दरीहरू परस्परमा मेल नभएका अलग जातिहरूका मान्यता भए पनि अचेल यी दुई शब्द प्रायः समानार्थी छन् । हेर्नोस् 'किचकन्ने' (शब्दसङ्ख्या ४०) ।

१०० चुनारो : ना. डकर्मी शिल्पसँग सम्बन्धित कामीहरू । यी उत्तर प्रदेशको 'चुनार' (सुन्दर ढुङ्गाको लागि भारतभरिमै प्रसिद्ध एक स्थल)का आधारमा चुनारो भए अथवा 'चून' बनाउँदा बनाउँदै चुनारो भए बुझ्न बाँकी नै छ । प्रथम विकल्प बढी तर्कपूर्ण छ । कारण, लुम्बिनीसम्म पाइएका अशोक-स्तम्भ समेत चुनार-ढुङ्गाकै देखिएका छन् ।

१०१ चेपागाँडा : ना. भागुताको फुल फुटेर भर्खरै हिलेमाछो जस्तो देखिन थालेको अवस्था (चेपा) अनि अझै फुलमै रहेको अवस्था (गाँडा) । यो हुनसक्छ प्रचीन 'चापकाण्ड' (भ्यागुताको चापक अर्थात् फुल फुटेको अवस्था तथा फुल नफुटेको अर्थात् अण्डमै रहेको अवस्था) । यदि यो व्युत्पत्ति सही हो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भने यो 'चाप' शब्दको ज्यादै लामो यात्रा ठह्रिन्छ किनभने भ्यागुताका चेपा न राजा हुन्, न प्रमुख हुन्, नता ठूला नै हुन्। यो यात्रा अति लामो ठह्रिने हुँदा 'चापक'को लागि 'चाप'भन्दा भिन्न मूलको खोजीको पनि आवश्यकता पर्छ। शकार र चकारको अभेदका अनुसार 'शावक' (पाठो वा बचेरो) 'चापक' हुनसक्छ। पुनः 'चापक' हुनसक्छ 'च्यापक'। यसो हो भने 'चेपागाँडा' संस्कृत मूल 'शावकाण्ड'को अपभ्रंश हुन पुग्छ। पछिल्लो निर्वचन वढी चित्तवुझ्दो छ तापनि यहाँ विचारकहरूले पुनः विवेचना गर्न सरल होस् भनी दुवै मूल दिइएका छन्। पुनः विवेचनार्थ द्रष्टव्य छन् 'चाप' (शव्दसङ्ख्या ९४), 'च्यापू' (शब्द-सङ्ख्या १०५), 'छाउरो' (शब्दसङ्ख्या ११२) इत्यादि।

१०२ चोके : ना. चराको चुच्चाको आकारको लीरो वा घोचो। यो संस्कृत 'चोषक'वाट आउँदछ लामो यात्रा पूरा गरेर। द्रष्टव्य छ—'घोचो' (शब्दसङ्ख्या ८९)।

१०३ चोक्टो : ना. कुनै प्रकारको मासुको टुक्रो। संस्कृत मूल 'शुक्त'को अर्थ 'मासु' हुन्छ। अर्थसङ्कोचको यो उदाहरण हो। यसको सगर्भ हो 'सुकुटी' (शव्दसङ्ख्या ३८३)।

१०४ चोले : ना. बाखो; चोलेचा (नेवारी शव्द)। यो 'छेलक' (बोको) बाट आयो। छाँटले संस्कृत 'छेलक'को आरम्भिक अर्थ 'पाठो' थियो र यो 'चेलो'को सगर्भ हो। बङ्ला 'छेले (केटो) पनि तुलनीय छ।

१०५ च्यापू : ना. पूर्वज; पुर्खा। नेपाली उखान 'जस्तो च्यापू उस्तै आफू'मा यो अर्थ अझै सुरक्षित छ। चापवंशी नरेशहरूको पालामा यसको अर्थ 'राजा' थियो भन्ने प्रमाण नागराजको एक अभिलेखले दिएको छ (चन्वो नगर-जई थुक्प)। यो प्राचीन नेपालीको चाप (राजा) शव्दवाट विकसित भएको हो। परन्तु अपाडराज पृथ्वीमल्लको शाके १२७८ तदनुसार सं. ४१३ को कनकपत्रमा प्रयुक्त 'च्यापाजिउ' भन्ने पदमा 'च्यापू' शव्द पूर्वजका अर्थमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रयोगमा आउन थालेको छनक मिल्दछ। आज 'च्यापू'का पूर्वजवाची र नरेश-वाची सबै अर्थ अतीतको गर्तमा लुकिसकेका छन्। केवल माथिको उखानले मात्र 'च्यापू' पूर्वज रहेछ भन्ने बुझाउँछ। नत्र भने 'च्यापू' भन्नासाथ साधारण-तया 'च्यापु' अर्थात् अघिल्लो हात्रे ओडारको माथिल्लो भाग (तालु) अथवा तल्लो भाग (चिउँडे हाडको माथिल्लो भाग) बोध हुन्छ। 'च्यापु' र 'च्यापू'को मूल उही होइन। मुखमा हालेको केही कुरो चेप्न सहायक चेपुवा अवयव भएको आधारमा एउटा शब्द 'च्यापु' भएको हो भने तुर्केली जवगू (मध्यएसियाली संस्कृत यवक:)बाट परिवर्तित हुँदै अर्को शब्द 'च्यापू' भएको हो।

कुनै समयको नरेशवाची शब्द क्राइस्टपछिको शताब्दीमा आएर पूर्वजवाची हुनुका पछि पश्चिमी नेपालको इतिहासको हात छ। यतिवेला आएर चाप उपाधिमा गौरव मान्ने चालुक्य, सोलङ्की र सिजाली नरेशहरूको प्राचीन गाथा विस्मृतप्रायः भैसकेको थियो। कुषाण जवगू (चाप)का कथा अतीतको गर्भमा लुप्त भैसकेको थियो। यसैले सं. १४१६ मा आएर पृथ्वीमल्लले 'च्यापू' शब्दमा पूर्वजको छनक पाए। उनले ससम्मान 'जिउ' शब्द जोड्दै चापवंशी नरेशहरू-लाई 'च्यापाजिउ'को संज्ञा दिए।

'च्यापू' शब्दको अझ बढी चर्चाको लागि द्रष्टव्य छ 'चाप' (शब्दसङ्ख्या ९४), 'च्याप्ज्यू' (शब्दसङ्ख्या १०६), 'चापा' अथवा 'चावा' (शब्दसङ्ख्या ९५), 'चेपागाँडा' (शब्दसङ्ख्या १०१)।

१०६ च्याप्ज्यू : ना. 'पूर्वज' बुझाउने सम्मानवाची पद (प्राय: 'बराज्यू' शब्दसित गाँसिएर प्रयोगमा आउने। जस्तै—'यो कुरो च्याप्ज्यू-बराज्यूको पालाको हो' अर्थात् अति प्राचीन हो)। 'चाप' शब्द 'च्यापा' भएको अनि त्यसमा सम्मानवाची 'जिउ' फुँदो गाँसिएको उदाहरण सं. १४१६ को पृथ्वीमल्लको कनकपत्रमा भेटिएको 'च्यापाजिउ' शब्दले जाहेर गर्दछ। 'चाप' पहिले 'चापा' भयो अनि त्यसपछि मात्र 'च्यापा' भयो भन्ने कुरो बुझ्नु सरल छ। परन्तु सम्मानपूर्वक पितामह-मातामहलाई भनिने 'जिबा' भने यो 'च्यापा'सित सम्ब-न्धित छैन। 'जि' अचेल रामजी, श्यामजी, कृष्णजी, कविजी जस्ता उदाहरणमा पाइने सम्मानद्योतक 'जी'कै लेखभेद हो। अचेल 'जी' अथवा 'जी'को अनुवाद

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

'हजुर'बाट हुन लागेको छ, हजुरबा, हजुरआमा, रामहजुर, श्यामहजुर आदि। विशेष अध्ययनको लागि द्रष्टव्य छन् 'चाप' (शब्दसङ्ख्या ९४), 'च्यापू' (शब्दसङ्ख्या १०५), 'चापा' अथवा 'चाबा' (शब्दसङ्ख्या ९५), 'चेपागाँडा' (शब्दसङ्ख्या १०१) इत्यादि।

१०७ छट्टू : वि. बाठो; चलाख; जाली; चग्वू। यो शब्द संस्कृतको 'चाट'बाट आएको हो। 'चाट' शब्दमा स्वार्थिक प्रत्यय 'क' लागेपछि बन्दछ 'चाटक'। प्राकृतमा 'चाटक'को 'चादओ' हुन्छ। यसै 'चाटओ'बाट नेपालीमा प्रस्तुत शब्द (छट्टू) बन्यो। चकारको ठाउँमा छकार महाप्राणीभवनको उदाहरण हो। दक्षिणएसियाका भारोपेली भाषाहरूमा प्राचीन कालदेखि नै च, छ, ज, झ तथा ऊष्म (श, ष, स) ध्वनिका बीच पारस्परिक अनन्यता पाइन्छ। उदाहरणका लागि संस्कृतका 'शीघ्र' र 'क्षिप्र' (उच्चारण सम्भवतः विकल्पले 'छिप्र')-लाई लिन सकिन्छ। संस्कृतका 'क्षिप्र' र 'झटिति'को समन्वय (**Contamination**)बाट नेपालीमा 'छिटो' आएको छ। नेपालीमै पनि एकातिर चिटिक्क, चटक्क जस्ता शब्द पाइन्छन् भने अर्कोतिर छिछट्ट जस्ता शब्द पनि पाइन्छन्। अतः माथि वर्णित ध्वनिहरूको पारस्परिक अन्यन्यताले गर्दा यस्ता ध्वनि भएका शब्दहरूमा ध्वनिगत महाप्राणीभवन, अल्पप्राणीभवन, सघोषीभवन र अघोषीभवन जस्ता प्रक्रियाहरू देखा पर्न सक्छन्। नेपाली 'चाँडो' शब्द पनि संस्कृतको 'चाट'बाट नै उद्भूत हो। परन्तु संस्कृत 'चाट'को अर्थ 'ठग' हो। ठगहरू छिटाछरिता हुने हुँदा यो अर्थ-परिवर्तन भएको प्रतीत हुन्छ। यस अर्थपरिवर्तनमा माथि चर्चित ध्वनिगत अनन्यताको पनि हात हुनसक्छ। शीघ्र, क्षिप्र, झटिति आदिको बगालमा मिसिएर 'चाट'ले पनि कालान्तरमा समान अर्थको विकास गर्नु असम्भव छैन। अथवा के पनि सम्भव छ भने प्रारम्भिक कालदेखि नै 'चाट' मा 'छिटो'को अर्थ पनि निहित थियो। हेर्नोस् 'छिटो' (शब्दसङ्ख्या १२१) तथा 'चाँडो' (शब्दसङ्ख्या ९३)।

१०८ छरितो : वि- हिँड्दा वा काम गर्दा भद्दा चाल नभएको; छिटो। संस्कृतमा अव्ययवाची 'झटिति' (तुरुन्त) शब्द पाइन्छ। यसै शब्दको आधारमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कृतमा 'झटितः' शब्दको प्राक्कल्पना गर्नु पर्दछ 'छरितो'को विशेषणधर्मी निर्वचनको लागि। झकार र छकारको अनन्यताको निम्ति द्रष्टव्य छ चर्चा 'छट्टू' बारेको (शब्दसङ्ख्या १०७)। संस्कृत 'चतुर' (वाठो)को यो व्यत्यय हो होइन विद्वान्हरूले त्यता पनि ध्यान दिनु आवश्यक छ।

१०९ **छहरो** : १. छाँगो; झर्ना; निर्झर; प्रपात। २. पहिरो; भीर; छाँगो सुकेपनि त्यसको डोव या गोहो। यसको संस्कृत मूल ह्रो क्षर (पानी)। प्राकृतको सामान्य रूप हो 'खरो'। माहाराष्ट्री प्राकृतमा विकल्पले 'छरो' पनि पाउन सकिन्छ। परन्तु बीचमा पसेको –ह– ध्वनि लेख्य नेपालीमा मात्र देखिने एक वर्तनी मात्र हो। यसरी हकार नेपालीको लेख्य भेदमा अन्यत्र पनि पसेको उदाहरण 'कोही'ले पनि दिन्छ। यसको प्राकृत मूल 'कोइ'मा हकार छैन। द्रष्टव्य सगर्भ शब्दहरू 'झरी' (शब्दसङ्ख्या १४६) र 'खहरे' (शब्दसङ्ख्या ५९)।

११० **छाँट** : ना. प्रकार; किसिम; ढाँचा। संस्कृतको 'छन्द' (अनुहार) यसको मूल हुनसक्छ। शब्दान्तको टकार एक विरल प्रवृत्ति हो। 'काट–छाँट'को 'छाँट' (कटाइ) अर्कै मूल (क्षत)बाट आएको हो।

१११ **छाँटा** : ना. १. मानसिक तरङ्ग वा मनको असन्तुलन। २. विक्षिप्तता। यो संस्कृत 'छटा' (विजुली)बाट उत्पन्न प्रतीत हुन्छ।

११२ **छावरो** : ना. कुकुर, बिराला आदि पशुहरूको बच्चो। संस्कृतमा 'शाव' शब्द बच्चो वा पाठोको अर्थमा जनावर जगत्मा प्रचलित भएको प्रमाण 'शावक' (मृग आदिको पाठो)ले दिन्छ। 'बाल'मा स्वार्थिक प्रत्यय 'क' लागेर 'वालक' बनेझैं 'शाव'मा उक्त प्रत्यय लागेर बन्दछ 'शावक'। सम्भवतः उक्त प्रत्यय नलाग्दाको रूप हो 'छावा' (हात्तीको बच्चो)। परन्तु संस्कृतका अन्य केही भाषिकामा स्वार्थिक 'क' झैं स्वार्थिक 'ट' लागेका उदाहरण पनि प्रशस्त पाइन्छन्, जस्तै–जिह्वटः ('जिब्रो'को प्राक्कल्पित मूल)। त्यही स्वार्थिक 'ट'

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रत्यय संस्कृतको 'शाव'मा लाग्दा जन्मियो 'शावटः', जो प्राकृतमा 'सावड' भयो। नेपाली समाजमा लोकप्रिय सावर जातको छाला वास्तवमा यही 'सावड'-को छाला हो। पछि गएर 'सावरो' हुँदै यो शब्द जब 'छाउरो' हुन पुग्यो यसले मूल (शावक)को अर्थ छोडिदियो। छकार र सकारको अभेदका लागि अनेकौं उदाहरण नेपालीमा पाइन्छन्, जस्तै बल्छी : बल्सी, अल्सी : अल्सी, पाछाई : पासाई इत्यादि।

११३ छागलकेतु : ना. उत्तराखण्ड (कुमाऊँ र गढवाल)को इतिहासमा देखिने एक नरेशको नाम। 'छागल' (छाग : बोको) खस जातिको शाकल (सकोल) उपासनाको एक देउता हो। उक्त देवता मूर्तिका रूपमा छागलकेतु (शालिवाहन) र शिलाका रूपमा शालशिला, केदारशिला, किदार, कुदुरूँ, फटकशिला आदि अनेकौं नामले पूजित छ। द्रष्टव्य छ—'शाकलद्वीप' (शब्द-सङ्ख्या ३६४)।

११४ छागलद्वीप : ना. शाकलद्वीप। छागल अर्थात् शाकल (वा साङ्गल) जाति भूमि र भूमिका रक्षक देवताका अर्थमा प्रयुक्त शब्द हो। शक वा कश जातिको प्रस्तुत छागल उपासना अझ पुरानो अरुण (बाज) उपासनाको अलिक नयाँ रूप हो। बाज उपासनाबारेको चर्चाको निम्ति द्रष्टव्य छ 'सैन' (शब्दसङ्ख्या ३८७) तथा 'शाकल'को निम्ति द्रष्टव्य छ 'शाकलद्वीप' (शब्द-सङ्ख्या ३६४)।

११५ छाडा : वि. जे आयो त्यही गर्ने वा भन्ने; लाज पचेको; सोमत नभएको; स्वेच्छाचारी। यो शब्द संस्कृत 'चाट' (ठग)बाट बने झैं छ।

११६ छारकाम्रो : ना. केटाकेटीलाई रुगा-खोकी लाग्दा उपचारको निम्ति तातो खरानी कपडामा लपेटी मालाझैं गलामा लपेट्ने एक प्रकारको उपचार-पद्धति र उक्त उपचारमा बाँधिने कण्ठाकार टालो वा काँठो। प्रस्तुत शब्द आएको हो संस्कृतको 'क्षारकर्पट'बाट। क्षार (खरानी) र 'कर्पट' (कपडा)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बाट बनेको हो यो 'क्षारकर्पट' । 'कर्पट'को एक सगर्भ खबटो' निकै प्रचलित छ । 'कर्पट'को अर्को सगर्भ 'कपडा' पनि प्रचलित नै छ । छाँटले मूल शब्द केवल 'कर्प' मात्र हो । त्यही 'कर्प'मा आसप्रत्यय लागी बन्यो 'कर्पास' (कवास) । त्यसमा स्वार्थिक –ट– प्रत्यय लागी बन्यो 'कर्पट' र जन्मियो 'कपडा' । 'कर्पट'को उपज 'कपडा' स्वाभाविक छ, तर 'काम्रो' (Bandage) भने लामो बाटो हिंडेर बनेको छ । 'छारकाम्रो'मा त्यही 'काम्रो' गाँसिएको छ । द्रष्टव्य छन् सगर्भ शब्दहरू—'खार' (शब्दसङ्ख्या ६१), काम्रो (शब्दसङ्ख्य ७३) तथा 'छारो (शब्दसङ्ख्या ११७) । ज्ञातव्य के छ भने कोशी अञ्चलतिर 'छारकाप्रो' पनि प्रचलनमा छ ।

११७ छारो : ना. हावा आदि चल्दा उड्न सक्ने बुकुनीको अवस्थाको माटो आदिको धूलो । यो आएको हो संस्कृतको 'क्षार' (खरानी) शब्दबाट । नेपालीको 'छारकाम्रो'मा पनि संस्कृतको 'क्षार' शब्द मौलिक अर्थमा सुरक्षित छ । परन्तु 'क्षारो' भने अर्थविस्तारले गदा केवल खरानीमा सीमित नभई खरानी लगायत अन्य धूलो (माटो, कसिङ्गर, आदि)मा समेत व्याप्त हुन पुगेको छ । द्रष्टव्य —'खार' (शब्दसङ्ख्या ६१) तथा 'छारकाम्रो' (शब्दसङ्ख्या ११६) ।

११८ छाला : ना. मान्छे आदि प्रणीको हाडमासुबाहिरको आवरण; चर्म; त्वचा । २. रूख आदिको बोक्रा । अंग्रेजी 'Scale' शब्दसँग यसको दूरवर्ती सम्बन्ध छ । यो भारोपेली प्राक्कल्पित Skalos बाट जन्मिएको संस्कृत 'शल्ब'-को नेपाली सन्तान हो । भारोपेली Sk–ध्वनि संस्कृतमा अन्यत्र 'छ' पाइएको छ, जस्तै अंग्रेजी Sky र संस्कृत 'छाया' । यस ठाउँमा फार्सेलीमा शकार पाइको छ, जस्तै 'शाया' (छाया) । अतः भारोपेली Skalos को संस्कृत 'शल्ल' रूप अनौठो छ । अतः नेपाली 'छाला' प्राक्कल्पित' संस्कृत पर्याय 'छल्ल'बाट आउनु अझ धेर चित्तबुझ्दो छ ।

११९ छाडे : वि. छाडा वा निर्लज्ज स्वभावकी (आइमाई) । संस्कृतको 'छल्लि' (बोक्रा) वा 'शल्ल' (छाला; बोक्रा)बाट शब्दान्तमा 'ए' प्रत्यय लागी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छाले वन्दछ । बोक्रा गुमाउनुमा आवरण गुमाउनुको आरोप भई 'छाले' जन्मिए झैं छ । छिल्लिनु, छिहिल्लिनु आदि शब्दहरू यसका सगर्भ हुन् । तुलनीय छन् हिन्दी 'छिलका' (बोक्रा) र नेपाली 'छिल्लिनु' (निर्लज्ज किसिमले हाँस्नु) ।

१२० छिउँ : ना. यो. सँग; समीप; सित । यो संस्कृतको 'सीमा' अर्थको 'सीम'बाट आयो । 'छिमेकी' यसको सगर्भ हो–द्रष्टव्य छ (शब्दसङ्ख्या १२३) ।

१२१ छिटो : वि. तेज चाल वा गति भएको; ढिलो नगर्ने; वेगिलो; जाँगरिलो; छरितो । क्रि. वि. झट्टै; चाँडै । निर्वचनको निम्ति हेर्नोस् 'छट्टू' (शब्दसङ्ख्या १०७) ।

१२२ छिमल : ना. १. कुनै खेत वा बारीमा यामै (हिउँद, वर्षा, ग्रीष्म आदि) पिच्छे हुने बालीमध्ये कुनै एक यामको बाली । २. समान उमेरमा जन्मिएका प्राणीको समुदाय; पुस्ता (जस्तै–पहिलो छिमलका अधवैंसेहरू; दोस्रो छिमलका युवकहरू, तेस्रो छिमलका किशोरहरू आदि) । यस शब्दको मूल संस्कृतको 'शैवाल' (जलसिमाली) हो । अर्थविस्तारद्वारा 'शैवाल'को गर्भज 'सिमाली'का दुई अर्थ भए—जलसिमाली (पानीझ्याउ) तथा बोट सिमाली (तुलनीय मैथिली 'सिनुवार') । यी दुई अभिलिखित अर्थबाहेक तेस्रो प्राक्कल्पित अर्थ पनि 'शैवाल'बाट जन्मिएको सङ्केत 'स्याउलो'ले दिन्छ । यस प्रकार छिमल (जलसिमाली, बोटसिमाली र स्याउलो) तीनैको सगर्भ ठहरिन्छ । यसबाट एक नामधातु (छिमल्नु) समेत बनेको पाइन्छ । कृषिप्रधान समाजमा खेत-बारीबाट आरम्भ भएर 'छिमल'को यात्रा प्राणीजगत् (हेर्नू माथिको दोस्रो अर्थ) सम्म पुगेको पाइन्छ । कुनै समयमा 'छिमल'को अर्थ 'वृक्षादिको भर्खर पलाएको हाँगो समेत थियो होला । द्रष्टव्य छ—'स्याउलो' (शब्दसङ्ख्या ३६०) ।

१२३ छिमेकी : ना. आसपासको वस्तीमा रहने व्यक्ति; सिमानानिकटको भेकमा बस्ने व्यक्ति । यो 'सीमाभेकी'बाट आउँछ (सीमभेकी अनि सिमेकी हुँदै) । द्रष्टव्य छन्—'छिउँ' (शब्दसङ्ख्या १२०) र 'भेक' (शब्दसङ्ख्या ३०५) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१२४ छोप्नु : स. क्रि. ढाक्नु; पर्दा, विर्को आदि लगाएर नदेखिने पार्नु । संस्कृतको 'क्षुप' (झ्याङ)बाट यो आउन सक्छ । हिन्दी 'छुपना' (लुक्नु) एक सगर्भ शब्द हो । 'झ्याङ' लुक्न सहायक भएको हुँदा 'छोप्नु'ले प्रस्तुत रूप र अर्थ विकास गरेको होला । नेपाली 'झुप्रो' यसको सगर्भ प्रतीत हुन्छ ।

१२५ छौंडा : ना. वोक्सीकी दूतिनी मानिने विरालोका रूपकी चेली । भनिन्छ, मन्त्र सिकाउँदा बोक्सीले चेलीहरूलाई विरालोको रूप प्रदान गर्दछे । वोक्सीका मन्त्र अनुसारका अनिष्टकर्महरू गर्न छौंडा खटिन्छन् । यस विश्वासले गर्दा विरालोलाई वोक्सोको छौंडा मानेर घृणा गर्ने चलन नेपाली परिवारहरूमा छ । घरमा कतै विरालो करायो भने मात्र पनि वोक्सीकी दूतिनी आइपुगेको ठानी नेपाली नारीहरू भयले काँप्दछन् ।

भाषातत्वका हेराइले 'छौंडा'को अर्थ 'बालक' हो र यो संस्कृतको 'शावट' बाट आएको हो । नेपालीमा बहुप्रचलित 'छाउरो' शब्द पनि यसै मूलको हो । छौंडा चेला रहुन्जेल विरालाका रूपमा वोक्सीका गण वनिरहन्छन् । बोक्सेरोको शिक्षा पूर्ण भएपछि ती स्वयं बोक्सी वन्छन् । आफ्नो प्रमुख देवता बोको (वोक)-लाई प्रसन्न तुल्याउन सर्वप्रथम बोक्सीले पति वा पुत्र झैं घनिष्ट नाताको व्यक्ति वलिका रूपमा चढाउनु पर्छ भन्ने लोकविश्वास छ । द्रष्टव्य छ—'वोक्सी' (शब्दसङ्ख्या २८४) ।

१२६ जन्तरे : वि. अन्तरे पछिको (सन्तान) । यसको मूल संस्कृत प्राक्कल्पित 'यान्तरक' हुनसक्छ ।

१२७ जम्कों : ना. चेष्टा; प्रयास; प्रयत्न । यो शब्द संस्कृतको 'चर' (चल्) धातुसित सम्बन्धित छ । नेपाली द्वित्वप्रक्रिया अनुसार दोस्रो शब्दको आरम्भको ध्वनिका ठाउँमा ओष्ठय व्यञ्जन (पफबभम)को आदेश हुने गरेको पाइन्छ, जस्तै –चलबल, छलफल, चलमल, घरमर, खलवल आदि । यी क्रमशः चलचल, छलछल, चलचल, घरघर, खलखल आदिका उपज हुन् । प्रस्तुत (जमर्को) आरम्भमा 'चरचर' द्वित्वमा स्वार्थिक 'क' प्रत्यय लागी बनेको 'चरचरको' थियो । पछि नेपालीको माथि वर्णित नियमले 'चरमरको' (त्यसपछि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

'जरमरको') बनायो र अन्त्यमा जन्मियो 'जमर्को' । प्रस्तुत शब्द द्वित्व, स्वार्थिक 'क', घोषीभवन आदि प्रवृत्तिका साथै शब्दार्थपरिवर्तनको पनि उदाहरण हो। यसको यौगिक अर्थ 'चहलपहल' हुनुपर्थ्यो, तर विशेष कारणवश हुन पुगेको छ 'चेष्टा'।

१२८ जम्रो : ना. कपाल वा कपडामा लाग्ने रक्तशोषक कीरो; जुम्रो । सस्कृत 'यूक' वा 'यूका' (प्राकृत 'जूगा' वा 'जूआ') केवल 'कपालको जम्रो' हो । नेपाली 'जुको' ('जुगो') यसैको सगर्भ हो । 'यूक', 'यूका', 'जुगो', 'जुको') आदि सबै (जम्रो)का सगर्भ हुन् । परन्तु सगर्भ र समानार्थी भएर पनि उक्त संस्कृत मूलबाट 'जम्रो' सोझै आउनु अप्ठेरो छ । छाँटले 'धूल', 'धूप', 'धूम' आदि एकै 'धू'का विस्तार भए झैं 'यू' पनि विस्तारक तत्व (क, म, प, ल,)का साथमा प्रयुक्त हुन्थ्यो होला । त्यसो मान्दा मात्र हिन्दी 'जूँ' (जम्रो)को निम्ति 'यूम' मूल प्राप्त गर्न सकिन्छ । नेपाली 'जम्रो' भने स्वार्थिक 'ट' प्रत्यय लागी बनेको 'यूमट' (प्राकृत 'जूमडो')को उपज प्रतीत हुन्छ ।

१२९ जरो : ना. रूख, बिरुवा आदिको भुईंभित्र रहने जटाकार अंश । यो नेपालीका पश्चिमतिरका (जुम्ली, डोटेली) भाषिकाहरूमा 'जडो' छ । हिन्दीमा सामानार्थमा 'जड' छ । संस्कृतमा 'जटा' (स्त्रीलिङ्गी रूप)को ठाउँमा 'जट' वा 'जटक' (पुलिङ्गी रूप)को प्राक्कल्पना गरेर नेपाली 'जरो' प्राप्त गर्न सकिन्छ । 'लहरो' (<'लगो' <'लडो') शब्द 'जरो'को सगर्भ हो । जलयोर-भेदको लागि द्रष्टव्य छन्–'लाटो' (शब्दसङ्ख्या ३५६), 'लुटेरो' (शब्दसङ्ख्या ३६१), 'लाट' (शब्दसङ्ख्या ३५४) आदि ।

१३० जलुको : ना. सिमसारको निकटमा हुने भोजनीय प्रकारको माने वा कर्कलो । यो संस्कृतको 'जलौका'बाट आउन सक्छ, जसको अर्थ 'चिस्यानमा हुन सक्ने (वनस्पति)' लाग्दछ । तुलनीय 'नभौका' (नभचर), 'देवौका' (स्वर्ग वा मन्दिर), वस्वौकसारा (अमरावती वा अलकापुरी), ओक (घर) इत्यादि । द्रष्टव्य छ—'ओगट्नु' शब्दसङ्ख्या १७) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१३१ जाउलो : ना. अति गिलो पारेर (नून आदि मिसाई) तयार पारेको चामलको भात । 'चामल' शब्द 'श्यामक' (सामा झारको चामल)को साटो 'श्यामल'बाट आयो । झट्ट हेर्दा पाथेयवाची 'सामल'पनि यही श्यामल हो । कुनै भाषामा 'शालि'बाट 'चालि' (चामल) भई 'चाइल' अनि त्यसपछि 'चाल' (जस्तै वङ्लाना) भएको छ ।

१३२ जाजरकोट : ना. भेरी अञ्चलको एक जिल्ला (हाल); एउटा बाईसे राज्य (उहिले) । खस नरेश जाजडको राजधानी भएकाले यो 'जाजरकोट' भएको हो । जाजड सिंजाली नरेश नागराज (नागू)का पूर्वज हुन् । पछि कुनेत (पाल वा श्रीपाली) राजवंशको प्रभावले गर्दा जाजडको वंशको बिस्तारै पतन भयो र पुनः नागराजले आफ्नो वंशको उत्थान गरे ।

१३३ जाट : ना. भारतको उत्तर प्रदेश, हरियाणा र पन्जाब हुँदो जनसङ्ख्याको ठूलो भाग ओगट्ने यादव र आभीर जाति; ग्वार; अहिर । नेपालका ऐंड वा ऐरी (जुम्ला, हुम्ला, डोल्पा आदितिरका) यिनै जाट (जाड)का सन्तान हुन सक्छन् । हुम्लामा यिनको केशको बनोट मुद्राकार तथा छालाको रोगन केही कालो पाइएको छ । यो स्थानीय राकस (तुलनीय राकसताल, राकसकोट, राक्से ठकुरी आदि)हरूको बस–उठले हुन सक्छ । स्वयं जाटहरू पनि राकस जनसङ्ख्याका निर्णायक हुन सक्छन्, कारण कुश (कौशिक) र यदु (यादव) पुराणादिका अनुसार एकै कुलका ठहरिन्छन् । पशुचारक कुर्द (इरान, इराक, टर्की, रूसका)पनि किरात जातिमा मिश्रित हुनुपूर्व यादव हुनुपर्छ । यही कुरो नेपालको इतिहासका नेप नामका गोपालमा पनि लागू हुनसक्छ । द्रष्टव्य छ— 'कुर्द' (शब्दसङ्ख्या ४६), 'जाड' (शब्दसङ्ख्या ३५४) र 'लाट' (शब्दसङ्ख्या ३५४) ।

१३४ जाठो : ना. नेपालमा क्षेत्री जातका पर्वतेहरूको लागि प्रयोगमा आउने एक गाली । अझ पुरानो रूप हो 'जाटो' । यो सम्भवतः संस्कृतको 'यादव' बाट झरेको हो । द्रष्टव्य छन्—'जाड' (शब्दसङ्ख्या ३५४), 'जाट' (शब्द-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सङ्ख्या १३३) तथा 'लाट' (शब्दसङ्ख्या ३५४)। यसैले यादवहरू सबैले छेत्री वर्गमा प्रवेश पाएको यो उदाहरण हो।

१३५ जाड : ना. भोटे जाति; भोटे। यो 'जाट'बाट आउन सक्छ। केही यादवहरू प्राचीन कालमा हिमालमा पनि बस्दथे। ती मानसरोवरतिरका भोटे इलाकातिरका (सम्भवतः लिगवंशीहरू)का पूर्वज थिए। पछि तिबोद (तिब्बती भोटे)हरूले बोदयुल (भोट)को विस्तार गर्दा जाटहरूको विलय हिमाली भेकमा भोटेहरूमा भयो। तर ती पछिसम्म पनि 'जाडे' वा 'जाड' (<सं. यादव) कहलाइरहे। परिणामस्वरूप नेपाली भाषामा 'जाड'ले 'भोटे' अर्थको विकास गऱ्यो। नेपाली समाजमै पनि केही जाटहरू छेत्रीमा परिणत भएको बुझिन्छ। द्रष्टव्य छन्–'जाट' शब्दसङ्ख्या १३३), 'जाठो' (शब्दसङ्ख्या १३४) तथा 'लाट' (शब्दसङ्ख्या ३५४)। भोटको प्रमुख पेशा पशुचारण भएको हुँदा त्यहाँ ती पुग्नु सम्भव छ। अझै पनि हुम्लातिरका पशुचारकलाई सीमा नाघी भोटका चरणमा पशु चराउन लाने अनुमति छ। पढ्नुहोस् 'हुम्ला बोल्छ मानसरोवरमा' (लेखक–देवीचन्द्र श्रेष्ठ)।

१३६ जिउनार: ना. १. भोजन; भोज। २. खाने कार्य (शिष्ट प्रयोगमा)। तुलनीय हिन्दी 'ज्यौनार' वा 'जेवनार' (समान अर्थमा। परन्तु शिष्टार्थमा मात्र सीमित नभई)। यो उर्दूबाट नेपालीमा आएको भन्ने कतिपयको भ्रम छ। वास्तवमा यो हिन्दीबाट आएको आगन्तुक शब्द हो र यसको मूल हो संस्कृतको 'येमनाहार' (खाद्य पदार्थ)। संस्कृतमा 'येमन' हो खाने कार्य। त्यसमा 'आहार' र खानेकुरो मिलेर बनेको हो 'येमनाहार'। अझै राजस्थानी भाषामा 'खानु' अर्थमा 'जिमना' छँदैछ। खाने सिलसिलासित सम्बन्धित 'जिउनार'को शब्दारम्भको जकारसित यसै अर्थमा साहिनो राख्ने मगराँती ज्याट् (भात), ज्याके (खानु) इत्यादि तथा नेवारी जा (भात), जाकि (चामल) इत्यादिको जकारको के कस्तो सम्बन्ध छ हाल किटान गर्नु सजिलो छैन। द्रष्टव्य छ–'चमेना' (शब्दसङ्ख्या ९२)।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१३७ **जिब्रो** : ना. मुखभित्रको स्वाद ग्रहण गर्ने एक कर्मेन्द्रिय; जिह्वा। यो संस्कृतको प्राक्कल्पित 'जिह्वट'बाट आउन सक्छ। शब्दान्तको 'ट' प्रत्ययको लागि द्रष्टव्य छन् 'नाइटो' (शब्दसङ्ख्या २२०) तथा 'चाम्रो' (शब्दसङ्ख्या ६६)।

१३८ **जिरासरी** : ना. अति मसिनो जातिको धानको एक प्रकार (तुलनीय मैथिली 'कनकजीर')। यो संस्कृतको 'जीर' (जिरो) र 'शालि' (धान) मिलेर बनेको 'जीरशालि'बाट उत्पन्न शब्द हो। तुलनीय छ यसैको सगर्भ 'झिनिया' (धानको एक प्रकार; जिरासरी)। 'झिनिया'को मूल हो संस्कृतको 'जीरण' (जिरो)।

१३९ **जु** : ज्यू (शब्दसङ्ख्या १४४)।

१४० **जुङ्गा** : ना. १. माथिल्लो ओठ र नाकको बीचमा दायाँ-बायाँ पलाउने रौंको राशि (जस्तै–युवकको जुङ्गा, कुकुरको जुङ्गा, कुकुर्नीको जुङ्गा आदि)। २. मकै आदिको घोगाबाट बाहिर निस्कने केश आकारको त्यान्द्राको समूह। यो संस्कृतको 'युग्य'बाट प्राकृतमा 'जुग्ग' हुँदै नेपालीमा 'जुङ्गा' वा 'जुँगा' भएको हो। 'जुङ्गा'को यौगिक अर्थ हो 'जोडी'। दायाँतर्फको एक र बायाँ तर्फको अर्को गरी दुई लहर केशराशिको आधारमा यो 'जोडी' व्यञ्जित भएको हो।

१४१ **जुरो** : ना. १. केश गुजुल्ट्याएर टाउकाको कुनै भागमा पारिने मुठो। २. गाई–गोरु आदिको गर्धनको माथि उठेको थुम्को। यो संस्कृतको 'जूटक' बाट आउँछ र 'चूडा', 'कूट' आदिको समेत सगर्भ हो। जकार एवं चकार वाला रूपहरू भारोपेलीको सतम शाखामा स्वागतयोग्य छन्, परन्तु ककारवाला रूप (कूट) यस शाखामा कसरी आयो, विचारणीय छ।

१४२ **जोखाना** : ना. लक्षण विचार गर्ने अर्थात् घत हेर्ने कार्य। यो संस्कृतको 'लक्षण' (प्राकृतको 'लक्खण')बाट जन्मिएको हो। जकार र लकारको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभेदका निम्मित द्रष्टव्य छ 'लट्टा–जटा' (शब्दसङ्ख्या १३९)।

१८३ जोरायल : ना. चापवंशी नरेश नागराज (नागू)का एक पूर्वज (जड)को (संभवतः) यो राजधानी हो। यसो हो भने यो प्राचीन 'जडालय'बाट उत्पन्न हुनुपर्छ।

१८४ ज्यू : १. शब्दको अन्त्यमा आई आदर बुझाउने वर्णांश (जस्तै रामज्यू हरिज्यू आदि)। यसको वैकल्पिक रूप 'जु' नेवारीमा बढी लोकप्रिय छ। हिन्दी पर्याय 'जी' पनि सगर्भ हुनुपर्छ। यो संस्कृतको 'जीव' (विष्णु; वृहस्पति)-बाट पनि आउन सक्छ। अर्को निर्वचन हो बाबेरुका कशहरूको ईश्वरवाची शब्द 'सु' (जस्तै–कशसु/कस्सु)। 'सु' (ईश्वर)को अर्को पर्याय 'सी'बाट हिन्दी आदिको 'जी' आउन सक्छ। यी दुई विकल्पमध्ये माथिल्लो (प्रथम) अधिक चित्तबुझ्दो छ। केसम्म सम्भव छ भने बाबेरुको 'सु' (ईश्वर) पनि 'जीव' (हिन्दू) अथवा 'जेउस्' (ग्रिसेली)सँग सम्बन्धित होस्।

१८५ झड्केलो : वि, आफ्नी पत्नीले भूतपूर्व पतिबाट पाएको (पुत्र); पत्नीको अर्को लोग्नेतिरको (सन्तान)। संस्कृत मूल 'जारकृत' हो। जकारको महाप्राणीभवनका निम्ति द्रष्टव्य छ-'झ्याल' (शब्दसङ्ख्या १६४)।

१८६ झरी : ना. वर्षा। यो आएको हो संस्कृतको 'क्षरी' शब्दबाट। 'क्षरी' संस्कृतमा वर्षातुलाई भनिन्छ, कारण यसले क्षर (पानी) धारण गर्दछ। अतः झरीको मौलिक अर्थ हो 'पानी युक्त'। क्षकारको र झकारको अभेद बडो अनौठो उदाहरण ठहरिन्छ। छाँटले संस्कृतमै पनि पानीको अर्थ दिने अर्को शब्द 'झर' ('जझयोरभेदः' तथा 'रलयोरभेद:'को संयुक्त उदाहरण) थियो र वर्षातुको अर्थ दिने अर्को शब्द 'झरी' थियो। यो अनुमान निर्झर, निर्झरिणी जस्ता शब्दका आधारमा गर्न सकिन्छ। 'एक झर पानी प-यो' जस्ता नेपाली वाक्यमा 'झर' शब्दले वर्षाको अर्थ व्यक्त गरेको पाइन्छ। द्रष्टव्य छन् सगर्भ शब्द-हरू–'छहरो' (शब्दसङ्ख्या १०९) र 'खहरे' (शब्दसङ्ख्या ५९)।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१४७ झरो : ना. अँध्यारोमा प्रकाश होस् भनी हिंड्दा वा कुनै काम गर्दा प्रयोगमा ल्याइने बल्दो दाउरा; एक प्रकारको दियालो । यसको संस्कृत मूल 'ज्वाल' हो । प्राकृतमा 'जालो' हुँदै नेपालीमा 'झरो' भएको हो । जकारको ठाउँमा झकार नेपालीका केही भाषिकामा निकै पाइन्छ, जस्तै बैतडेली 'झानु' (जानु) । झकारीभवनका अन्य उदाहरणका निम्ति द्रष्टव्य छ 'झ्याल' (शब्दसङ्ख्या १६४) ।

१४८ झर्को : ना. इच्छा नभएका काम–कुरामा अनुभव हुने मानसिक प्रक्रिया । यो संस्कृतको 'ज्वरक' (मानसिक कष्ट)बाट आएको हुनुपर्छ ।

१४९ झाँक : ना. मिर्ग (रतुवा), हरिण (चित्तल), नीलगाई (घोडगधा वा वनबकरी) आदि मृग जातिको भाले । संस्कृत 'जङ्घाल' (हरिण)को आधारमा निर्मित 'जङ्घ'बाट 'झाँक' जन्मियो । घकारको महाप्राण ध्वनि र जकारको अल्पप्राण ध्वनिको यहाँ व्यत्यय भएको छ । पुनः शब्दान्तको गकारको अघोषीभवन भएको छ । नेपालीका 'झाँक्रो', 'झाँक्री' आदि शब्दको 'झाँक'सँग केही सम्बन्ध छैन, नत 'झाँको' (अभिमान)सँग नै यसको केही सम्बन्ध छ । द्रष्टव्य छन् —'झाँको' (शब्दसङ्ख्या १५०), 'झाँक्रो' (शब्दसङ्ख्या १५२), 'झाँक्री' (शब्दसङ्ख्या १५१) तथा 'झाँगड' (शब्दसङ्ख्या १५३) ।

१५० झाँको : ना. घमण्ड; धाक । यो संस्कृत मूल 'दम्भक' (धाक)बाट आउन सक्छ । स्वयं 'धाक' पनि अझ प्राचीन 'धाँक'बाट आएको हो । यो शब्द पहिले 'धाँको' भएको अनि 'झाँको' भएको स्पष्ट हुन्छ । धकार र झकारको अनन्यता 'धाँगड' र 'झाँगड'मा पनि पाइएको छ । 'धक्कू' शब्द पनि सोझै 'दम्भक'बाट प्राप्त भएको हो । परन्तु मृग, हरिण आदिको भाले (झाँक) भने भिन्न मूलको हो । यो मृगवाची संस्कृत शब्द 'जङ्घाल'को आधारमा प्राक्कल्पित 'जङ्घ'को गर्भज हो ।

१५१ झाँक्री : ना. १, जटाधारी धामी (हालको अर्थमा) । २. वनका देवता; शिकारी (पहिलेको अर्थमा) । यो संस्कृतको 'जाङ्गलकी'बाट आएको हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

केवल ध्वनि र शब्दको समानताको लागि द्रष्टव्य छन्—'झाँगड' (शब्दसङ्ख्या १५३) तथा 'बनझाँक्री' (शब्दसङ्ख्या २६०)।

१५२ झाँक्रो : ना. नकोरिएर छाडा छोडिएको कपालको राशि । यो संस्कृतको 'जङ्गलक'को रल-अभेदद्वारा 'जङ्गर' हुँदै अन्त्यमा 'रक'को व्यत्ययबाट 'जङ्करो' हुँदै 'झाँक्रो' भयो । शब्दारम्भको झकारको निम्ति द्रष्टव्य छ 'झ्याल' (शब्दसङ्ख्या १६४) । विभिन्न वंशावलीहरूमा 'झाँक्रो' शब्द खोरिया वा झाडी-को अर्थमा प्रयुक्त पाइन्छ ।

१५३ झाँगड : ना. बिहारको छोटानागपुर भेगको कुर्ग नामक स्थलको आसपासका आदिवासी 'ओराँव'हरूलाई नेपालमा दिइएको नाम । यो नाम संस्कृतको 'जाङ्गल' (जङ्गली)बाट आएको हो । जकारको झकारमा परिवर्तनको लागि द्रष्टव्य छ 'झ्याल' (शब्दसङ्ख्या १६४) । झाँगड 'धाँगड' (धाङ्गड, झाङ्गड आदि) पनि कहलाउँछन् । पृथ्वीनारायणको पालाका एक झागल गुरुङ सम्भवत: 'जाङ्गल' गुरुङ थिए । द्रष्टव्य छन्–'झाँक्री' (शब्दसङ्ख्या १५१); 'झाँक्रो' (शब्दसङ्ख्या १५२) ।

१५४ झाँतो : ना. अन्न दल्ने वा पिस्ने यन्त्र; जाँतो । पश्चिमतिरका नेपाली जिल्लाहरूमा यो 'झाँतो' भएको छ । यो संस्कृत 'यन्त्र'बाट प्राकृतमा 'जन्तो' हुँदै आएको हो । नेपालीको स्तरीय 'जाँतो' स्वाभाविक विकास हो, तर यहाँ सम्भवत: नकारको निकटताले गर्दा 'जाँतो' महाप्राणीभूत भई 'झाँतो' भएको हो । समान उदाहरण हो बैतडेली भाषिकाको 'जानु'बाची 'झानु' । 'ज' ध्वनिमा महाप्राणीभवन पाइन्छ 'झोल' (शब्दसङ्ख्या १६३) र 'झ्याल' (शब्दसङ्ख्या १६४)मा पनि ।

१५५ झार : ना. बाली लगाएको वा लगाउन ठीक पारेको ठाउँमा उम्र-ने प्राय: स्याना आकारका फाल्तू वनस्पतिको बोट वा झ्याङ (जस्तै–दूबो, मोथे, बोकेझार, बन्सो, ज्वाने, छत्रे, सामा, पिंडाल्ने आदि) । यो संस्कृतको 'झाट'-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बाट प्राचीन नेपालीमा 'झाड' हुँदै जन्मिएको हो । अझै नेपालीका पश्चिमी भाषिकाहरूमा 'झाड' सुरक्षित छ । 'झाट'को संस्कृत स्त्रीलिङ्गी भेद (झटिका)-बाट नेपाली 'झाडी' (जङ्गल; खुँज) जन्मिएको हो। संस्कृतमा कुनै पनि जङ्गल-लाई 'झाट' भन्न सकिन्थ्यो,तर नेपाली 'झार' अब स–स्याना झारपातमा सीमित भैसकेको छ ।

झट्ट हेर्दा 'झार'को र फर्सी–काँक्रा आदिको 'झ्याल'को एकै इतिहास होला झ लाग्छ । परन्तु 'झ्याल' संस्कृतको 'जाल'बाट आएको हो । बरु के चाहिं सम्भव छ भने 'जाल'लाई महाप्राणीभूत तुल्याई 'झ्याल' (यसभन्दा पूर्व 'झाल') बनाउन पक्कै संस्कृतको 'झाट' अथवा यसले जन्माएको 'झार'ले कुनै भूमिका खेलेको होस् । द्रष्टव्य छ, 'झ्याल' (शब्दसङ्ख्या १६४) ।

१८६ झिँगेमाछो : ना. आकृति झण्डै बिच्छीको झैं हुने तर जलचरको नाताले माछोमा गणना हुने एक प्रकारको प्राणी, जो तरकारीका रूपमा निकै स्वादिलो मानिन्छ; प्रोन (अंग्रेजीमा); झीँगा (हिन्दीमा); चिङ्डी माछ (बङ्–लामा) । केही बिद्वान्हरूले 'झिंगनी' आदि शब्दका साथै प्रस्तुत (झिंगे, झीँगा, चिङ्डी आदि)लाई पनि अग्नेली भाषामूलक बताएका छन् । परन्तु केही वहुपा-रिवारिक शब्दहरूको स्रोत यही परिवार हो भनी तोक्न नसकिने कुरो माथि 'खोलो' शब्दको प्रसङ्गमा स्वीकार गरिसकिएको छ । यही कुरो झिंगे जातको माछाको सन्दर्भमा पनि भन्न सकिन्छ । 'झिंगो' र 'चङ्गा'को पूर्वज मानिने 'भुजङ्ग' यस माछालाई नाम प्रदान गर्न स्रोत हुन सक्छ, तैपनि भाषिक वहुपारि-वारिकताको सम्भावनालाई सम्झँदै अग्नेली (अझ सम्भव छ भने अन्य भाषिक परिवार)जनित मूलतर्फको सम्भावनालाई पनि आँखा चिम्लेर नकार्न सकिँदैन।

हिन्दी पर्याय 'झीँगा'लाई देख्दा नेपालीमा पनि यस जन्तुलाई 'झिंगा' नै भनिन्थ्यो भनी अनुमान गर्न सकिन्छ। मैथिलीमा हिले माछोको एक प्रकार-लाई 'चेङा' वा 'च्याङा' भनिन्छ, जो झिंगेमाछो होइन । परन्तु अर्थ नमिले पनि 'चेङा' वा 'च्याङा'को समानता प्रस्तुत शब्द (खासगरी बङ्लाको चिङडी)सँग छ । बङ्लामा पनि पहिले 'चिङा' भएको र त्यसपछि स्वार्थिक प्रत्यय 'डी' लागेर 'चिङडी' बनेको खुलस्तिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुनता माथि संस्कृत 'भुजङ्ग' यस माछाको प्राचीनतम नामको रूपमा भएबारे अस्वीकार गर्न सकिएको छैन, तथापि यस शब्दको निर्वचनका अन्य विकल्पतिर पनि ध्यान दिनु यहाँ उचित छ। नेपाली, हिन्दी, मैथिली र बङ्ला शब्दहरूमा आरम्भमा कतै झि (नेपाली), कतै चि (बङ्ला)' कतै च्या (मैथिली) र कतै चे (मैथिली) पाइएको छ। चि, चे अनि च्या मध्ये प्राचीनतम च्या, त्यसपछिको चे र सबैभन्दा पछिको चि हुनुपर्छ। त्यसो हुँदा पहिले 'च्याङा', अनि 'चेङा' र अनि 'चिङा' जन्मिएको मान्नुपर्छ। झ-समूहमा भने 'झ्याङा' र 'झेङा' फेला नपरी केवल अन्तिम सम्भावना (झिगा/झिङा अथवा झींगा) मात्र फेला परेको छ। तथापि 'झ्याङा' र झेङा' थिएनन् भन्न सकिन्न।

अब ध्यान लगौं प्रस्तुत शब्दको अन्त्यको 'ङा'मा। भोटबर्मेली भाषा-हरूमा माछाको पर्याय ठहरिन्छ यो। अब प्रश्न उठ्छ झिङा (चिङा) के झि (चि) नामको माछो त होइन? संस्कृतमा गोही वा माछोको साझे अर्थमा प्रयोगमा आउने 'झष' शब्द छ। 'झष' माछो अरू माछो नभई के जिगमाछा त होइन? 'झिङा' वा 'चिङा' 'झषङा' (झष जातिको ङा अर्थात् माछो) त होइन?

अब भोटबर्मेली 'ङा'लाई छोडर केवल 'झष'लाई मात्र लिई निर्वचन गर्ने प्रयास गरौं। मूर्धन्य षकारको उच्चारण 'ख' हुने चलन त नेपाल, बङ्गाल, बिहार आदिका निम्ति नौलो होइन। यस चलनअनुसार संस्कृतको 'झष' (माछो) सोझै 'झख' हुँदै अन्त्यमा 'झिगा' वा 'चेङा'मा पुग्न सक्छ।

झिगे माछोको स्रोत संस्कृत 'झष' (माछो), हो कि, संस्कृत 'झष' र भोट बर्मेली 'ङा' (माछो)को योग (झषङा) हो कि अथवा 'झिगा' (मक्षिका) र 'चङ्गा'को पूर्वज 'भुजङ्ग'नै यसको पनि स्रोत हो, यो कुरोको निर्णय भावी अनुसन्धानव्रतीका हातमा छोड्नु असल हो। द्रष्टव्य छन् 'झिगो' (शब्दसङ्ख्या १५७) र 'चङ्गा' (शब्दसङ्ख्या ६१)। बहुपारिवारिकताको नमूनाको लागि द्रष्टव्य छ 'सेन' (शब्दसङ्ख्या ३८४)।

१८७ **झिँगो :** ना. झण्डै माकुराको आकारको तर नभचर पतङ्ग विशेष, जो फोहोर ठउँमा र खानेकुरामा सामूहिक रूपमा भन्कन्छ। यो संस्कृतको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

'भुजङ्ग' (सर्प)बाट जन्मिए झैं प्रतीत हुन्छ । नेवारीको 'भुजि' (झिंगो)मा अझै 'भुजङ्ग'को आभास हुँछ, परन्तु नेपालीमा अज्ञात कारणवश शब्दारम्भको भुकार गायव भएको छ । छाँटले भुजङ्ग साधारण सर्प नभई शरभ थियो, जस-लाई अंग्रेजीमा ड्रेगन भनिन्छ । अंग्रेजीमा एक जातिको पतङ्ग (घामकिरी अर्थात् गाइनेकिरो) ड्रेगन फ्लाई कहलाउँछ । भुजङ्गको शरभसितको साहचर्यले नै कालान्तरमा यसलाई 'झिंगो' तुल्यायो अथवा आरम्भमै यसका अनेकौं अर्थमध्ये एक 'झिंगो' थियो, यो कुरो खोज्न बाँकी छ । संस्कृतको 'पतङ्ग' शब्दका अनेकौं अर्थ (चरा, सलह, शरभ, फटेङ्ग्रो आदि) थिए । यी सबैमा उड्ने धर्म भएकाले पछि हिन्दीले यसमा एक नयाँ अर्थ (चङ्गा) थपिदियो । यस्तो लाग्दछ, 'पतङ्ग'को पर्याय भएर नै 'भुजङ्ग'ले पनि नेपालीमा 'चङ्गा' शब्द जन्मायो । यो अवश्य पनि खश संस्कृतमा पतङ्गार्थमा थियो भन्ने सङ्केत 'भुजङ्ग'का दुई नेपाली सन्तान ('चङ्गा' र 'झिंगो')ले दिन्छन् । द्रष्टव्य छ–'चङ्गा' (शब्दसङ्ख्या ६१) ।

१८८ झिक्नु : स. क्रि. निकाल्नु; ग्रहण गर्नु । यो 'ग्रहण'को पर्याय प्राक्कल्पित 'गृध्यन'बाट प्राकृतमा 'गिज्झणो' हुँदै हिन्दी आदिमा 'खींचना', 'घींचना' इत्यादि भएको छ । नेपाली 'घिच्नु' (नराम्ररी खानु) यसैको गोतिया हो । 'झिक्नु' भने व्यत्ययद्वारा पहिले 'जिघ्नु' हुँदै अन्त्यमा 'झिक्नु' भएको हो ।

१८९ झिजोडा : ना. चापवंशी नरेश नागराज (नागू)का एक पूर्वज (जीजड)ले महाकाली नदीको तटमा बसालेको राजधानी (जीजड)को वर्तमान नाम (झिजोड)बाट आएका (पाण्डे, जोशी आदि थरका) नेपाली ब्राह्मण ।

१९० झुप्पो : ना. फलफूल वा पात आदिको पुञ्ज । यो आयो संस्कृतको 'क्षुपक' (झाडी)बाट । नेपाली 'छोप्नु' र हिन्दी 'छुपना' सगर्भ प्रतीत हुन्छन् ।

१९१ झुस्नो : ना. आगो सल्काएर कतै धुवाँउन अथवा पट्टी आदि बाँध्न प्रयोग गरिने कपडाको धरो । यसको मूल संस्कृत 'धूमपट' अथवा 'धूमकर' दुई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विकल्पमध्ये पहिलो चाहिं धेर घतलाग्दो छ ।

१६२ झोरा : ना. १. जङ्गल; झाडी; वन । २. जङ्गल फाँडेर गरिएको नयाँ हालाबादी जग्गा; उक्त जग्गा भएको इलाका । प्रस्तुत शब्द अझ पुरानो 'झोडा'बाट जन्मेको हो । नेपालमा कोशीपूर्वको तराईमा यो शब्द प्रचलित छ । त्यहींका स्थानीय भाषाबाट नेपाली भाषाले ग्रहण गरेको आगन्तुक शब्द हो यो । यसको मूल संस्कृतको 'झुण्ड' (झाडी) शब्द हो । ठीक यही अर्थमा हिन्दीमा 'झोंटा' र 'झोंट' प्रचलित छन् । मोरङतिर गोलमालको अर्थमा 'झोर' शब्द बोलिन्छ, त्यो पनि यही 'झुण्ट'को उपज हो । अनुनासिक ध्वनि णकार गुमाएपछि 'झुण्ट' बन्दछ 'झुट' । अनि उकार परिवर्तित भई ओकार बन्न जांदा 'झुट' पनि बन्दछ 'झोट' । यसपछि सजिलैसित 'झोडा' र 'झोरा' क्रमशः पाइन सक्छन् । हिन्दीमा पाइने वथानवाची 'झुण्ड' शब्द पनि 'झुण्ट'को नै सन्तान हो । 'झुण्ट'-बाट 'झुरा' नजन्मी 'झोरा' जन्मनाको कारण थाहा पाउन सकिएको छैन । बङ्गलाका धुति (धोती), रुटि (रोटी), हुँस (होश) आदिमा पनि हामी समान ध्वनि–भिन्नता पाउँछौं ।

१६३ झोल : ना. रस; तरल पदार्थ । संस्कृतका पानीवाची दुई शब्द ('क्षर' एवं 'जल') 'झोल'को मूलका निम्ति प्रस्तावित हुन सक्छन् । 'क्षर'को क्षकारबाट झकार प्राप्त भएका उदाहरण 'झरी', 'झर' आदि शब्दले दिन्छन् । पुनः रकार एवं लकारको अभेदले गर्दा 'झर' हुन सक्छ 'झल' । निकटमा सामुन्ने लकार भएको स्थितिमा आरम्भको जकार स्वतः झकार हुने उदाहरण प्रस्तुत गरेको छ संस्कृत 'जाल'बाट उत्पन्न 'झ्याल'ले । अतः 'जल' पनि यस स्थितिमा 'झल' हुनसक्छ । परन्तु 'झल' शब्द 'झोल' हुने आवश्यकता किन पऱ्यो, भन्न गाहारो छ । हुनसक्छ, संस्कृतको 'घोल' (घोलिएको वस्तु अर्थात् पानी मिसाई तरल तुल्याएको वस्तु)को प्रभाव परेको होस् 'झोल'को निर्माणमा । द्रष्टव्य छन्–'झरी' (शब्दसङ्ख्या १४६) र 'झ्याल' (शब्दसङ्ख्या १६४) ।

१६४ झ्याउ : ना. १. कांका-फर्सी मैं लहरा हुने वनस्पतिको झ्याङ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२. घरभित्र हावा, घाम, प्रकाश छिरोस् र भित्रबाट बाहिर हेर्न मिलोस् भनी बनाइने खास प्रकारको द्वार; वातायन; मारु ।

उक्त दुवै अर्थमा नेपाली भाषामा झ्यालको प्रयोग सर्वत्र प्रचलित पाइन्छ । यी दुवै अर्थमा प्रस्तुत शब्द संस्कृतको 'जाल'बाट आएको हो । संस्कृतमा 'जाल'-का अनेकौं अर्थ थिए, जसमध्ये एक अर्थ (माझीको जाल; जाली) बुझाउन नेपाली-मा झकारको प्रयोग नगरी मौलिक जकारबाटै काम लिइन्छ । माथि उल्लिखित दुई अर्थमा भने 'जाल' हुन पुगेको छ झ्याल । यति मात्र होइन 'जा' ध्वनि सोझै 'झा' नभई 'झ्या' भएको छ नेपालीमा । यसरी शब्दको आरम्भमा आकार हुनु-पर्ने ठाउँमा याकार हुने प्रवृत्ति नेपाली भाषामा भर्खरै 'फाल्नु' क्रियापदमा पनि देखिदैछ । भर्खरका तरुण छिमलहरूमा यो शब्द 'फ्याल्नु' सुनिन लागेको छ । संस्कृतको 'जाल' शब्दको एक अर्को अर्थ (पीरो)मा कतिपय छिमेकी भाषा (हिन्दी, बङ्ला इत्यादि)मा 'झाल' शब्द पाइएको छ । अतः प्रस्तुत शब्दको आरम्भको जकारको महाप्राणीभवन नेपालीको मात्र प्रवृत्ति नभई हिन्दी आदिको पनि ठहरिन्छ । परन्तु 'झा'का ठाउँमा 'झ्या'को आदेश भने नेपालका भाषाहरूको साझे प्रवृत्ति ठहरिन्छ । प्राचीन नेवारीमा पनि द्वितीय अर्थमा 'झ्याल' पाइएको छ । प्रथम अर्थ नेवारीमा फेला परेको छैन ।

'झ्याल' शब्द नेवारीबाट नेपालीमा आएको मानिन्थ्यो, परन्तु अब यो संस्कृतमूलक प्रमाणित भइसकेकोले यो विवाद निरर्थक छ ।

नेपालीको 'झार' शब्द पनि झट्ट हेर्दा यसै (जाल) मूलको झैं प्रतीत हुन्छ, परन्तु यो संस्कृत झाट (झ्याङ; जङ्गल; झाडी)बाट आएको हो । धेरै सम्भव छ, 'जाल'लाई 'झाल' (>झ्याल) तुल्याउने कार्य यसै 'झाट' वा 'झार'ले गरेको होस् । द्रष्टव्य छ–'झार' (शब्दसङ्ख्या १५५) ।

१६५ टाकुरो : ना. पर्वतको चुचुरो वा थाप्लो । यसको संस्कृत मूल 'ठक्कुर' अझ प्राचीन तुर्केली 'तागोरे'बाट आएको हो । ठाकुर, ठकुरी आदि शब्द सगर्भ हुन् ।

१६६ टीठ : ना. दया; करुणा । यस शब्दको मूल संस्कृत 'दृष्टि' (हेराइ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वा आँखा) हो। नेपालीमा हाल प्रचलित 'दीठ' (दृष्टि) र 'डिट्ठा' (एक पदवी) पनि सगर्भ शब्द हुन्। 'दृष्टिको' शब्दारम्भको दकारका ठाउँमा टकारको आदेश 'दीठ'भन्दा पृथक् अर्थ ज्ञापित गर्ने भाषिक प्रवृत्ति पनि हुनसक्छ र पैशाची प्रभाव पनि हुनसक्छ।

१६७ टुँडो : ना. १. कलमको, लेख्दा कागतमा रगडिने, चोसो। २. जौ, गहुँ आदिका फलमा बाहिरी आवरण (खोस्टो वा चोकर) नफालिएको अवस्थामा प्रत्येक दानुको टुप्पामा हुने रोम 'प्रमाणको झुस। कुनै–कुनै धानमा पनि यस्तो हुन्छ। यसको संस्कृत मूल हो 'तुण्ड'। परन्तु 'तुण्ड'को अर्थ 'टुँडो'-को भन्दा व्यापक थियो। यो शब्द अनेकौं अर्थ (मुख; चोसो; थुतुनो; चराको चुच्चो; हतियारको टुप्पो)मा प्रयुक्त हुन्थ्यो। हिन्दू मात्रका मङ्गलदायी देवता गणेश बाङ्गो सुँड (अर्थात् थुतुनो) भएकै आधारमा वक्रतुण्ड थिए।

१६८ टूटी : ना. करुवा, सुराही, कलशारो आदिको पानी झर्ने (करुवा आदिको हकमा अन्य तरल पदार्थ समेत झर्ने) चोसे अवयव। यसको मूल हो संस्कृतको 'त्रोटि' अथवा 'त्रोटी'।

१६९ टेहरी : ना. टिहरी गढ्वाल। 'कतेवरी' (कर्तृपुरी) हुनु पर्नेमा यो कारणवश आरम्भको तकार हटाई केवल 'तेवरी' भयो र पुनः 'टेहरी' भयो। उत्तरमा कत्युरीहरूको 'कतेवर' निकै परिवर्तित भए तापनि दक्षिणका कत्युरी (कलचुरी)हरूको 'तेवर' थोरै परिवर्तित छ। यो 'तेहर' भएको छैन। नेपाली थर तिवारी पनि यस्तै कुनै तेवर (कर्तृपुर)को उपज हो। कात्तिके चाड 'तिहार' समेत 'दीपहार' नभई तिवार वा तेवार (कातिकवासर) हुन बेर छैन। उहिले कार्तिकायन संस्कृतिको चकमक भएका बेलामा कृतिका नक्षत्रको स्थान प्रथम र कार्तिक महीना नववर्षारम्भ हुने महीना थियो। द्रष्टव्य छन्–'कटारीमल' (शब्दसङ्ख्या २१) तथा 'तोरमाण' (शब्दसङ्ख्मा १९८)।

१७० टोड्को : ना, १. रूख आदिमा सुगा झैं चराहरूले गुँड लगाउन मिल्ने अथवा कोटेरा झैं चराहरूले गुँडका रूपमा स्वयं निर्माण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरेको खोपो । २. शरीर, भित्ता आदिमा कुनै कारणले हुन गएको गहीरो छिद्र । प्रस्तुत शब्द गुँडवाची 'कोटर'को व्यत्यय हो । द्रष्टव्य छ–'गुँड' (शब्दसङ्ख्या ७५) ।

१७१ **ठकुरी** : ना. नेपाली सर्वोच्च क्षत्रिय जाति; नेपाली राजपूत । यो तुर्केली 'तागोरे'बाट आयो । तुर्केली मूल अझै 'बाबा ठाकुरे'मा छँदैछ ।

१७२ **ठाँडो** : ना. १. टन्टा वा झमेला उत्पन्न गर्ने कुनै पदार्थ । यसको मूल संस्कृतको 'तन्त' (इच्छा) हो । २. बरफ; तुसारोद्वारा तरलपन छोडी ठोस बन्न पुगेको जल; ठाँटो । यो चाहिं अर्थमा 'ठाँटो' आउँछ संस्कृत 'तान्त' (थाकेको; कष्टकारी; ओइलाएको; श्रान्त)बाट । ज्यादा चिसो वस्तु कष्टकारी हुन्छ र त्यसले थकाउनु पनि सम्भव छ ।

१७३ **ठाहिंलो** : वि. काहिंलोभन्दा कान्छो । यो अपभ्रंशको प्राक्कल्पित 'तज्झिल्ल' ('मज्झिल्ल'को 'मज्'लाई भ्रमवश 'मत् झिल्ल' ठान्नाको परिणाम हुनसक्छ) । द्रष्टव्य छन्–'साहिंलो' (शब्दसङ्ख्या ३७७), 'माहिंलो' (शब्दसङ्ख्या ३७७), 'काहिंलो' (शब्दसङ्ख्या ३२) आदि ।

१७४ **ठिहिर्याउनु** : अ. क्रि. चिसोले गर्दा जाडो अनुभव हुनु । संस्कृतको 'शीतल' खस प्राकृतमा 'ठीयर' (चिसो) हुनसक्छ । त्यसैको नामधातु हो प्रस्तुत शब्द । हुनुपर्थ्यो 'ठिर्‍याउनु', परन्तु बीचमा श्रुतिध्वनि (glide)का रूपमा 'हि' पसिदिएको छ ।

१७५ **ठिही** : ना. जाडो वा ठन्डी । संस्कृत मूल 'शीत' प्राकृतमा 'शिओ' हुन्छ । खस प्राकृतमा यो 'ठीअ' हुँदै 'ठी' भयो । अचेल लेखाइमा चाहिं 'ठिही'को चलन छ ।

१७६ **डङ्गुर** : ना./वि. थुप्रो; रास । यो संस्कृतको 'दुर्ग'बाट आएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हो । हिन्दी 'डुँग' वा 'ढूह' (राशि; डिस्को) सगर्भ उदाहरण हो । नेपाली 'ढुङ्गो' सगर्भ हो भने 'डिङ्गुर' सगर्भ रूपान्तर हो । 'प्रचुर', 'वहुल', 'वर्तुल', 'मधुर' आदिको सादृश्यमा संस्कृतमा 'दुर्गुर' प्राक्कल्पित हुनसक्छ । त्यही 'डङ्गुर'को खास मूल हुनसक्छ । द्रष्टव्य छ–'ढुङ्गो', (शब्दसङ्ख्या १९१) । पहिले 'डङ्गुर' ढुङ्गाको थुप्रो मात्र हुने गर्थ्यो भन्नेतर्फको छनक निर्वचनबाट मिल्दछ ।

१७७ डर : ना. भय; त्रास; कातरता । यो शब्द आएको हो सोझै संस्कृतको 'दर'(भय)बाट । दन्त्य दकारको ठाउँमा मूर्धन्य डकारको विकासको कारणमा पश्चवर्ती 'र' ध्वनिको कतिसम्म हात छ, छलफल हुनुपर्ने कुरो हो । यसभन्दा अर्को रोचक कारण 'डर'को निर्वचनका निम्ति दिनु सम्भव छैन । नेपाली भाषामा अनेकौं शब्द जन्माउने 'डर'को इतिहासले संस्कृत 'दर'लाई स्पर्श गर्नु खुशीको कुरो हो ।

१७८ डाँडा भाटा : ना. घर, कटेरा आदिको छानामा दिइने क्रमशः धुरीदेखि बलेसीसम्मका (डाँडा) र प्रथम डाँडादेखि अन्तिमसम्मलाई भेट्ने गरी तेर्साइएका भाटा वा काठ (भाटा)को सामूहिक पर्याय । तुलनीय छ मैथली 'कोरो-बत्ती' । प्रस्तुत नेपाली शब्द संस्कृतको 'दण्डवर्त्तिका'बाट आएको हो । अन्तिम 'भाटा' (वा 'भाटो') दकारबाट भकार भएको 'बाटो' शब्दको उपस्थितिले गर्दा हुनसक्छ । अन्यथा 'भाटा'का सगर्भ (वत्तिनु, बत्त्याउनु आदि)मा व–ध्वनिको महाप्राणीभवन पाइँदैन ।

१७९ डाँडो : ना. पर्वतश्रेणी; पर्वत । यो झट्ट हेर्दा संस्कृत 'दण्ड'को गर्भज देखिन्छ । परन्तु तुर्केली 'डागी' शब्दले यसको खस मूल 'डाट' (प्राकृत 'डाडो'>डाँडो) भएको छर्लङ्ग हुन्छ । प्राचीन खस भाषामा पर्वतवाची अर्को 'डाको' शब्द पनि थियो, त्यसबाट 'डाकिनी' (पर्वतकी देवी) उद्भूत भयो । टाकुरो, ठकुरी, तागोरे (तुर्केली शब्द) पनि सगर्भ हुन् । तुर्केली भाषाको नियमअनुसार गि वा कि ध्वनि स्वरमध्यगत अवस्थामा मूक हुने हुँदा 'डागी' (पर्वत)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

को उच्चारण 'डाइ' सुनिन्छ । यही कारणले हुनसक्छ नेपालीमा पनि 'डाकिनी' नभनी प्राय: 'डाइनी' (शब्दसङ्ख्या १८०) भन्ने चलन छ ।

१८० डाइनी : ना. डाकिनी देवी । यी 'सैनी' (श्येनकी शक्ति) अर्थात् बाज–देवी प्रतीत हुन्छिन् । तुर्केली भाषाको डाँडोवाची 'डागी'को गि–ध्वनि तुर्केलीमा इ–ध्वनिका रूपमा उच्चरित हुन्छ । अत: 'डाइनी' पर्वतकी देवी हुन् । सैनी हुन् । बाज–देवी हुन् । तर यी डङ्किनी अथवा दाहिनी होइनन् ।

१८१ डिही : ना. लेकको खर्क जस्तै वेंसीको यामिक बस्ती; त्यस्तो बस्ती वसाल्न मिल्ने अथवा कुनै सयममा त्यस्तो बस्ती वसिसकेको स्थल । यसको हिन्दी सगर्भ 'डीह' (गाउँ; गाउँ भत्केर उजाड भएपछि बनेको ढिस्को) हो । यसको मूल संस्कृतको 'देश' (बस्ती) हुनसक्छ । दकारको स्थानमा डकारको अनि शकारको ठाउँमा हकारको आदेश भई जन्मियो 'डिही' । ज्ञातव्य के छ भने 'देहात' पनि आएको हो 'देशान्त'बाट ।

१८२ डोय : ना. नेपाल उपत्यकाको एक प्राचीन मूर्तिभञ्जक जाति । कतिले सम्पूर्ण तिरहुतेहरूलाई 'डोय'को संज्ञा दिएका छन् । परन्तु प्राचीन नेपालका मूर्तिभञ्जक तिरहुते मात्र डोय थिए र यसै अपराधको परिणामस्वरूप उपत्यकाका स्थाता नरेश स्थितिमल्लले छाँटले उनीहरूलाई नगर प्रवेश गर्न नदिई पाख्या हुन वाध्य तुल्याए । पाख्या भएर डोयहरू रातोमाटो (सुइचा) र गोलफुकी (मुरी)को धन्दा गर्दा-गर्दै ती अचेल डुइ याँ वा डुइँचा भएका छन् । छाँटले ती भैरव उपासक थिए र नै जब पृथ्वीनारायणले यिनीहरूलाई पाख्याबाट शहरिया तुल्याए यिनले इन्द्रजात्राको दिन भक्कुको वध गर्ने भूमिकामा भैरव हुने अधिकार मागे । त्यो यिनीहरूलाई प्राप्त भयो ।

१८३ ढँडारमस्ट : ना. मस्ट उपासना अनुसार भुवोपरिवारको एक सदस्य । 'ढँडार' शब्दको भाषिक निर्वचनले यसलाई पुराणप्रसिद्ध कर्मकाण्ड विरोधी 'धुन्धुकारी'सम्म पुर्याउंछ । 'धुन्धुकार'मा '–ई' प्रत्यय जोडिएर बन्दछ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

'धुन्धुकारी', जसको अर्थ हुन्छ 'धुन्धुकारवाला' । अत: 'धुन्धुकारी'लाई बुझ्न धुन्धुकारलाई बुझ्नु आवश्यक छ । धुन्धुकार कुनै कर्मकाण्डविरोधी उपासना थियो झैं प्रतीत हुन्छ । त्यस उपासनाका उपास्यदेव धुन्धुकार थिए ।

पुराणमा धुन्धुकारीलाई ब्राह्मण जातिमा जन्मिएको बताइएको छ । उसलाई अधर्मी र पापी भन्दै मरेपछि प्रेतयोनिमा पुगेको बताइएको छ । यसबाट धुन्धुकार उपासनाको आधार प्रेत उपासना थियो कि भन्ने छनक मिल्छ। संस्कृत प्रेत र ग्रिसेली पुराकथाका मृत्युदेव प्लेटोका बीचमा नामसाम्य कम छैन । अत: ढँडारमस्ट वा धुन्धुकारमस्ट वास्तवमा प्रेतराज प्लेटो थिए। भागवत महापुराणको दावी छ धुन्धुकारीले आजीवन धर्मको विरोध गरेपनि उनका भाइ गोकर्णले भने धर्मको पालना गरे । तिनको धर्मले गर्दा धुन्धुकारीले समेत सद्गति पायो ।

मस्ट उपासनाका अन्य अधिकतम शाखाहरू झैं ढँडार (धुन्धुकार) शाखा पनि नागमूलीय हो होइन, खोजी हुनु बाँकी छ । प्रेतको निवास नरक भएको हुँदा प्रेतत्वमा नागत्वको आभास भने प्रशस्त आउँछ । परन्तु ढँडार कहाँनिरको बाल हो, तोकेर बताउनु गाहारो छ । द्रष्टव्य-'पाल' (शब्दसङ्ख्या २४२), 'मस्ट' (शब्दसङ्ख्या ३१२) तथा 'प्रेत' (शब्दसङ्ख्या २५०) ।

१८४ ढाँड : ना. नदी वा खोलाको विशालकाय, प्राय: अचल, ढुङ्गो। यसको संस्कृत मूल हो 'स्थाणु' । शब्दान्तको डकारले स्वार्थिक 'त' प्रत्ययतिर सङ्केत गर्दछ ।

१८५ ढाँडे मस्ट : ना. मस्ट उपासना अन्तर्गत भुवो (आदिमस्ट) को एक सन्तान । यो पनि नाग (पाणि)हरूको 'बाल'को नै एक भेद देखिन्छ । कादेश नामक स्थलमा उहिले स्थानीय बालका रूपमा पूजा हुन्थ्यो 'दत्त' (Dattos)को । त्यही 'दत्त' संस्कृत वाङ्मयमा जैनधर्मका 'वासुदेव' (सातौं तीर्थङ्करका अंश) भनिन्छन् । छाँटले संस्कृत वाङ्मयमा प्रवेश पाउनुभन्दा पूर्व यो कादेशेली बाल (अर्थात् दत्त) 'धत्त' भए झैं लाग्दछ । कुमाऊँ सांस्कृतिक परिषद्का अध्यक्ष डा. यमुनादत्त वैष्णवले इजरायलकी खसतत्वविद् महिलाको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुलिया दिदै लेखेको एक पत्रमा ती महिलाले इजरायलको जेरिको नामक नगरमा धेरै प्राचीन कालमा खसहरूको बस्ती भएको उल्लिखित छ। यदि खस जनसङ्ख्याको विस्तार जेरिकोसम्म भएको थियो भने ती कादेशमा पनि थिएनन् भन्न मिल्दैन। कतिपय खसविद्का दृष्टिमा 'खोकन्द' केही पुरानो 'खसखण्ड'को अपभ्रंश भए झैं कादेश पनि कशदेश अर्थात् खसदेश हुनसक्छ। नाग जातिको दत्त उपासनालाई कादेशका खसहरूले पूर्व ल्याए। अतः दत्तमस्त (धत्तमस्त) नै कालान्तरमा भुवोको एक भाइ पुत्र (ढाँडेमस्ट वा ढाँडमस्ट) हुन पुग्यो।

'धत्त'बाट 'ढाँड' निकै लामो बाटोबाट मात्र उपलब्ध हुनसक्छ। हाम्रो मस्ट उपासनाको मूल आधार नागहरूको 'बाल' भएको हुँदा र 'बाल' देवताको कुनै पनि स्थानीय भेदको नाम 'धत्त' (दत्त) जति धेर 'ढाँड' वा 'ढाँडे'सँग मिल्ने फेला नपरेकाले सो फेला नपरुन्जेलको लागि 'दत्त' (धत्त)लाई नै प्रस्तुत शब्द (ढाँड वा ढाँडे)को मूल मान्नु वेस छ। द्रष्टव्य–मस्ट (क्रम), भुवो (क्रम) तथा बारमस्ट (क्रम)। 'ढाँडेमस्ट'को निम्ति अझ धेर चित्तवुझ्दो स्रोत हो कत्युरमान (हेफलात)हरूको कुलदेवता 'थाणु' पनि। यो संस्कृतको 'स्थाणु' (शिव)बाट आएको हो।

१८६ ढिकुटी : ना. ढुकुटी; भँडार; खजाना। यसको मूल नेपाली 'ढिको' (संस्कृत 'अघृष्ट') हो। नेवारी 'ढेवा', भोजपुरी 'ढेउवा', नेपाली ढ्याक आदि यसका सगर्भ हुन्। हिन्दीको 'ठीकुरी' (ढुङ्गो) अनि 'ठीकरा' (खवटा; रुपियाँ–पैसा)पनि सगर्भ हुन्। मैथिली 'ढेङ' (मूढो) तथा नेपाली 'ढिकी' पनि सगर्भ हुन सक्छन्। ढ्याक वा ढिको (सून, चाँदी आदिको) राखे स्थलका नाताले यो 'ढिकुटी' कहलायो। द्रष्टव्य छ–'ढिको' (शब्दसङ्ख्या १८८)।

१८७ ढिकुरो : ना. थुम्को; ढिस्को; चुली। यसको निर्वचनको निम्ति तुलनीय छ–'ढिको' (शब्दसङ्ख्या १८८)को प्रथम अर्थ।

१८८ ढिको : १. ना. पहाड आदिको थुम्को। २. नून, मिस्त्री, फिटकिरी आदिको नपिसिएको डल्लो। ३.सून–चाँदी आदिको डल्लो। प्रथम अर्थको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मूल संस्कृत 'अधित्यका' (लेक) हो। दोस्रो र तेस्रो अर्थको मूल संस्कृत 'अघृष्ट' (नपिसिएको) हो। शब्दारम्भको आकारको लोप नेपाली, हिन्दीमा अन्यत्र पनि पाइन्छ, जस्तै–डोटेली 'झिक' (अधिक), हिन्दी 'असवार' (सवार) आदि। 'अधित्यका' प्राचीन नेपालीमा प्राक्कल्पित 'अधिको' हुँदै 'ढिको' (ढिकुरो) भयो। त्यसै गरी 'अघृष्ट' पहिले 'अघिट्ठो' अनि 'अघिठो' र त्यसपछि 'घिठो' भयो। अनि व्यत्ययद्वारा यो क्रमशः 'ठिघो' र 'ठिको' भयो। र अन्त्यमा 'ढिको' भयो। नेवारीको 'ढेवा' (पैसा), भोजपुरीको 'धेउवा' (पैसा), नेपालीको 'ढ्याक' वा 'ठ्याङ्रो' (पैसा) अनि हिन्दीको 'ठीकुरी' (ढुङ्गो) सगर्भ शब्द हुन्। हिन्दीको 'ठीकरा' (खवटा; रुपियाँ–पैसा) पनि सगर्भ हो।

१८९ ढिलो : वि. हिँड्दा, काम गर्दा, खाँदा, बोल्दा वा केही कार्य गर्दा चाहिनेभन्दा धेर समय लगाउने। यो संस्कृतको 'शिथिल'बाट आएको हो। प्राचीन पार्सीमा झैं खस प्राकृत वा खस संस्कृतमा पनि शकार थकार (अनि त्यसपछि ठकार र ढकार) हुने प्रक्रिया छँदै थियो। अझ 'शिथिल'को शब्दमध्यस्थ 'थि' ध्वनिले यस कार्यमा वल दियो। द्रष्टव्य छ–'ठिही'(शब्दसङ्ख्या १७५)।

१९० ढुकुर : ना. झन्डै परेवा जस्तो तर घुर्नें साटो कुर्लिने एक जङ्गली पक्षी। यसको शाब्दिक साहिनु 'ढुक्रिनु' क्रियासँग छ। हिन्दी 'पंडुक' (ढुक्कुर)को अन्त्यको 'डुक'ले 'ढुकुर'सँग साहिनु देखाउँछ। 'पंडुक' छाँटले 'पानीढुकुर' हो। संस्कृतको 'डुकृञ्' (गुहार माग्दा मुखबाट निकाल्ने शब्द)सित कुनै किसिमको 'ढुकुर'को साहिनो छ। नेवारीका 'दोंह' (साँडे) र 'धुँ' (बाघ)पनि सम्वन्धित हुनसक्छन्। मुटुको 'धुकधुकी'पनि यही 'ढुक'सित सम्वन्धित प्रतीत हुन्छ।

१९१ ढुङ्गो : ना. १. पृथ्वीको सतह वा गर्भमा पाइने, धातु, क्षार आदि खनिज बाहेक, ठोस तथा भञ्जनशील पदार्थ; प्रस्थर; पत्थर (हीरा यूँ, पन्ना आदि समेत); पाषाण। २. राज्य (पृथ्वीनारायणको अभिलेखमा)।

प्रस्तुत शब्द (ढुङ्गो)को मूल संस्कृतको 'दुर्ग' (गढ; किल्ला) देखिन्छ। प्राकृतमा यो 'दुग्ग' पाइन्छ। रकारको सान्निध्यले 'दर' शब्द 'डर' भए झैं 'दुर्ग'

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पनि कश प्राकृतमा 'डुग्ग' भएको बुझिन्छ। उहिले 'दुर्ग' निर्माण गर्दा पहाडका टाकुरा खोजिन्थे। यसरी आरम्भदेखि नै 'दुर्ग'को पहाडसँग सम्बन्ध भएकाले त्यसको गर्भमा 'चट्टान' वा 'ढुङ्गो' जस्ता अर्थ निहित हुनु स्वाभाविक थियो। अझ गढ सभ्यताको प्रारम्भिक समयमा 'दुर्ग' केवल 'टाकुरो' मात्र रहेको हुनसक्छ। पछि गढसभ्यताको विकासका साथै दुर्गलाई सुरक्षित राख्न 'परिखा' (दुर्गको चारै हातामा खनिने गहीरो आडा), 'प्राचीर' (दुर्गको चारैतिर बनाइने अग्लो पर्खाल) आदि निर्मित हुन लागे। मैदानी दुर्गहरूमा ढुङ्गा सुलभ नहुने हुँदा परिखा र पहाडी दुर्गमा चाहिँ प्राचीरको चलन थियो। धनी राज्यहरूले मैदानी दुर्गमै पनि प्राचीर बनाउँथे ईँटका सहायताले अथवा टाढा–टाढाबाट ढुङ्गा ओसारेर। प्राचीन कालमा प्राचीरयुक्त दुर्ग नै धेर लोकप्रिय थिए। प्राचीरको निर्माणमा सम्पूर्ण कार्यको आधार ढुङ्गो भएकाले 'दुर्ग'बाट उत्पन्न 'डुग्ग' ले पाषाणको अर्थ ग्रहण गऱ्यो। कल्याणकारी राज्यहरूमा राजभवन मात्र प्राचीरबाट नघेरिई पूरै राजधानीलाई (ग्रीस र रोमका नगर राज्यमा झैं) र पूरै राज्यलाई (चीनमा झैं) घेर्ने पनि चलन थियो। यसैको आडमा 'ढुङ्गो'ले विकास गऱ्यो राज्यार्थ (पृथ्वीनारायणका अभिलेखमा पाइए झैं)। ज्ञातव्य के छ भने हिन्दीको 'डुग्ग' (ट्याम्को) पनि 'दुर्ग'सँग सम्बन्धित छ। खतरा वा विशेष समारोहमा 'दुर्ग'बाट जनतालाई सतर्क गराउन वा बोलाउन बजाइने बाजा थियो यो।

'ढुङ्गो'को ङकार यवन प्रभाव हुनसक्छ। यवन भाषामा संयुक्त व्यञ्जन--ग्ग-स्वतः-ङ्ग-बन्दछ। अथवा यो ङकार संस्कृतको द्रङ्ग (नगर; शहर)को सादृश्यमा पनि विकसित भएको हुनु सम्भव। कुनै-कुनै दुर्गहरू 'द्रङ्ग' (नगर) पनि हुन्थे (खासगरी) पुरै राजधानीलाई प्राचीरले घेर्दा। लकारको सान्निध्यमा 'जाल' 'झ्याल' (<झाल) भए झैं रकारको सान्निध्यमा दुर्ग 'ढुङ्गो' भएको छ महाप्राणीभवनको प्रवृत्तिका साथमा। द्रष्टव्य–मूर्धन्यीभवनका लागि 'डर' (शब्दसङ्ख्या १७७) र महाप्राणीभवनका लागि 'झ्याल' (शब्दसङ्ख्या १६४)।

१८२ ताम्बाकोशी : ना. जनकपुर अञ्चलमा सुनकोशीमा मिसिने एक नदी। सम्भवतः यो 'ताम्रकौशिकी' होइन। यो 'तम्बा' (तमू जातिको निकटस्थ) 'खुसी' (नदी) हो। कुसुन्डाहरू पूर्वी नेपालसम्म भएको र पछि आउने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खस-किरातहरूले तिनकै 'कुश' संज्ञाको आधारमा नदीको नाम राखेको यसबाट छनक मिल्दछ। द्रष्टव्य छन्–'कुसुन्डो' (शब्दसङ्ख्या ५०), 'गुरुङ' (शब्दसङ्ख्या ७७) आदि।

१८३ **ताङ्गा** : ना. विद्वान् इतिहासकार मोहन प्रसाद खनालले चाँगु नारायणका अभिलेखहरूमा खोजे अनुसार नेवारी भाषा र भाषाभाषीको निम्ति लिच्छविकालीन नाम। द्रष्टव्य छ–'थारू' (शब्दसङ्ख्या २०२)।

१८४ **तिर्खा** : ना. १. पानी खाने इच्छा; शरीरमा जलतत्वको कमीले गर्दा उत्पन्न हुने क्षतिपूरक लालसा। २. बास्ना; तृष्णा; इच्छा। यो आयो संस्कृतको 'तृषा'बाट। 'तीस' शब्द तिर्खाको अर्थमा नेपालीका पश्चिमी भाषिका (डोटेली आदि)मा पाइन्छ (स्त्रीलिङ्गमा)। संस्कृत 'तृष्णा'पनि 'तृषा'को भिन्नार्थक सगर्भ हो। नेपालीमा हुनुपर्थ्यो 'तीख', तर 'तीखो'को कारणले हो अथवा कुनै अर्कै कारणले हो ऋकारको साटो रेफको आदेश भएको छ। खस प्राकृतको मूल प्रवृत्ति यो हो होइन, यसबारे खोजी हुनु आवश्यक छ। परम्परागत धारणा अनुसार 'तिर्खा' अर्धतत्सम ठहरिन्छ।

१८५ **तिहार** : ना. दीपावली चाड। यो संस्कृतको 'दीपकहार'बाट आयो। दीअअहार> दिहार हुँदै यो 'तिहार' बनेको छ। हिन्दीमा यो 'त्योहार' छ। दकारको ठाउँमा तकारको आदेश सम्भवत: 'टेहरी', 'तेवर' जस्ता शब्दको प्रभावले गर्दा भएको हुनुपर्छ।

१८६ **तुर्को** : ना. पानीको खण्डित धारा। यसबाट जन्मिएका छन् तुरुक्क, तुर्क्याउनु आदि अनेकौं शब्द। यसको मूल संस्कृतको 'धारकृत' हो। द्रष्टव्य छ–'दर्को' (क्रम)। यसको सम्बन्ध 'तुर्की' (टर्कीको जाति)सँग छैन। 'तुर्की'को सम्बन्ध 'दुर्ग' वा 'दुर्गा'सँग छ। 'तुर्की' भनेको माता दुर्गा (कुवेला, कमला, मागना मातेर, अन्ना)को देश अर्थात् 'आना तोलिया' हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१९७ तोमर : ना. दिल्लीको एक प्रसिद्ध राजवंश; चौहानवंशभन्दा पुरानो एक राजवंश। शब्दको बनोटले 'तोमर' कुललाई 'तोरमाण'सँग सम्बन्धित देखाएको छ। स्वयं तोरमाणको कुल 'कतोरमाण' (कत्युरःमाण) भएको र अवेलका केही राजनाम (कटारीमल आदि)सँग यसको सम्बन्ध भएको बारे निकै तर्क पेश गर्न सकिन्छ। अत: तोमरकुल पनि अझ पुरानो 'कतोमर' (कतोरमाण)को परिष्कार प्रतीत हुन्छ। द्रष्टव्य छन्–'तेवारी' (शब्दसङ्ख्या १९९), 'कटारीमल' (शब्दसङ्ख्या २१), 'टेहरी' (शब्दसङ्ख्या १९९), 'तिहार' (शब्दसङ्ख्या ९५)।

१९८ तोरमाण : ना. तथाकथित हेफलात (श्वेत हूण) वंशका प्रतापी नरेश; राजा मिहिरकुलका पिता। यो राजाको कुलनाम कतोरमाण (कटोरमल, कटारीमल आदिसँग तुलनीय) हुनु सम्भव छ। यी कत्युरी कुलको मध्यएसियाली शाखासँग सम्बन्धित वंशका हुन्। हूणहरूसँग धेरै कालदेखि यिनका पुर्खा सँगै रहेका हुँदा यिनीहरूको पहिरन आदिमा हूण प्रभाव पर्‍यो तापनि यिनले थाणु (कार्तिकेयका पिता शिव)लाई पुज्न छोडेका थिएनन्। यिनमा अझै केदार उपासना जीवित भएको छनक यसले दिन्छ। द्रष्टव्य छन्–'कटारीमल' (शब्दसङ्ख्या २१), 'कात्तिके' (शब्दसङ्ख्या ३५), तथा 'कटेहरिया' शब्दसङ्ख्या २२)।

१९९ थरोट : ना, थारू जातिको गाउँ वा टोल। यो थारूहरूको 'आवर्त' हो अथवा 'हट्ट' (राजधानी) अझै विचारणीय छ।

२०० थाक : ना. थकालीहरूको मूलभूमि; थाक खोला। विकल्पले यो 'थाप'पनि थियो कि भन्ने सङ्केत नेपाली 'थाप्लो'ले गर्छ। अनि यसको सम्बन्ध मगर भाषाको ताक (तालु)सित पनि हुनसक्छ।

२०१ थानी : ना. नेपाली परिवारमा अझै पनि कसै कसैले मान्ने गरेका जागिर्ता अर्थात् मृतकदेव। यसको सम्बन्ध कतोरमाण जातिको थाणु (शिव)सँग के कति छ, भन्न सकिन्न। हाल 'थानी' भन्नाले घरभित्र (वा घरनेरि) थान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(मन्दिर) पाउने देवता मानिन्छ ।

२०२ थारू : ना. नेपाल तराईको सुदूर पूर्वदेखि सुदूर पश्चिमसम्म पाइने एक मधिसे नेपाली जाति । यो प्राचीनकालमा 'तिर' थियो र 'तिरभुक्ति' (तिरहुत) यसै जातिको भुक्ति थियो भन्ने विद्वान्हरूको मत छ । 'तराई' शब्द थारूभूमि (थराई) हो कि भन्ने शङ्का उठ्नु पनि सम्भव छ । काठमाडौंको रैथाने नेवारी भाषालाई कुनै कुनै अभिलेखमा 'तारङ्ग भाषा' भनिएको हुँदा (हेर्नोस् मोहनप्रसाद खनालको चाँगु नारायणका अभिलेखसँग सम्बन्धित ग्रन्थ) थारू र नेवारी भाषाका प्राचीन वक्ता (तारङ्ग)को जातीय मूल एकै हो कि भन्ने तर्क निस्कन्छ । पुन: थारमरूभूमि र त्यसको निकटवर्ती 'किरथार'मा पनि 'थारू'को आभास मिल्दछ । सूबसेन ओली थारूहरू मधिसे मगर भएको मान्नु हुन्छ । सम्भवत: यूरोपतिरको पर्वत (ताउरस) र लेबानिज शहर 'तायर'मा 'थारू'को मूल लुकेको होस् । थारूका प्रकारहरू हुन्–१. कोच्ला (मोरङ्गिया, रजधरिया, सप्तरिया, चितौनिया तथा दङौरा) । २. कनौजिया (कठेरिया, राना तथा बोक्सा) । कोच्लाहरू कोशल' प्रतीत हुन्छन् । द्रष्टव्य छ–'तारङ्ग' (शब्दसङ्ख्या १६३) ।

२०३ थारो ना. १. दण्ड–जरिवाना (उहिले) । २. बाली रोक्का गर्दा, चरणमा वस्तुभाउको प्रवेश निषेध गर्दा वा कुनै क्षेत्रमा सर्वसाधारणको प्रवेश निषेध गर्दा उक्त रोक्का अथवा निषेधका विरोधमा आचरण गर्नेलाई यति दण्ड हुनेछ भनी ढुङ्गो गाड्ने वा झुण्डयाउने चलन (मुलकी ऐन लागू हुने ताकसम्म) । ३. त्यसरी गाडिएको वा झुन्ड्याएको ढुङ्गो । 'थारो'को मूल संस्कृत '(प्र) स्तर हो ।

२०४ थुँगो : ना. फूलको प्रत्येक एकाइँ वा गोटा । संस्कृतको झुप्पोवाची 'स्तवक'बाट 'थअग' हुँदै 'थुङ्गो' भएको बुझिन्छ । वकार लुप्त हुनु अगावैं त्यसले शब्दारम्भको अकारलाई उकारमा ढालेको बुझिन्छ । संस्कृतको 'तुङ्ग' (अग्लो)ले यस शब्दमा अप्रत्यक्ष प्रभाव पारेको पनि हुनसक्छ । मूल भने 'स्तवक' नै हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२०५ थुर्री . ना.कपडा बुन्दा तानाभित्र बाना घुसार्ने एक साधन; सटल । संस्कृतमा यस अर्थमा दुई पर्याय (तुरी तथा तूलिका) छन् । यी दुई 'थुर्री'का सगर्भ हुन् तापनि मूलका दृष्टिले 'तुरी'नै धेर निकट छ ।

२०६ दरा : ना) पर्गन्ना; थुम; थल । यस शब्दले कर्णाली अञ्चलतिर थुप्रै स्थलनाम दिएको छ, जस्तै–असीदरा, बाह्रबीसदरा, पाँचसयदरा इत्यादि । छाँटले आरम्भमा 'दरा' शब्द मौजाहरूको समूह नभई केवल 'गाउँ' थियो । अझै भेरी, कर्णाली र राप्तीहुँदो गाउँलाई 'राज्य' भनिन्छ । स्पष्ट छ उहिलें 'दरा' एक ग्रामराज्य थियो ।

प्रस्तुत शब्दको सम्बन्ध फार्सेलीको 'दर्रा' (भन्ज्याङ) शब्दसित छ । उहिले दरा (ग्रामराज्य)को युगमा एक दरावाट अर्कोमा पुग्न प्राय: भन्ज्याङ नाघ्नुपर्थ्यो । 'दरा' (ग्रामराज्य)ले नयाँ अर्थ (पर्गन्ना) विकास गर्दा पनि दराहरूको भौगोलिक स्थिति प्राय: यथायत् छ । फार्सेली 'दर्रा' (भन्ज्याङ)को सम्बन्ध संस्कृत 'दरा' (कन्दरा; गुफा)सँग पनि हुनु सम्भव छ । द्रष्टव्य–'पर्गन्ना' (शब्दसङ्ख्या २२६) ।

२०७ दर्को : ना.वर्षाको पानीको वेगिलो धारा । यो संस्कृत 'धारकृत'को उपज हो । सगर्भ शब्द हो 'तुर्को' (शब्दसङ्ख्या १९६) ।

२०८ दर्सन्नढुङ्गो : ना. 'छेपाराले चाटेको ढुङ्गो' भन्दा थोरै पारदर्शक, झट्ट हेर्दा नूनको ढिको जस्तो देखिने र चकमकबाट आगो निकाल्न समेत मिल्ने, एक प्रकारको अल्पपारदर्शी ढुङ्गो, दलसिङ्ढुङ्गो; दर्शनढुङ्गो । यो संस्कृतको प्राक्कल्पित 'स्तर' (ढुङ्गो), फार्सेलीको 'शङ्ग' (ढुङ्गो) र संस्कृतको 'दुर्ग' (ढुङ्गो) मिली बनेको तीनढुङ्गे पद हो ।

संस्कृतमा 'पाषाण' कुनै प्रकारको ढुङ्गोलाई बुझाउने सामान्य पद हो । 'प्रस्तर' भने विशेष प्रकारको ढुङ्गो बुझिन्छ र यसको सगर्भ अंग्रेजीको Plaster हो झैं लाग्छ । प्र–उपसर्ग हटाउँदा शेष रहने 'स्तर'पनि अर्थमा 'प्रस्तर' भन्दा बेग्लो हुनुपर्ने कुनै आवश्यकता छैन । अत: प्रस्तरकै अर्थमा 'स्तर'-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

को प्राक्कल्पना सम्भव छ। नेपाली 'ढुङ्गो' शब्द संस्कृतको 'दुर्ग'बाट आएको हो। यी तीनै शब्द मिलेर बन्ने 'स्तरशङ्गदुर्ग'को शाब्दिक अर्थ 'ढुङ्गोढुङ्गोढुङ्गो' लाग्दछ। यसैबाट जन्मियो नेपाली 'दर्सनढुङ्गो' (शङ्ग पत्थर नाम गरेको)। यहाँ तुलनीय छ 'शङ्ग मरमर' (मरमर नामक ढुङ्गो)।

अर्को सम्भव मूल हो फार्सेली 'दर्रा' (भन्ज्याङ) र शङ्ग (ढुङ्गो)मा 'ढुङ्गो' गाँसिएर बनेको दर्राशङ्ग नामक ढुङ्गो (अर्थात् दुर्ग)। फार्सीको 'दर्रा' नेपालीमा 'दरा' (पर्गन्ना) भएको छ। एक भन्ज्याङ र अर्को भन्ज्याङको बीचको भूभाग ठहरिन्छ 'दरा'। अत: भन्ज्याङ नाघी एक दरा (दर्रा)बाट अर्को दरामा जाने ठाउँमा प्राय: पाइने ढुङ्गो पनि हुनसक्छ दर्सनढुङ्गो।

माथिका दुई स्रोत उत्तिकै महत्वपूर्ण भएकाले हाल यी दुईमध्ये कुन चाहिं सही सम्भव मूल हो, भन्न सकिन्न। परन्तु यी दुवैमा फार्सेली 'शङ्ग' र संस्कृत 'दुर्ग' नगाँसी 'दर्शन ढुङ्गो' बन्दैन। द्रष्टव्य–'दरा' (शब्दसङ्ख्या २०६) र 'ढुङ्गो' (शब्दसङ्ख्या १९१)।

२०९ दाउरो : ना. आगो बाल्ने इन्धनको रूपमा प्रयुक्त काठ (तुलनीय डोटेली 'दरुवाँ')। संस्कृत 'दारु' (वृक्ष)मा स्वार्थिक प्रत्यय लागी बनेको 'दारुक' प्राकृतमा 'दारुओ' भयो अनि व्यत्यय भई नेपालीमा 'दाउरो' भयो।

२१० दानव : ना. १. पौराणिक उत्पत्ति कथाका अनुसार दनु नामक पत्नीतिरबाट कश्यप ऋषिले जन्माएका सन्तान। २. पौराणिक साधारण उपाख्यानका अनुसार कुनै पनि राक्षस, असुर,दैत्य आदि देव विरोधी जातिको एक पर्याय।

परन्तु इतिहासका आधारमा दानव ग्रिसेलीहरूको एक संज्ञा हो। ती स्वयं आफूलाई दानाओई(दानव) भन्दथे। यो भारोपेली प्राक्कल्पित'दानवोस्'को उपज ग्रिसेली दानाओस्‌को वहुवचन हो। ग्रिसेलीहरूले दानवको उपाधि प्राप्त गरेको डेनुब (दानव नदी)का आधारमा हुनुपर्छ। पुराणहरूले साधारण उपाख्यानमा असुर, दैत्य र दानवमा भेद राख्ने गरेको छैन। परन्तु जातिविज्ञानका आधारमा असुर र दैत्य सामेली परिवारका समान जाति ठहरिए तापनि दानवहरू भारोपेली

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिवारका ठहरिन्छन् । यही कारण हो दानव कृष्णवर्ग नभई शुक्लवर्णका हुन्थे । रोमेलीहरूले जुपिटर भन्ने गरेका र ग्रिसेलीहरूले जेउस ठान्ने गरेका वृहस्पति (जीव) दानव थिए । यिनै हुन् अंग्रेजीमा टिउसदे (मंगलवार)को आरम्भमा देखिने तिउस । भार्गव मूलका शुक्राचार्य पनि दानव थिए । फरक कति थियो भने वृहस्पति दानवका याजक (पुरेत) नभई देवताका पुरेत थिए । यसैगरी अनसूया (अत्रिपत्नी), शचि (इन्द्रपत्नी) र च्यवनकी आमाको माइती पुलोमाको कुल दानव कुल थियो ।

पछि दानवको प्रयोग अनियन्त्रित भए तापनि आरम्भमा दानवहरू अवश्य पनि हैहयका पर्याय थिए । द्रष्टव्य छन्–'हैहय' (शब्दसङ्ख्या ४००) तथा 'यवन' (शब्दसङ्ख्या ३३९) ।

२११ दारे मस्ट : ना. मस्ट उपासनाको एक देवता; भुवोका बाह्र भाइ छोरामध्ये एक । 'दारे' अथवा 'दा-ह्या' जुम्लातिर कस्तूरी मृगलाई मानिन्छ । परन्तु हालसम्म कुनै पनि धार्मिक वा पुराकथात्मक प्रसङ्गमा कस्तूरी कुनै उपासनाको आधार नपाइएको हुँदा 'दारे' मस्टलाई 'कस्तूरी मस्ट' भन्नु सजिलो छैन । असुर वाणीपाल द्वितीय (वाणासुर)का प्रतिद्वन्द्वी नरेश तारका (तारकासुर)का कुनै अज्ञात इस्टदेव नै दारे मस्ट हुन् झैं लाग्दछ । सम्राट् तारकाको नजीकै उत्तरमा दक्षिणी इजिप्टमा चन्द्रदेव 'आमोन'को उपासना लोकप्रिय थियो । सम्राट् तारकको उक्त देवता पनि आमोन परिवारकै हुनसक्छ । इतिहासका अनुसार सम्राट् तारका लड्दै वाणासुरको इलाकामा पर्ने जाग्रोस पर्वतसम्म आएका थिए । स्वस्थानी माहात्म्यमा तारक–वधको उल्लेख छ । यस्तो लाग्दछ कौशिक जातिका (चन्द्रवंशी) तारक (तारका) पराजित भए पनि जाग्रोसका निकटका खसहरूउपर ती नरेशले सांस्कृतिक प्रभाव छोडेर गए ।

२१२ दालचिनी : ना. सिन्कौलीको बोक्रालाई चिनीको पाकमा मिलाएर बनाइने एक मसला विशेष । यो संस्कृतको 'दारुचूर्णी'का रूपमा प्राक्कल्पित हुनसक्छ ।

२१३ देउसिरे : ना. देउसी (शब्दसङ्ख्या २१४) । यो 'देउसिरी'को

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अपभ्रंश हो।

२१४ देउसी : ना. सम्भवत: श्रीरागको एक भेद; दीपकश्री; दीपिका रागिनी। दीपावली (तिहार)को बेलामा लोग्ने मानिसहरू यस रागिनीको भाकामा भाका हालेर देउसी माग्दछन्। 'देउसी'को खास संस्कृत मूल 'दीपश्री' अथवा 'दीपकश्री' हुनसक्छ। द्रष्टव्य छ–'देउसिरे' (शब्दसङ्ख्या २१३)। 'दीपश्री' रागिनी 'केदारी'को पर्याय पनि हुनसक्छ, कारण केदारखण्ड वा केदारभूमि (गढवाल)को नेपाली संस्कृतिसित ठूलो साम्य छ।

२१५ दैत्य : पुराणले दितिका सन्तान मानेको देव (आदित्य) विरोधी एक जाति। यो असुर, काद्रव (क्याल्डियन), पणि, कौशिक झैं सामेली तथा हामेली परिवारको निम्ति दिइएको संज्ञा प्रतीत हुन्छ। अंग्रेजीमा देवतालाई **deity** भनिन्छ। यो दैत्यको गोतिया शब्द झैं बुझिन्छ। भारोपेली भाषामा दैत्यको मूल **deitos** थियो। 'देवता' शब्द यसै भारोपेली मूलबाट जन्मियो। पछि असुरमस्तको उत्कर्षका बेलामा दैत्य अथवा 'देवता' हेय मानिन लागे। जेन्द आवेस्तामा देवहरू सबै राक्षस छन् र तिनको नायक इन्द्र भयङ्करको खलनायक छ। त्यहाँ उल्टै असुर आदरणीय देवता छ। दैत्य–आदित्यको भेद असुर एवं काद्रवहरू बीचको झगडा बुझिन्छ। मार्दुक (मरुत्) उपासकहरू दैत्य र असुर उपासकहरू आदित्य ठानिए झैं छ। दैत्यादित्य प्रश्न भारोपेली परिवारदेखि टाढाको प्रश्न हो। यो सामेलीहरूको प्रश्न हो।

२१६ धर्को : ना. रेखा; कोरेको चिहन; रेखी; कुनै धारिलो बुट्टा। संस्कृत मूल हो 'दरक' (चीर, चेप वा कोट्याएको डोरो)।

२१७ धोको : ना. इच्छा; अभिलाषा; इरादा। यो संस्कृत 'जक्षण'को अर्थ दिने प्राक्कलिपत 'जक्ष' (खुवाइ)बाट आयो। अझै 'जख्नु' (खूबसँग हाल्नु, धोको मेटेर खानु वा लाउनु आदि अर्थमा) व्यवहारमा आउँदैछ। अर्थपरिवर्तनबाट 'इच्छा पूरा गर्नु'बाट यस शब्दले 'इच्छा'को अर्थ विकास गर्‍यो। मूल-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जकारको ठाउँमा धकारको निम्ति द्रष्टव्य छ–'धांगलः' ('झाँगड'–शब्दसङ्ख्या १५३)।

२१८ ध्वाँसो : ना. धुवाँ जमेर दलिन आदिमा लागेको कस अथवा सो कस एकत्रित भई बनेको धुलो आदि। यसको मूल संस्कृतको 'धूमसदृश' हो। प्राकृतमा यसको 'धूमसइसो' हुन्छ। प्राचीन नेपालीको प्राक्कल्पित 'धँसो' अझै पर्वती भाषिकामा बोलिदैछ। स्तरीय नेपालीमा भने यो प्रस्तुत शब्दमा परिणत भएको छ। यसको मूल 'धूमाभास' पनि प्रस्तावित हुन नसक्ने होइन, तर त्यसो गर्दा 'धँसो' पाउनु सम्भव हुँदैन। यसैले 'धूमसदृश' नै सही मूल ठहरिन्छ। 'सदृश' लागेर बनेका कतिपय नेपाली शब्दहरू हुन्–'कुलेसो' (शब्दसङ्ख्या ४७), 'खोल्सो' (शब्दसङ्ख्या ७७), 'हलेसो' (शब्दसङ्ख्या ३९६) आदि। यदि 'ध्वाँसो' 'धूमसदृश'बाट उत्पन्न नभई 'धूमास' अथवा 'धूमाभास'बाट आएको मान्ने हो भने 'धँसो' र 'ध्वाँसो' संस्कृत 'धूम'बाट अलग बाटो गरी आएका ठहरिन्छन्।

२१९ नन्दादेवी : ना. गढवालकी एक देवी अनि एक पर्वतको नाम। विद्वान्‌हरूका मतमा यो बावेरुका कशहरूले हिमाल ल्याएकी भगवती 'नन्ना' हुन्। द्रष्टव्य छ–'नान्यदेव' (शब्दसङ्ख्या २२६)।

२२० नाइटो : ना. नाभि; नाभिस्थल। संस्कृतको स्वार्थिक प्रत्यय 'ट' लागेको 'नाभिट' यसको मूल हो। कतै यो 'ट' ध्वनि 'ड' हुँदै 'र' (जस्तै जिब्रो, चाम्रो आदि) बनेको छ। तर प्रस्तुत शब्दमा यो सुरक्षित छ।

२२१ नागी : अग्ला पर्वतको अन्तिम चुचुरो र फेदीका बीचका मध्यवर्ती थुम्काहरूमध्ये कुनै एक। यसको मूल संस्कृत 'नग' (पर्वत) हो। जुम्लातिर बोलिने 'लाग्ना' (डाँडा) यसको सगर्भ बोध हुन्छ। त्यस्तै स्थलनाम ('नाग्म' आदि)मा पनि प्रस्तुत शब्दको सगर्भत्व झल्किन्छ।

२२२ नाठो : ना. कुलटा नारीसित पल्केको परपुरुष। यो संस्कृतको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal.

CC-0. In Public Domain. Digitization by eGangotri

'नष्ट' अथवा प्राकृतको 'णट्ठो'बाट आउन सक्छ। 'नष्ट' वा 'णट्ठो'को अर्थ हुन्छ 'भाग्यो' वा 'भागेको'। नाठाहरू पलायनधर्मी हुने हुँदा पछि 'नाठो'ले उक्त अर्थको विकास गर्‍यो।

२२३ नान्यदेव: ना. सिमरौनगढ राजधानी भएका कर्णाटवंशी नेपाली नरेश; तिरहुत राज्यका संस्थापक। यी नान्य (अनन्य) हुनु सम्भव छैन। यिनको नामारम्भको 'नान्य'मा बरु 'नाना' (हजुरबा)को अर्थ लुकेको छ, जो हिन्दी 'नन्हा' (बच्चो) र नेपाली (नानी)मा अर्थपरिवर्तनका साथ देखिन्छ। हिन्दीको 'लाला' र नेपालीको लल्ल, लोलोपोतो (तुलनीय हिन्दी 'लल्लोपत्तो') यस 'नान्य'संग सम्बन्धित हुनसक्छ। यस्तो लाग्दछ,'नान्य' मेसोपोटामियाली अक्कड देवता नन्ना, नान्ना आदिका नामको दक्षिण एसिया प्रवेशको एक उदाहरण हो। गढवालकी नन्दादेवीमा झैं 'नान्य'मा पनि मेसोपोटामियाली उपासनाको अवशेष गताउँछ। नान्यदेवको राजधानीको नामको आरम्भको 'सिम'ले पनि प्राचीन सैंह उपासनाको प्रमाण पेश गर्दछ जुन उपासना मेसोपोटामियाबाट दक्षिण एसिया आउँदा बाटैमा (एलाममा) उहिले प्रतिष्ठित थियो। द्रष्टव्य छ–'सैनी' (शब्द-सङ्ख्या ३८७)।

२२४ नालीबेली। ना. वृत्तान्त; इतिवृत्ति; इतिहास। यो संस्कृतको 'नलिका' (नली) अनि 'वल्लिका' (लहरो) मिलेर बनेको हो। तरुल आदिको खोजी गर्दा लहरो (बेलो) र डाँठ(नली) पहिल्याउँदै गए झैं कुनै कुराको वृत्तान्त खोज्दा हाँगा, लहरा र डाँठको सहारा लिनु आवश्यक भएका आधारमा यो शब्दले प्रस्तुत अर्थ प्राप्त गरेको हो।

२२५ निखुर्को: ना. चैते हुरीले गर्दा वन जङ्गलमा देखिने सुक्खा; पतझड। यो संस्कृतको 'निःशुष्क'को सगर्भ हो। सम्भवतः "क्षौर" (खुर्किने कार्य) र 'शुष्क' (सुक्खा)को मेलबाट जन्मियो प्रस्तुत शब्द।

२२६ निगार: ना. १. जाँडको झोल; बियर। २. जाँड। यस शब्दको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मूल संस्कृतमा 'निगार' छ, जसको अर्थ हुन्छ पेय पदार्थ अथवा खाद्य पदार्थ। मतुवाली समाजले नेपालमा सबैभन्दा आदर्श खाद्य वा पेय जाँडलाई मानेको देखिन्छ निगार शब्दको इतिहास केलाउँदा। शब्दार्थ परिवर्तनको यो वडो महत्वपूर्ण उदाहरण हो।

२२७ निगालो : ना. बाँसका कर्चीको झैं डाँठ हुने बाँसकै जातिको एक वनस्पति जसको टुसा तर्कारीको निम्ति प्रसिद्ध मानिन्छ। संस्कृतमा यसको निम्ति 'निगाल' छ। यसको लागि हिन्दीमा 'रिङ्गाल' पर्याय छ। नेपाली 'निगालो' संस्कृत 'निगाल'बाट सोझै प्राप्त हुनसक्छ।

२२८ निर्कौवल : ना. निर्णय; निरूपण। यो संस्कृत 'निरूपकावली'-बाट आउन सक्छ।

२२९ निस्तुक : ना. निर्णय। परन्तु संस्कृत मूल 'निस्तुष' भने 'फोहोर (तुष) नभएको' भन्ने अर्थमा प्रचलित छ। शब्दार्थ परिवर्तनको यो एक स्पष्ट उदाहरण हो। यहाँ शब्दको अर्थ वेगले कुदेको छ। जबसम्म मनका तुष (शङ्का, द्विविधा, अस्पष्टता, भ्रम आदि) दूर हुँदैनन् तबसम्म निर्णयमा पुग्नु सम्भव हुँदैन। निस्तुषता (तुषविहीनता)को यस महत्वले नै 'निस्तुष' पहिले 'निस्तोक' भयो अनि भयो 'निस्तुक'। यसो हुँदा न ओर्दा त्यसको अर्थ पनि 'निर्णय' हुन पुग्यो।

२३० निस्तो : ना. नमुछिएको; वुकुल्टो (भात आदि) अथवा रस नभएको (कुरा, व्यक्ति, पदार्थ आदि)। यो संस्कृतको 'निःसिक्त' (सिक्त नभ-एको) भन्ने शब्दको उपज हो।

२३१ नेग : मङ्गल कार्य (विवाह, वर्तमन, पास्नी, न्वारान आदि)मा मङ्गलवाद्य बजाउँदै ओल्किए वापत दमाईको प्रमुखले पाउने भाग; पगरी। यहाँ पगरी प्राचीन 'मुकुट'को प्रतीक छ। यो भारोपेली 'रेगोस्'बाट संस्कृतमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

'राज' हुँदैं आएको हो। अझ प्राग्भारोपेली 'नेगोस्' पनि भए झैं छ। यसै 'नेगोस्'बाट जन्मियो इथियोपियाको राजावाची 'नेगुस्'। संस्कृतको 'नहुष' पनि यहाँ तुलनीय छ। भारोपेली 'रेगोस्'बाट जन्मिएको 'रेख'(अधिकार) नेपालीमा छँदैछ। प्राचीन अभिलेखमा पाइने 'रेख भई' पदावलीको अर्थ हो 'स्वामित्व हस्तान्तरण गरियो'। भारोपेलीको 'नेगोस्'बाट आएको 'नेग'पनि उहिले प्रभुत्व, स्वाभित्व अधिकार आदिको अर्थमा प्रयुक्त हुन्थ्यो। पछि त्यो सीमित अर्थमा प्रयुक्त हुन लाग्यो। द्रष्टव्य छ––'नेगी' (शब्दसङ्ख्या १३२)।

२३२ नेगी : ना. नेग प्राप्त गर्ने व्यक्ति; दमाई । द्रष्टव्य छ—'नेग' (शब्दसङ्ख्या २३१)।

नेग नेगीहरूलाई मङ्गलकार्य प्रदान गरेबापत दिइन्छ। त्यो उनीहरूले शताब्दियौंदेखि पाइआएको रेख वा नेग (अधिकार) हो। नेगीहरूलाई भ्रमवश अचेल दमाई भनिन्छ, परन्तु दमाई त नेगीका पदवीहरूमध्ये एक मात्र हो। तिनका केही कार्य झट्ट हेर्दा हेय देखिए पनि ती समाजका शुभ सगुन मानिन्छन्। हरेक मङ्गल कार्यमा तिनले बाजा बजाइदिएपछि मात्र कार्यसिद्धि हुन्छ भन्ने विश्वास छ। गणेशको पूजा नगरेसम्म कुनै पूजन कार्य पूर्ण नभए झैं नेगीको मङ्गलगान वा मङ्गलवाद्य विना नेपाली समाजको कुनै कर्मकाण्ड सफल नहुने विश्वास छ। अत: ती सौण्डिक गण (गणेश उपासक गण)का सदस्य हुन् कि भन्ने अनुमान गर्न सकिन्छ। सुँडी (सौण्डिक) जातिसित यिनका केही थर (जस्तै–परियार) समान देखिएको हुँदा यी सौण्डिक हुन् भन्ने कुरो झन् प्रष्ट हुन्छ। नेगीको सर्वभन्दा प्रमुख कार्य (सुजेरो अथवा सूचीकार)मा प्रयोगमा ल्याइने सूची (सियो)मा सुँड (टुँडो)को आभास पाइन सक्छ। अत! प्रत्येक नेगी प्रथमत: सुजेरो (सूचीकार) हो अनि मात्र अरू केही हो।

युरोपसम्म पुगेका जिप्सीहरूलाई त्यहाँ जिगान अथवा रोमानी पनि भनिन्छ। 'रोमानी' संज्ञा 'डोमानी' (डोम जाति)को अपभ्रंश हुनसक्छ। 'जिप्सी' हुनसक्छ 'शिवजी'को व्यत्यय। गणेश उपासनाको शिव–उपासनासित सम्बन्ध भएकाले यो सही ठहरिन्छ। ती आपसमा आदर गर्दा 'जी' शब्दको प्रयोग रुचाउँदथे, अत: ती 'जीगण' (जीगान) कहलाए। अझै पनि नाच–गान बजानलाई लिएर जिप्सीसित नेगीहरूको तुलना हुनसक्छ। नेगीहरूको साधारण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संज्ञा दमाई नभई डुम हो। चौरासी सिद्धमध्ये एक (डोम्बपा)को उपासना नेगीहरूको समाजले स्वागत गरेको सिद्ध उपासना हुनसक्छ। नेगीहरू जातीय दृष्टिले कामी झैं विविध मूलका नभई एकै (डुम) मूलका प्रतीत हुन्छन्। पेशागत दृष्टिले तो छन्—१. सुजेरो (प्राय: सबै नेगी)। २. दमाई (दमाऊँ वजाउने)। ३. नगर्ची (नगरा वजाउने)। ४. ढोली (ढोल वजाउने)। ५. रैभाट (राज दरबारको चारण)। ६, डुमजोगी। ७. वाधी (नृत्यकलाकर्मी)। ८, गाइने (गायक)। ९. हुड्के (हुड्को वजाउने) इत्यादि। पर्वते (खस) नेगीहरूमा पोडे र च्यामे पाइन्नन्। कुसुले वर्गका नेवारहरूको नेगीहरूसँग के सम्वन्ध छ, यसबारे अनुसन्धान बाँकी छ। सम्भवत: ती डुमजोगी हुन्। पर्वते नेगीहरूको थुक चोखो मानिए झैं तिनका मधिसे गोतिया सुँडीहरूको रक्सी चोखो मानिन्छ। जिप्सी, जिगान, रोमानी, डुम र सुँडी परिप्रेक्ष्यमा नेगीहरूको अनुसन्धान हुनु अति आवश्यक छ।

२३३ पच्याङ : ना. उकाली वा ओरालीको अप्ठेरो बाटो; मान्छे मात्र कुनै किसिमले हिंड्न सक्ने तर घोडा, गाई आदि वस्तु हिंड्न नसक्ने पहाडी बाटो। यो 'पथी' (बटुवा) शव्दमा 'आन' प्रत्यय लागेर बनेको 'पथ्यान'बाट आएको हुनसक्छ। द्रष्टव्य छ—'आन' प्रत्यय (शव्दसङ्ख्या १०)। 'पथ्याङ्ग' (पथ्या+अङ्ग) पनि अर्को विकल्प हुनसक्छ।

२३४ पठान : ना. अफगानिस्तानको एक जाति; पैठान। यो पुराणप्रसिद्ध प्रतिष्ठान हो। यहाँबाट बसाइँ सरेकाहरूले नै प्रयागनेर प्रतिष्ठानपुरी बसाए होलान्।

२३५ पर्खाल : ना. घर वा बारीलाई घेर्न निर्माण गरिने प्राचीर अर्थात् कम्पाउण्डवाल। यो ढुङ्गो अथवा ईंटको हुनु आवश्यक छ। वर्षा कम हुने इलाकामा काँचो माटोको पनि पर्खाल हुन्छ। यसको मूल संस्कृत 'प्राकार' हो। संस्कृत 'परिखा' (हातामा खनिने आडा)मा शव्दसाम्य भएपनि अर्थसाम्य छैन। 'पर्खाल'लाई वर्तमान रूप प्रदान गर्ने 'परिखा'को पनि केही हात हुनसक्छ। 'परि-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खा'को निम्ति द्रष्टव्य छ—'ढुङ्गो' शब्दमा भएको चर्चा (शब्दसङ्ख्या १९१)

२३६ पर्गन्ना : ना. (नयाँ प्रशासन व्यवस्था लाग्नुभन्दा पहिले नेपालको एक प्रशासनिक इलाका; जिल्लाभन्दा स्यानु तर मौजाभन्दा ठूलो प्रशासनिक इलाका; थर (पाँचथर, सातथर आदि); थुम । यो शब्द फार्सी 'पर्गना'बाट आएको हो । प्राचीन कालमा (वेद र जेन्द आवेस्ता नछुट्टिँदै) इरान उत्तरी भारत र पश्चिमी नेपालसम्म नै भार्गव (भर्ग) गणहरू ठूलो सङ्ख्यामा थिए । अझै पश्चिमी नेपालका सीमान्तका भोटेहरू पर्वते जातिलाई 'भग्युंल' भन्दछन् । भाषिक दृष्टिले इरानी संसार ठहरिने तर हाल मध्यएसियामा पर्ने 'फर्गना'पनि भारत इरानेलीको 'भर्गाणि'बाट 'भर्गान' वा 'भर्गाना' हुँदै आएको शब्द हो । पुरातत्ववेत्ताहरूले 'फर्गना'मा अति प्राचीन सभ्यताको अवशेष फेला पारेका छन् । पहिले भार्गवहरूको कुनै पनि वस्ती फर्गना थियो होला, तर अचेल फर्गना नाउँको अर्को ठाउँ पाइएको छैन । अचेलको प्राप्त दृष्टान्तका आधारमा इरान, खसान आदिका सादृश्यमा 'फर्गना'लाई 'फर्गान' र 'पर्गना'-लाई 'पर्गान'पनि प्रस्तावित गर्न सकिन्छ । 'हिन्दूस्तान' शब्द 'हिन्दूस्ताना' भए झैं त्यही सादृश्यमा 'पर्गान' शब्द 'पर्गाना' (त्यसपछि पर्गना) भएको हो । 'भर्गाना'लाई 'फर्गना' बनाएको बाख्रीमा ५०० वर्ष राज्य गर्ने ग्रिसेलीहरूको प्रभावले हुनसक्छ र पुनः त्यो 'पर्गना' भएको पैशाची प्रभागले हुनसक्छ ।

अफगान (अपगण), जीगान (जिप्सी) आदिका नामान्तको 'गान' संस्कृतको 'गण' (जनपद) भए झैं पर्गन्ना (पर्गना/पर्गान)को अन्त्यको 'गान'मा भने 'गण'को आभास मिल्दैन, कारण 'गान' झिकेपछि यस शब्दको शरीर नै प्रायः अवयव शून्य हुन्छ । द्रष्टव्य छ—'आन-प्रत्यय' (शब्दसङ्ख्या १०) र 'दरा' (शब्दसङ्ख्या २०६) ।

२३७ पहरी : ना. कुखुराको भाले । प्रहर जनाउने चरो भएको हुँदा यो पहरी कहलायो । यसको संस्कृत मूल 'प्रहरी' हो ।

२३८ पहरो : ना. पहाडको ढुङ्ग्याने भीर; भिरालो चट्टान

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कृतको 'प्रस्तर'बाट यो कसरी आयो भन्न बडो गाहारो छ । सम्भवतः 'पठार'बाट 'पढार' हुँदै अन्त्यमा 'पहाड' वा 'पहरो' भएको हो । यो 'पाषाण'-बाट पनि आउनसक्छ ।

२३९ पहेंल्चो : वि. अलि–अलि पहेंलो; पहेंलो होला जस्तो । यो संस्कृतको 'पीतलसदृश'बाट आयो । 'सदृश' तत्वको लागि द्रष्टव्य छन् 'हलेसो' (शब्दसङ्ख्या ३९६), 'कुलेसो' (शब्दसङ्ख्या ४७), 'खोल्सो' (शब्दसङ्ख्या ७७) आदि ।

२४० पाङ्दुर : ना. कोदोको एक घटिया प्रकार । यो संस्कृतको प्राक्कल्पित 'पर्णदुर्व' (पाना भएको दुवो)बाट आएको हुनसक्छ । संस्कृत 'पर्ण'-बाट उत्पन्न नेपाली 'पाना'का धेरै अर्थहरू (पात, पत्र, अदुवाको पाना इ.) छन्, जसमध्ये अन्तिम अर्थ (अदुवाको पाना) प्रस्तुत शब्दको निर्वचनको निम्ति सहायक हुनसक्छ । संस्कृत 'दुर्व' शब्द प्राकृतमा 'दुव्वो' हुँदै नेपालीमा 'दुवो' भएको छ । परन्तु यस शब्द (पाङ्दुर)मा भने यो 'दुर' भएको छ । 'दुर्व' शब्द खस प्राकृतमा समीभूत नभई स्वरभक्तिमार्फत् 'दुरुव' भएको अनि त्यसैबाट हाल नेपालीमा 'पाङ्दुर'को अन्त्यको 'दुर' भएको हुनसक्छ ।

२४१ पाताल : ना. पृथ्वीभन्दा तलको सातलोक (अतल, वितल, सुतल, रसातल,तलातल,महातल र पाताल) मध्ये सबैभन्दा तलको लोक । उक्त सात-लोकहरू मध्ये छ लोकहरू 'तल' भएकाले 'पाताल'पनि 'तल'नै हुनुपर्थ्यो–पाताल (रक्षालोक; वैकुण्ठ) । परन्तु शब्दारम्भको पाकारले तकारलाई 'ता' तुल्याइदियो ।

२४२ पाल : ना. १. पणि जातिका पाल; बाणीपाल (असुर नरेश बाणीपाल द्वितीय अर्थात् बाणासुरको राजकीय नाम) । २. पणि (नाग) जातिका कुल देवता 'बाल'को असुर देशमा देखा परेको नौलो पर्याय । ३. नाग प्रभाव अन्तर्गत असुरमस्त (अहुरमज्दा)ले पाएको एक सम्मान । प्रस्तुत शब्द मस्ट–उपासनामा 'बार' (तुलनीय बारमस्ट) देखिएको छ । यसको संस्कृत मूल हो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

'भार'। 'भ' अथवा 'ब' को ठाउँमा 'प' ध्वनिको आदेश पैशाची प्रभाव हो। अतः वाल उपासना असुरदेशमा पिचाशभूमि हुँदै पुगेको छनक मिल्छ। भन्नाले पहिले आर्मेनियातिर पुगेर वाल उपासनाले असुरदेश प्रवेश गऱ्यो। धेरै सम्भव छ नेपाल, बङ्गाल आदिका पालहरूको नाम यही 'पाल'को अनुकरण हो। द्रष्टव्य–'भुवो' (शब्दसङ्ख्या ३०३), मस्ट (शब्दसङ्ख्या ३१२), 'वारमस्ट' (शब्दसङ्ख्या २६८) इत्यादि।

२८३ पाहा : ना. अखाद्य नमानिने एक जातको भ्यागुतो; ब्याङ। सम्भवतः संस्कृत 'भेक'बाट 'भेअ', 'भ्या', 'ब्या', 'प्या' हुँदै 'पा' हुन पुगेको शब्दलाई नै अचेल लेख्य भाषामा 'पाहा' तुल्याइएको हो। स्वतःस्फुरित हकार नेपालीमा अन्यत्र पनि छ, जस्तै–संस्कृत 'कोऽपि' > प्राकृत 'कोइ' > नेपाली 'कोही' (तुलनीय हिन्दी 'कोई')। फार्सेली 'सिपाह' (फौज, सैन्य)मा काम गर्ने व्यक्ति 'सिपाही' (सैनिक) हुन्छ। नेपालीमा शब्दान्तको हीकार 'ई' भैसक्ता पनि लेख्य भाषिकाले 'ही' प्रतिको मोह छोडेको छैन–'सिपाही' (तर उच्चारण 'सिपाई')। यही कुरो 'पाहा'मा पनि लागू हुन्छ। यो उच्चारणमा केवल 'पा' सुनिन्छ, जो यसको मूलको निकटको तत्व पनि हो।

२८४ पिउरी : ना. बेरेर डोल्याएको लम्बाकार रुवो (उदाहरण-पिउरी बाट्नु अनि बत्ती कात्नु)। यसको निर्माण संस्कृतको 'वृत' (बेरिएको वा गोलो) अनि 'तूली' (रुवो)बाट भएको हो–वृततूली। प्राकृतमा 'विअउली' हुँदै नेपालीमा 'पिउली' (अनि 'पिउरी') भएको हो।

२८५ पिउरो : ना. मीठो आवाजले कराउने एक हिमाली चरो। यो सम्भवतः 'पिकरव' (कोइलीको झै आवाज भएको पक्षी)को गर्भज हो। अर्को विकल्प 'पिकर' ('पि'को आवाज निकाल्ने) चाहि कम सन्तोषप्रद छ। द्रष्टव्य छ–'भ्याकुर' (शब्दसङ्ख्या ३०७)।

२८६ पेरुङ्गो : ना. कुराउनी, सिन्की, गुन्द्रुक, बाँसको तामा, माछा-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

को सिद्रा आदि राख्नलाई बाँसको चोयावाट वनाइने खास प्रकारको कोर्मे। यसको मूल हुनसक्छ संस्कृतको वेणु (बाँस) तथा स्वार्थिक प्रत्यय 'क'को योग-वाट वनेको 'वेणुक' । संस्कृतको 'वेणुक' प्राकृतमा 'वेणुक्क' हुँदै अन्त्यमा 'वेणुङ्गो' (अनि त्यसपछि 'पेरुङ्गो') भएको हो । शब्दारम्भको वकारका ठाउँमा पकारको आदेश पैशाची प्रभाव हुनसक्छ । लिम्वू भाषामा पनि गजडदव ध्वनिको उच्चारण शब्दारम्भमा क्रमश: कचटतप हुन्छ । त्यस्तै घझढधभ क्रमैले खछठथप हुन्छन् । यी सवै अघोषीभवनका उदाहरण हुन् ।

२४७ पक्‍क : ना. पुरुष (डोटेली, वैतडेली आदि भाषिकामा) । यो अझ पुरानो 'वैंक'वाट आएको हो, जसको मूल संस्कृतको 'व्यक्ति' हो । खस प्राकृत-को यो अनौठो अवशेष हो । शव्दारम्भको पकार पैशाची प्रभाव प्रतीत हुन्छ । 'पति'को अर्थमा डोटीतिर 'वैकान'पनि पाइन्छ, जो सगर्भ हो ।

२४८ पोको : ना. वोकेर कतै लान वा त्यसै कतै राख्न मालसामान हालेर बाँधिएको गोलाकार (कपडा आदिको) मुठो । आरम्भमा यो 'वोको' (वोक्ने कुरो) हुनुपर्छ । पैशाची प्रभावले हो कि 'बोको' (खसी नपारेको भाले वाख्रो)को कारणद्वारा हो आरम्भको 'व' ध्वनि 'प'मा परिणत भयो । संस्कृत 'वह' (वोक्ने कार्य; वाहक जन्तु; वाहक यान)मा स्वार्थिक प्रत्यय लागेर 'वहक' वन्न सक्छ र त्यो कालान्तरमा 'बोको' हुँदै 'पोको' वन्न सक्छ । द्रष्टव्य छ– 'भुजेल' (शव्दसङ्ख्या २९६) ।

२४९ पोथी : ना. आमा हुने जातको कुनै प्राणी । यो संस्कृतको 'माता'-वाट कसरी आयो वुझ्न अझै बाँकी छ । हिन्दी र उर्दूको'मादा'संस्कृतको 'माता'-को सोझो उपज हो । तर 'पोथी'मा पनि शव्दारम्भको पकार मकारकै वर्गको अनि शव्दान्तको थकार पनि तकारकै वर्गको भएको हुँदा यो 'माता'कै उपज ठहरिन्छ । शव्दारम्भको ओकारको लागि तुलनीय छ 'आमा'कै अर्थको मगर 'वोई' शव्द, जो अझ प्राचीन 'बोती'वाट आएको हुनुपर्छ । आमालाई 'बाबा' भनिन्छ रूसेली भाषामा । अत: आफ्नी आमालाई 'वोती' भनियो होला मग-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रातमा प्राचीन कालमा । त्यसैबाट जन्मियो नेपालीको 'पोथी' ।

२८० प्रेत : ना. सनातनी दर्शन अनुसार जीवनभरि धर्मको विपरीत चलनाले अथवा मरेपछि पनि नियमपूर्वक मृत्युसंस्कार नहुनाले अर्को जुनीमा नरकको निवासी हुन बाध्य भएको मृतात्मा । ('गरुड पुराण' अन्तर्गत 'प्रेत-कल्प'मा प्रेतका बारेमा विस्तारपूर्ण चर्चा छ ।)

निर्वचनका कसीमा घोट्दा 'प्रेत' भारोपेली 'प्लातोस्'बाट आएको देखिन्छ, जसको ग्रिसेली सगर्भ पद हो मृत्युलोकको राजा प्लेटो । ग्रिसेली महान् दार्शनिक 'प्लातोन' (प्लेटो)को पनि नाम उस्तै छ । यो मरेका व्यक्तिलाई आत्मा (अझ 'परमात्मा')का रूपमा स्वीकार गर्ने एक धार्मिक पन्थ थियो र यसका आराध्य देव थिए प्रेत (प्लेटो) । श्राद्ध, तर्पण, पिण्डदान आदिको चलन यसै परम्पराको उपज हो । गरुडपुराण अन्तर्गत प्रेतकल्प परेबाट के थाहा पाइन्छ भने यो गारुड उपासनाको शाखा हो । प्रेत-उपासना आज लुप्त प्रायः भए पनि कुनै समयमा यो अति सक्रिय थियो । यसैले होला, मस्ट उपासनामा प्रेतको प्रतिनिधिको रूपमा ढँडार गस्ट छ । यो धुन्धुकार मस्तको नेपाली रूपान्तर हो । नागभक्षी गरुड-समूहको भए पनि प्रेत मस्ट (ढँडार मस्ट) भुवोका गलामा लपेटिने सर्पको विरोधी नहुन सक्छन्, कारण प्रेत उपासना मृतक उपासना हो भने अनि प्लेटो मृत्युलोकको राजा हो भने भुवो मृत्युदेव(शिव)हो । द्रष्टव्य–'भुवो'(शब्दसङ्ख्या ३०३), 'गोरामस्ट' (शब्दसङ्ख्या ८३), 'मस्ट' (शब्दसङ्ख्या ३१२), तथा 'ढँडारमस्ट' (शब्दसङ्ख्या १८३) ।

२८१ प्वाल : ना. छिद्र; दुलो । संस्कृत मूल 'प्रागार' (प्राकृत 'पाआर') प्रतीत हुन्छ । 'प्रागार' घर हो । छाँटले जाडा ठाउँमा गुफाका आकारका घर हुने हुँदा 'प्वाल'ले वर्तमान अर्थ विकास ग-यो । अझै पनि सर्प, मूसा आदिको घर 'प्वाल' नै छ । तुलनीय नेवारी 'प्वालय्' (प्वालमा) ।

२८२ फराक : वि. साँगुरो नभएको; फैलिएको; विस्तृत । यसको संस्कृत मूल 'फलक' हो । अरबी भाषाको 'फर्क' (भिन्न; पृथक्)बाट जन्मिएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाली 'फरक'सित 'फराक'को मूलगत सम्बन्ध छैन। 'रलयोरभेद'को नियम अनुसार संस्कृतमै 'फर्क' शब्द खसहरूले बोल्ने भाषिकामा हुनुपर्छ। फार्सेली भाषा प्राचीन कालदेखि नै खशहरू रहिआएको ठाउँको भएको हुँदा त्यहाँ हामी 'फराख' शब्द ठीक 'फराक'को अर्थमा पाउँछौं। हिन्दीमा 'फराक' र 'फ्राक' छन्। परन्तु नेपाली र हिन्दीका सगर्भहरूको निम्ति फार्सेली मूल भन्दा संस्कृत मूल (फलक/फर्क) बढी निकटका ठहरिन्छन्। स्वयं फार्सेली (फराख)पनि संस्कृत (फलक)को सगर्भ भएको हुँदा हिन्दी, नेपाली, संस्कृत र फार्सेलीका रूपको साझे भारतइरानेली मूल 'फर्क' हुनसक्छ। त्यसबाट खस संस्कृतले 'फर्क' पायो, फार्सेलीले 'फराख' पायो अनि नेपाली तथा हिन्दीले 'फराक' पाए। नेपालीका 'फाल्नु', 'फाल हाल्नु' र मैथिलीको 'फान' (फट्को) समेत यसै मूलका हुन्। नेपाली 'फड्को' वा 'फट्को' समेत अझ पुरानो 'फर्को'-बाट आएको प्रतीत हुन्छ।

२८३ फर्सी : ना. लहरामा फल्ने विभिन्न आकारका ठूला फल लाग्ने एक वनस्पति वा तर्कारीको लागि प्रसिद्ध त्यसको फल। यो शब्द 'फारसी' (इरानी)बाट आए झैं छ। इरानतिरकै एक स्थल खुरासानबाट आएको हो 'खोर्सानी'। प्रस्तुत शब्दको वैकल्पिक मूल 'पणपिका' पनि हुनसक्छ।

२८४ फलाम : ना. ध्वाँसे रङ्को एक खनिज धातु; लोहा। संस्कृत 'फाल' (फाली)सित यसको टाढाको सम्बन्ध प्रतीत हुन्छ। हिन्दीमा 'फार' (फाली) पाइएको छ। परन्तु 'फलाम' भने अर्थ र रूप दुवैमा ल्याटिन भाषाको 'फेर्रम'को निकट छ। विशेषण रूप 'फेरौंस' पनि तुलनीय छ, जसको अर्थ हुन्छ 'फलामे'। अङ्ग्रेजीका 'फेरुल' (केटाकेटीलाई कुट्ने छडी) र 'फेर्र्ल' (लट्ठी आदिको समाउने ठाउँमा मोरिएको धातु) पनि सगर्भ ठहरिन्छन्। ल्याटिनसित नेपालीको सोझो सम्बन्ध नभएकोले 'फलाम' कुनै अज्ञात संस्कृत (खस संस्कृत) मूलको ठहरिन्छ। 'फलाम'कै अर्थमा संस्कृतमा पाइने 'अयस्'लाई उत्तरपद र संस्कृत 'फाल'लाई पूर्वपद तुल्याई द्वन्द्व समास बनाउँदा 'फलायस्'(>फलाय) हुनसक्छ। अर्को विकल्प—संस्कृतको 'आसि' (तरवार) र 'फाल'को समास

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

'फलासि'बाट क्रमशः 'फालाँसी', 'फालाँस' हुँदै अन्त्यमा 'फलाम' हुनसक्छ । संस्कृतकै 'फलाम्' (आँपको फल)को प्रभाव प्रस्तुत शब्दको रूपगठनमा परेको हुनु पनि असम्भव छैन ।

२८५ फलेटो : ना. १. ढोका आदिको पल्ला; खापा । २. जाँतोका तल–माथिका दुई फ्याकमध्ये कुनै एक; फल्लेंटो । संस्कृतको 'फलक' र नेपाली 'फलेक' यसका सगर्भ हुन् । यसको मूल संस्कृत 'फलट' प्राक्कल्पित हुनसक्छ। विकल्पले नेपालीमा 'पलेटो'पनि चल्दछ ।

२८६ फिन्नी : ना. पहाडतिर प्रचलित खास प्रकारको रोटी; खाजाको एक विशेष प्रकार; फिनीरोटी । यो शब्द मगर कुराको 'फिन्के' (पकाउनु) भन्ने धातुबाट जन्मिएको हो । मगरहरूको सङ्ख्या धेर भएका इलाका (पिउठान, पाल्पा आदि)मा यो शब्द धेर प्रचलित छ । नेपाली 'पिन्नु' (पिँघ्नु), 'फेट्नु' आदिसँग मगर 'फिन्के'को के कति सम्बन्ध छ यो भावी अनुसन्धानले मात्र बताउला ।

२८७ फिक्री : ना. पकाएको मासुको चोक्टो । यो संस्कृत 'वृक्त'बाट उत्पन्न हो । संस्कृतमा 'वृक्त'को अर्थ 'छिन्न' हुन्छ ।

२८८ फ्याउरो : ना. स्याल जातिको तर वामपुड्के जन्तु । कराउँदा यसले मुखबाट 'फ्या' ध्वनि निकाल्ने हुँदा यो 'फ्याकर' हुँदै 'फ्याउरो' भयो । तुलनीय छन् समान बनोटहरू—भ्यागुर, सुँगुर इत्यादि ।

२८९ बछरू : ना. बाछो (स्नेहार्थमा) । यसको संस्कृत मूल 'वत्सरूप' र प्राकृत 'वच्छरूओ' हो ।

२९० बनझाँक्री : ना. मान्छेका छोरालाई किशोर अवस्थामै चोरेर लगी बाह्र वर्ष गुफामा राखी पछि सिपालु झाँक्री भएपछि जहाँको तहीं फिर्ता

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लगिदिन्छ भनी विश्वास गरिएको एक आधिमानवीय व्यक्ति। परन्तु यो 'बोम्बो' उपासनाको नेपाली रहलपहल बोध हुन्छ। अझै पनि लामा हुन चाहने भोटे बालक गुफामा बसेर लामाविद्या सिक्छ। सम्भवत: लामा गुरुले चेलालाई खान दिने थुक्पा नै पुराकथाको बनझाँक्रीले बालकलाई खान दिने गँडयौलो हुनुपर्छ। यसबाट भोटेहरू बौद्ध भइसक्ता पनि तिनलाई बोन संस्कारले नछोडेको स्पष्ट हुन्छ। नेपाली समाजमा बोन उपासना लुप्त भएकाले यो भ्रमवश 'वन' हुन पुग्यो। मगरहरूको एक शाखा (पुन)मा पाइने 'पुन' पनि यही 'बोन' हुनसक्छ। बनझाँक्रीको शक्तिलाई निधिनी भनिन्छ।

बोन अथवा वन-उपासना शरभ (ड्रेगन) उपासनाको अवशेष हो र यसको दूरवर्ती साहिनो युद्धदेव हैहयसँग समेत भएको अनुमान गर्न सकिन्छ। 'बोन' नाम 'पुन' मगरहरूमा मात्र भेटिए तापनि यो उपासना भने हिमालयमा पर्वत्र व्याप्त थियो। कहाँसम्म भने मस्ट उपासनामा झाँक्रीको जुन भूमिका छ त्यो बोन-उपासनाको अवशेष होइन भन्न सकिन्न। आजका साधारण झाँक्रीहरू समेत बोन-परम्पराका सदस्य हुनसक्छन्। कहाँसम्म भने 'धामी' नै पनि प्राचीन बोनको नयाँ प्रतिनिधि हुनसक्छ।

नेपाली समाजमा मात्र होइन छिमेकका अन्य समाजमा समेत धम्यौलीको अथवा झाँक्रीविद्याको मूलमा बोन परम्पराको आभास मिल्दछ। बोनझाँक्रीकै परम्परामा सोनझाँक्री पनि नेपालमा रहेको र त्यसले सुनुवार, सुनकोशी आदि नामहरूमा आफ्नो पदचिह्न छोडेको अनुमेय छ। बनझाँक्री 'पवन' वा 'पौन' उपासना (शब्दसङ्ख्या २६७)को अवशेष हो। ज्ञातव्य के छ भने 'झाँक्री' स्वयं पनि आरम्भमा 'जङ्गली' नामक देवता थियो। पछि त्यसको उपासक पुजारी 'झाँक्री' (शब्दसङ्ख्या १५१) मानिन लाग्यो। पछि यस 'जङ्गली'लाई 'शिकारी' अर्थात् 'बाज' (शब्दसङ्ख्या ३८७) मानियो।

२६१ बर्को : ना॰ सुती कपडा (उहिले)को अथवा कुनै पनि कपडा (हाल)-को पातलो र छरितो ओढ्ने। यसको मूल संस्कृत 'पटक' (सूती कपडा) हो। झट्ट हेर्दा भ्रमवश 'बर्को'को निम्ति अरबी 'बुर्का'सम्म जान पनि सक्ने खण्ड आइपर्छ। प्रस्तुत शब्दको सगर्भ हो 'पटुका'। छाँटले अतीतमा उही कपडा साँझ–बिहान 'बर्को' र उही दिउसो 'पटुका' हुन्थ्यो। कोही–कोही 'बर्को'को

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लागि 'बरक' (तुलनीय 'आवश्यक')पनि प्रस्तावित गर्न सक्छन् ।

२६२ बकौंलो : ना. भेडा, वाखा आदिको विष्टा । झट्ट हेर्दा यो 'वटगोल' (वर वृक्षमा फल्ने दाना झैं गोलो वस्तु)बाट आए झैं लाग्दछ । परन्तु यसको पत्यारिलो मूल संस्कृतको 'विट्क' अथवा 'विट्' (विष्ठा) ठहरिन्छ । 'विट्क'मा अपभ्रंश - इल्ल प्रत्यय लागी कुनै किसिमले प्राचीन नेपालीमा पहिले 'विड्कौंलो' जन्मियो अनि त्यो 'बड्कौंलो' हुँदै 'बकौंलो' भयो । शव्दारम्भको इकारको आकारमा परिवर्तन नेपालीको सामान्य नियम हो । तुलनीय हिन्दी 'किसका', 'इसका' इत्यादि र नेपाली 'कसको', 'यसको' इत्यादि । कतिपय ठाउँमा शव्दारम्भमा इकारको ठाउँमा ओकारको आदेश पनि भएको छ, जस्तै संस्कृत 'विटप' तर नेपाली 'वोट' (शव्दसङ्ख्या २८६) ।

२६३ बाँतर : भारतको विहारदेखि नेपालको पूर्वी तराईसम्म पाइने एक जाति; सरदार जाति । स्पष्ट रूपमा यो 'बाँदर'(<संस्कृत 'वानर') को अपभ्रंश हो । शव्दार्थले यिनलाई मगरका मधिसे नातेदार बुझाउँछन् । यिनका गाउँ मधेसमा 'बँतराही' कहलाउँछन् । 'बँतराही' (वानरावासिका)हरु टोलका रूपमा पनि हुन्छन् ।

२६४ बाबिरो : ना. नेपालमा हाल खसकुरा मातृभाषा भएका पर्वते-हरूले कुल देवताका रूपमा मान्ने गरेका मस्ट नामक देव-समूहका बाह्र भाइ-मध्येको एक; बाबिरो मस्ट । 'बाबिरो' संस्कृत वा प्राकृतमा बोबिलोनको निमित्त प्रचलित पर्याय 'बावेरु'को अपभ्रंश बुझिन्छ । बोबिलोनको निमित्त 'बावेरु'को प्रयोग पारस देशका राजा डेरियसको वेहिस्तुन अभिलेखमा पनि पाइन्छ । यो खस (कश) जातिले बोबिलोनबाट ल्याएको मस्ट हुनुपर्छ, कारण प्रसिद्ध सम्राट् हम्बुराबी पछि बेबिलोन (बावेरु)मा ६०० वर्षसम्म लगातार खस (कश)हरूले शासन गरेका थिए । कशहरूले ६०० वर्ष लगातार शासन गरेको ठाउँको नाम बावेरु हुनु, बावेरुबाट पहाडैपहाड नेपाल आउँदा बाटामा पर्ने एक ठाउँको नाम कश्मीर हुनु र अन्तमा उहिले खसान (खसभूमि) कहलाउने ठाउँका आदिवासी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मानिने खस (कश)हरूको समाजमा एक देवताको नाम 'बावेरु' हुनुबाट के स्पष्ट हुन्छ भने यो देवता खसहरूले बेबिलोनबाट कश्मीरको बाटो नेपाल ल्याएका हुन्। अतः यो वैदिक कालपूर्वको देवता ठहरिन्छ। सम्भवतः पर्वते जातिमा प्रचलित खस उपासना अनुसार आदिमस्टो यही हो। खसहरूको समाजमा मिसिन आएका अन्य जातिहरूले आ-आफ्ना मस्ट लिएर आएका थिए। उदाहरणका लागि पाल वा भार मस्ट खस महासागरमा मिसिन आउने नागहरूको आदि मस्ट थियो। यसलाई अचेल बारमस्ट (वराहमस्ट)पनि भनिन्छ। कालामस्टको स्रोत नागहरूको अर्को शाखाको थियो। मस्ट शब्दको अर्थ एकातिर क्षेत्रपाल थियो भने अर्कोतिर 'टाउके'। यिनमध्ये बाबिरो मस्ट भने बाबेरुका मरुत्–देव मार्दुक प्रतीत हुन्छन्। सम्पूर्ण बाह्रभाइ मस्टहरू एकै भुवो (भव=महादेव)का अंश मानिने हुँदा आदरपूर्वक मस्टलाई भुवो र मस्टकी शक्तिलाई भुवानी (भवानी)पनि भनिन्छ। द्रष्टव्य–'भुवो' (शब्दसङ्ख्या ३०३), 'भुवानी' (शब्दसङ्ख्या ३०१), 'मस्ट' (शब्दसङ्ख्या ३१२), 'वारमस्ट' (शब्दसङ्ख्या २६८), 'कालामस्ट' (शब्दसङ्ख्या ३८)।

२६८ वारमस्ट : ना.मस्ट उपासनाको एक शाखा; तथाकथित वराहमस्ट। यसको मूल हो संस्कृतको 'भार' शब्द, जसको अर्थ हुन्छ 'विष्णु'। यो मणिपुर (फोनेसिया)का पणि (वाणी वा फणी) वंशी नागहरूको कुल देवता 'बाल'को संस्कृत पर्याय हो। 'नाग' शिवजीको भार (भारी अर्थात् गलाको माला) भएकाले यस देवतालाई पुज्ने एकथरी नागहरू गुप्तकालीन भारतमा शिवभार अथवा भारशिवका रूपमा प्रख्यात थिए। एस्सिरिया (असुरपुरी)का असुरहरूको असुरमस्ट इरानको पारसी धर्ममा 'अहुरमज्दा' कहलाएको छ। यो असुरमस्ट (अहुरमज्दा) वास्तवमा पणिपाल (पणिभार) थियो। यसैको उपासक भएकाले असुर सम्राट् बाणासुर द्वितीयको उपाधि असुर वाणीपाल द्वितीय थियो। तर नेपालका पणि (हालका पानी)हरूको मस्ट वारमस्ट नभई कालामस्ट छ। पणिहरूको कालीय शाखामा पर्ने भएकाले यी कालामस्ट उपासक बने। कालामस्ट पनि 'वार' (भार, बाल, पाल)बाट भिन्न मस्ट होइन। खसहरूले मेसोपोटामिया छँदै वारमस्टको उपासना नागजातिबाट ग्रहण गरे। अर्को

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शब्दमा भन्ने हो भने तिनले बाबेरू छँदै नाग जातिको प्रसिद्ध देवता भार (वार, वाल वा पाल)को उपासना गर्ने एकथरी मानवलाई आफ्नो खस संसारमा समावेश गरे ।

मणिपुरेली (फोनेसियन अर्थात् प्यूनिक) वाल (भार, पाल, बार)को रहस्य नजानी बारमस्टमा एकथरीले 'वराहमस्ट'को अथवा 'बाह्लभाइमस्ट'को कल्पना गरे झैं छ । नागमूलको दृष्टिले आदिमस्ट ठहरिए तापनि वास्तविक आदि अर्थात् प्रमुखमस्ट भुवो (संस्कृ 'भव')को अधीनस्थ छ बारमस्ट नेपाली मस्ट उपासनामा । 'वार' या 'भार' मूलत: शिवजीको भार (शिवभार अर्थात् नाग)मात्र भए तापनि मस्ट परिवारमा भने यो शिवजी (भुवो)कै सन्तान हुन पुगेको छ । द्रष्टव्य छन्–'भुवो' (शब्दसङ्ख्या ३०३), 'भुवानी' (शब्दसङ्ख्या ३०१), 'बाह्लभाइमस्ट' (शब्दसङ्ख्या २६८), 'मस्ट' (शब्दसङ्ख्या ३१२), 'ढांडे' (शब्दसङ्ख्या १८५), 'कालामस्ट' (शब्दसङ्ख्या ३८) तथा 'बाविरो' (शब्दसङ्ख्या २६४) ।

२६६ बाल्नु : सं. क्रि. (बत्ती, आगो आदि) सल्काउनु । यो संस्कृतको 'ज्वलन' (बल्ने क्रिया वा प्रक्रिया)बाट आयो । हिन्दीमा यसै अर्थमा 'बालना' वा 'बारना' पर्याय पाइएको छ । शब्दारम्भको कोमल संयोगमा कतै पूर्ववर्ण र कतै उत्तरवर्णको लोप भएको पाइन्छ । हिन्दी 'जलाना' (बाल्नु)मा उत्तरवर्ण (वकार) को लोप छ । संस्कृतको 'द्वि'बाट पूर्ववर्ण लोप भई गुजरातीमा 'बे' (दुई) जन्मियो तर उत्तरवर्ण लोप भई नेपाली 'दुई' जन्मियो । ठीक यसै गरी कोमल संयोग (ज्व)को पूर्ववर्ण (जकार)को लोप भई 'बाल्नु' बन्न गयो ।

२६७ बासी : वि. १. व्यवहार गरिसकेको (लुगा आदि) । २. धेरै बेर अगाडि पकाएको (खाना आदि) । परन्तु यसको संस्कृत मूल 'वसित'को अर्थ हुन्थ्यो 'पहिरेको' (कपडा आदि) । संस्कृतको वसन (लुगा) एक सगर्भ शब्द हो ।

२६८ बाह्ल भाइमस्ट : ना. मस्ट उपासना अनुसार आदिमस्ट (भुवो)का तथाकथित बाह्ल भाइ छोराहरू; मस्ट–परिवार अर्थात् भुवो-परिवार-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

का पुरुष सन्ततिहरू । सम्भवत: 'बारमस्ट' (पालमस्ट, बालमस्ट वा भारमस्ट)को ध्वनि (बार)को आडमा गरिएको यो कल्पना हो । हालका सर्वेक्षणमा मस्टहरूको सङ्ख्याले बाह्र नाघेको छ । सम्भव के पनि छ भने भुवो (भव) परिवारसँग सामञ्जस्य भए पनि मस्टहरूको मूल 'भार' (बाल वा भार)को सूर्यउपासनासँग पनि सम्पर्क थियो, त्यहींबाट बाह्रराशि, बाह्र महिना वा बाह्र सूर्यहरूको आड-मा बाह्रको सङ्ख्या मस्ट-उपासनासम्म आइपुग्यो । ज्ञातव्य के छ भने यहुदीका आदि जनक अब्राहिमका छोरा पनि बाह्र भाइ मानिएका छन् । जसरी नाम सप्त्कोशी वा सप्तगण्डकी भएपनि कोशी र गण्डकी सातभन्दा धेर छन्, नता सप्तसिन्धु केवल सातसिन्धु मात्र हुन्, ठीक त्यसै गरी बाह्र भाइमस्ट केवल भुवोका बाह्र भाइ छोरा मात्र होइनन् । द्रष्टव्य–भुवो (शब्दसङ्ख्या ३०३), 'मस्ट' (शब्दसङ्ख्या ३१२), 'बारमस्ट' (शब्दसङ्ख्य। २४२) तथा 'खन्तरे' (शब्दसङ्ख्या ५८) ।

२६९ बिट्ठल : ना. ना. विष्णुका चौवीस अवतारमध्ये एक; बिट्ठलदेव; विठल । यसको मूल 'इटली' शब्दको प्राचीन रूप 'विथालिया' (बाछाको टाउको झैं देखिने देश अर्थात् 'विथालपुर') हो । यही 'विथाल'का जीवदेव (जुपिटर अथवा जेउस्) नै जैन धर्मका 'जीन'का आरम्भविन्दु प्रतीत हुन्छन् । नेपालका लातिक मस्त (लाटे मस्ट) यिनै बिट्ठल हुनसक्छन् । संस्कृत शब्द 'बिष्ठल'को अर्थ हो 'अति टाढाको देश' । यो 'विथालिया'को संस्कृत रूपान्तर बोध हुन्छ । अचेल बेलाइत सात समुद्र पारिको (टाढाको) देश भए झैं उहिले विष्ठल (इटली) पनि भए झैं प्रतीत हुन्छ । द्रष्टव्य छ–'लाटेमस्ट' (शब्दसङ्ख्या ३५५) ।

२७० बिडा : ना. पान आदिको खिली । सस्कृतमा यसका लागि 'वीटिका' वा 'वीटि' पाइन्छ । तुलनीय छन् पानको 'बिडा'।तर चुरोटको 'बिडा' नभई 'खिली' प्रचलित छ ।

२७१ बिडो : ना. १. पगरी आदिको घेरो वा कुँडुलो । २. गाग्री आदि भुइँमा राख्न सजिलो होस् भनी बनाइने कुण्डलाकार पीठिका । ३. टाउकामा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भारी बोक्नको लागि राखिने कुँडुलो । ४. पगरी । यो संस्कृतको 'पीठक'बाट आएको हो । पुर्खाको विडो थाम्नु, बाबुको विडो थाम्नु आदि जस्ता पदावलीमा अझै तेस्रो अथवा चौथो अर्थ जीवित छ । यो शब्द नाम्ले संस्कृतिको नभई विडे संस्कृतिको हो ।

२७२ बिरिन्दालो : ना. कुनै कुल या वंशको नरनाताको विस्तार। यसको मूल 'वृन्द' (वर्ग; समूह; असङ्ख्य) हो । खस संस्कृतमा 'वृन्दाल' (बगाल; बथान)को प्राक्कल्पना गर्न सकिन्छ । यो प्राक्कल्पित शब्द 'वृन्दार' (देउता)-को सगर्भ हुनसक्छ । तेत्तीस कोटि (असङ्ख्य) भएकाले देवता 'वृन्दार' भएका हुन् ।

२७३ बिरुवा : ना. रूख वा बालीको (रोप्न लायकको) बोट । यो संस्कृत 'विटप' (वृक्ष)बाट आउन सक्छ । संस्कृत 'विटप'बाट प्राकृतमा 'विडओ' र प्राचीन नेपालीमा प्राक्कल्पित 'विडवो' हुँदै हाल 'बिरुवा' हुन पुगेको बोध हुन्छ । हुनुपर्थ्यो 'बिरुवो' तर बिरुवा प्राय: समूहको स्थितिमा हुने हुँदा एक वचन (ओकारान्त)को साटो बहुवचन (आकारान्त)को प्रयोग हुन गएको बुझिन्छ ।

२७४ बिनायो : ना. मुचुङ्गो बजाए झैं मुखमा लगी बजाउने बाँसको बाजा विशेष । यो संस्कृतको 'वीणाकाय'बाट उत्पन्न झैं छ । शब्दान्तमा 'रूप', 'काय' आदि लगाएर नयाँ शब्द बनाउने समास-प्रणाली नेपालीमा सक्रिय पाइन्छ । 'वीणाकाय' प्राकृतमा 'वीणाआओ' र नेपालीमा 'वीणाओ' हुँदै 'विनायो' भएको छ । द्रष्टव्य छन्–'मुचुङ्गो' (शब्दसङ्ख्या ३३०), 'बछरु' (शब्दसङ्ख्या २५९) आदि ।

२७५ बिर्को : ना. भाँडा, ढक्की, सिसी आदिको मुख छोप्न बनाइएको उपकरण । यो आउन सक्छ संस्कृतको 'वीटक'बाट । यस प्रकार यो धूम्रपानको 'बिडी' र पगरी आदिको अथवा गाग्री आदि राख्न बनाइएको 'बिडो' (बिडा)-को सगर्भ हुनपुग्छ। संस्कृत मूल 'वीटक'पनि अझ पुरानो 'वृत्तक'को उप

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रतीत हुन्छ । द्रष्टव्य छ–'विडो' (शब्दसङ्ख्या २७१) ।

२७६ विस्केट : ना. वैशाख एक गते भादगाउँमा मनाइने एक जात्रा (तुलनीय नेवारी 'बिस्च्या') । सूर्य विशाखा नक्षत्रमा प्रवेश गर्ने महीनाका नाताले गाडिने 'विशाखाकेतु'नै विस्केटको मूल हो । पश्चिमी नेपालमा वैशाख एक गतेको चाड 'विसु' कहलाउँछ । आसाममा यो 'बिहु' चाडका रूपमा मनाइन्छ । थारूहरूको 'बिछु' धामीको नाममा मनाइने सिरुवा पवनी पनि यहाँ तुलनीय छ ।

२७७ वुकी : ना. बुक्यानमा फुल्ने फूल; बुकीफूल । वास्तवमा स्वयं 'बुकी'नै पनि फूलवाची 'बुङ्गो' (शब्दसङ्ख्या २८०)सित सम्बन्धित देखिन्छ । पछि अर्थसङ्कोचद्वारा यो पाटन फूलमा मात्र सीमित भयो । अझ 'बुकी' शब्द 'बोकेझार'मा त अर्थावनतिको समेत शिकार देखिन्छ ।

२७८ वुक्यान : ना. बुकीफूल फुल्ने ठाउँ; पाटन । द्रष्टव्य छन्–'बुकी' (शब्दसङ्ख्या २७७) तथा 'बुङ्गो' (शब्दसङ्ख्या २७९) ।

२७९ वुङ्गो : ना. केराको फल लाग्नुभन्दा पहिले लाग्ने कुम्भाकार कोपिलो । यो अग्नेली परिवारका भाषा (राई आदि लगायत)मा पाइने फूलवाची 'बुङा' शब्दबाट आए झैं छ । बुङाको आकारको हुने हुँदा सून–चाँदीका बालाका टुप्पाको एक खास शिल्प 'बुङा' कहलाउँछ । वास्तवमा बुकी, बुक्यान, बोकेझार आदिमा पनि यही बुङ्गो (फूल) शब्दको आभास हुन्छ । द्रष्टव्य छन्–'बुकी' (शब्दसङ्ख्या २७७), 'बोकेझार' (शब्दसङ्ख्या २८३) आदि ।

२८० वुङ्गो : वि. लाटो वा नाङ्गो । यो हिन्दी 'गूँगा'को सगर्भ प्रतीत हुन्छ । सम्भवतः संस्कृतको 'मूक' शब्द 'बूक' हुँदै 'बुङ्गो' बन्यो ।

२८१ वुडामस्ट : ना. मस्ट उपासनाको एक अति रोचक उदाहरण । 'बुडा' शब्दको भ्रमले गर्दा कतिले यसलाई आदिमस्टको पर्याय मान्न सक्छन्,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परन्तु यो अनौठो मस्ट हो । यो त्यो मस्ट हो जसको उपासना पछि गएर बौद्ध धर्ममा विकसित भयो ।

लुम्बिनीको अशोकस्तम्भमा बुद्धलाई 'बुड' भनिएको छ । बर्मा, श्रीलङ्का आदि देशमा र पालि साहित्यमा पनि बुद्ध 'बुड'नै छन् । दाङका थारूहरू दक्षिण-को तराईलाई बुडान (बुडहरू बस्ने स्थल) भन्दछन् । पहाडमा पनि बुडाक्षेत्री, बुडाथोक, बुडाथोकी आदि थरनाम वा स्थलनाममा 'बुडा' तत्व छ । वत्सगोत्री ब्राह्मणहरूको एक प्रकार (दाहाल)मा पनि एकथरी 'बुडा' (बुडादाहाल)हुन्छन् । सम्भवतः बुड वा बुडा आरम्भमा बुध, बोद (भोट), भूत आदिको आधार थियो । पछि सम्भवतः कपिलको शाङ्ख्य दर्शनको रूप ग्रहण गर्दै अन्त्यमा यो उपासना बौद्ध धर्ममा परिणत भयो ।

बुडामस्टकी भुवानी बुडी कहलाउँथिन् । एकपल्ट बुडाको प्रभाव नेपाली-मा सर्वत्र थियो । यसैले सेती, गण्डकी र कोशी अञ्चलमा बुडी नामका नदीहरू छन् । कोशी अञ्चलको धरानमा एक देवताको नाम बुडासुब्बा छ । सतारहरूको उत्पत्ति कथामा प्रथम अभिभावकको नाम पिल्चु बुडा (पृथु बुडा) पाइन्छ । बुडा मस्टोको मूलपनि नागमूलीय हुनसक्छ, कारण उहिलेका बौद्धभिक्षुहरूमा एकथरी दिङ्नाग थिए । फेरि लामाधर्म मान्ने खारिप्रदेशीय राजाहरूमा पनि केही नाग-राज वा नागदेव छन् । द्रष्टव्य–'भुवो'(शब्दसङ्ख्या ३०३) तथा 'मस्ट' (शब्द-सङ्ख्या ३१२) ।

२८२ बद्धू : वि. बुद्धिहीन; मूर्ख । केही विचारकका अनुसार यो बौद्धहरूलाई दिइएको गाली हो । परन्तु यसमा पुनर्विचार आवश्यक छ । द्रष्टव्य छन्–'भुत्तो' (शब्दसङ्ख्या २९७) र 'बोधो' (शब्दसङ्ख्या २८८) ।

२८३ बोकेझार : ना, थुँगे फूल फुल्ने विभिन्न प्रकारका झारमध्ये कुनै एक; गन्धेझार । 'बोके'को सम्बन्ध फूलवाची 'बुकी' (वा 'बुङ्गो')सित छ द्रष्टव्य छन्–'बुङ्गो' (शब्दसङ्ख्या २७९) र 'बुकी' (शब्दसङ्ख्या २७७) ।

२८४ बोक्सी : ना. १. बोक्सा जातिका थारूकी पत्नी वा सो जा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

की नारी । २. मध्य रातमा निर्जन स्थलमा बसी पाँचै औंलामा वत्ती बालेर तन्त्र–मन्त्रका साथमा कुनै अनिष्टकारी देवता उठाएर, कुनै खास व्यक्तिलाई ग्रसित तुल्याउने काममा सिपालु छ भनी लौकिक आधारमा विश्वास गरिएकी नारी; बोक्सी विद्या वा बोक्सेरो जान्ने आइमाई । यिनका गणहरू छौंडा हुन् रै ती बोक्सीद्वारा खटिएर कुनै व्यक्ति प्रति अहित गर्न बिरालोको भेषमा आउँछन् भन्ने नेपाली विश्वास छ । धामीलाई महादेवको अंश र बोक्सीलाई पार्वतीको अंश पनि मान्ने धारणा नेपाली समाजमा छ, जस अनुसार सृष्टिको प्रथम धामी महादेव र प्रथम बोक्सी पार्वती हुन आउँछन् । बोक्सीको छौंडाको स्वरूप बिरालो हुने धारणाले गर्दा नेपाली समाजमा बिरालो राम्रो सगुन मानिंदैन ।

परन्तु आश्चर्यको कुरो के हो भने बोक्सा जातिका महिला (बोक्सी)हरू पनि आफ्ना घरमा छौंडा खेलाउँछन् । तर तिनका छौंडा बिराला नभई छोराछोरी हुन् । तिनका भाषामा बालकलाई छौंडा भनिन्छ ।

यो 'बोक्सी' शब्द भाषातात्विक हेराइले हेर्दा 'उर्वशी'को ढाँचाको छ । उर्वशी उर्व-महिला भए झैं बोक्सी बोक–महिला हुनुपर्छ । रूसेली भाषामा 'बोग'को अर्थ 'भगवान्' लाग्छ । अतः बोक महिला (बोक्सी) बोकको शक्ति रहिछ भन्ने स्पष्ट हुन्छ । बोक (भगवान्)का नाममा छुट्टयाएर छोडेको हुनाले नै देउते अर्थात् भीमसेने छागलाई 'बोको' भन्ने प्रथा चलेको झैं छ । प्राचीन नेपाली बोक–उपासनाका आराध्य देव बोको कहलाउँदथे र तिनकी शक्ति बोकोसी अर्थात् बोक्सी कहलाउँथिन् । बोको–उपासनाकै आधारमा एकथरी थारू बोक्सा भए रं बोकोकी शक्ति (बोक्सी)का आधारमा बोक्सा जातिका नारी बोक्सी भए ।

बोक्सी उपासना मार्जारी नामक देवीको उपासना हो कि भन्ने सङ्केत तिनले खेलाउने गरेको मार्जाररूपी छौंडाले गर्दछ । कुनै समयको निकै उन्नत तर पछिको पूर्णतः विकृत उपासनाको यो अवशेष प्रतीत हुन्छ । अतीतमा जति नै स्नेहमयी भए तापनि वर्तमानमा यिनले नारी जातिको बदनाम गरेकी छन् । ठीक अंग्रेजहरूकी 'उइच' (Witch) झैं छन् अचेल बोक्सी नेपाली समाजमा । कहाँसम्म भने मन नपरेकी अथवा रीस उठेकी कुनै पनि महिलालाई बोक्सीको बात लगाउनु यहाँ परम्परा भइआएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२८५ **बोक्सो** : १. बोक्सा जातिको पुरुष । २ बोक्सीको विद्या जान्ने पुरुष अर्थात् धामी । जसरी बोक्सीहरू पति र छोरालाई समेत शिकार तुल्याउने निष्ठूर चरित्र हुन् त्यस्तै 'बोक्सो पनि' । कुनै-कुनै पुरुषहरूले बोक्सीको विद्या निकै जानेका हुन्छन् भन्ने भनाइ छ ।

२८६ **बोट** : ना. बिरुवा वा वृक्ष । यसको संस्कृत मूल 'विटप' हो । यौगिक आधारमा यसको अर्थ लाग्दछ—'जराले पिउने' । 'विट'को आरम्भको विकारका ठाउँमा वोकारको आदेश रोचक उदाहरण हो । अन्यत्र यस्ता ठाउँमा बकार पनि पाइएको छ, जस्तै 'बर्कोला' (शब्दसङ्ख्या २६२) ।

२८७ **बोटे** : ना. नेपालको (माझीको झैं पेशा भएको) एक जाति । टर्नरले यसलाई 'बोट' (Boat)बाट आएको मानेका छन् । कुनै विद्वान्‌ले वृक्ष अर्थात् 'बोट' काटेर डुङ्गा बनाउने जाति भएका हुँदा यी 'बोटे' भए भनी विचार व्यक्त गरेका छन् । परन्तु 'बोटे' शब्द 'केवट'को उल्था हो । क (पानी) हो र पानीमा (के) वृत्ति हुनेहरू कैवर्त (केवट) हुन् । त्यसै गरी 'उदक' पानी हो र पानीसित खेलेर जीविका गर्ने 'औदक' (बोदअ>बोडे>बोटे)नै प्रस्तुत जाति हो ।

२८८ **बोधो** : वि. १. धार नभएको; भुत्ते । २. बुद्धि नभएको; मूर्ख । यो 'बुद्धू'को सगर्भ हो । यसको मूल संस्कृतको 'भूत' हुनसक्छ । द्रष्टव्य छन्- 'बुद्धू' तथा 'भुत्ते' ।

२८९ **ब्वाँसो** : ना. झन्डै कुकुर जातिसँग मिल्दो जुल्दो जङ्गली पशु; रामकुत्तो । यो संस्कृतको 'वृकसदृश'बाट आयो ।

२९० **भन्ज्याङ** : ना. पर्वत नाघेर जाने ठाउँ; उकालो समाप्त भएर ओरालो आरम्भ हुने स्थल; देउराली । यो शब्द संस्कृतको भञ्जा (देउराली की देवी; अन्नपूर्णा)सँग सम्बन्धित देखिन्छ । पहिले यो 'भन्जान' (भञ्जा नामक देवीको स्थल) भयो र त्यसपछि 'भन्ज्याङ' भयो । पहाडको टाकुरामै भञ्जाको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देउराली हुने हुँदा एक पर्वतकै नाम अन्नपूर्णा (भञ्जा) छ । अझै नेपाली भञ्ज्याङहरूमा देउरालीकी देवी (भञ्जा)लाई पाती ढुङ्गा आदि चढाउने प्रथा छँदैछ । सैनवी देवी (सैनी), मालिका र भुवानीसित यिनको सम्बन्ध अझै अनुसन्धेय छ । प्रस्तुत शब्दको अन्त्यको 'आन' प्रत्ययको लागि तुलनीय छन् 'खसान', 'मकुवान', 'लिम्बूआन' आदि (शब्दसङ्ख्या १०) ।

२८१ भल : ना. वर्षामा पानी पर्दाको अथवा तरलपदार्थ (रगत,अप्रत्याशित रूपमा पोखिएको तेल, दूध आदि)को वेगिलो भुल्को । संस्कृतको मेघवाची 'वल' यसको मूल ठहरिन्छ । वर्षा, वृष्टि, वारि आदि शब्द कुनै किसिमले सगर्भ हुन-सक्छन् । रूसेली भाषाको 'वोल्गा' (नदी)पनि सगर्भ हुनसक्छ । छाँटले खस संस्कृतमा 'वल' पानी, नदी आदिका अर्थमा पनि प्रयुक्त हुन्थ्यो । मेघ र भलको साहिनु टाढाको छैन ।

२८२ भाटो । ना. १. बाँस कपेर बनाइएको लामो चिरो । २. घर छाउँदा धुरीदेखि बलेंसीसम्म तेर्साइएका डाँडाहरूलाई कसिलो पार्न समान अन्त-रको दूरीमा बाँधिने बाँस वा काठ । यो संस्कृतको 'वर्त्तिक' (बत्ती; बातो;समिधा; सलेदो; राँको बाल्ने काठ आदि)बाट आएको हो । नेपाली 'बातो', 'बत्ती', 'बत्तिनु' (बाँसको भाटो हावामा झुले झैं हुनु) । हिन्दी 'बाती', मैथिली 'बत्ती' (भाटो) आदि सगर्भ हुन् । बत्तिने हुनाले नै बट्टै चरोलाई संस्कृतमा 'वर्तिक' भनिन्थ्यो । 'बातो' र 'भाटो' समान मूलका तर अति भिन्न अर्थ भएका शब्द हुन् । छाँटले उहिले 'बातो' बाल्न सहायक भएको हुँदा नै 'भाटो'ले प्रस्तुत नाम पाएको हो । बकारको ठाउँमा भकार (बा>भा)को विकास संस्कृत मूल–को रकारको साहचर्यले गर्दा अथवा 'बातो'सित अर्थभ्रम नपार्ने प्रयासले गर्दा भएको हुनसक्छ ।

२८३ भाले : ना. कुनै पनि प्राणीको बाबु जाति; नरजाति; पुर्सो । यसको मूल संस्कृतको नागमूलीय देवता 'भार' प्रतीत हुन्छन्, जसको सम्बन्ध प्राचीन मणिपुरेलो (Phonecian) 'बाल'सँग छ । ज्ञातव्य के छ भने क्षुद्रेशियाली नारीदेवी 'कुबेला' (अथवा 'अन्ना')का विपरीत मणिपुरेली 'बाल' पुरुषदेव

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

थिए, जो पितृसत्तात्मक समाजका उपज थिए । 'बाल' उपासना अझैं 'भाले'मा अप्रत्यक्ष रूपमा सुरक्षित छ । 'गैंडु' (गोठको देवता गोविन्द)को प्रतिनिधिका रूपमा भाले छोड्ने प्रथा नेपालमा जीवित छ । अतः भाले प्राचीन 'बाल'कै विकसित गैंडु (गोविन्द) उपासनाको स्मारक हो । द्रष्टव्य छन्-'बारमस्ट'(शब्द-सङ्ख्या २६८) तथा 'गैंडु' (शब्दसङ्ख्या ८०) ।

२६४ भीठ : ना. धनहर (धान हुने खेत)का विपरीत पाखो बारी। 'बार वा पर्खालले घेरेको जमीन' भन्ने अर्थ बुझाउने 'वीरुक'नै यस (भीठ)को मूल हो । फरक यति मात्र छ 'वीरुक'मा स्वार्थिक 'क' प्रत्यय छ तर 'भीठ'को मूल स्वार्थिक 'ट' प्रत्यय लागेर तयार भयो–'वीरुट' ।

२६५ भीर : ना. पहाडको उँचाइमा रहेको अकरिलो जमीन। यो संस्कृत 'मेरु'बाट आयो । 'मेरु' मूलतः पर्वत थियो (जस्तै-कशमेरु>कश्मीर)। पर्वती इलाकाका निवासीले यसमा निवास, जनपद, देश आदिको अर्थ पनि दिए, जस्तै-रूसेली 'मिर' (जनता) । नेपाली मीर (प्रमुख, जस्तै मीरसुब्बा), मिड्या (राजा) आदि सगर्भ पनि हुनसक्छन् । हिन्दीको 'मेढ' (आली) सगर्भ हुनसक्छ, कारण त्यो सतहबाट अलिक उठेको हुँदा पर्वतधर्मी हुन्छ ।

२६६ भुजेल : ना. १. भुजीखोले मगर। २. करिया वा कमारोको लागि एक सम्माननीय सम्बोधन ।

प्रथम खाले भुजेलको निर्वचनको लागि 'भुजी' वा 'भुजीखोला'नै पर्याप्त छ । तर दोस्राखाले भुजेलहरूको नामको निर्वचन रोचक छ । यथार्थमा ती 'बोझेल' अथवा 'बोझा बोक्ने' प्रतीत हुन्छन् । यो केवल 'बोक्ने'पनि हो, किनभने संस्कृतमा 'बोक्नु'को पर्याय 'बहन'मा पनि झन्डै समान ध्वनि छ । 'बोक्नु' खस संस्कृतमा 'वहकरण' थियो कि ? विहार र उत्तर प्रवेशतिर यी बोहिया (वहिया अथवा भोइया) कहलाउँछन् । बम्बईतिर गएर यी बोहिया (कहार, खतवे, अमात, ततमा आदि)ले सारा बिहारीलाई 'भैयाजी'को नयाँ संज्ञा प्रदान गरेका छन् । नेपाली भाषाको गालीवाची 'बजिया' शब्दको पनि 'भुजेल' (दो-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्रो)सँग भाषिक सम्बन्ध हुनसक्छ । 'बजिया' शब्द गाली (बाजे बा बज्जीका विरुद्ध) हुनु उति तर्कपूर्ण छैन । द्रष्टव्य छन्–'बजिया' (शब्दसङ्ख्या २९६), 'धर्ती' (शब्दसङ्ख्या ८५), 'कमारो' (शब्दसङ्ख्या २७) आदि ।

२९७ भुत्तो : वि. धार नभएको; नलाग्ने । यसको पर्याय हिन्दीमा 'भोदा' (भोंडा/भद्दा) हुन्छ । यो 'बुटो'(काटेर जमीनमा बाँकी रहेको रूखको ठुटो) सित पनि तुलनीय छ, जो संस्कृतको 'विटप' (वृक्ष)बाट आएको हो । 'बोधो' (शब्दसङ्ख्या २८८) र 'बुद्धू' (शब्दसङ्ख्या २८२) पनि कम तुलनीय छैन । भोट, भूत, बौद्ध इत्यादिमध्ये कुनै एक मूल रोज्ने स्थितिमा हामी छैनौ । अझै यी तीन शब्द (भुत्तो, बोधो र बुद्धू)को मूल विवादग्रस्त छ ।

२९८ भुत्लो : ना. प्वाँख वा रौं । यसको मूल संस्कृत 'भ्रूतल' (आँखीभौं) हो । नेपालीको 'भुत्रो' (उपस्थरोम) प्रस्तुत शब्दको सगर्भ हो ।

२९९ भुल : ना. अधिकांश रूपमा सार्कीको पेशाका साथमा देखिने र कतै-कतै ब्राह्मणका थरका रूपमा समेत पाइने एक शब्द । यो प्रसिद्ध 'वल्लभी'–बाट आएको प्रतीत हुन्छ । 'लुल' (तेलको पेशासँग सम्बन्धित पुहुनी)हरू प्राचीन लुल्लुभी भए झैं यी 'भुल'हरू लुन्लुभीका छिमेकी र 'गुती' (कुती, कुतिक)ले आफूउपर आरोपित 'कुक्कुर'को संज्ञाबाट बँच्न लुल्लुभीकै सादृश्यमा 'वल्लभी' हुन रुचाएको हुनु सम्भव छ । कुतिक वा गुतिकको पूर्ववर्ती इलाका (पश्चिमी इरान)मा पल्लव (पहलवी) अर्थात् पार्थियन (Parthian)को गढ भएको हुँदा यो अनुमान निराधार छैन । भुलहरू गुती हुन् अथवा सोझै पल्लव (वल्लभी) हुन् यसको छिनफान भावी अनुसन्धानले गर्ने छ । द्रष्टव्य छ–'लुल' (शब्दसङ्ख्या ३६२) ।

३०० भुवा : ना. मिहिन रौं अथवा त्यस्तो रौंदार पदार्थ । संस्कृत 'भ्रू' (भ्रू)को पुरानो अर्थ (आँखीभुईं)मा परिवर्तन आई यस अर्थको विकास भएको हो । यथार्थमा 'भुवा'को निम्ति उचित मूल स्वार्थिक प्रत्यय 'क' लागेको भ्रूक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(रौं) हुनुपर्छ ।

३०१ भुवानी : ना. मस्ट उपासनाका आदिदेव 'भुवो'की शक्ति । 'भुवो'को मूल संस्कृत 'भव' (महादेव) भए झैं 'भुवानी'को मूल 'भवानी' हुनु सम्भव छ । आदि भुवो नै आदि मस्ट भए झैं आदि भुवानी आदि मस्टा ठहरिन्छिन् । भुवो–परिवारका विभिन्न मस्टहरू (जस्तै बारमस्ट, कालामस्ट, बाबिरो मस्ट इत्यादि)हरू भुवो कहलाए झैं तिनका शक्ति (काली आदि)पनि भुवानी कहलाउँछन् । भुवानीलाई आदरपूर्वक मालिका पनि भनिन्छ । यस्ता मालिकाहरूको प्रमुख सङ्ख्या सात भएको मानिन्छ। गौण सङ्ख्याहरू समेत समावेश गर्दा भुवानीहरू अनेकौं हुनसक्छन् । क्षेत्रपालको नाताले मात्र भुवोले शक्ति (भुवानी) धारण गर्न पाउँछ । अतः जुन क्षेत्रको अधिष्ठाता भुव हो त्यसै क्षेत्रकी अधिष्ठात्री भुवानी हुन्छे । द्रष्टव्य–'भुवो' (शब्दसङ्ख्या ३०३), मस्ट (शब्दसङ्ख्या ३१२) आदि ।

३०२ भुवावारी : ना. खर्क वा सैनका आसपासको पाखो बारी । यो 'भूः', 'भुवः', 'स्वः' मध्ये 'भुवः'सित सम्बन्धित हुनसक्छ । द्रष्टव्य छ–'स्वाँरो' (शब्दसङ्ख्या ३९२) ।

३०३ भुवो : ना. १. मस्ट उपासना मुताबिक क्षेत्रपालको नाताले कुनै मस्टले पाउने संज्ञा । २. महाक्षेत्रपाल अर्थात् आदिमस्ट । भुवोकी शक्ति भुवानी कहलाउँछिन् (शब्दसङ्ख्या ३०१) । 'भुवो' शब्द संस्कृतको 'भव' (महादेव)को अपभ्रंश हो । मस्ट परिवारमा भुवो आदिमस्ट भएकाले यिनी क्षेत्रपालभन्दा उच्च मानिन्छन् । परन्तु भुवोलाई महाक्षेत्रपाल पनि मान्न सकिन्छ । हुन त भुवो कहलाउने हक आदिमस्टको मात्र छ तापनि मस्ट परिवारका सदस्यको जातीय प्रागितिहासले गर्दा हालका मस्ट उपासकमा आदिमस्ट कुन चाहिँ हो भन्ने विवाद उठ्नु सम्भव भएको हुँदा सम्पूर्ण मस्टहरूले भुवको पदवी र तिनकी शक्तिले भुवानीको पदवी पाउन लागेका छन् । परन्तु आरम्भमा भने आदिमस्ट (भुवो) अलग देवता र मस्ट (क्षेत्रपाल) तिनका अधीनस्थ उपदेव थिए । द्रष्ट-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्य छ- 'मस्ट' (शब्दसङ्ख्या ३१२) ।

३०४ झुसुनु : ना. झिंगाको स्वभाव र स्वरूपको तर अत्यन्त स्यानो मक्षी विशेष। यो 'मोष' (चोर, हत्यारा)बाट आए झैं छ। बङ्लाको लामखुट्टे बुझाउने 'मोस' सम्बन्धित भए झैं छ । हिन्दीको 'मच्छड' (लामखुट्टे) 'मत्सर' (डाढ, जलन आदि)को उपज हो। 'झुसुनु' यी दुईमध्ये पहिलोबाट (सम्भवतः 'मोषाणु'बाट) आएको हो।

३०५ भेक : ना. ठाउँ; क्षेत्र; इलाका; स्थल। यो तुर्कलीको स्थानवाची 'वेग' ('बेक')बाट आएको हो। द्रष्टव्य–'छिमेकी' (शब्दसङ्ख्या १२३)।

३०६ भैलो : ना. तिहारको उत्सव मनाउँदा भैलिनी (भैलो गाउने)हरूले लय हाली गाउने गाना । यो संस्कृतको "भौली" (एक प्रकारको राग)बाट आए झैं छ। भैलो गाइने राग भौली गाउने राग हो होइन, यो छुट्टयाउने कार्य हाम्रा गीताररुहरूको हो।

३०७ भ्याकुर : ना. एक प्रकारको फुलो, झन्डै भँगेराको रङको तर दोब्बर आकारको, चरो। यसको निर्वचन 'भेकरव' (भ्यागुताको झैं स्वरले कराउने चरो) हो अथवा 'भ्याकर' (भ्या आवाज निकाल्ने चरो) हो यसबारे भावी अनुसन्धानले प्रकाश पार्ला। 'न्याउरो'<विरालाको बच्चो) वास्तवमा संस्कृतको प्राक्कल्पित 'म्याकर' (म्या गर्ने जन्तु)बाट आउन सक्छ। त्यस्तै 'सूकर' (सुँगुर)पनि 'सू' गर्ने पशु हो। एकथरी चरो (पिउरो) भने 'पिकरव'(कोइली झैं आवाजवाला) अथवा 'पिकर' ('पि'को आवाज झिक्ने) हो, खोजी हुनु आवश्यक छ। सम्भवतः 'पिक' (कोइली) समेत 'पिकर'को संक्षेप थियो । त्यस्तै 'भेक'पनि प्राक्कल्पित संस्कृत 'भेकर'को संक्षेप हुनसक्छ। यही तर्क नेपाली 'प्याउरो'को निर्वचनमा पनि सार्थक हुनसक्छ। परन्तु नेपाली 'न्याउरी' भने संस्कृतको 'न्याकर' वा 'म्याकर'बाट उत्पन्न नभई सोझै 'नागारि' (सर्पको वैरी) बाट आएको हुनसक्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३०८ मन्तरे : वि. जन्तरेपछिको (सन्तान) । यसको प्राक्कल्पित संस्कृ मूल 'मध्यान्तरक' हुनसक्छ ।

३०९ मन्सरा : ना. धानको एक प्रकार; मार्ग महीनामा पाक्ने (मार्सी) धानको एक भेद । निर्वचनका दृष्टिले 'मन्सरा' शब्द ठीक 'मार्सी' झैं 'मार्ग-शीर्ष'बाट कुनै किसिमले आउन सक्छ तापनि प्रस्तुत शब्दको अझ पत्यारिलो मूल 'मार्गशालि' (मंमिरे धान) ठहरिन्छ । 'मार्ग'को पश्चकालीन रूप 'मग्ग' नभई 'मार्' हुनु र पुनः रकार अनि नकारको अभेद सक्रिय हुनु खस प्राकृत (खस संस्कृत)को लक्षण हुनसक्छ । प्रस्तुत शब्दको अन्त्यको 'सरा'मा भने प्रत्यक्ष रूप-मा संस्कृतको 'शालि' (धान वा चामल) देखा पर्छ । यसको निम्ति तुलनीय छन् जिरासरी, मन्सरी आदि शब्दहरू ।

३१० मलेवा : ना. जङ्गली परेवा । संस्कृत 'माल' शब्दका अनेकौं अर्थ (नेपाल तराई, वन, क्षेत्र इ०) मध्ये 'वन'को अर्थमा प्रस्तुत शब्दको मूल अनु-सन्धेय छ । 'चखेवा' (चक्रवाक् अथवा चक्रवात)को सादृश्यमा, अझ 'परेवा'को सादृश्यमा, प्रस्तुत (मलेवा) उत्पन्न देखिन्छ ।

३११ मसी : ना. १. लेख्ने काममा आउने विभिन्न रङको तरल पदार्थ । २. टाइपराइटर वा छापाखानामा प्रयोगमा आउने लेसिलो पदार्थ । यो संस्कृत 'मसि' (वा 'मसी')को तत्सम रूप हो । संस्कृतमा 'मसी'को अर्थ केही व्यापक (मोसो, मिस्सी, गाजल समेत बुझाउने) थियो । 'मोसो', 'मिस्सी' (दाँतमा लगा-उने काली वा मञ्जन) आदि शब्द पनि सगर्भ हुन् ।

३१२ मस्ट : ना. १. खसकुरा अर्थात् नेपाली मातृभाषा भएका पर्वते नेपालीहरूको 'भुवो' अर्थात् महाक्षेत्रपालको परिवारमा समाविष्ट हुन आएका विभिन्न मूलका अति प्राचीन देवता, जसको अभिव्यक्ति मूर्ति अथवा ध्यानबाट नभई पुरुष धामीको शरीरमा देवत्वको आरोप भएर हुन्छ । २. महाक्षेत्रपाल अथवा आदिमस्टो 'भुवो'का अधीनस्थ कतिपय स्थानीय मस्ट मध्ये कुनै एक ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

'मस्ट'लाई 'मस्टो' अथवा 'मँठो' (जुम्ली भाषिकामा) भन्ने पनि चलन छ। यो शब्द संस्कृतको 'मस्त' शब्दबाट आएको हो जसको अर्थ मस्तक, टाउको, टाउके,प्रमुख आदि लाग्दछ। 'मस्ट'ले क्षेत्रपालको पर्याग बुझाउन थालेपछि खस-कुराको 'मस्त' (ठाउँ, तुलनीय रूसेली मेस्ता)का आधारमा यस शब्दले ठाउँ बुझाउन लाग्यो। अंग्रेजी Mast तथा Master मा यो 'शिर' तथा 'स्वामी'को अर्थमा छ। प्राचीन फार्सेलीको जेन्द आवेस्ता आदि स्रोतमा अहुर नामक मज्दा ठीक नेपाली 'मस्ट'को अर्थमा छ। नेपालीका माथि, माथा, मास्तिर आदि शब्द यसका सगर्भ हुन्।

मस्ट उपासना अति प्राचीन यस्तो धार्मिक सङ्गठन हो जस अन्तर्गत राज्यले सुरक्षाको प्रबन्ध मात्र गर्न पाउँथ्यो। लेन–देनका झगडा, आर्थिक विवाद, रोग-व्याधि निवारण इत्यादि मस्टको विवेकमा निर्भर गर्थे। मस्ट समाजको न्यायप्रमुख हुन्थ्यो। झरी, बादल, हुरी, खडेरी, अतिवृष्टि आदिमा नियन्त्रण गर्ने मस्ट नै हुन्थ्यो।

मस्ट उपासनाका शाखाप्रशाखा सबै एकै भुवोका विरिन्दाला मानिए तापनि, तिनका स्रोत बेग्ला-बेग्लै छन्। केही मस्ट खस मूलका, केही मिश्रदेशको चन्द्र उपासना (आमोन) मूलका, केही गारुड मूलका, केही प्राग्वौद्ध मूलका केही पणि (नाग) मूलका र केही प्राग्जैन मूलका समेत देखिएका छन्।

खसमूलीय मस्ट हो 'खापर मस्ट'। यो संस्कृतको 'खपति मस्त' हो जसलाई खेचर मस्त पनि भन्न सकिन्छ। दुवै उदाहरणमा यो चरो (बाजपक्षी)लाई अरुणदेव मानेर पुज्ने खस संस्कृतिको अवशेष हो। चन्द्रदेव (आमोन)बाट ग्रहण गरिएको मस्ट हो तारकमस्ट अर्थात् दारेमस्त। यो मिस्रदेशीय अनुकरण हो। गोरामस्ट (गारुडमस्त) र ढंडारमस्ट (धुन्धुकारमस्त) दुवै प्रेत उपासनाका अनुकरण हुन्। बुडामस्ट प्राग्वौद्धकालीन मस्ट हो। शेष सबै मस्टहरू नाग मूलका छन्। अहुर मज्दा (असुर मस्त) नाग (पणि) जातिको पाल (बाल)को आसुरी भेद हो। परन्तु यो आसुरी मस्ट जस्ताको तस्तै नेपाली मस्ट उपासनामा देखिँदैन। अन्यथा पार्सीमूलक यो मस्ट अति महत्वपूर्ण ठहरिने थियो। नागहरूको 'बाल' नेपालमा बारमस्ट हुन आएको छ। भ्रमवश यसलाई वराहमस्ट पनि मानिन्छ। नागमूलीय अर्को मस्ट हो असुरभूमिदेखि दक्षिणका काद्रवहरूको देश

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वाबेरूको वाबिरो मस्ट । कालामस्ट नागमूलीय कालीय उपासना हो । पालमस्ट भिन्न मस्ट नभई बारमस्ट (भारमस्ट)नै हो । लाटे मस्ट विथालियाका लाति-कहरूको त्यो मस्ट हो जसको आडमा जैनहरूको दर्शनको प्रेरक विठल पन्थको उदय भयो । ढाँडेमस्ट कादेशीय दत्त भए सोझै नागमूलीय ठहरिन्छ तर यदि यो कत्युरमानवंशी हेकतालहरूको थाणु (स्थाणु) हो भने खसमूलीय 'भुवो' ठह-रिन्छ ।

प्रत्येक मस्टले खास क्षेत्रलाई आफ्नो भूमि वा क्षेत्र वनाएको हुन्छ । यस नाताले मस्ट क्षेत्रपाल हो र भुवो महाक्षेत्रपाल हो । मस्ट विना शक्ति क्षेत्रपाल वन्दैन ।

द्रष्टव्य छन्–'ढाँडेमस्ट' (शब्दसङ्ख्या १८५), 'लाटेमस्ट' (शब्दसङ्ख्या ३५५), 'कालामस्ट' (शब्दसङ्ख्या ३८), 'बाबिरोमस्ट' (शब्दसङ्ख्या २६४) 'असुरमस्ट' (शब्दसङ्ख्या ६), 'बारमस्ट' (शब्दसङ्ख्या २६८), 'खापरमस्ट' (शब्दसङ्ख्या ६०), 'दारेमस्ट' (शब्दसङ्ख्या २११), 'बुडामस्ट' (शब्दसङ्ख्या २८१), 'गोरामस्ट' (शब्दसङ्ख्या ८३), 'ढँडारमस्ट' (शब्दसङ्ख्या १८३), 'मस्टका बाह्र भाइ' (शब्दसङ्ख्या २६८), 'पाल' (शब्दसङ्ख्या २४२), 'भुवो' (शब्दसङ्ख्या ३०३), 'भुवानी' (शब्दसङ्ख्या ३०१), 'क्षेत्रपाल' (शब्दसङ्ख्या ५७) तथा 'प्रेत' (शब्दसङ्ख्या २५०) । अवतारवादलाई धार्मिक समन्वयको अद्भुत नमूना मानिन्छ । वास्तवमा अवतारवाद पुराणकालीन (स्मार्त) परम्परा हो जब विभिन्न उपासनाका देवता वटुली परिवार निर्माण गर्ने मस्ट अवतार वादभन्दा धेरै पुरानो र धेरै प्रभावकारी कार्य हो । हिमाली माटोमा सदैव धर्मसमन्वय हुँदै आएको प्रमाण पेश गर्दछ मस्टवादले ।

३१३ माइजू : ना. मामाकी पत्नी । यो 'मामीजू' हुनुपर्थ्यो, तर 'मि'का ठाउँमा'इ'को आदेश भएकाले प्रस्तुत शब्द जन्मिएको हो । अझ पुरानो 'माइँजू' को यो सरलीकरण हो ।

३१४ माउ : ना. १. भालेले पनि बच्चा स्याहार्ने जातका चरा (परेवा, ढुवकुर)हरूमा बच्चा वा फुल पारिसकेको गुँडको भाले अथवा पोथीमध्ये कुनै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एक। २. भालेले बच्चा नहयाहार्ने (कुखुरा, गाई) आदिमा बच्चा जन्मिसके पछिको केवल पोथी (पशु वा पशी)। ३. बच्चा जन्माउन लायक उमेरको कुनै पनि पोथी प्राणी। ४. आमा। ५. महिला। उदाहरणहरू—'माऊ गाई' (बच्चा वाली एक गाई), 'माऊ परेवा' (बच्चा भइसकेका परेवाको भाले र उसकी पोथी), 'छोराछोरीकी माऊ' (आमा), 'घरकी माऊ' (गृहस्वामिनी), 'बूढी माऊ' (वृद्ध महिला)। प्रस्तुत शब्द संस्कृतको 'माता'बाट मात, माव हुँदै जन्मिएको हो। जुम्ला-डोटीतिर यो शब्द 'मौ'का रूपमा व्यवहृत हुन्छ। द्रष्टव्य–मौ (शब्द-सङ्ख्या ३३७)।

३१८ माकुरो : ना. खेतबारी, छाना, भित्ता, दलिन आदिमा जालो बनाई कीरा फँसाएर जीउ पाल्ने कीट विशेष। भाग्ने बेलामा अथवा जालमा फँस्न लागेको कीराउपर आक्रमण गर्ने बेलामा 'मर्कट' (बाँदर) झैं उफ्रने भएकाले यसलाई 'माकुरो' भनिएको होला। यो आएको हो संस्कृतको 'मर्कट कीट'-बाट जसको शाब्दिक अर्थ बान्द्रे–कीरो हुन्छ। तर नेपाली भाषामा 'मर्कट'बाट कुनै बाँदरबाची शब्द नजन्मिएको हुँदा अर्थ भ्रमको सम्भावना नभएकाले 'कीट'-को आवश्यकता प्रयोगका बेला नभए झैं छ। सोझै 'मर्कट' (बाँदर)ले 'माकुरो'-को काम गरेको छ। हिन्दी 'मकडा' पनि यस्तै नमूना हो। नेवारी भाषाको 'माकल' वा 'माक:' (बाँदर) संस्कृतको मौलिक अर्थका साथमा छ। परन्तु नेपाली 'माकुरो' भने मर्कट भएर पनि 'माकुरो' छ।

३१९ मानमी : ना. संसार। कर्णाली अञ्चलका गीतहरूमा अझै प्रचलित यो शब्द खारा-चक्र-निकटको रास्कोटी राजधानी 'मान्म'सित सम्बन्धित छ अथवा 'मानवी'सित, यो खोज्नु आवश्यक छ। अझ सिंजाली युगमा चापवंशी नरेशहरूको प्रभाव मानसरोवरका गुगे र पुराङसम्म भएको हुँदा 'मानमी' त्यही प्रदेशलाई भनिएको पनि हुनसक्छ। उसो हो भने 'मानमी'को मूल संस्कृत 'मानभूमि' ठहरिन्छ र 'मानभूमि'नै पनि अझ प्राचीन 'माल भूमि' (सम्मो प्रदेश) हुनसक्छ। 'मानमी' सोझै 'मानवी'पनि हुनसक्छ। पुरानादिमा हिमाली भेकमा पनि मालवदेशको अस्तित्व भएकोबारे चर्चा पाइने हुँदा यो विकल्प पनि विचार-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

णीय छ।

३१७ मारुत : ना. १. हावा। २. वायुदेव। यो देवता मेसोपोटामिया अन्तर्गत काद्रवभूमि काद्रिया वा काल्दिया (बाबेरु) अर्थात् बेबिलोनको स्थानीय देव मार्दुक ठहरिन्छ। छाँटले मस्ट-उपासनाका बाबिरो मस्ट यिनै हुन्। द्रष्टव्य छ–बाबिरो (शब्दसङ्ख्या २६४)।

३१८ मारु : ना. पहाडका घरहरूमा झ्यालको बदलामा ठिक्क जाडो मात्र छिर्न पाउने गरी घरभित्रको धुवाँ बाहिर निस्कन दिन र बाहिरको हावा भित्र पस्न दिन बनाएको विशेष प्रकारको खोपो; वातायन। प्रस्तुत शब्दको मूल संस्कृतको 'मरुत्' वा 'मारुत' (हावा) हो।

३१९ मातली : ना. पुरान अनुसार इन्द्रका सारथी; मातलि। यो शब्द 'मा' (आमा), 'तल' (लोक) र तद्धित प्रत्यय (इ/ई) लागेर बनेको प्रतीत हुन्छ र यसको वाच्यार्थ हुन आउँछ 'आमाको लोक निवासी'। अत: इन्द्रसारथी मातली आजको तुर्की (दुर्गिया/तुर्किया/आनातोलिया)का ठहरिन्छन्। 'दुर्गिया' र 'आनातोलिया'को अर्थ पनि 'माता दुर्गाको देश' हो।

३२० मार्वाडी : कानमा लगाउने विशेष प्रकारको मुन्द्री। छाँटले यो मारबाडतिरबाट आएको हुँदा 'मार्वाडी' कहलायो।

३२१ मालश्री : ना. श्रीरागका अनेकौं रागिनीमध्ये एक; मालवश्री। मालवी भाषा र नेपाली भाषाको उदेकलाग्दो समानतालाई ध्यानमा राख्दा मालश्री नामक रागिनी नेपालमा लोकप्रिय हुनु स्वाभाविक देखिन्छ। यस गीतलाई नेपालमा 'मालसिरी'पनि भनिन्छ।

३२२ मास्नु : स. क्रि. खर्च गर्नु; बिमाख गर्नु; नास्नु। यो संस्कृतको निषेधवाची शब्द 'मा' (जस्तै मा कुरु, मा गच्छ, मा आगच्छ आदि)द्वारा 'ना-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्नु'को आरम्भको 'ना' स्थानान्तरित भएर बनेको हो। यस्तै घटना 'नाप्नु' र हिन्दीको 'मापना' क्रियापदको बीचमा पनि भएको झैं लाग्छ।

३२३ म्मिझार : ना. माझी, सार्की आदि जातिको प्रमुख। यो शब्द मगरभाषाको 'मिझार्पा' (जेठो)बाट आएको हो।

३२४ मियो : ना. अन्नादिको दाइँ गर्दा गोरू (पाडा)हरू बाँधेको माल-दाम्लो छिराउन दाइँ गर्ने खलाको बीचमा गाडिएको खाँबो। यो संस्कृतको मथानीवाची 'मथी'बाट प्राकृतमा 'मही' हुँदै नेपालीमा एक उदाहरण (मँझारो)-मा 'मँ' हुन पुगेको छ। 'मँझारो' संस्कृतको 'मथि यस्ट' (प्राक्कल्पित)बाट आ-यो-प्राकृतमा 'महिजट्ठो' हुँदै। वास्तवमा उहिले 'मँझारो'को अर्थ 'मियो' थियो। परन्तु अब 'मँझारो' दाइँ सकेर मियोलाई विधिपूर्वक पूजा-आजा गरी उखेल्ने कार्यलाई भनिन्छ। व्यञ्जनाद्वारा अब 'मँझारो'को अर्थ 'समाप्ति' भइसकेको छ। कृषिको उपज हात पारेपछि अन्नदेवको प्रतीकको रूपमा पूजा पाउने 'मँ' (तथाकथित 'मय') वास्तवमा यही 'मियो' हो।

३२५ मिर्गौलो: ना.ढाडको फेदीमा दाँया-बाँया रहने एक जोर गोलाकार भित्र्याँस; वृक्क। यो संस्कृतको 'वृक्क' (मिर्गौलो) अनि 'गोल'बाट जन्मिएको 'वृक्कगोल'को उपज हो।

३२६ मुटु : ना. हृदय। संस्कृतमा मुटुवाची 'वृक्का' छ। परन्तु 'मुटु'-को खास मूल 'वृक्कट' (प्राकृत बुक्कटो>प्राक्कल्पित प्राचीन नेपाली बुक्टो>मुक्टो>मूटो) हो। बङ्ला 'बुक' (छाती) सगर्भ हो अथवा 'वक्ष'बाट आएको हो विचारणीय छ।

३२७ मुद्दपात : ना. राजमुद्राका साथमा राजाद्वारा दिइएको ताम्रपत्र आदि। यो शब्द सं. १३८५ को पुण्यमल्लको ताघवाई गुम्बा अभिलेख (ताम्रशासन)मा पाइएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३२८ मुनि : क्रि. वि./ना. यो. तल, तल्तिर, मुन्तिर । यो संस्कृतको 'मूले' (मूलमा)बाट आएको हो । प्राकृतमा 'मूलि' फेला परेको छ । लकारको र नकारको अभेद नेपाली भाषाको एक प्रमुख प्रवृत्ति हो, जसका उदाहरण हुन् लम्वरी (नम्वरी),लोट (नोट),लम्बर(नम्बर) इत्यादि । नेपाली भाषाको छिमेकी मैथिलीमा कतै-कतै 'नदी' शब्द 'लद्दी' भएको पाइन्छ परन्तु प्रस्तुत शब्दमा भने उल्टै लकारले नकारको ध्वनि ग्रहण गरेको छ । यो प्राचीन खसकुराको अवशिष्ट लक्षण हुनुपर्छ । 'र' वा 'ल' को ठाउँमा नकारको आदेश ग्रिसेली र असुर भाषा-मा पाइन्छन्, उदाहरणको लागि तुलना गर्न सकिन्छ ग्रिसेलीको निम्फ (Nymph)लाई संस्कृतको 'रम्भा' (अप्सरा विशेष)सित । नकार र लकार (वा) रकारको अभेद पाइन्छ 'मानमी' वा 'मालभूमि' (शब्दसङ्ख्या ३१६)मा पनि ।

३२९ मुन्टो : ना. १. घाँटीदेखि टुप्पीका बीचको अङ्ग; टाउको; शिर माथा । २. लहरा वा बिरुवाको हाँगाको मूल टुप्पो । यो संस्कृतको 'मूलट'बाट आयो । रकार, नकार र लकारको अनन्यताको निम्ति द्रष्टव्य छन् 'ऋषि' (शब्दसङ्ख्या १५) तथा 'मुनि' (शब्दसङ्ख्या ३२८) । संस्कृत 'मुण्ड' पनि यहाँ विकल्पले प्रस्तावित हुनसक्छ ।

३३० मुर्चुङ्गो : ना. आइमाईले केश चेप्ने चेप्टी जस्तो आकारको मुखनेरि लगेर हातको सहायताले ओडार निर्माण गरी मुखको सासद्वारा प्रतिध्वनिको स्थिति पैदा गरी औंलाले झन्काएर बजाउने तारबाजा । यसको मूल संस्कृतको 'मृदङ्ग' हो तापनि संस्कृतमा 'मृदङ्ग' भिन्नै अर्थमा प्रयुक्त हुन्छ । संस्कृत 'मृदङ्ग'बाट अर्थपरिवर्तन भई मुर्चुङ्गो जन्मिएको हो । प्रस्तुत शब्दको चुकार प्राप्त गर्न संस्कृतमा 'मृच्यङ्ग' मूलको प्राक्कल्पना गर्नु आवश्यक हुन्छ । पहिले 'मर्चङ्ग' भई यस शब्दले वर्तमान रूप प्राप्त गरेको हो ।

३३१ मेट्नु : स. क्रि. केर्नु वा पुछेर अदृश्य पार्नु । यो संस्कृतको 'मृत्तन'बाट आए झैं छ र यसको नाता माटोवाची 'मृत्तिका'सँग हुनु सम्भव छ । उहिले धूलेपाटीमा लेखेको मेट्ने काम माटोले नै गर्थ्यो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३३२ मेलो : ना. सुर; मेसो; थाहा; ज्ञान । यो आयो संस्कृतको 'मेलक' (हूल; मिलन; मेला)बाट ।

३३३ मैझारो : ना. कुनै कार्यको समाप्ति । आरम्भमा यो कृषकहरूले अन्नको दाइँ गरेर अन्न भित्र्याई मियो ढालेर विधिपूर्वक गर्ने समापन कार्य थियो । 'मैंझारो' प्राक्कल्पित संस्कृत 'मयियष्ट' (प्राकृत 'महिजट्ठो'>प्राचीन नेपाली 'महिजाठो'>आधुनिक नेपाली 'मैंझारो',बाट जन्मिएको प्रतीत हुन्छ । द्रष्टव्य छ–'मियो' (शब्दसङ्ख्या ३२४) । वास्तवमा मैझारो सांस्कृतिक् दृष्टिले 'खेवरा' (शब्दसङ्ख्या ६५)को विपरीत कार्य हो ।

३३४ मोच : ना. साना केटाकेटीहरू सुक्तै मर्ने एक रोग; सुकेनास । यो संस्कृतको 'मृत्यु' (प्राकृत 'मिच्चु')बाट आएको हो । हिन्दीमा 'मोच' खुट्टा आदि अङ्ग मर्केर उत्पन्न भएको लंगडोपनलाई भन्दछन् ।

३३५ मोटो : वि. स्थूल आकारको; पुष्ट । यसको मूल संस्कृतको 'पुष्टक' (प्राकृत 'पुट्ठओ'>प्राक्कल्पित प्राचीन नेपाली 'पोटो') हुनसक्छ । पकार तथा मकारका बीच अनन्यता केही उदाहरणमा पाइएको छ, जस्तै-पाम्रो: माम्रो ।

३३६ मोनी : स्थलनामको अन्त्यमा कतै-कतै देखिने एक महत्वपूर्ण तत्व, जस्तै झापाका गारामोनी, अनारमोनी इत्यादि । नेपालीभाषी जिब्राले अचेल गारामुनी र अनारमुनी पनि भनेको सुनिन्छ । अझै गारामनी र अनारमनी भनेको पनि नसुनिने होइन । यी 'मोनी', 'मुनी' र 'मनी' वास्तवमा संस्कृतको 'वन'बाट उत्पन्न हुन् । बिराटनगरको दक्षिणी सीमामा जोडिएको एक भारतीय स्थलको नाम जोगवनी छ । यसलाई अचेल बङ्गालीहरू जोगबानी भन्दछन् । परन्तु नेपालीहरूले जोगमनी भनेको सुनिन्छ । यस नेपाली उच्चारणले के बताउँछ भने यताका आदिवासी राजबंशी जोगवनीलाई 'जोगमोनी'नै भन्दथे । झापा जिल्लाको बिर्तामोडबाट भद्रपुर जाने बाटोमा देवनिया नामक स्थल छ,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जो 'देववनिया'को नयाँ रूप प्रतीत हुन्छ। यस शब्दको पनि स्थानीय राजवंशी उच्चारण देमनिया हुनसक्छ, जुन खोज्नु पर्ने कुरा हो। अचेल बङ्ला भाषामा महिलालाई आदर गर्दा 'दिदीमोनी' भन्ने चलन छ। कतिले यसलाई 'दिदीमणि' ठानेका हुन्छन्, तर यो हो 'दिनीबोनी'को अपभ्रंश। बङ्ला भाषामा 'बहिनी'-लाई अचेल 'बोन' भनिन्छ, जुन अलि पहिलेको 'बोनी'को विकास हो। ठीक गारामोनी, अनारमोनी आदिमा झैं 'दिदीमोनी'मा पनि बकारको ठाउँमा मकार पाइन्छ। यसो हुँदा हुनुपर्थ्यो दिदीमनी,अनारमनी आदि, परन्तु बङ्लामा अकार ध्वनिको अभाव भएको हुँदा त्यो खास प्रकारको ओकार हुन जाने हुँदा झन्डै बङ्लासँग मिल्ने राजवंशीले पनि 'मनी'को प्रयोग नगरी 'मोनी'को प्रयोग गरेको होला।

राजवंशी र बङ्ला भाषामा बकार एवं मकारको अभेद माथिका उदाहरणमा 'व'को पछि 'न' रहेको स्थितिमा मात्र देखिएको छ। अन्य स्थितिमा पनि यो अभेद छ-छैन, यो कुरो भावी अनुसन्धानले बताउनेछ। हाल कति मात्र भन्नु उपयुक्त हुन्छ भने नेपाली भाषाको प्रवृत्ति नभए पनि प्रस्तुत मोनी-तत्व सुदूर-पूर्वका नेपाली स्थलनामलाई अर्थ्याउन खूब सहायक हुनेछ।

३३७ मौ : ना. १. माऊ। २. श्रीमती; जहान। यसको निर्वचनको इतिहास 'माऊ'मा चर्चित छ (शब्दसङ्ख्या ३१४)। कबिला (परिवार)सँग जोडिएर बन्ने मौकबिला (जहान छोराछोरी)मा यो विशेष व्यवहारमा आउँछ।

३३८ यवन : ना. १. युनानको आयोनिया प्रान्त; उक्त प्रान्तको जाति वा व्यक्ति। २. युनानी; ग्रिसेली। ३. अरब, तुर्की, फार्सी लगायत इस्लाम तथा ईसाई धर्म मान्ने कुनै पनि जाति वा व्यक्ति। ग्रीसको एसियातिरबाट नजीकै पर्ने प्रान्त आयोनिया भएकाले कालान्तरमा सारा ग्रीस एसियावासीका लागि यूनान अर्थात् यवनदेश भयो। 'यूनान'को मूल 'यवनान' हुनुपर्छ (द्रष्टव्य आन प्रत्यय-शब्दसङ्ख्या १०)। सम्भवतः यही 'यवनान'को प्रभावमा परी 'लेबान' भएको हो 'लेबनन' (द्रष्टव्य-आन-प्रत्यय-शब्दसङ्ख्या पूर्ववत्)। परन्तु ग्रिसेली स्वयंले भने आफूलाई प्राचीनकालमा आखाइओई अथवा दानाओई भन्नथे।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हिट्टीलीहरू यिनलाई अहियव भन्दथे जुन हाम्रा हिन्दू पुराणहरूको हैहय हो। आखाइओईकै आधारमा ती अहियव कहलाएका हुन्। दानाओईले हामीलाई पुराणप्रसिद्ध दानवको र दानासुरको सम्झना दिलाउँछ। परन्तु आज अंग्रेज, फ्रान्सेली, जर्मन, रूसेली मात्र होइन मुसलमानसम्म पनि यवन कहलाउन लागेका छन्।

सिकन्दरकै पालामा विजयको लगत्तै पछि दश हजार ग्रिसेली युवकहरूले फार्सी केटी विवाह गरेका थिए। आज मुसलमान भएका निकै मुलुकहरूमा इस्लाम जन्मनुभन्दा पूर्व ग्रिसेली प्रभाव थियो। भुजङ्गपुरी अर्थात् वेजन्टियम (आजको कन्स्टान्टिनोपल) रोमन कालमै पनि नामको मात्र रोमन थियो। व्यवहारमा ती ग्रिसेली बोल्दथे। यही कारण हो तिनको यवन नाम केवल तिनमै मात्र सीमित नरही सर्वत्र व्याप्त भयो। द्रष्टव्य–'हैहय' (शब्दसङ्ख्या ४००) तथा 'दानव' (शब्दसङ्ख्या २१०)।

३३९ यूँ : ना, भोटेहरूले गहनामा पत्थरको रूपमा जड्ने गरेको, छेडेर म्वालो वा मूगा झैं हार बनाएर पनि लगाउन सकिने, खुकुरी आदिको दाप, बयूरियोको कुनै सामान सिंगार्नको निम्ति जड्ने काममा समेत आउने एकथरी हरियो पत्थर। यो आएको हो तम्बेली भाषा (तामाङ, गुरुङ, थकाली) आदिको ढुङ्गावाची 'युङ' अथवा 'युँ' शब्दबाट। ती भाषामा कुनै पनि ढुङ्गो युङ वा युँ कहलाउँछ, तर नेपालीमा भने उपर्युक्त दामी पत्थर मात्र यूँ कहलाउँछ। 'ढुङ्गा'लाई मगरहरू 'ल्हुङ' र नेवारहरू 'ल्हों' भन्दछन्। छाँटले प्राग्भोटबर्मेलीमा 'ढुङ्गो' बुझाउने प्राक्कल्पित शब्द 'ल्ह्युङ्' थियो। त्यसैबाट एकातिर 'ल्हुङ्' (ल्हों) र अर्कोतिर 'युङ्' (यूँ) जन्मिए।

३४० रछ्यायो : वि. अलि-अलि रातो; फिक्का रातो। यो संस्कृतको 'रक्तसदृश' (प्राकृत 'रत्तसइओ')बाट आउन सक्छ।

३४१ राँके भूत : ना. रातको समयमा पाखा-पखेरा हुँदो राँको बालेर हिंड्छ भनी पहाडवासी नेपाली गाउँलेहरूले बिश्वास गरिआएको एक भूत।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जनविश्वासअनुसार यो गाउँमा पस्दैन। पाखाको बाटो गरी रातमा हिँड्ने बटुवा मात्र यसका शिकार हुन्छन्। गाउँवासीहरूले चाँहि यस भूतले वालेको राँको चलबलाएको दृश्य मात्र देख्छन्। टाढाबाट।

प्रस्तुत भूतको संस्कृत मूल 'राङ्कव भोट्ट' (रङ्कु जातिको भोटे) हो। 'भूत' शब्द भोटेवाची तिब्बती शब्द 'बोद'को नेपाली रूपान्तर हो। रङ्कु (आजका राजी तथा साउका) जातिका व्यापारीहरू जाडोको याममा दक्षिण झर्दा तिनका पाल गाउँदेखि छुट्टै पाखामा गाडिन्थे। पछि रङ्कु जातिको परिचय लुप्त भएपछि, ती राजी र साउकाका नाताले खस-किरातादिका छिमेकमा चिनिन लागे पछि, तिनको जातीय इयत्ता मानिसलाई थाहा हुन छाड्यो। केवल ती राँके भूतको पुराकथाका पात्रका रूपमा परिगणित हुन लागे। द्रष्टव्य छ- 'राँगो' (शब्दसङ्ख्या ३४२)।

३४२ राँगो : ना. भाले भैंसी। यसको दूरतम मूल हो संस्कृतको 'रङ्कु' (एक प्रकारको मृग)। 'रङ्कु'को अझ प्राचीन अर्थ 'चौंरी गाई' लाग्नु सम्भव छ। कारण 'रङ्कु' (आजका राजी, साउका आदिका प्राचीन पुर्खा को नाम थियो। 'रङ्कु' जातिले पाल्ने गरेको जन्तु (चौंरी गाई)पनि 'रङ्कु' भयो। रङ्कु जातिले बेच्ने काम्लो 'राङ्कव' कहलायो। रङ्कु जाति या जनपद पनि 'राङ्कव' कहलायो र नेपाली 'राँके भूत' (राङ्कव भोट्ट)को स्रोत बन्न पुग्यो। पछि राङ्कवहरूको अवस्थलदेखि टाढा पुग्ने खसहरूले 'राङ्कव'बाट निर्मित 'राँगो'मा चौंरी गाईको आभास पनि पाउन छोडे। यो भाले भैंसी (भैंसो) हुन पुग्यो। रङ्कु जातिलाई देख्न नपाउने र केवल तिनका पाखी-काम्ला मात्र ओढ्न पाउनेहरूका निम्ति 'रङ्कु' शबल पृष्ठको मृग (पिठिउँमा सेता बुट्टा भएको मृग) ठहरिनुमा कुनै आश्चर्य छैन।

३४३ राँम्हो : ना. सिकर्मी आदिले काठ छेड्ने एक खास प्रकारको छिनु। तुलनीय हिन्दी 'राँभा'। यसलाई मैथिलीमा 'रूखानी' भनिन्छ। सम्भवतः यो शब्द आएको हो संस्कृतको 'लापु'बाट।

३४४ रिडी : ना. काली गण्डकीको तटमा पर्ने, हाल गुल्मी जिल्लाको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एक तीर्थस्थल । यसलाई पौराणिकहरूले रुरुक्षेत्र नाम दिएका छन् । परन्तु यो मगर भाषाको 'ह्रि' (कालो; मयल) र 'डी' (पानो; नदी) मिलेर बनेको 'ह्रि-डी'को विकृत रूप हो।गुल्मी मगरहरूको इलाका ठहरिने हुँदा यो निर्वचन असङ्गत ठहरिन्न । झोल, पानी र नदीका अर्थमा भोटबर्मेली भाषाहरूमा 'दी' (डी) वा 'ती' शब्द निकै लोकप्रिय छ । तादी, मादी, दरौंदी, मर्स्याङ्दी, वाग्मती, बुङ्मती आदिमा पाइने 'दी' वा 'ती' यिनका उदाहरण हुन् । नेवारी भाषामा पनि 'ति' शब्द झोलवाची देखिन्छ 'क्वाँति' (क्वाँटी) शब्दमा ।

स्पष्ट छ 'ह्रिडी' (काली नदी) काली गण्डकीको मगर नाम हो । परन्तु नेपाली भाषाको प्रभावले गर्दा रिडी कालीगण्डकीको नाउँ हो भन्ने सबैले बिसिए । अब 'रिडी'ले कालीगण्डकीको तटमा रहेको एक खास तीर्थस्थल (रुरुक्षेत्र)को अर्थ विकास गरिसकेको छ । भ्रमवश: मगरहरूको ह्रिडी (कृष्णागण्डकी) लाई मुनि र तपस्वीहरूले कुन समयदेखि 'रुरुक्षेत्र' सुन्न लागे, यसको खोजी आवश्यक छ ।

३४५ रुक्म : ना. सून; सुवर्ण । यो संस्कृत शब्द निकै महत्वपूर्ण छ, किनभने यसले नेवारी भाषामा समेत 'लुँ' (सून) दिएको छ । द्रष्टव्य छन्– 'गाहड' (शब्दसङ्ख्या ७४) तथा 'कमिलो' (शब्दसङ्ख्या २८) ।

३४६ रुङ्नु : स. क्रि. कुर्नु; रक्षा गर्नु; पहरा गर्नु । प्रस्तुत शब्द आएको हो संस्कृतको 'रक्ष'बाट । जसरी 'लक्ष' मगरहरूको 'लाङ्गा' हुन पुग्यो त्यसै गरी 'रक्ष' गुरुङहरूको नामान्तको 'रुङ' हुन पुग्यो । द्रष्टव्य छ–'गुरुङ' (शब्दसङ्ख्या ७७) तथा 'लाङ्गा' (शब्दसङ्ख्या ३५३) ।

३४७ रूपी : ना. सारौं चरो; सारुङ; डाङ्ग्रे; सारिकोटो; सर्कोटो; सर्गोटो; सिन्टौलो । यो संस्कृतको 'सारिक'को साटो प्राक्कल्पित 'सरूप'बाट सकारको लोप भई बनेको हुनसक्छ । अर्को विकल्प–यो 'बछरू' (वत्सरूप), 'डमरू' (दम्यरूप) आदि झैं उदाहरणको अन्त्यको 'रूप'बाट निर्मित पनि हुनसक्छ ।

३४८ -याल : ना. मुख रसाएर हठात् झर्ने तरल पदार्थ; मुखबाट रसा-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एर झर्ने लिस्याइलो रस। यो अझ पुरानो 'राल'बाट बनेको हो। हिन्दी 'लार' सगर्भ तथा समानार्थी दुवै हो। यसको मूल संस्कृत 'नारा' (पानी) हो। नाला, नाल, नली आदि सगर्भ शब्द हुन्। प्रस्तुत शब्द 'रनयोरभेद'को उदाहरण हुनुका साथै व्यत्ययको नमूना हो।

३४९ ल्यो : ना. कुनै काम-कुरामा विशेष झुकाउ। यो संस्कृतको 'लय' बाट सोझै आउन सक्छ।

३५० लाँक्रो : ना. उखुको अथवा वेतको प्रत्येक बोटको सिङ्गो एकाइ। यो संस्कृतको 'यष्ठिक'बाट प्राकृतमा 'जट्ठिक' हुँदै आएको हो। नेपालीमा 'ट' ध्वनि पर रहेको हालतमा आरम्भको 'ज' ध्वनि 'ल' भएको उदाहरण पाइन्छ लटा, लटाई, लट्ठी आदिमा जो क्रमश: जटा, जटाकृता, जट्ठी (प्राकृतको)का विकास हुन्। प्रस्तुत 'लाँक्रो' पनि 'जट्ठिक' (प्रकृत)बाट 'लट्ठिक' हुँदै आएको हुनसक्छ। स्वयं संस्कृतमै अर्को विकल्प 'लगुड' पनि छ। यसबाट 'लौरो' सजिलै आउन सक्छ तर 'लाँक्रो'भने अलि टेढो बाटोबाट मात्र प्राप्त हुनसक्छ। जे होस्, हाललाई यी दुवै विकल्प विचारणीय छ। अन्तिम रकार यदि स्वार्थिक 'ट' ध्वनिको उपज हो भने पछिल्लो विकल्प झन् बढी विचारणीय हुन्छ। शब्दारम्भको चन्द्रविन्दु स्वत:स्फुरित नासिक्यीभवन हो। नेपालीमा लाँकुरी (एक प्रकारको वृक्ष) यसको सगर्भ हो।

३५१ लाखु : ना. वानर, बाँदर, बन्कर। परन्तु प्रस्तुत शब्दको मूल संस्कृतको 'रक्ष' वा 'लक्ष' ठहरिन्छ। त्यो कुनै द्वीप वा त्यसका निवासीको नाम थियो। ती विकल्पले राक्षस कहलाउँथे। नेपाली परिप्रेक्ष्यमा 'लाखु'मगरवाची शब्द ठहरिन्छ। मगरका अन्य नाम कपिक (काइके) र मर्कट (माकल वा मगर) पनि थिए। यी तीनमध्ये 'मगर'नै प्रचलनमा आयो। सम्भवत: काइतेहरू–'कायस्थ' नभई 'कपिस्थ' थिए। काइतेहरूका अनुहारमा यदा कदा मगरका लक्षण देखा पर्दछन्। 'लाखु' जातिको आदरणीय नाम लाखा हो, जसको आधारमा जमुना नदीको तटमा उहिले लाखामण्डल बनेको थियो। सम्भवत: बाइबलका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लुका, मिस्रदेशको इतिहासमा चर्चित लुका र ग्रीसका प्राचीन आदिवासी लुगार (लङ्ग र ?)को हाम्रा लाखुसँग साहिनु छ। द्रष्टव्य–'लाखे' (शब्दसङ्ख्या ३५२), 'लाङ्गा' (शब्दसङ्ख्या ३५३) र 'काइते' (शब्दसङ्ख्या ३३)।

३५२ लाखे : ना. नेवार जातिमा वर्षातुमा राक्षसको झैं मुख भएको मखुन्डो लगाएर नाच्दै घर-घरमा चन्दा सङ्कलन गर्ने एक उत्सव। यो शब्द संस्कृतको 'रक्ष' वा 'लक्ष' शब्दसित सम्बन्धित छ। यसको साहिनु लाखु, काइके र मागल शब्दहरूसित छ जसको अर्थ हुन्छ 'मगर जाति'। 'लाखे' सम्भवत: उपत्यकाबाट कुनै मगर नरेश (मक्वानका राजा ?)लाई विदा गर्दा उठाइएको जगातको स्मारक हुनुपर्छ। यो माक्वानको आक्रमणमा विजय हुँदाको रमाइलो हो अथवा प्रतिवर्ष माक्वानलाई कर बुझाउन चन्दा सङ्कलन गर्ने चलनको अवशेष हो, बुझ्नु आवश्यक छ। ज्ञातव्य के छ भने उपत्यकामा 'लाखे' थरका नेवारहरू पाइन्छन्। प्राचीन भारतको लाखामण्डलका अनुसार यी लाखा पनि कहलाउँथे भन्ने प्रष्टिन्छ। द्रष्टव्य–'लाखु' (शब्दसङ्ख्या ३५१), 'लाङ्गा' (शब्दसङ्ख्या ३५३), 'काइते' (शब्दसङ्ख्या ३३)।

३५३ लाङ्गा : ना. मगर भाषाको ग्रामवाची शब्द; गाउँ; ग्राम। अचेल यसै शब्दका आधारमा मगरहरूले 'लाङ्गाजी' पदवी रुचाउन लागेका छन्। 'लाङ्गा'को मूल संस्कृतको 'लङ्का' प्रतीत हुन्छ र मगरहरूको 'लङ्का' प्राचीनकालमा 'टापू' (द्वीप) भएको बुझिन्छ। पछि अर्थ परिवर्तनले गर्दा 'लाङ्गा' द्वीपभिन्न बस्तीहरू पनि हुन लागे। अर्थसङ्कोचले 'लाङ्गा'लाई 'गाउँ' तुल्याइसक्यो अब। 'लङ्का' अझै प्राचीन 'लक्ष'को रूपान्तर बोध हुन्छ र यो सोझै लाखु (बाँदर) र लाखे (राक्षस)को सगर्भ बन्न पुग्दछ। समुद्रका निकटका वानर (लाखु) र राक्षस (लाखे)को नामको स्रोत 'लक्ष' वा 'रक्ष' (टापू) एकै हुनु स्वाभाविक छ। द्रष्टव्य छन्–'लाखे' (शब्दसङ्ख्या ३५२) र 'लाखु' (शब्दसङ्ख्या ३५१)। अत: लाङ्गा स्वयं मगरकै नाम ठहरिन्छ।

३५४ लाट : ना. गुजरात, मालवा, सिन्धतिरको एक प्राचीन जाति। यो जाट (यादव)को नै पर्याय बुझिन्छ। 'जाट' र 'लाट'को अनन्यताको निम्ति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तुलनीय छन्–जटा : लट्टा (शब्दसङ्ख्या १२०), तथा जड : लाटो (शब्दसङ्ख्या ३५६)। नेपालमा भोटेहरूलाई भनिने 'जाड' शब्द पनि 'यादव'कै गर्भज बुझिन्छ (शब्दसङ्ख्या १३३)।

३८८ लाटे मस्ट : ना. कतिपय विचारकका दृष्टिमा मूलमष्ट ठहरिए तापनि यो मस्ट भुवोको एक शाखा (सन्तान) मात्र हो। यो राधेय भूमि अर्थात् लातिका (अचेलको इटली)को एक स्थानीय 'बाल' थियो। इटलीको प्राचीन नाम विथालिया हो, जसको अर्थ हुन्थ्यो गोरुको टाउको (झैं टाढाबाट देखिने) देश। हुन पनि अझै समुद्रतिर लम्केको इटलीको भाग (टेल अफ इटली अर्थात् इटलीको पुच्छर)लाई नाविकहरूले टाढाबाट हेर्दा आँ गरिरहेको गोरुको (बाछाको) टाउको झैं देख्दैछन्। यही टाउको त्यो 'विथाल' हो जसले विथालिया (इटली)लाई देशनाम दियो। विष्णुका एक अवतार मानिने 'विठल' यही 'विथल'को उपज ठहरिन्छ। प्रायः भागवत (वैष्णव) परम्परासित बाझिआएको मस्ट उपासनाको लाटे मष्ट यही विठल ठहरिन्छ। यसमा आश्चर्य मान्ने केही कारण छैन, किनभने वैष्णव विरोधी बुद्ध समेत विष्णुका अवतार मानिएकै छन्। विष्णुको शेषशायी मधुसूदन अंश स्वयं विष्णुकै मुरारि माधव अंशको विपक्ष ठहरिन्छ तुलनात्मक पुराकथाका तुलाले जोख्दा। अतः विठल विष्णुको अंश ठहरिए पनि भागवत विरोधी मस्ट उपासनाको अङ्ग हुनसक्यो। यो विठल विथालियाका स्थानीय जुपिटर अर्थात् वृहस्पति (ग्रिसेली जेउस तथा हिन्दू जीव) थियो जसले पछि जीन अर्थात् जैन धर्मको रूप लियो।

यस प्रकार लाटे (लट्या वा लट्टे) मस्ट मस्टउपासनाको त्यो विठल शाखा ठहरिन्छ जसको आडमा जैनधर्मले प्रस्फुरित हुने मौका पायो। विष्णुको शेष नागसितको सम्बन्ध मार्फत यो बाल (बार वा भार)सित गाँसिन पुग्छ। परन्तु देवपरिवारको कल्पना गर्दा मस्ट परिवारको प्रमुख भने भुवो नै ठहरिन्छ। द्रष्टव्य-'भुवो' (शब्दसङ्ख्या ३०३), 'मस्ट' (शब्दसङ्ख्या ३१२) तथा 'बुडामस्ट' शब्दसङ्ख्या २८१)।

३८६ लाटो : वि./ना. बोल्ने शक्ति नभएको (व्यक्ति); मूक; गुङ्गो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यो आएको प्रतीत हुन्छ संस्कृतको 'जड' (मूर्ख; लोसो)बाट। जकारको ठाउँमा लकारको आदेश संस्कृतकालमै भएको छनक जटा : लट्टा, जट्टी : लट्टी आदि उदाहरणमा पाइएको छ। सम्भवत: एक प्राचीन जनपद 'लाट' त्यतिखेरकै 'जाट' (यादव)को रूपान्तर हो। नेपालीमा 'लाटोगुङ्गो' शब्द 'लाटोबुङ्गो' हुनाको खास कारण थाहा पाउन सकिएको छैन।

३८७ **लिखो** : ना. जम्रा, किर्ना र कुकुर झिंगाहरूको अण्डा। यसको लागि संस्कृतमा तीन समानार्थी शब्द छन्-लिख्या, निक्षा, लिक्षा। यी तीन मूल-मध्ये कुनैबाट पनि 'लिखो' जन्मन सक्तछ। संस्कृतको भाषिका भेदले गर्दा उस्तै ध्वनि भएका यतिधेर पर्याय जन्मिएको बुझिन्छ।

३८८ **लिङ्गारो** : ना. उखुको लाँको, बेतको वोट, बाँसको वा कुनै रूखको भर्खरको सुलुत्त परेको वोटका लागि प्रयुक्त शब्द। यसको मूल संस्कृतको 'लिङ्गरूप' हो। यसको शाब्दिक अनुवाद हुन्छ, लिङ्गो झैं आकारको। नेपाली 'लिङ्गो' सगर्भ शब्द हो।

३८९ **लिस्नु** : ना. तला उक्लन अथवा माथि कतै चढ्न बनाइएको बाँस, काठ वा धातुको भ-याङ विशेष जसलाई सजिलै ठाउँ सार्न सकिन्थ्यो। यसको मूल संस्कृतको 'निश्रमणी' अथवा 'निश्रेणी' हो। यी दुवैको अर्थ हो 'सिढी' वा 'सोपान'। हिन्दीले 'निसेनी' वा 'निसैनी'मा संस्कृतको मूल अर्थ जोगाएको छ, तर नेपाली 'लिस्नु'बाट मूल अर्थ गायब भएको छ।

३९० **लुँडे** : ना. कलिलो अवस्थामा मुन्टा चुँडेर (सागका रूपमा) तर्कारी बनाउन मिल्ने तर छिप्पिए पछि काँडा पलाउने एक झार; कटैया (मैथिली भाषामा)। यसको मूल संस्कृत 'लुण्टक' हो।

३९१ **लुटेरो**: वि./ना.अर्काको धन-माल आदि जवर्जस्ती खोस्ने (व्यक्ति)। झट्ट हेर्दा यो संस्कृतको 'लुञ्च'सित सम्बन्धित झैं देखिन्छ। नेपालीका 'लुच्चो',

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

'लुछ्नु' आदि शब्द यही (लुञ्च) मूलका हुन् । परन्तु हिन्दीका केही (लुटना, लुटेरा, लूट इ) शब्द र नेपालीकै पनि केही (लुट्नु, लुट, लुटपिट इ.) शब्दसँग सम्वन्धित प्रस्तुत शब्दको मूल संस्कृत 'लुञ्च' हुनु कठिन छ । अङ्ग्रेजीमा 'लूट' (Loot) क्रियाको अर्थ हुन्छ 'युद्ध आदिका समयमा केही कुरो हडप पार्नु'। बरु प्रस्तुत शब्द संस्कृतको 'लोत' अथवा 'लोत्र' (लुटको माल)सँग सम्वन्धित छ । यी अङ्ग्रेजी र संस्कृतका सगर्भहरू अझ पुरानो क्रिस्तानी ओल्डटेस्टामेन्ट-मा वर्णित जूडास (यहूदी जाति वा लुटेरा)सँग सम्वन्धित देखिन्छ । प्राचीन संसारका समुद्री व्यापारीहरू लुटपाटका निम्ति निकै प्रसिद्ध थिए । जकार र लकारको अनन्यताको निम्ति द्रष्टव्य उदाहरणहरू हुन् 'जाट/लाट', 'जटा/लट्टा' आदि शब्दहरू (क्रमशः शब्दसङ्ख्या १३३ र शब्दसङ्ख्या ३५४) । तुलनीय छ अंग्रेजी 'जूडाइक' (हिब्रू वा धोकेवाज)पनि ।

३६२ लुल : ना. एक पर्वतीय तथाकथित अछूत श्रेणी; तेलीको काम गर्ने पुहुनी जात । यी अति प्राचीन 'लुल्लुभी' (लुल्लुबी)का अवशिष्ट सन्तान प्रतीत हुन्छन् । 'गुती' (कुतिक अथवा गुतिक)का छिमेकीका रूपमा 'लुल्लुवी'हरू एला-ममा हखमी युगभन्दा पहिल्यै रहन्थे । सम्भवतः 'गुती'हरू भारतमा 'कुत्ता' अर्थात् 'कुक्कुर' कहलाए । 'कुती' वा 'गुती' शब्दको अर्थावनतिले गर्दा उच्च-वर्गका 'गुती'हरूले आफ्ना छिमेकी लुल्लुभीकै सादृश्यमा आफूलाई वल्लभी भन्न खोजेको बुझिन्छ । यही वल्लभी नै लुलका छिमेकी भुलको मूल हुनुपर्छ । भुलहरू अधिकांश सार्कीको झैं पेशामा व्यस्त देखिन्छन् तापनि कोही कोही भुलहरू ब्राह्मणसम्म देखिएका छन् । तर वल्लभीहरूले झैं उन्नति लुल्लुभीले कतै गर्न नसकेकोले होला ती तेली मात्र छन् । द्रष्टव्य छ–'भुल' (शब्दसङ्ख्या २९९)।

३६३ लोहासे : ना. खोरिया; भस्मे । यो शब्द संस्कृतको लोमश (झ्यापुल्ले)बाट आएको हो । संस्कृतमै 'लोमश'को एक अर्को अर्थ (झाडीवाल) पनि थियो । यसै अर्थबाट नेपाली 'लोहासे' (लोहोसे) जन्मियो ।

३६४ शाकलद्वीप : ना. पुराणादिमा वर्णित एक द्वीप । यो 'शक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जातिको आदिथलोमा पर्ने ककेससभूमि प्रतीत हुन्छ। त्यो स्थानीय भाषामा 'साक्लिया' (तुलनीय रूसेली Saklya) कहलाउँछ । 'साकल'को देश भएकाले 'साक्लिया' भयो । दक्षिण एशियामा पनि उहिले कश (कुषाण) नरेश कनिस्कको एउटा राजधानी 'साङ्गल' थियो जो शक–खस आदिका आराध्य 'शाकल'को रूपान्तर हुनसक्छ । 'शाकल'बाट नै विकसित भएको हो 'छागल' जुन शब्द शक-कशको जाति, भूमि र तिनको पूज्य देवता शालिवाहन वा छागलकेतुको पनि नाम हो । 'शालिवाहन' शब्द 'शाकल'बाट प्राकृतमा 'साअल' हुँदै पुनः संस्कृतमा 'शाल' भएका छागलदेवको अर्को नाम हो । 'शाकलद्वीप' छागल जाति (खस, शक वा कश)को र तिनका आराध्यदेव 'शाकल' (छागल, साङ्गल, सकोल इ.)को द्वीप हो । शक-कशहरू जहाँ गए त्यहाँ-त्यहाँ तिनले शाकलद्वीप निर्माण गरे । द्रष्टव्य छ–'छागलद्वीप' (शब्दसङ्ख्या ११४) ।

३६८ शाकिनी : ना. एक अनिष्टकारिणी शक्ति । शक-कशादिका देवता शाकल (छागल वा सकोल)की यी शक्ति प्रतीत हुन्छिन् ।

३६९ श्रीजङ्गा : ना. १. लिम्बू मूलका नेपालीहरूको भाषाको निजी लिपि । २, एक लिम्बू महात्मा जो धर्म र कर्तव्याकर्तव्यको प्रचार गर्दा-गर्दै सिक्किमका प्रशासकद्वारा दण्डस्वरूप मारिए । क्रिस्तान लिम्बूहरू यिनलाई क्राइस्टसँग दाँज्दछन् ।

प्रस्तुत शब्द संस्कृतको आदर सूचक 'श्री' र सिक्किमे भाषाको लिम्बू-वाची 'चोङ'को संयोगबाट बनेको हो । अतः यसको मूल 'श्रीचोङ्गा'को सोझो अर्थ हुन्छ 'लिम्बू महाशय' । परन्तु अर्थपरिवर्तनले गर्दा अब 'श्रीचोङ्गा' र 'श्री-जङ्गा'को माने एकै लाग्दैन ।

अचेल पनि सिक्किम राज्यको विधान सभामा लिम्बूहरूका लागि सुरक्षित सदस्यतालाई 'चोङ सदस्यता' र लिम्बूमन्त्रीलाई 'चोङ मन्त्री' भनिदैछ । सिक्किमका प्राथमिक पाठशालाहरूमा लिम्बू शिशुहरूलाई चोङलिपि र चोङभाषामा शिक्षा दिइँदैछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३६७ श्रीनेत : भारद्वाजगोत्री नेपाली ठकुरीहरूको एक थर। वास्तवमा यो अलि पुरानो 'सुनेत'को हाल परिस्कृत रूप हो। 'कनेत' थरका ठकुरीहरूले 'कु' ध्वनिमा भएको न्यूनता (जस्तै कुपुत्र, कुमाता, कुसंस्कार आदि)लाई आफ्नो कुलमा आरोपित हुन नदिन 'सुनेत'को नयाँ उपाधि स्वीकार गर्नु स्वाभाविकै थियो। यसलाई हामी दुर्योधन, दुःशासन आदिका सुयोधन, सुशासन जस्ता पर्यायहरूसित दाँज्न सक्छौं।

परन्तु यतिकैमा 'श्रीनेत'को नालीबेली टुङ्गिंदैन। तिनले केवल 'कु'बाट मुक्ति पाउन संस्कृतको 'सु'लाई ग्रहण गरेका होइनन्। वास्तवमा बाबेरूका कश (खस)हरूले विकास गरेको ईश्वरवाची अथवा आत्मावाची सु (वा 'सि')को पनि यसमा हात रहेको देखिन्छ। बाबेरुमा खसहरूका देवता 'कस्सु' थिए। ती कतै 'कश्व' पनि थिए। काश्विन सागर कश्वपूजक कशहरूको सागर थियो। खसहरूको ईश्वरवाची 'सू' अथवा 'सि' उनीहरूले बाबेरुकासँग ग्रहण गरेका वायुदेव मरुत् ठहरिन्छन्। बाबेरुबाट बाबिरो मस्टका रूपमा यो 'सु'ले नेपाल प्रवेश पायो। हिन्दी र नेपालीका आदरवाची जी र जु (ज्यू)का आदि स्रोत यिनै हुन्। ज्ञातव्य के छ भने श्रीनेतवंशी विशिष्ट व्यक्तिहरूले थरकै रूपमा पनि अझै यो 'ज्यू'लाई जीवित राखेको देखिन्छ, जस्तै उदयपुर जिल्लाका प्रसिद्ध ठालू निर्भय ज्यू, नैनध्वज ज्यू इत्यादि। यी स्वर्गीय महानुभावका सन्तानले अचेल 'सिंह' लेख्दैछन्।

'कनेत' र 'कुनेत' पनि अझ प्राचीन कुलिन्द (कुणिन्द)को अपभ्रंश हो। 'कुलिन्द' मूलतः हस्ती-जाति समूहमा पर्ने खसहरू थिए। तिनीहरू उपर लामो कालदेखि हस्ती (हट्टी) जातिले आधिपत्य जमाएका थिए। पछि ती एकाएक यौधेय तथा आर्जुनायन सङ्गठनका जातिका रूपमा दक्षिणी एसियामा देखा पर्छन्। कुमाऊँ र गढवालतिर तिनका मुद्राहरू फेला परेका छन्, तिनै पुराणप्रसिद्ध तथा इतिहास प्रसिद्ध कुलिन्द (ग्रिसेली इतिहासकारहरूद्वारा वर्णित कुलिन्द्राइन) नै कुनेत अनि सुनेत हुँदै अन्त्यमा श्रीनेत भएका हुन्। द्रष्टव्य 'बाबिरो मस्ट' (शब्दसङ्ख्या २६४)। हस्ती-जातिका बारेमा द्रष्टव्य 'हाट' (शब्दसङ्ख्या ३९८)।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३६८ श्रीपाली : ना. केही भारद्वाजगोत्री नेपाली क्षेत्रीहरूको थर। वास्तवमा श्रीनेत अलि पछिलो सुनेत भए झैं श्रीपालीहरू अलि पहिले सुपाली थिए। इतिहासका पाना पल्टाउँदा सम्पूर्ण श्रीपाली (अथवा सुपाली)हरू सुनेत (कुनेत अथवा कुलिन्द)का सन्तान ठहरिन्छन्। हाल क्षेत्री ठानिने यिनीहरू पनि यथार्थमा श्रीनेतहरू झैं ठकुरी थिए।

श्रीनेतहरूको सबै हाँगो श्रीपाली बनेन, केवल त्यस हाँगोले मात्र सुपाली वा श्रीपाली पदवी ग्रहण गर्‍यो जो 'पाल' हुन पुग्यो। आफ्ना सुनेत पूर्वजले झैं भारद्वाजगोत्री पालहरूले पनि आफ्नो थरमा 'सु' गाँसे र सुपाली भए। अचेल तिनैलाई श्रीपाली भनिदैछ। सिजाली नरेश पुण्यमल्ल र पृथ्वीमल्लका पाल-पूर्वजहरू यस्तै श्रीपाली पाल थिए। अर्थात् सुपाल थिए। सं. १०३८ को शिलालेखमा देखिने राजा दामु पाल यसै वंशका थिए।

श्रीपाली वंशावली र डोटीराजवंशवलीको गम्भीर अध्ययन गर्दा यी दुवै राजवंश एकै कुलिन्द मूलका ठहरिन्छन्। अचेल देखा पर्ने गोत्र भेद पछिको विकास प्रतीत हुन्छ। यति मात्र होइन, कत्युरी राजवंश पनि कुलिन्द मूलकै ठहरिन्छ।

यस प्रसङ्गमा भारद्वाज कुलको उत्पत्तिबारे पुराणमा वर्णित आख्यान उल्लेखनीय छ। त्यहाँ अनैतिक रूपबाट वृहस्पतिले आफ्नी भाइजू ममता (उतथ्य-पत्नी)सँग सम्बन्ध राखेको र परिणाम स्वरूप जन्मिएको बालक दुई दाजु-भाइमध्ये यसैको हो भनी ममताले बताउन नसकेको र त्यसैले गर्दा मरुद्‌गणले लगी बालक (भरद्वाज)लाई पालेको वर्णन छ। हुन पनि उक्त भरद्वाजहरू बावेरूका मरुत्-उपासक कशहरूको कुलिन्द शाखा भएको कुरो बिचारणीय छ। ती पहिले हस्तीहरूको अधीनमा रहेको र पछि बाबिरोमा गई त्यहाँका मरुत्-उपासकहरूका बीच रहेको तर्फको यो इशारा हो। बावेरु प्रवेश गर्ने कशहरू कुलिन्द भएतर्फको यो सङ्केत हो। हाम्रा श्रीपालीहरू तिनै बाबिरो (अर्थात्) बावेरुबाट आएका कुलिन्द हुन्। द्रष्टव्य छ–'बाबिरो मस्ट' (शब्दसङ्ख्या २६४) र 'श्रीनेत' (शब्दसङ्ख्या ३६७)।

३६९ सङ्ग्रौला : ना. कुमाई ब्राह्मणहरूको एक वर्ग। डोटी र कुमा-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ऊँका बीच उहिले एक जुगसम्म चलेको युद्ध (समर)पछि ब्राह्मणको एक नयां कोटि कटकवालो (समरवालो) उत्पन्न भयो। अचेल कटकवालो (कट्‌क्यालो) नराम्रो अर्थमा प्रयुक्त हुन्छ, तर समरवालोले भने राम्रो अर्थ (सङ्ग्रौला) पाएको छ।

३७० सदाउनु : स. क्रि, सधाउनु; तालीम दिनु; रत्याउनु। यसको संस्कृत मूल 'सदति' (बस्छ) ठहरिन्छ। 'सद्' (बस्नु) धातुबाट बनेका महत्वपूर्ण शब्दमध्ये एक हो 'सदन' (घर अर्थात् बस्ने ठाउँ)। अर्को सगर्भ हो 'सद्मन्' (घर)। अत: 'सदाउनु'को यौगिक अर्थ हुन्छ 'घरको वातावरणमा अभ्यस्त तुल्याउनु'। माथिका अर्थहरू रूढार्थ हुन्।

३७१ सलह : ना. कुनै समय आकाश ढाक्ने गरी उडेर आउने फटेङ्ग्रो जातिको कीरा विशेष। यो आएको साल वाली-नाली सखाप हुन्छ। संस्कृतमा यो 'शरभ' कहलाउँछ। संस्कृत 'शरभ'बाट नेपाली 'सलह' सजिलै प्राप्त गर्न सकिन्छ।

३७२ सहर : ना. एक प्रकारको भीमकाय माछो। यसको संस्कृत मूल (शफर)को अर्थ भने 'कत्ले माछो' (पोठी) भन्ने लाग्छ। 'सौरा' भिन्न जातको माछो हो तापनि 'सौरा' शब्द भने 'सहर'को गोतिया हो।

३७३ साइतर : ना. वन्तेकथाको निम्ति भेरी र राप्ती अञ्चलमा प्रचलित पर्याय। कर्णालीमा यो 'साइथर' वा 'हाइथर' छ। सेती र महाकालीमा भिन्न मूलका 'वांत' (वार्ता) अथवा 'बाँतै' प्रयोगमा आउँछन्। धौलागिरि र राप्तीका केही भागमा यो 'सास्तर' कहलाउँछ। यो शब्द संस्कृतको 'शास्त्र'बाट आएको हो। 'शास्त्र'को ठाउँमा 'साइतर' पश्चिमा नेपाली भाषिकाको स्वाभाविक प्रक्रिया अन्तर्गत भएको हो, जस्तै कैको (कसको), यैको (यसको), कस्ट (कैठ), मस्ट (मैंठ), सस्त (मैंथ) आदि।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३७४ सातो : ना. मान्छेको प्राणतत्व; सत्व । यसको मूल सोझैं संस्कृत-को 'सत्व' हुन सक्तछ। तर मगर भाषाको काँगियोवाची 'सात्'पनि यहाँ कुनै प्रकारले सम्बन्धित हुन आएको छ । कुनै-कुनै नेपाली परिवारमा सात् (अर्थात् 'काँगियो')लाई जथाभावी फाल्दा सातो जान्छ भन्ने धारणा छ ।

३७५ सारौं : ना. रूपी चरो । द्रष्टव्य छ–'रूपी' (शब्दसङ्ख्या ३४७)। प्रस्तुत शब्द संस्कृत 'सारिक'को उपज हो ।

३७६ सार्की : ना. नेपाली चर्मकार वर्गका पुरुनोहरूको संज्ञा; भुलहरू झैं एक चर्मकार जात । भन्न सकिन्न भुलहरू झैं सार्कीहरू पनि वल्लभी (पल्लव वा पहलवी) मूलका हुन् । भुल थरका ब्राह्मण पनि फेला परेकाले ती वल्लभी मूलका हुनु तर्कपूर्ण छ । फेरि लुल्लुभीको सादृश्यमा तिनका छिमेकी पल्लवहरू भारतमा आई वल्लभी (अर्थात् वुन्लुभी) हुनु स्वाभाविकै हो । परन्तु इतिहास मा लुल्लुभीका साथै चर्चित जाति वल्लभी नभई गुती हो । अतः पल्लवहरू पार-सी जातिका हखमी नरेशहरूलाई सत्तावाट हटाई इरानको गद्दीमा बसेको छनक मिल्छ । वाबिरोको खस प्रभावले हो वा मध्यएसियाकै खस वा शक प्रभावले हो पल्लवहरू खस कोटिमा गनिन्छन् । छाँटले गुतीहरूको मध्यएसियामै छुटेका दाहे पछि गई पर्णी (पात) कहलाए झैं बावेरुतिर लागेको गुती हाँगो पछि गएर पल्लव (पात) भएको हो । यी दुवै पात (पल्लव अर्थात् गुती एवं पर्णी अर्थात् दास वा दाहे) इरानको इतिहासमा एकपछि अर्को गर्दै लगत्तै आउने दुई चरणका प्रति-निधि हुन् । भुलको सम्बन्ध पहिलो चरणसँग छ भने सम्भवतः सार्कीको सम्ब-न्ध दोस्रो चरण (दाहे अथवा दास)सँग छ । यसो नभई सार्कीहरू सोझै पहिलो चरणबाट पनि आएका हुनसक्छन् ।

परन्तु सर्की मध्यएसियाबाट मानसरोवर हुँदै पहिले हुम्लाको साह्रांक ना-मक गाउँमा बसे । यस गाउँलाई भोटेहरू केर्मी भन्दछन् । सार्कीहरू साह्राँकबाट आएका हुन् भन्ने प्रमाण तिनका गोत्रले दिन्छन् । तिनका गोत्रहरू यस्ता हुन्छन्– शाखै सरोबर काशी कौशल गोत्र, मानै सरोवर काशी कौशल गोत्र । यी दुवै गोत्रहरूमा तिनको सम्बन्ध मानसरोवर अथवा त्यसका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शाखा उपशाखासँग देखिन्छ । यी केर्मी गाउँमा लामा धर्मको प्रभुत्व हुनुभगावै सपादलक्षका युद्धदासका रूपमा हिमाल भित्रिए आफ्ना प्राचीन पूर्वज दास(दाहै)को नामलाई सार्थक तुल्याउँदै । ती पर्णी, पल्लव आदि झैं गोभक्षी भएकाले नेपाली सामाजमा तिनको पेशा चर्मकार भयो । तर पल्लवले झैं यिनले उन्नति गर्न नसकेकाले आफ्ना भुल दाजु-भाइ झैं यी ब्राह्मणसम्म चाहि देखिदैनन् । केवल भुलको चर्मकार पेशासँग मात्र यिनको पेशागत समानता छ । द्रष्टव्य–'लुल' (शब्दसङ्ख्या ३६२) तथा 'भुल' (शब्दसङ्ख्या २६६) ।

३७७ साहिँलो : वि. माहिलोभन्दा कान्छो अनि काहिँलोभन्दा जेठो । यो शब्द अपभ्रंशको 'मज्झिल्ल' (माहिलो/माझिलो, तुलनीय हिन्दी 'मझला')को सादृश्यमा बनेको 'सज्झिल्ल' (स मज्झिल्ल)को उपज हो। मैथिली-मा यसै अर्थमा 'सझला' शब्द छ । द्रष्टव्य छ–'काहिलो' (शब्दसङ्ख्या ३२) ।

३७८ सिंधुली : ना, नेपालको जनकपुर अञ्चलको एक जिल्ला र त्यसको सदरमुकाम । त्यहाँ पर्वतको दक्षिण पाखोमा रहेको एक सुरुङ (सुन्दुरी)-को आधारमा यो नाम रहेको हुनुपर्छ । उक्त सुन्दुरी (सुरुङ) मादी (माणी) बेंसीबाट लेक सिंधुली जाने उकालोको मुखमा छ । यो कुन कालमा बन्यो, खोजी हुनु बाँकी छ । यसको मूल संस्कृतको 'श्रन्थन' (खोज्ने कार्य) हुनुपर्छ । अझ 'श्रन्थनी' (अथवा 'श्रन्थनिका') बढी निकटको ठहरिन्छ, जसबाट 'सन्धली' प्राप्त हुनसक्छ । पछि 'सिन्धु'को प्रभावले तथा शब्दान्तमा रलयोरभेदले गर्दा शब्द एकातिर जिल्लावाची 'सिंधुली' भयो र अर्कोतिर सुरुङवाची 'सुन्दुरी' बन्यो । हिन्दीको 'सेँध' (चोरहरूले चोरी गर्न घरमा पारेको प्वाल)पनि सगर्भ हो ।

३७९ सिम : ना. खेत, बारी वा जलाशयमा हुने पानीको छिपछिपे अंश । यसको मूल संस्कृतको 'स्यूम' (पानी) हो ।

३८० सिर्तो : ना. एक देशले अर्को देशलाई दिने कर । यसको मूल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भोटेली 'सेर' (सुन) प्रतीत हुन्छ । छाँटले 'तो'को अर्थ हो 'कर'। यस्तो लाग्छ, पहिले सून नै सिर्तोको रूपमा बुझाइने वस्तु थियो ।

३८१ सि-याँटो : ना. धेरै चिसो बतास । संस्कृतमा 'शीकर' शब्द वायुका साथमा मिसिएर आउने जलकणका अर्थमा प्रयुक्त पाइन्छ । 'शीकर'को पर्याय 'शीभर' पनि छ । मौलिक रूप यस(सि-याँटो)को 'शीकरवात' वा 'सीभर-वात' (वाछिटा लिएर आउने बतास) थियो होला । परन्तु 'सि-याँटो' अब 'ठिही' (चिसो वतास) बनिसकेको छ ।

३८२ सिस्नु : ना. छुँदा कमिला आदिले चिल्दा झैं पोल्ने झुस भएको वनस्पति , यो संस्कृतको 'सूचीशूल'बाट आएको हुनसक्छ । 'सहिष्णु'को सादृश्य मा 'सूचिष्णु' पनि बन्न सक्छ ।

३८३ सुकुटी : ना. घाम आदिमा सुकाएको माछा वा मासु । मूल संस्कृत 'सुक्त'को अर्थ 'मासु'लाई यसले अझै त्यागेको छैन । परन्तु अचेल आलु, मूला आदिका पनि सुकुटी हुन लागेका छन्, जो अर्थविस्तारका नमूना हुन् । द्रष्टव्य छ सगर्भ 'चोक्टो' (शब्दसङ्ख्या १०३) ।

३८४ सेन : ना. १. नेपाली ठकुरीहरूको एक थर; वङ्गाली (अहिलेका) वैद्यहरूको एक थर । २. भीमसेन, सेनजित्, सेनस्कन्ध आदि पौराणिक नायक-हरूको नाममा देखिने पूर्वपद अथवा उत्तरपद ।

प्रस्तुत शब्द संस्कृत 'सेन'को तत्सम रूप हो । विशेषणमा 'सेन'को अर्थ 'सनाथ' अथवा 'शासित' भन्ने लाग्दछ, किनभने संस्कृत 'इन' शब्दको अर्थ हो 'मालिक' अथवा 'शासक' । 'सेना'को शाब्दिक अर्थ हुन्छ—इन (नाइके अर्थात् फौजी नायक)का अधीनमा रहेको योद्धाहरूको दल । यस दलको सदस्य 'सैनिक' हुन्छ । स्वयं 'अधीन' शब्द पनि 'इन'अर्थात् स्वामीको अदपमा रहने वा रहेको' भनेको हो । यो भयो भाषिक एकपारिवारिकतामा सीमित निर्वचन ।

परन्तु 'सेन' झैं ज्यादै महत्वपूर्ण शब्दको व्युत्पत्ति भाषिक वहुपारिवारिक-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ताको विषय पनि हुन सक्तछ। यसको सम्बन्ध इराक र इरानको सीमावर्ती इलाकामा फेला परेको अति प्राचीन एलाम सभ्यताका सिंहदेव (नृसिंहदेव)सँग हुन सक्छ। त्यहाँका राजाहरू यिनै देवतालाई सम्मान दर्शाउन आफ्ना नाम यिनैको आधारमा राख्थे, उदाहरणार्थ एक राजा नरम्–सिन् (नृसिंह) थिए भने अर्काको नाउँ एन्सी सिसोङ् (नृपति सुसिंह) थियो। एन्सी (राजा) असुरहरूको भाषाको पद हो। सोङ्, सिन् आदि सम्भवत: एलामेली भाषाका नमूना हुन्, जसलाई संस्कृतले एकातिर 'सेन' बनायो भने अर्कोतिर 'सिंह' बनायो। नेपाल र भारतको वायव्य कोणको प्रागैतिहासिक सभ्यतामा यसरी 'सेन', 'सोङ' (सिंह) फेला पर्नु र वायव्यकोणका अधिष्ठाता मानिने वायुका पुत्र 'भीमसेन'को नाममा 'सेन' तत्व फेला पर्नु दुवै रोचक कुरा हुन्। 'सिंह' र 'सेन' अभारोपेली मूलका हुन् अथवा वहुपारिवारिक मूलका हुन् छुट्टयाउने काम बाँकी नै छ। सिंहवाची भारोपेली मूलको संस्कृत शब्द हो 'लेय' (तुलनीय राशि लेओ, अंग्रेजी शब्द लायन, ग्रिसेली लेओस् आदि)। दक्षिण एसियाको इतिहासमा एलामेली सैंहिक परम्परा प्रभावकारी सैनिक परम्परा पनि रहिआएको छ सनातनी संस्कृतिको रक्षा र बोद्ध जैन झैं असनातनी प्रवृत्तिको रोकथाममा। अत: 'सेन' भित्र ऐनिकता (स्वामित्व)को आरोप गरी पुन: सैनिकताको कल्पना गर्नु भाषिक दृष्टिले विवादरहित हुन नसके पनि भावनाका दृष्टिले भने स्वाभाविक ठहरिन्छ। फार्सेली सिंहवाची 'शेर' समेत एलामेली 'सिन्' वा 'सोङ्'को सन्तान हुनसक्छ रकार र नकारको अभेदका आधारमा।

३८८ सेन्जा : ना. कर्णाली अञ्चलका चापवंशी नरेशहरूको राजधानी सिन्जा। यस शब्दबाट 'सिंजापति' थर पनि जन्मिएको छ। मगरहरूमा उहिले 'सिंह' वा 'सेन' उपाधि लोकप्रिय पाइन्छ। लाखामण्डलको राजधानी सैंहपुर थियो। यता कर्णाली अञ्चलमा पनि उहिले मगर वस्ती थिए। मगरका ब्राह्मण, क्षेत्री, ठकुरीहरूको खस जातिमा विलय भएकाले हाल कर्णाली अंचल अमगरभूमि प्रतीत हुन्छ। प्रस्तुत 'सेन्जा' 'सेन' शब्दमा मगर मूलको 'झा' (भूमि) लागेर बनेको प्रतीत हुन्छ। अर्को विकल्पको रूपमा 'श्येन' (बाज) र 'झा' (भूमि)को योग पनि हुनसक्छ। यी दुई विकल्प उत्तिकै विचारणीय छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३८६ सेरा : ना. ठूलो खेत वा धान खेतीको ठूलो फाँट। यसको मूल संस्कृतको 'सीर' हलोवाट निर्मित तद्धित 'सैर' (हलोद्वारा जोतिएको वा जोत्न मिल्ने जमीन) ठहरिन्छ।

३८७ सैन्न : ना. पहाडको न धेर लेकको न धेर व्याँसीको,व्याँसीकाहरूको दृष्टिमा लेक ठहरिए पनि टाकुरोभन्दा निकै तल रहेको, गाई-वस्तुको निम्ति चरन पनि नजीकै रहेको, खाने पानीको लागि टाढा जानु नपर्ने, वस्ती र गोठहरू वनाउन अनुकूल, हावा र झरीले धेर दुःख नदिने अति महत्वपूर्ण स्थल; खर्क। यो शब्द बाजवाची 'श्येन'बाट आएको हो र मध्य पश्चिमाञ्चल विकास क्षेत्रतिर 'खर्क'को अर्थमा प्रचलित छ। यसले अनेकौं गाउँहरूको नाममा 'सेन' वा 'सैन' तत्व दिएको छ, तिमलसैन, गत्तासैन, मङ्गलसैन इत्यादि। पुडासैनी, घोडासैनी, मरासैनी आदि थरहरूको स्रोत यही 'सैन' हो। परन्तु तिमलसैनीहरू भने तिमल सेना अथवा तिम्सिना समेत भैसकेका छन्। पश्चिमी नेपालमा प्रमुख सात सैनहरू भएका र तिनमध्ये प्रत्येकको आफ्नी निजी अधिष्ठात्री देवी भएको विश्वास गरिन्छ, जुन देवीहरूमध्ये निङ्लासैनी विशेष महत्वपूर्ण छन्। देवी मङ्गलसैनी पनि महत्वपूर्ण ठहरिन्छिन् किनभने ती तिमलसेनाहरूकी पनि कुलदेवी हुन्।

बाजवाची 'श्येन'को महत्व कश (खस) जातिमा धार्मिक दृष्टिले वेदभन्दा पहिलेदेखि रहेको पाइन्छ। नेपालमा पश्चिमी लोकगीतहरूमा बाज शब्द आत्मा, परमात्मा प्रेमी र प्रेमीकाको अर्थमा प्रयुक्त पाइन्छ। नेपाली 'बाजे'को वास्तविक अर्थ हो 'ईश्वर' (तुलनीय रूसेली 'बोजे'–ईश्वर)। स्पष्ट छ यो 'ईश्वर' अरुणदेव (वाज) हो, जसले गरुडदेवको सादृश्यमा वा साहचर्यमा, स्वस्तिक–संस्कृति संसारलाई दियो। वेदलाई अरुणदेवले वाजसनेय संहिता दियो। रक्तवर्णको आधारमा पछि यो देवता छागलदेव (कोसल वा सोकोल) हुनपुग्छ। शुक्लयजुर्वेद यही सोकोल–उपासनाले वेदमा जम्मा गरेको सुद्दती खाता हो। शुक्लयजुर्वेदको वाजसनेय संहिताका उपासक भएर नै नेपाली ब्राह्मणहरू बाजे (वा वाजपेयी) छन्। स्वयं 'बाजसनेय'मा पाइने 'सनेय' नै पनि संस्कृत 'श्येन' (बाज)को पूर्व रूप प्रतीत हुन्छ। खसहरूका पुर्खाले एलामेली सेन (सिंह)सँग

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दुरुस्त्याउन 'सनेय'लाई 'श्येन' बनाएका हुन् । 'बाज'लाई फार्सेली ठानी नेपाली भाषाले त्यसलाई पछि ग्रहण गरेको मान्ने धारणाको अन्त्य यस सत्यको अनुसन्धानले गरेको छ । भाषा र संस्कृति दुवैका आधारमा 'सैंन' र 'सेन'का स्रोत अलग ठहरिन्छन् । द्रष्टव्य छ–'सेन' (शब्दसङ्ख्या ३८४) ।

३८८ स्याँठ : ना. चिसो बतास; सिरेटो । यो संस्कृत 'शीतवात' अनि प्राकृत 'सीअआत' हुँदै नेपालीमा पहिले (प्राक्कल्पित) 'स्यात' र अन्त्यमा 'स्याँठ' भएको हो ।

३८९ स्याँल ना. १. शीतलता । २. शीतल दिने स्थल; छाहारी । यो संस्कृत 'शीतल' (प्राकृत 'सीयल')को प्रत्यक्ष गर्भज हो । अझ प्राचीन 'स्याल'मा चन्द्रविन्दु (अनुस्वार) लाग्नाको कारण 'स्याल' (पशुविशेष)सित अर्थभ्रम नपार्ने प्रयास हुनुपर्छ ।

३९० स्याउलो : ना. रूख वा पोथ्राको हरिया पात सहितको हाँगो; छिमल । यो शब्द संस्कृतको 'शैवाल' (जलसिमाली)बाट आएको हो । द्रष्टव्य छ–'छिमल' (शब्दसङ्ख्या १२२) ।

३९१ स्वयम्भू : ना. कान्तिपुर जिल्लाको काठमाडौं शहरको पश्चिमी भागमा स्थित एक डाँडो र त्यस डाँडोमा भएको बौद्धपीठ । प्रस्तुत शब्दको मूल नेवारी भाषाको भोटेवाची शब्द 'सँय्' र पर्वतवाची 'गुँ' (तुलनीय तामाङ्गी 'गोन्' वा 'गोङ्') मिली बनेको 'सँय्गुँ' ठहरिन्छ । कसै कसैले भनेअनुसार यो बिग्री-भत्केको पर्वत ('सेङ्गु') पनि होइन । 'स्वयम्भू' त एकदम पछिका वंशावलीको पुरुषार्थ हो । यथार्थमा यो 'भोटे पर्वत' (सँय् गुँ) हो । बौद्धपीठ भएको हुँदा प्राचीन कालदेखि नै यहाँ भोटेहरूको आवास हुनु स्वाभाविक छ । काठमाडौंमा भोटेबहाल, भोटाहिटी आदिमा पनि भोटे तत्व पाइएकाले 'स्वयम्भू' भोटेपर्वत हुनु असम्भव छैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३९२ स्वाँरो : ना. समरो जमीन; पाखो बारी । २. टाकुरे पाखो । यो संस्कृतको 'समतल'बाट प्राकृतमा 'समअलो' हुँदै जन्मन सक्छ । वैकल्पिक निर्वचनका रूपमा 'भूः' (वेंसी), 'भुवः' (कछाड) र 'स्वः' (स्वर्ग अथवा लेक) पनि प्रस्तावित हुनसक्छ । उक्त अर्थहरूमा दोस्रोको निम्ति यो चाहिं विकल्प धेर ग्राह्य हुन जान्छ । ज्ञातव्य के छ भने जुम्लातिर स्वाँरो हुनको लागि समरो बारी हुनु आवश्यक छैन, त्यो टाकुराको भए पुग्छ । कछाडको बारीलाई त्यहाँ 'भुवा-बारी' (शब्दसङ्ख्या ३०२) भन्ने चलन छ ।

३९३ स्वास्नी : ना. पत्नी; धर्मपत्नी; अर्वाङ्गिनी । निर्वचनका दृष्टिले वहुचर्चित यस शब्दका मूलका रूपमा सुवासिनी (नभागी थपक्कसित रहने अथवा मगमग बास्ना दिने), सहवासिनी (सँगै रहने)आदि प्रस्तावित नभएका होइनन् । संस्कृतमा 'वाशिता' पुरुषसँग समागम भइसकेकी नारीलाई भनिन्छ । अतः 'सुवा-शिनी' मूल पनि विचारणीय ठहरिन्छ ।

३९४ हर : ना. १. शरीर; जीउ । २. ढाडलाई बीच साँध बनाई शरीर-लाई प्रतिखण्ड एक हात र एक खुट्टो पर्ने गरी भाग लगाउँदा हुने दुई खण्डमध्ये कुनै एक । यो आयो संस्कृतको 'घट' (आत्मा; छाती)बाट 'हट' अनि 'हड' हुँदै । जुम्ला र डोटीतिर 'हड धुनु' (हर धुनु) भनेको 'स्नान गर्नु' हो ।

३९५ हथुङ्गो : डुँडुगो (भुजा) र हत्केलाको जोर्नी । संस्कृत मूल 'हस्ततुङ्ग' ठहरिन्छ ।

३९६ हलेसो : ना. आकारमा परेवासँग मिल्ने तर भिन्न आवाज भएको हरियो रङ्को एक जङ्गली पंछी विशेष । यो शब्द संस्कृतको 'हरि' (हरियो) र 'सदृश' (झैं)को योगबाट बनेको 'हरिसदृशः'बाट उद्भूत हो । 'सदृश' शब्द अन्त्यमा लागेर बनेका तुलनीय उदाहरणहरू हुन्–कुलेसो (शब्दसङ्ख्या ४७), खोल्सो (शब्दसङ्ख्या ७७) आदि ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३९७ हस्तिना : ना. कौरवहरूको राजधानी हस्तिनापुरको शब्दारम्भमा देखिने तत्व । यो कुनै 'हस्तिना' देवी हुनुपर्छ । नाम मिल्ने एक 'एथेना' देवी ग्रीसमा देखिन्छिन् । ग्रीसको निकटको क्षुद्रेसियामा प्राचीन हस्ती जातिको शक्तिशाली राज्य भएको हुँदा प्राचीन हस्तिनापुर हस्तीहरूकै देश (क्षुद्रेसिया) ठहरिन्छ । तिनको कुलदेवी हस्तिनाकै आधारमा एथेन्स जन्मियो । ग्रिसेलीहरूले यिनलाई एथेना भने । भारतमा पनि हस्तीहरूले हस्तिनापुर यिनै कुलदेवीको नाममा स्थापित गरे । स्त्रीलिङ्गी शब्दहरूमा ईकारको ठाउँमा आकार गौरा, पार्वता आदिमा पनि पाइएको छ ।

कौरवहरू हस्ती थिए भन्ने छनक तिनको नामले दिन्छ । संस्कृतको हात्तीवाची 'कुरव'सित यस 'कौरव'को कम साम्य छैन । 'कुरव'पनि 'कौरव'को पर्याय हो । राजा 'कुरु'को कल्पना ऐतिहासिक सत्य छोप्ने एक प्रयास बुझिन्छ ।

३९८ हाट : ना. कुनै खास वारमा लाग्ने बजार (जस्तै सन्सरे, आइतबारे, मङ्गलबारे, शुक्रबारे इत्यादि) । कुनै ठाउँमा हप्ताको दुईपल्ट, अझ त्योभन्दा धेरैपल्ट, पनि हाट लाग्न सक्छ, कुनै ठाउँमा केवल एकपल्ट । नेपालका अधिकांश पहाडी स्थलमा हाट लाग्ने चलन छैन । मधेसमा भने यो चलन प्रशस्त छ । मधेसमा हाटलाई हटिया पनि भनिन्छ । नेपालमा कुनै पर्व, चाड, उत्सवको बेलामा लागेको बजारलाई हाट नभनी 'बजार' भनिन्छ, जस्तै- हलेंसी बजार, मैनो बजार इत्यादि । परन्तु हिन्दीमा भने 'हाट' शब्द 'बाजार'कै पर्याय छ । सिंजाली राजाहरूका पालामा बनेका राजधानीहरूलाई 'हाट' भनिन्थ्यो । परन्तु अचेल नेपाली भाषामा यस शब्दले 'राजधानी'को अर्थ बुझाउँदैन ।

प्रस्तुत शब्द जन्मिएको हो संस्कृतको बजारवाची 'हट्ट' बाट । बनोटका दृष्टिले प्राकृत वा अपभ्रंश जस्तो देखिने यो संस्कृत शब्द अझ प्राचीन कुनै अर्को शब्दको सन्तान हुनुपर्छ । यस्तो संस्कृतमा अन्यत्र पनि फेला परेको छ, जस्तै- संस्कृतको 'कुक्कुर' अझ प्राचीन 'कुर्कर'बाट र 'कुक्कुट' (कुखुरो) अझ प्राचीन 'कुर्कुट'बाट जन्मिएका हुन् । ठीक यसै गरी संस्कृतको 'हट्ट'पनि अझ प्राचीन कुनै अर्को शब्दको सन्तान प्रतीत हुन्छ । क्षुद्रेसियाका हत्ती अथवा हित्ती (हिट्टेली) जातिहरूले नै संसारमा सबैभन्दा पहिले हाट वा बजारको चलन चलाएका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुन् । यस्तो लाग्छ, ती पुराणप्रसिद्ध हस्ती थिए । पुराणमा 'हस्ती' एक चन्द्रवंशी राजाको नाम भए पनि यथार्थमा 'हस्ती' एक जाति थियो । तिनको प्रसार क्षुद्रेसियाको हात्तुसासदेखि लिएर भारतको हस्तिनापुरसम्म थियो । ती आफ्नो राजधानीलाई 'हस्त' भन्दथे होलान् । त्यही कालान्तरमा 'हट्ट' (बजार) भयो अर्थपरिवर्तनद्वारा । प्राचीन अर्थ भने हिमालका हाट (राजधानी)हरूमा सुरक्षित रह्यो । अझै पनि हिन्दू देवी हस्तिनी (लक्ष्मी)ले हाट-बजारको आधार (धन)को रेखदेख छोडेकी छैनन् । हस्तीको टाउको धारण गर्ने देवता (गणेश) अझैं पनि जैन र हिन्दू व्यापारीका स्वस्तिक चिह्नका दायाँ-बायाँमा रहने ऋद्धि र सिद्धिलाई नियन्त्रण गर्दछन् । व्यापारीहरूको एक वर्ग सुँडी (सौण्डिक)ले अझैं 'हाट'-मा लुकेको सुँड (हस्त)लाई इसार्दछ ।

३९९ हुत्ती : ना. शक्ति; ताकत । यो माझाली नेपाली भाषिकामा अझैं पाइने 'हत्तिनु' (हिंड्नु) क्रियापदसँग सम्बन्धित शब्द ठहरिन्छ । संस्कृतको गति-अर्थको शक्-धातुबाट जन्मिने शक्ति (गति)को नामधातुका रूपमा पूर्वेली नेपाली-को खसानी उपभेदमा सत्तिनु (हिंड्नु) व्यवहारमा आउँदैछ । परन्तु प्रस्तुत शब्द (हुत्ती) भने माझालीबाट आएको सापटी हो । माझाली भाषिकाहरूमा सकारका ठाउँमा हकारको आदेश निकै सक्रिय छ, जस्तै-हल्ल्यान (सल्ल्यान), हात्या (साथी), हँनु (सक्नु), हलाई (सलाई) आदि । स्तरीय नेपालीमा हुत्ती अथवा हुती अति उर्वर छ, जस्तै-हुतीहारा (निर्बल), हुतीनामेट (दुब्लो) इत्यादि । 'हुत्तिनु' पनि सगर्भ प्रतीत हुन्छ ।

४०० हूल : ना. १. भीड; घचारो; घच्चामच्चा । २. बथान; त्रगाल; समूह । यो संस्कृतको 'बहुल' (धेरै)बाट आए झैं छ ।

४०१ हेक्का : ना. सम्झना; स्मरण; झजन्को । यसको मूल संस्कृत 'हेक्का'को अर्थ हुन्थ्यो 'बाडुली' अथवा 'हिक्का' । हिन्दी 'हिचकी' सगर्भ हो । परन्तु नेपालीमा व्यापक अर्थपरिवर्तन भएको छ । यस परिवर्तनका पछि नेपाली जनविश्वासको ठूलो हात छ । अझै पनि हाम्रो समाजमा के विश्वास गरिंदैछ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भने कसैले कुनै अज्ञात स्थलमा नसम्झीकन कसैलाई बाडुली आउँदैन। बाडुली लाग्नासाथ हाम्रा छिमेकीहरू आफूलाई कसैले सम्झियो कि भनी सोच्न थाल्दछन्। 'तैंले कुनै अजातको नुन चोरिछस्' भनी नाटकीय ढङ्गमा कसैले हिक्का-पीडितलाई भनिदियो भने हिक्का आफैं थामिन्छ भन्ने नेपाली जनश्रुति छ। यसै लोकविश्वासले गर्दा हिक्का हाम्रो समाजमा स्मृतिको प्रतीत बन्न पुग्यो। हुँदा हुँदै यो स्मृतिको पर्याय नै बन्न पुग्यो। तद्भव हिक्का बाडुलीको अर्थमा कायम छँदैछ तर तत्सम हेक्का भने 'स्मृति'को अर्थमा प्रयुक्त हुन थालेको छ।

४०२ हैहय : हिन्दू पुराकथाका अनुसार कृतिका पुत्र कार्तिकेय; कार्तवीर्य; सहस्रार्जुन। यस 'हैहय'को उद्गम ग्रिसेली 'आखाइओई'को मूलबाट भएको हुनुपर्छ। ग्रीसको एक भाग क्रिटको प्राचीन नाम क्रिती भएको हुँदा हैहय क्रिट (कृति) वंशका रहेछन् भन्ने बुझिन्छ। आखाइओई शब्द हिट्टेलीमा 'अहियव'छ। 'आखाइओई को खाइ र 'अहियव'को 'हि'को मूल अंश Aegean सागरको नाममा पाइने 'y' ध्वनिमा लुकेको छ। छाँटले 'हैहय' भारोपेलीको 'एघियव' थियो। संस्कृतमा यो 'हैहय' हुनुभन्दा पूर्व 'अहियव'नै भएको हुनुपर्छ। हैहय हिन्दूहरूका 'विराट' देव हुन् र ती युद्धका देवता मानिन्छन्।

४०३ ह्याक : ना. हेक्का (शब्दसङ्ख्या ४०१)।

४०४ ह्वाँ ! : वि. बो. रुँदाको ध्वनि; क्वाँ; ग्वाँ। यसको संस्कृत मूल 'ह्वान' (पुकारा) हुनसक्छ। विस्मयादिबोधक शब्दहरूमा मनोद्वेग वा संवेगको कारणले प्राकृत अथवा अपभ्रंशका नियम शिथिल हुनु स्वाभाविक हो।

४०५ ह्वाङ : ना. १. ठूलो दुलो; भ्वाङ। २. कुकुर आदिको भुकाइ। प्रथम अर्थमा यो संस्कृत 'भङ्ग'बाट आउँछ। दोस्रो अर्थमा यो 'ह्वान' (ध्वनि)-बाट आउँछ। द्रष्टव्य छ–'ह्वाँ' (शब्दसङ्ख्या ४०४)। ★

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ग्रन्थ—प्रतिष्ठा

(परिशिष्ट)

निरुक्त शब्दहरूको अमरकोशीय वर्गीकरण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निरुक्त शब्दहरूको अमरकोशीय वर्गीकरण

प्रस्तुत निर्वचन कार्यमा समाविष्ट भएका ४०० शब्दहरू सबै एकै विषय वा अनुशासनसित सम्बन्धित नभई बिभिन्न विषय वा अनुशासनसित सम्बन्धित भएकाले यहाँ पाठकहरूको सुविधाका निम्ति तिनलाई अमरकोशीय शैलीमा वर्गीकरण गर्नु आवश्यक भएकाले तिनलाई जम्मा सोह्र वर्गहरूमा पञ्जीकृत गरिएको हो । ती वर्ग हुन्– १. पद-श्रेणी वर्ग । २. जाति-जनपद वर्ग । ३. प्राणी वर्ग । ४. वनस्पति वर्ग । ५. देवतादि वर्ग । ६. व्यक्ति-परिवार-नाता-पुस्ता वर्ग । ७. शरीर तथा शारीरिक तत्व वर्ग । ८. पृथ्वीवर्ग । ९. निसर्गवर्ग । १०. उपयोग्य वस्तुवर्ग । ११. रचनावर्ग । १२. उपभोग-उपभोग्यवर्ग । १३. संस्कार संस्कृतिवर्ग । १४. समस्या-समाधान-मनोवर्ग । १५. विशेषण-अव्यय-प्रत्ययवर्ग । १६. क्रियापद वर्ग ।

प्रस्तुत वर्गीकरण तालिकाको रूपमा भएको हुँदा यसलाई ४०० निरुक्त उदाहरणहरूको सूचीपत्र मान्न पनि सकिन्छ । आफूलाई आवश्यक वर्गलाई फेला पारी त्यसबाट केही उत्सुकता भेट्न यसले विद्वान्हरूलाई सजिलो तुल्याउनेछ । एकभन्दा धेर वर्गसँग सम्बन्धित प्रविष्टिलाई यस वर्गीकरणमा सम्वन्ध अनुसार नै धेर वर्गमा समावेश गरिएको छ । प्रवृतिलाई सम्बन्धित वर्गमा वर्णानुक्रम अनुसार राखिएको छ र प्रत्येक प्रविष्टिको सामुन्ने निर्वचनको मूल क्रमसङ्ख्या पनि पाठकहरूको सुविधाको निम्ति दिइएको छ ।

१. पद-श्रेणी वर्ग

१.	ऋषि–	१५	२.	ओड–	१९
३.	कमारो–	२७	४.	काइते–	३३
५.	काठो–	३४	६.	कात्तिके–	३५
७.	कामी–	३६	८.	कुमाई–	४५
९.	कुश–	४९	१०.	कृष्ण–	५२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

११. गङ्गोल– ७१
१२. गुरुङ– ७७
१३. गोदार– ८१
१४. घर्ती– ८५
१५. घले– ८६
१६. चाप– ९४
१७. चापा– ९५
१८. चाबा– ९५
१९. चुनारो- १००
२०. जाट– १३३
२१. जाठो– १३४
२२. झाँक्री– १५१
२३. झिजोडा– १५९
२४. ठकुरी– १७१
२५. डोय १८२
२६. तोमर– १९७
२७. दमाई (नेगी) २३२
२८. नाठो– २२२
२९. नेगी २३२
३०. पाल– २४२
३१. पँक– २४७
३२. बोटे– २८७
३३. भुजेल– २९६
३४. भुल– २९९
३५. मिझार– ३२३
३६. लाखे– ३५२
३७. लुल– ३६२
३८. श्रीनेत– ३६७
३९. श्रीपाली– ३६८
४०. सङ्ग्रौला– ३६९
४१. सार्की– ३७६
४२. सेन– ३८४

२. जाति-जनजाति वर्ग

१. अफगान– ६
२. कटेहरिया– २२
३. कनेत– २३
४. कमिलो– २८
५. कश– ३१
६. कपिस्थ– ३३
७. काइके– ३२
८. काठो– ३४
९. कात्तिके– ३५
१०. कीचक– ४१
११. कुमाई– ४५
१२. कुर्द– ४६
१३. कुश– ४९
१४. कुसुन्डो– ५०
१५. कौरव– ५६
१६. गङ्गोली– ७२
१७. गारुड– ७४
१८. गुरुङ– ७७

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१९.	घुरु-	८८	२०.	जाट-	१३३
२१.	जाठो-	१३४	२२.	जाड-	१३५
२३.	झांगड-	१५३	२४.	डोय-	१८२
२५.	तारङ्ग-	१९३	२६.	तोरमाण-	१९८
२७.	थारु-	२०१	२८.	दानव-	२१०
२९.	दैत्य-	२१५	३०.	पठान-	२३४
३१.	पाल-	२४२	३२.	वांतर-	२६३
३३.	बोक्सी-	२८४	३४.	बोक्सो-	२८५
३५.	वोटे-	२८७	३६.	भुल-	२९९
३७.	मातलि (-ली)-	३१९	३८.	मार्वाडी-	३२०
३९.	यवन-	३३८	४०.	रांगो-	३४३
४१.	लाखु-	३५१	४२.	लाखे-	३५२
४३.	लाङ्गा-	३५३	४४.	लाट-	३५४
४५.	लुटेरो-	३६१	४६.	लुल-	३६२
४७.	शाकिनी-	३६५	४८.	श्रीजङ्गा-	३६६
४९.	श्रीनेत-	३६७	५०.	श्रीपाली-	३६८
५१.	हाट-	३९८	५२.	हैहय-	४००

३. प्राणी वर्ग

१.	कमिलो-	२८	२.	घोडो-	९०
३.	चेपागांडा-	१०१	४.	चोले-	१०४
५.	छाउरो-	११२	६.	छोंडा-	१२५
७.	जत्रो-	१२८	८.	झांक-	१४९
९.	झिंगेमाछो-	१५६	१०.	झिंगो-	१५७
११.	ढुकुर-	१९०	१२.	पाहा-	२४३
१३.	पिउरो-	२४५	१४.	पोथी-	२४९
१५.	फयाउरो-	२५८	१६.	बछरू-	२५९

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१७	ब्वाँसो-	२८९	१८.	भाले–	२९३
१९.	भुसुनु–	३०४	२०.	भ्याकुर–	३०७
२१.	मलेवा-	३१०	२२.	माऊ-	३१४
२३.	माकुरो-	३१५	२४.	राँगो-	३४२
२५.	रूपी-	३४७	२६.	लाखु-	३५१
२७.	लिखो-	३५७	२८.	सलह-	३७१
२९.	सहर-	३७२	३०.	सारौं-	३७५
३१.	सेन-	३८४	३२.	हलेसो-	३९६

४. वनस्पति वर्ग

१.	अर्गुङ्-	८	२.	उनाउलो-	१३
३.	केतारी-	५३	४.	खुँज-	६२
५.	खोर्सानी-	६८	६.	गुराँस-	७६
७.	चिलाउने-	९८	८.	छिमल-	११२
९.	जरो-	१२९	१०.	जलुको-	१३०
११.	जिरासरी-	१३८	१२.	झाँक्री-	१५२
१३.	झार-	१५५	१४.	झुप्पो-	१६०
१५.	झोरा-	१६२	१६.	झ्याल-	१६४
१७.	टुँडो-	१६७	१८.	थुँगो-	२०४
१९.	निखुर्को-	२२५	२०.	निगालो-	२२७
२१.	पाङ्दुर-	२४०	२२.	फर्सी-	२५३
२३.	बिरुवा-	२७३	२४.	बुकी-	२७७
२५.	बुकयान-	२७८	२६.	बुङ्गो-	२७९
२७.	बोकेझार-	२८३	२८.	बोट-	२८६
२९.	मन्सरा-	३०९	३०.	लाँक्रो-	३५०
३१.	लिङ्गुरो-	३५८	३२.	लुँडे-	३६०
३३.	सिस्नु-	३८१	३४.	स्याउलो-	३९०

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

८. देवतादि वर्ग

१.	अनिल–	३	२.	अहुर–मज्दा (असुरमस्ट)–	[illegible]
३.	कमला–	२६	४.	कमिलो–	२८
५.	कशसु (कश्व)–	३१	६.	कालामस्ट–	३८
७.	किचकन्ने–	४०	८.	कुजुल–	४४
९.	कृष्ण-	५२	१०.	क्षेत्रपाल–	५७
११.	खापरमस्ट–	६०	१२.	गैंडु–	८०
१३.	गोरामस्ट–	८३	१४.	चुडेल-	९९
१५.	छागलकेतु-	११३	१६.	छौंडा–	१२५
१७.	जु–	१३९	१८.	ज्यू–	१४४
१९.	झाँक्री–	१५१	२०.	डाइनी–	१८०
२१.	ढँडार मस्ट–	१८३	२२.	ढाँडे मस्ट–	१८५
२३.	थानी–	२०१	२४.	दानव–	२१०
२५.	दारेमस्ट–	२११	२६.	दैत्य-	२१५
२७.	नन्दादेवी-	२१९	२८.	पवन–	२३७
२९.	पाल-	२४२	३०.	प्रेत–	२५०
३१.	बनझाँक्री–	२६०	३२.	बाबिरो–	२६४
३३.	बारमस्ट–	२६५	३४.	बाह्र भाइमस्ट–	२६८
३५.	बिट्ठल–	२६९	३६.	बुडामस्ट–	२८१
३७.	बोक्सी–	२८४	३८.	बोक्सो-	२८५
३९.	भुवानी–	३०१	४०.	भुवो–	३०३
४१.	मस्ट-	३१२	४२.	मारुत–	३१७
४३.	राँके भूत–	३४१	४४.	लाखे–	३५२
४५.	लाटे मस्ट–	३५५	४६.	शाकिनी–	३६५
४७.	सेन–	३८४	४८.	सैन–	३८७
४९.	हस्तिना–	३९७	५०.	हैहय–	४००

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

६. व्यक्ति-परिवार-नाता-पुस्ता वर्ग

१.	कटारीमल-	२१	२.	कपिल-	२५
३.	कबिला-	२५	४.	कुजुल-	४४
५.	कृष्ण-	५२	६.	चाप-	६४
७.	चापा (चाबा)-	६५	८.	च्यापू-	१०५
९.	च्याप्ज्यू-	१०६	१०.	छागलकेतु-	११३
११.	छिमल-	१२२	१२.	छिमेकी-	१२३
१३.	जाजर-	१३२	१४.	जीजड-	१५९
१५.	झड्केलो-	१४५	१६.	तोरमाण-	१९८
१७.	नान्यदेव-	२२३	१८.	पैंक-	२४७
१९.	पोथी-	२४९	२०.	बिरिन्दालो-	२७२
२१.	भाले-	२९३	२२.	माइजू-	३१३
२३.	माऊ-	३१४	२४.	मातलि (ली)-	३१९
२५.	मौ-	३३७	२६.	श्रीजङ्गा-	३६६
२७.	स्वास्नी-	३९३			

७. शरीर तथा शारीरिक तत्त्व वर्ग

१.	अंधिग्रो-	२	२.	अम्रो-	७
३.	कल्नासो-	२९	४.	कुहुनु	५१
५.	चोक्टो-	१०३	६.	छाला-	११८
७.	जिब्रो-	१३७	८.	जुङा-	१४०
९.	जुरो-	१४१	१०.	झाँक्रो-	१५२
११.	नाइटो-	२२०	१२.	बर्कोलो-	२६०
१३.	भुत्लो-	२९८	१४.	भुवा-	३००
१५	मिर्गौलो-	३२५	१६.	मुट्ठ-	३२६
१७.	मुन्टो-	३२९	१८.	न्याल-	३४८
१९.	हर-	३९४	२०.	हर्युङ्ग्रो-	३९५

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

८. पृथ्वी वर्ग

१.	एसिया-	१६	२.	कुइनेटो–	२२
३.	कुइभीर–	४३	४.	कोट–	५५
५.	खुँज–	६२	६.	गुर्घुम-	७८
७.	गोदार-	८१	८.	गोदावरी–	८२
९.	छहरो-	१०९	१०.	छागलद्वीप-	११४
११.	छारो-	११७	१२.	जाजरकोट-	१३२
१३.	जोरायल-	१४३	१४.	झोरा–	१६२
१५.	टाकुरो–	१६५	१६.	टेहरी–	१६९
१७.	डाँडो–	१७९	१८.	डिही–	१८१
१९.	ढाँड–	१८२	२०.	ढिकुरो–	१८७
२१.	ढिको-	१८८	२२.	ढुङ्गो–	१९१
२३.	थरोट-	१९९	२४.	थाक-	२००
२५.	दरा–	२०६	२६.	दर्सनढुङ्गो-	२०८
२७.	नन्दादेवी-	२१९	२८.	नागी–	२२१
२९.	पच्याङ–	२३३	३०.	पर्गन्ना–	२३६
३१.	पहरो–	२३८	३२.	पाताल–	२४१
३३.	प्वाल-	२५१	३४.	बुक्यान-	२७८
३५.	भन्ज्याङ-	२९०	३६.	भीठ–	२९४
३७.	भीर–	२९५	३८.	भुवाबारी-	३०२
३९.	भेक-	३०५	४०.	मानमी-	३१६
४१.	यूँ-	३३९	४२.	रिडी-	३४४
४३.	लाङ्गा-	३५३	४४.	लोहासे-	३६३
४५.	शाकलद्वीप-	३६४	४६.	सिघुली-	३७८
४७.	सेन्जा-	३८५	४८.	सेरा–	३८६
४९.	सैन–	३८७	५०.	स्याँल–	३८९
५१.	स्वयम्भू–	३९१	५२.	स्वाँरो–	३९२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

९. निसर्ग वर्ग

१. अनिल–	३	२. उखुम-	१२
३. खहरे-	५९	४. खार–	६१
५. खोलो–	६९	६. खोल्सो–	७०
७. गाड–	७३	८. गुराँस–	७६
९. गोदावरी–	८२	१०. घाङ–	८७
११. छहरो–	१०९	१२. छाँट–	११०
१३. झरी–	१४६	१४. झोल-	१६३
१५. ठिही-	१७५	१६. तामाकोसी-	१९२
१७. तुर्को-	१९६	१८. दर्को-	२०७
१९. पवन (उपासना)-	२६७	२०. भल-	२९१
२१. मारुत-	३१७	२२. मारू-	३१८
२३. मेलो–	३३२	२४. सिम-	३७९
२५. सि-याँटो-	३८१	२६. स्याँठ-	३८८
२७. स्याँल-	३८९		

१०. उपयोग्य वस्तु वर्ग

१. आर्बाजो-	११	२. कन्चो-	२४
३. काम्रो-	३७	४. खुकुन्डो-	६३
५. घँटेसो-	८४	६. घोचो–	८९
७. चङ्गा-	९१	८. चोके-	१०२
९. छारकाम्रो-	११६	१०. झरो-	१४७
११. झाँतो-	१५४	१२. झुम्रो-	१६१
१३. टुँडो-	१६७	१४. टुटी–	१६८
१५. डाँडाभाटा-	१७८	१६. ढिको-	१८८
१७. ढुङ्गो-	१९१	१८. थारो-	२०३

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१९.	थुर्री-	२०५	२०.	दाउरो-	२०९
२१.	पिउरी-	२४०	२२.	पेरुङ्गो-	२४६
२३.	पोको-	२४८	२४.	फलेटो-	२५२
२५.	बर्को-	२६१	२६.	बिडो-	२७१
२७.	बिनायो-	२७४	२८.	बिर्को-	२७५
२९.	भाटो-	२९२	३०.	भुवा-	३००
३१.	मार्बाडी–	३२०	३२.	मियो–	३२४
३३.	मुर्चुङ्गो–	३३०	३४.	यूँ-	३३९
३५.	राँभो-	३४३	३६.	सिर्तो-	३८०

११. रचना वर्ग

१.	कुलेसो-	४७	२.	कुलो-	४८
३.	कोट-	५५	४.	खोर-	६६
५.	खोरिया–	६७	६.	गुँड-	७५
७.	जोरायल–	१४३	८.	झ्याल-	१६४
९.	टोड्को-	१७०	१०.	डङ्गुर-	१७६
११.	डिही–	१८१	१२.	ढिकुटी–	१८६
१३.	ढिकुरो–	१८७	१४.	थरोट–	१९९
१५.	दरा-	२०६	१६.	धर्को-	२१६
१७.	ध्वाँसो–	२१८	१८.	पच्याङ–	२३३
१९.	पर्खाल–	२३५	२०.	पर्गन्ना-	२३६
२१.	प्वाल–	२५१	२२.	भीठ-	२९४
२३.	भुवाबारी–	३०२	२४.	मारू–	३१८
२५.	मुदपात–	३२७	२६.	लिस्नु-	३५९
२७.	लोहासे–	३६३	२८.	सिंधुली–	३७८
२९.	सेरा–	३८६	३०.	स्वाँरो-	३९२
३१.	हाट–	३९८			

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१२. उपभोग्य वस्तु वर्ग

१.	गारुड–	७४	२.	चमेना–	९२
३.	चोक्टो–	१०३	४.	जाउलो–	१३१
५.	जिउनार-	१३६	६.	झोल-	१६३
७.	ढिको–	१८८	८.	दाउरो–	२०८
९.	दालचिनी–	२१७	१०.	निगार–	२२६
११.	फर्सी–	२५३	१२.	फलाम–	२५४
१३.	फिनी–	२५६	१४.	फिर्को–	२५७
१५.	बिडी–	२७०	१६.	मन्सरा-	३०९
१७.	मसी–	३११	१८.	रुक्म-	३४५
१९.	सुकुटी–	३८३			

१३. संस्कार-संस्कृति वर्ग

१.	खेवरा-	६५	२.	जोखाना–	१४२
३.	तिहार–	१९५	४.	देउसिरे–	२१३
५.	देउसी–	२१४	६.	नालीवेली-	२२४
७.	नेग-	२३१	८.	पवन–	२३७
९.	बिडो–	२७१	१०.	बिस्केट–	२७६
११.	भैलो-	३०६	१२.	मस्ट–	३१२
१३.	मालश्री–	३२१	१४.	मैझारो–	३३३
१५.	लाखे–	३५२	१६.	साइतर–	३७३
१७.	सातो–	३७४			

१४. समस्या-समाधान-मनो वर्ग

१.	अठोट–	१	२.	ओट–	१८
३.	खेवरा–	६५	४.	छाँटा–	११९
५.	जमर्को–	१२७	६.	जोखाना–	१४२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

७.	झर्को-	१४८	८.	झाँको–	१५०
९.	टीठ-	१६६	१०.	ठाँडो–	१७२
११.	डर–	१७७	१२.	तिर्खा–	१८४
१३.	धोको–	२१७	१४.	निखुर्को-	२२५
१५.	निर्कॅवल-	२२८	१६.	निस्तुक-	२२९
१७	बिडो–	२७१	१८.	मेलो–	३३२
१९.	मँझारो–	३३३	२०.	मोच-	३३४
२१.	लयो–	३४९	२२.	सातो-	३७४
२३.	हूल-	३९९			

१८. विशेषण-अव्यय-प्रत्यय वर्ग

१.	अन्तरे–	४	२.	अपुङ्गी-	५
३.	आन (प्रत्यय)-	१०	४.	ओर–	२०
५.	कल्सौंदो-	३०	६.	काहिंलो-	३२
७.	कुगुल–	४४	८.	कृष्ण-	५२
९.	को–	५४	१०.	खन्तरे–	५८
११.	खुच्चिउँ-	६४	१२.	गुलियो–	७९
१३.	चाँडो–	९३	१४.	चापा (चाबा)-	९५
१५.	चाम्रो–	९६	१६.	चिप्लो–	९७
१७.	च्यापू–	१०५	१८.	च्याप्ज्यू–	१०६
१९.	छट्टु–	१०७	२०.	छरितो	१०८
२१.	छाडा–	११५	२२.	छालो–	११९
२३.	छिउँ-	१२०	२४.	छिटो–	१२१
२५.	जन्तरे-	१२६	२६.	जु-	१३९
२७.	ज्यू-	१४४	२८.	झड्केलो-	१४५
२९.	ठाहिंलो–	१७३	३०.	ढिलो–	१८९
३१.	निस्तो–	२३०	३२.	पहेंल्चो-	२३९
३३.	फराक–	२५२	३४.	बासी–	२६७

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३५.	बुङ्गो-	२८०	३६.	बुद्धू-	२८२
३७.	बोधो-	२८८	३८.	भुत्तो-	२९७
३९.	मोटो-	३३५	४०.	मुनि-	३२८
४१.	मन्तरे-	३०८	४२.	मोनी-	३३६
४३.	रछायो-	३४०	४४.	लाटो-	३५६
४५.	लुटेरो-	३६१	४६.	साहिलो-	३७७

१६. क्रियापद वर्ग

१.	उम्रिनु-	१०	२.	ओगट्नु-	१७
३.	छोप्नु-	१२४	४.	झिक्नु-	१५८
५.	ठिहिन्याउनु-	१७४	६.	बाल्नु-	२६६
७.	मास्नु-	३२२	८.	मेट्नु-	३३१
९.	रुङ्नु-	३४६	१०.	सदाउनु-	३७०

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

A358

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

003186

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal